ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक




किरण पुस्तकालय
तम्घास, गुल्मी




किरण पुस्तकालयको ५४ औं वार्षिकोत्सव र ११४ औं देवकोटा जयन्तीको अवसरमा दयानिधि शर्माका परिवारद्वारा किरण पुस्तकालयलाई स्मृति ग्रन्थ हस्तान्तरण



दयानिधि शर्माका परिवारहरूसँग पुस्तकालयमा छलफल



दयानिधि स्मृति ग्रन्थ परिचर्चा कार्यक्रमका सहभागीहरू



पुस्तकालयका आजीवन सदस्यहरूसँग विचारविमर्श



पुस्तकालयमा जडित कम्प्युटर प्रणालीसँग पाठकहरू

# हाम्रो पुरुषार्थ

(त्रैमासिक)

❑ वर्ष : ५०  ❑ अङ्क : १  ❑ सम्पूर्णाङ्क : ९६  ❑ कात्तिक-पुस, २०७९

**सम्पादक**

शशि पन्थी

**सह-सम्पादक**

दीन पन्थी

**सहायक सम्पादक**

भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**

गोपाल पन्थी

राधा पन्थी

हिमकला राना

ईश्वर वि.क.

## किरण पुस्तकालय

तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)

सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)

मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८

E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com

Website : www.kiranpustakalaya.com

मूल्य : रु.१००/-

*कम्प्युटर सेटिङ : ईश्वर वि.क.*

*मुद्रक : सुशिला प्रिन्टर्स, गुल्मी ०७९-५२०४५०*

*E-mail : spgulmi 33@gmail.com*

आवरण : गर्जुरा पार्क, रेसुङ्गा, गुल्मी

*काठमाडौं प्रतिनिधि*

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ०१-४८२०२२१

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**डा. कृष्ण भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

*रुपन्देही प्रतिनिधि*

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

*चितवन प्रतिनिधि*

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

*दाङ प्रतिनिधि*

**डा. अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

*पाल्पा प्रतिनिधि*

**कमल खत्री**
फोन नं. ९८४७३०८९०८

*पोखरा प्रतिनिधि*

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

*विदेश प्रतिनिधि*

**महेश आचार्य**
सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
**फोन नं. +१७०२-४२८-५५४०**

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**सम्पादकीय**

# प्रकृतितर्फ फर्केर

- हिंजो रेल थिएन, विमान थिएन, मिसाइल थिएन, परमाणु बम पनि थिएन, बिजुली बत्ती थिएन, रेडियो थिएन, कम्प्युटर थिएन र थिएनन् मोबाइल फोनहरू पनि । तर हिंजो पनि यो पृथ्वी थियो, यसैगरी पसारिएको अनन्त आकाश थियो । यस्तै नै सूर्य, चन्द्र र ग्रह-नक्षत्रहरू थिए ब्रह्माण्डमा । हो हिंजो पनि थियो प्रकृति, मान्छे थियो र जीवन पनि थियो ।

- हामीले पाएका कुराहरू घोकिरहेछौं । मख्ख परिरहेछौं प्राप्तिमा । चख्ख परिरहेछौं विज्ञानको चकाचौंधमा । रमाइरहेछौं-खान, पान र यानमा । तर हामीले गुमाएका कुराको स्मरण गर्न पनि भ्याएका छैनौं । हामीले प्रकृतिका अनमोल वरदानहरू गुमाएका छौं । केवल हामीले, मान्छेले । मान्छेबाहेक कसैले बिगारेको छैन - जललाई, वायुलाई, पृथ्वीलाई, तेजलाई र आकाशलाई ।

- हो हामीले पढेका छौं - हिरोसिमा र नागासाकीका व्यथाहरू । बुद्धकै देशमा पनि भोग्यौं हामीले बम र बन्दूकका त्रासदीहरू । आफ्नै तपस्याबाट प्राप्त वरदान-अर्थात् विज्ञान, त्यसैबाट भस्म हुँदैछौं हामी भस्मासुरहरू, कृतघ्न धुन्धुकारीहरू । हामी प्रकृतिलाई घोडा बनाएर दमाल्न उद्धत छौं तर हामी प्रकृति होइनौं, प्रत्यय हौं । हामी जति माथि उडे पनि बाफ बनेर, अन्ततः थोपा बनेर झर्नुपर्छ यही धरतीमा ।

- विकसित हौं भन्ने देशहरूमा उडेका धुवाँहरू हाम्रो हिमाल पगाल्न आउँछन् । हामी विज्ञान र विकासको उपलब्धिबाट वञ्चित छौं तर पनि प्रदूषणको भार बेहोर्न अभिशप्त छौं । किन हामीले निर्दोष पशुपंक्षीहरू, मान्छेहरू सबैको जीवनाधार प्रकृतिलाई गिजोलिरहेछौं ? हुनसक्छ कुनै दिन मान्छे आफ्नै आविष्कारबाट लोप हुनेछ डाइनोसरझैं ।

- हाम्रा वेदहरूले जल, थल, नभ, वायु, वनस्पति सर्वत्र शान्तिको चाह गरेका छन् । सर्वत्र स्वच्छताको कामना गरेका छन् । हो ज्ञान-विज्ञानको सदुपयोग गरौं । जल, थल, वायु र आकाशलाई स्वच्छ राखौं । यस पृथ्वीमा मान्छे एवं सकल प्राणीहरूको सृष्टि, स्थिति र प्रलय त्यसरी नै चलोस् जसरी चल्दै आएको छ । उन्नति खोज्दै ओरालो नझरौं ।

–ooo–

## कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| १. | सत् साहित्य, मनोरम संगीत र ... | चेतोनाथ शर्मा आचार्य | १ |
| २. | आधिव्याधिना प्रपीडितेन कर्त्रा ... | डा. लक्ष्मीकान्त पन्थी | २४ |
| ३. | मानसिक एवं शारीरिक पीडाबाट ... | दीन पन्थी | २५ |
| ४. | नवीन होस् चिन्तन | डा. घनश्याम न्यौपाने परिश्रमी | २६ |
| ५. | 'रगतले माटो मुछिएन र !' ... | डा. श्यामप्रसाद न्यौपाने | २७ |
| ६. | गरेर हेर एक्सरे | रुद्र ज्ञवाली | ३१ |
| ७. | यो रामायणकथा सत्य हो ? | जीवित खड्का मगर | ३२ |
| ८. | भाषा, साहित्य र साहित्यकार | जयदेव गौतम | ३४ |
| ९. | गल्ती-खल्तीको ! | धनराज गिरी | ४४ |
| १०. | संस्कार संस्कृतिमा घर्ती/भुजेल ... | विष्णु घर्ती 'भनभनेली' | ४६ |
| ११. | आमाको सन्देश | डा. सीता सुवेदी पन्थी | ५० |
| १२. | रावणका अन्तिम वचनहरू | डा. उत्तम पच्या | ५१ |
| १३. | देवकी : यहाँदेखि त्यहाँ | वासु जमरकट्टेल | ५४ |
| १४. | बुद्धिजीवीको गति | पद्मप्रसाद शर्मा | ६१ |
| १५. | म को हुँ | अनाम आचार्य | ६५ |
| १६. | ढुङ्गासँग वार्तालाप | दीन पन्थी | ६७ |
| १७. | व्यापारिक ढङ्ग | अरुणबहादुर खत्री 'नदी' | ६८ |
| १८. | नबन्धकार रह शर्मा र उनको ... | पूर्णप्रसाद अधिकारी | ६९ |
| १९. | बा ! मैले भोट बेचें | हरिप्रसाद पन्थी | ८० |
| २०. | कागजका डुँगाहरू | डा. विशाल पन्थी | ८२ |
| २१. | तिमी जाऊ... | सुरेशप्रसाद अर्याल | ८४ |
| २२. | मलाई मिलन समीर मन पर्दैन ! | मिलन समीर | ८५ |
| २३. | बस्तीविकास | शकुन्तला पौडेल | ८८ |
| २४. | विदेशयात्राको पीडा | शारदा पन्थी खनाल | ८९ |
| २५. | विषमताबीच फुल्दछ जीवन | विष्णुहरि पौडेल | ९० |
| २६. | अश्वत्थामा गीतिनाटक: समीक्षात्मक... | भुवन अर्याल | ९१ |
| २७. | गृहलक्ष्मी | रामप्रसाद पन्थी | १०४ |
| **स्थायी स्तम्भहरू** | | | |
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | डा. लक्ष्मीकान्त पन्थी | १ |
| ३. | अनुभव/अनुभूति | शशि पन्थी/नौलसिंह पुन | १०६ |
| ४. | पुस्तकालय परिचय | गणेशकुमार श्रेष्ठ | ११० |
| ५. | किरण पुस्तकालयको पातो | सचिव | ११३ |
| ६. | नौलो सृष्टि : सानो दृष्टि | दीन पन्थी/अकिञ्चन | ११५ |
| ७. | यताउताबाट | अर्पण/दैनिक निर्णय | १२२ |
| ८. | पाठक-प्रतिक्रिया | सी.ए.सन्ध्या पन्थी/नवीन मरासिनी | १२३ |
| ९. | किरण पुस्तकालयका विशिष्ट/आजीवन सदस्यहरूको परिचय | | १२५ |
| १०. | हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू | | १२७ |


ooo

# सत् साहित्य, मनोरम संगीत र कला सभ्य समाजको परिचायक हो ।



✍ **चेतोनाथ शर्मा आचार्य**

*(किरण पुस्तकालय गुल्मीबाट प्रकाशन हुने हाम्रो पुरुषार्थ(त्रैमासिक) पत्रिकाको लागि सेवानिवृत्त सरकारी प्राध्यापक वयोवृद्ध एवं दार्शनिक विद्वान् पं. चेतोनाथ शर्मा आचार्यसँग डा. लक्ष्मीकान्त पन्थीद्वारा लिइएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ । यो अन्तर्वार्ता गुरुबाट लिएपछि यसको लेखन, सम्पादन तथा टङ्कन कार्यमा गुरुपुत्र मनोजकुमार आचार्यबाट विशेषरूपमा सहयोग प्राप्त भएको ब्यहोरा आदरणीय पाठकहरूमा अनुरोध छ -**सम्पादक** ।)*

**१. गुरु ! हजुरको जन्मस्थान एवं पुर्ख्यौली पृष्ठभूमिसहित विद्या आर्जन गर्नमा कोबाट कसरी प्रेरित हुनुभएको थियो, बताइदिनुहुन्छ कि?**

❑ धन्यवाद डा. लक्ष्मीकान्त पन्थीजी तपाईंको प्रश्नको लागि । मेरो जन्म वि.सं. १९९१ साल वैशाख २ गते वैशाख शुक्ल प्रतिपदा तिथिका दिन काठमाडौं उपत्यकाको दक्षिणवर्ती वज्रवाराही मन्दिर र सन्तानेश्वर महादेव मन्दिरबीचको भूभाग जसलाई स्थानीय भाषामा झरूवारासी भनिन्छ, त्यहाँ भएको हो । यो स्थान चापागाउँ बजार नजिक रहेको छ । मेरो जन्म कौण्डिन्यगोत्रीय उपाध्याय आचार्यकुलमा भएको हो । हाम्रा पुर्ख्यौली १२-१३ औं शताब्दीतिर भारतमा तुरूष्क (मुसलमान)हरूको आक्रमण भई कान्यकुब्जक्षेत्रमा पनि उनीहरूको प्रभाव बढ्दै जान थालेपश्चात् उत्तरी पहाडी राज्य हुँदै जुम्ला पुगेको र त्यहाँ हाम्रा कुलका दुई भाइ प्रकाण्ड विद्वान् सच्चिदानन्द र सदानन्दले एकपटक कर्णाली प्रदेशका तत्कालीन राजाले आयोजना गर्न लागेको यज्ञमा मन्त्रबलले जल र अग्नि प्रकट गरेको कारण त्यसबाट राजा खुसी भई अग्नि प्रकट गर्नेलाई यज्ञको आचार्य पद्वी दिएछन् । नयाँ पानी निकाल्ने भाइलाई चाहिँ नवपानीय

(न्यौपाने)नामले सम्बोधन गर्न थालिएछ । यज्ञको आचार्यत्व ग्रहण गर्ने तिनै व्यक्तिका सन्तान, दरसन्तान त्यहाँबाट क्रमशः पूर्व-पूर्व लाग्दै गर्दा कालान्तरमा काठमाडौं उपत्यकाको वायव्यदिशामा रहेको बालाजुमाथिको मुड्खु भन्ने ठाउँमा आइपुगेछन् । मेरो पिताजी आदरणीय भोजराज आचार्यको जन्म त्यहीं भएको हो । पछि उहाँको विवाह झरूवारासीस्थित काश्यप गोत्रीय वासुदेव घिमिरेकी सुपुत्री गुणकुमारीसँग भएपछि उहाँले मुड्खुबाट झरूवारासीतिरै बसोबास सार्नुभएछ । त्यहीं हामी ६ भाइ र १ दिदीको जन्म भएको हो । हाम्रा मातापिताको जीवित ७ जना सन्तानमा म सबैभन्दा कान्छो हुँ । त्यसै भएर मलाई सबै दाजुहरूले कान्छु र भाउज्यूहरूले भाइबाबु नामबाट बोलाउनुहुन्थ्यो ।

**२. यहाँले कसबाट शिक्षा आर्जन गर्ने प्रेरणा पाउनुभयो तथा के कस्ता विषयमा के कति औपचारिक शिक्षा प्राप्त गर्नुभयो ? जानकारी पाउन सकिएला कि? अरू पनि कुन विषयमा हजुरको रुचि रह्यो ?**

❑ जहाँसम्म मैले विद्या आर्जन गर्न कसबाट प्रेरणा प्राप्त गरें भन्ने कुरा छ मेरो पिताजी त्यस समयको एक पठित र नैष्ठिक ब्राह्मण हुनुहुन्थ्यो । उहाँलाई चालीस अध्याय शुक्लयजुर्वेद कण्ठस्थ थियो भन्ने कुरा मेरी आमा तथा दाजुहरूले बताउनुहुन्थ्यो । दुःखद कुरा म करिब २ वर्षको शिशु छँदै मेरो पिताजीको अल्पवयमै देहावसान भएकोले मैले पिताजीसँग पढ्न र सिक्न पाइनँ । मेरो अक्षरारम्भ घरमै भयो र मैले मेरा दाजुहरू खासगरी माहिलो दाजु गेहेन्द्रप्रसाद (रामनाथ) र साहिँलो दाजु नारायणप्रसाद आचार्यबाट त्यतिखेरको चलनअनुसार चण्डी, रुद्री र वेदको प्राथमिक शिक्षा पाएँ । मेरो माहिलो दाजु गेहेन्द्रप्रसाद प्रतिदिन पञ्चमहायज्ञ गर्नुहुन्थ्यो । उहाँले लगभग आजीवन यो पुण्यकृत्य गर्नुभयो । त्यसबाट मलाई विद्या आर्जन गर्न र धर्मनिष्ठ हुन अभिप्रेरणा मिल्यो ।

त्यसपछि वि.सं. २००६ सालमा काठमाडौं रानीपोखरीस्थित संस्कृत प्रधान पाठशालामा औपचारिक शिक्षाको लागि भर्ना भएँ । यसैबीच २००९ सालमा उक्त पाठशालाको बनारसस्थित क्विन्स कलेज (पछि राजकीय संस्कृत महाविद्यालय नाम रहन गएको) सित सम्बन्धन कायम भयो । त्यही पाठशालाबाट मैले २००९ सालमा प्रथम परीक्षा, २०११ सालमा पूर्वमध्यमा र काठमाडौंको पुतलीसडकस्थित राजकीय संस्कृत महाविद्यालयबाट वि.सं. २०१४ सालमा उत्तरमध्यमा उत्तीर्ण गरें । यसैबीच मैले वि.सं. २०१७ सालमा नव्यन्याय विषय लिएर वाराणसेय संस्कृत विश्वविद्यालयबाट शास्त्री र वि.सं. २०२२ सालमा त्रिभुवन विश्वविद्यालयबाट सोही विषयमा आचार्य परीक्षा उत्तीर्ण गरें । निजी प्रयासमा वि.सं. २०२७ सालमा नेपाली साहित्यमा

त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गरें । सरकारी जागिरमा प्रवेश गर्न सहयोग पुग्ने हिसाबले वि.सं. २०१४ सालमा निजामती मध्यमा परीक्षा पनि उत्तीर्ण गरेंको थिएँ । दर्शनको विद्यार्थी भए पनि मलाई पछिबाट पौराणिक साहित्यहरूको अध्ययनमा रुचि जागेअनुसार केही प्रसिद्ध पुराणहरूको स्वअध्ययनसमेत गरें ।

**३. पढाइ पूरा गरेपछि कहाँ कुन क्षेत्रमा रहेर के कति सेवा गर्नुभयो भन्ने विस्तृत जानकारी पाउन सकिन्छ कि ?**

❑ वि.सं. २०१४ सालमा उत्तरमध्यमा उत्तीर्ण गरेपछि मलाई संस्कृत प्रसारिणी समितिअन्तर्गत सञ्चालित काठमाडौंको डिल्लीबजार कालिकास्थानस्थित नारी विद्यापीठमा पढाउने सुयोग मिल्यो । त्यो विद्यालयमा छात्राहरूलाई निःशुल्क पूर्वमध्यमासम्म पढाइन्थ्यो । मैले छात्राहरूलाई त्यहाँ संस्कृत व्याकरणलगायतका विषयहरू ६ वर्षसम्म पढाएँ । त्यसपछि २०१९ सालमा संस्कृत प्रधान पाठशालामा न्याय विषयका शिक्षक मुकुन्दप्रसाद भट्टराई संस्कृत महाविद्यालयमा सरूवा भई जानुभएपछि रिक्त हुन आएको पदमा एक शैक्षिक सत्र निःशुल्क अध्यापन गरें । वि.सं. २०२० सालमा आचार्य प्रथम खण्डको परीक्षा उत्तीर्ण गरेपछि लोकसेवा आयोगबाट रानीपोखरी संस्कृत पाठशालामा शिक्षकको लागि विज्ञापन भयो । त्यो परीक्षामा उत्तीर्ण भएपछि शिक्षक पदमा स्थायी नियुक्ति पाएँ । तत्पश्चात् वि.सं. २०२६ साल भाद्रमा राजकीय संस्कृत महाविद्यालय (वाल्मीकि विद्यापीठ)मा प्राध्यापन गर्ने गरी नियुक्ति पाएँ ।

मैले २०२६ सालमा नियुक्ति भएदेखि २०५० साल असोज १५ मा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको प्राध्यापक पदबाट सेवा निवृत्त नहुञ्ज्याल प्राध्यापनकै काम गरें । बीचमा २०३३ सालदेखि २०३९सालसम्म करिब ५-६ वर्ष शिक्षा मन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्रमा काजमा रही संस्कृत विशेषज्ञको रूपमा विद्यालयस्तरीय पाठ्यक्रम तर्जुमा, पुस्तक लेखन, सम्पादन, परिमार्जनको काम गरें । फुर्सदको समयमा रेडियो नेपाल तथा नेपाल टेलिभिजन मार्फत विभिन्न समयमा धार्मिक, दार्शनिक, सांस्कृतिक विषयमा लेखरचना प्रसारण गरी नेपाली समाजसमक्ष हिन्दू धर्म र संस्कृतिका विभिन्न पक्षमा जानकारी प्रवाहित गरें । साथै, गोरखापत्र, कान्तिपुरलगायतका ठूला छापामाध्यमहरूमा र विभिन्न धार्मिक, साहित्यिक पत्रपत्रिकाहरूमा समय-समयमा धार्मिक, सांस्कृतिक विषयमा लेख रचना प्रकाशन गरें । अरुणोदय, धर्मसन्देश, मर्यादा, समुदाय आदि पत्रिकाको सम्पादनमा संलग्न रहें ।

**४. अध्ययनको क्रममा काठमाडौंको तीनधारा संस्कृत छात्रावासमा पनि बस्नुभयो होला ? त्यहाँ बस्दा तपाईंले छात्र कार्य समितिमा रहेर पनि केही काम गर्नुभएको थियो कि ? बताइदिनुहोस् न ।**

❑ म काठमाडौं उपत्यकाभित्रकै विद्यार्थी भए पनि एउटा निम्नमध्यम वर्गीय ब्राह्मण परिवारको व्यक्ति भएको हुँदा तीनधारा संस्कृत छात्रावासमा भर्ना हुन सके पढ्नलाई केही सुविधा हुने ठानी सोको लागि प्रयास गरेको थिएँ । तर २००७ सालको राजनैतिक क्रान्तिसँगै विभिन्न किचलोले सो छात्रावासमा नयाँ विद्यार्थी भर्ना गर्ने क्रममा केही व्यवधान उत्पन्न भएको थियो । अतः मैले चाहेअनुसार भर्ना हुन सकिनँ । तर प्रजातन्त्रको आगमनसँगै सरकारले विद्यार्थीहरूलाई सहयोग पुऱ्याउने अभिप्रायले सीमित संख्यामा कल्याण छात्रवृत्ति नामक छात्रवृत्ति प्रदान गर्न थालेको थियो । म पनि त्यो छात्रवृत्ति पाउने विद्यार्थीमध्येमा एक थिएँ । त्यसबापत विद्यार्थीहरूलाई महिनाको रू १०।- छात्रवृत्ति प्राप्त हुन्थ्यो । अतः संस्कृत छात्रावासमा भर्ना हुन नपाउन्जेल यो छात्रवृत्तिले मलाई पढ्नमा केही भरथेग भयो । पछि वि.सं. २०१५ सालमा संस्कृत छात्रसंघले ठूलो आन्दोलन गरेपछि राजा महेन्द्रबाट संस्कृत छात्रावासमा १०६ सिट राख्ने निर्णय भएपछि भएको भर्ना छनौटमा म पनि परें । त्यतिखेर म शास्त्रीमा अध्ययनरत थिएँ । तर संस्कृत छात्रसंघमा आएको फुटका कारण मेरा लागि छात्रावासको बसाइ सुखकर भएन ।

मैले संस्कृत छात्रसंघको सभापतिको हैसियतले वि सं २०१८ साल असारमा संस्कृत छात्रसंघको संसदीय अधिवेशन लालदरबारमा सम्पन्न गराएँ जसमा काठमाडौं उपत्यकाभित्रका विभिन्न भागबाट संस्कृत विद्यालयमा पढ्ने विद्यार्थीहरूका साथै विभिन्न क्षेत्रका गण्यमान्य व्यक्ति सहभागी थिए ।

**५. तपाईंको विद्यार्थीजीवन केवल अध्ययनमा मात्र व्यतीत भएको थियो कि सँगसँगै अरू काममा पनि आफूलाई संलग्न गराउनुभयो ? छात्रकालमा राजनीति, साहित्यसिर्जना वा अरू कुनै क्षेत्रमा पनि संलग्न हुनुभयो कि ?**

❑ वि.सं २००७ सालमा प्रजातन्त्रको स्थापनासँगै हरेक विद्यालय, महाविद्यालयमा छात्र कार्यसमिति स्थापना भएका थिए । तिनीहरूबाट छात्रछात्राहरूको हितको लागि केही न केही आवाजहरू उठ्दै रहे । प्रधानाध्यापकले पनि व्यक्तिभन्दा कार्य समितिको आवाजलाई मान्यता दिन्थे । हामीले पढुन्ज्याल संस्कृत प्रधान पाठशालामा फर्निचर नभएर सुकुलमा बसी पढ्नुपर्ने स्थिति थियो । हामीले बेञ्च, कुर्सीलगायतका फर्निचरको व्यवस्थाका लागि आवाज उठायौं । बिस्तारै त्यो प्रबन्ध हुँदै

गयो । विद्यालयहरूमा महिना-महिना दिन जस्तोमा विभिन्न विषयमा वादविवाद प्रतियोगिता आयोजना हुन्थ्यो । वि. सं. २०१२ साल वैशाखमा संस्कृत छात्रसंघको आयोजनामा देशव्यापी विद्यालयस्तरीय संस्कृतज्ञहरूको महासम्मेलन भयो । त्यसमा आफ्नो विद्यालयबाट प्रतिनिधित्व गर्ने तीन जनामा म पनि एक थिएँ । वि. सं. २०१३ सालमा भएको राजा महेन्द्रको राज्याभिषेकमा विद्यालयबाट प्रतिनिधित्व गर्नेमा म पनि थिएँ । वि. सं. २०१८ सालमा त्यतिखेरका महाविद्यालय (क्याम्पस) बाट छानिएका विद्यार्थी प्रतिनिधिहरूको अल इण्डिया टुरमा म पनि संस्कृत महाविद्यालयबाट समावेश भई भारतको धेरै स्थानमा भ्रमण गर्न पाएँ । मैले विद्यार्थी कालमा शुरूमा संस्कृत छात्र संघ उपत्यका समितिको उपाध्यक्ष भई कार्य गरेकोमा पछि संस्कृत छात्र संघको सभापतिसम्म भई काम गरें ।

वि. सं. २०१८/०१९ सालतिर संस्कृत छात्रावासमा रहँदा विपक्षी लाइनका साथीहरूले संस्कृतमा "जयतु संस्कृतम्" र नेपालीमा"सिंहनाद"पत्रिका निकालेपछि मेरै पहलमा संस्कृत छात्र कार्यसमितिबाट आर्थिक व्ययभार ब्यहोर्ने गरी "अरुणोदय" त्रैमासिक पत्रिका निकाल्ने निर्णय भएको थियो । सो पत्रिकाको नामकरण गर्ने क्रममा मैले विभिन्न नामहरू प्रस्ताव गरेकोमा प्रस्ताव गरेकैमध्येबाट साथीहरूले "अरुणोदय" नाम रुचाएअनुसार सोही नामबाट २०२० साल आषाढमा सो पत्रिकाको प्रथम अङ्क प्रकाशन भयो । सो पत्रिका अद्यापि संस्कृत छात्रावासबाट निरन्तर प्रकाशित भइरहेको छ । सो पत्रिकाको पहिलो प्रधान सम्पादक पनि म नै थिएँ । उक्त पत्रिकाको पहिलो अङ्कमा "वर्तमान भौतिक संसारमा अध्यात्मवादको स्थान" विषयको मेरो लेख पनि छापिएको थियो जसलाई गोरखापत्रले पछि साभार गरी प्रकाशन समेत गरेको थियो । त्यतिखेर प्रधान पाठशालाका पूर्व छात्रहरूको सम्मेलन पनि भएको थियो जसमा मैले सो लेख पूरै वाचन गरी सुनाएको थिएँ । सो सम्मेलनमा आदरणीय गुरु वरिष्ठ नैयायिक स्व. पद्मप्रसाद भट्टराई पनि समुपस्थित हुनुहुन्थ्यो । म छात्रावासमा रहँदा दुई अङ्कसम्म अरुणोदय प्रकाशित भयो । त्यसपछि म रानीपोखरी पाठशालाको स्थायी शिक्षकमा नियुक्ति पाई बाहिरिएँ । त्यसपछि नयाँ साथीहरूले अरुणोदयलाई निरन्तरता दिँदै रहे । विपक्षी साथीहरूले निकालेको 'जयतु संस्कृतम्' र 'सिंहनाद' भने १-२ वर्षमै बन्द भए ।

छात्र अवस्थादेखि नै मैले विभिन्न विषयहरूमा लेख तथा निबन्ध लेख्ने गर्थें । साथै, प्रिय आफन्तजनको मृत्यु हुँदा म श्लोकात्मक कवितामा शोक व्यक्त गर्थें । स्थायी शिक्षकको रूपमा पढाउन थालेपछि मैले विभिन्न विषयमा लेख रचनाहरू तयार गरी गोरखापत्रमा प्रकाशन गर्न थालेपछि

लेख्ने क्रम थप विस्तारित हुँदै गयो । गोरखापत्रका अतिरिक्त रूपरेखा, प्रज्ञा, मर्यादा, हाम्रो संस्कृति आदि विभिन्न पत्रपत्रिकामा लेखरचनाहरू प्रकाशन गरें । त्यही क्रममा वि.सं. २०३४ सालदेखि रेडियो नेपालमा प्रमुख चाडपर्व परेको बेला सो विषयमा लेख रचना तयार गरी कहिले कार्यक्रम सञ्चालक मार्फत त कहिले आफैं बोलेर पनि प्रसारण गरें । वि.सं. २०४२ सालमा नेपाल टेलिभिजनको स्थापना भएपछि त्यहाँबाट प्रसारित 'साधना–सङ्गम' नामक धार्मिक कार्यक्रममा विभिन्न समयमा धार्मिक, सांस्कृतिक विषयमा प्रवचन गरें । यसरी म सार्वजनिक सञ्चार माध्यमहरूबाट पनि धेरैतिर फिजिएँ ।

**६. तीनधारा संस्कृत छात्रावासमा रहँदा घटेका र तपाईं जोडिनु भएका केही महत्त्वपूर्ण र उल्लेखनीय घटनाहरू केही भए बताइदिनुहोस् न !**

❑ तीनधारा संस्कृत छात्रावास पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्मका जिल्लाहरूबाट विद्याध्ययनका लागि काठमाडौं आउने विद्यार्थीहरूको प्रमुख आश्रयस्थल थियो । संस्कृत पढ्ने विद्यार्थीहरू प्रायः निम्नमध्यम र मध्यम वर्गका ब्राह्मण परिवारबाट आउने हुँदा तिनलाई आफ्नै घरको आयस्रोतका आधारमा काठमाडौं उपत्यकामा बसी विद्या आर्जन गर्न कठिन थियो । यस्तोमा निःशुल्क खाना र बस्नको सुविधा भएको तीनधारा संस्कृत छात्रावासले विद्या आर्जन गर्न खोज्ने त्यस्ता धेरै ब्राह्मण विद्यार्थीहरूलाई ठूलो राहत दिएको थियो । यस छात्रावासमा त्यतिबेला २१० जनासम्म विद्यार्थीहरू भर्ना भएर पढ्ने गरेका थिए । यसै क्रममा संस्कृत पढ्ने विद्यार्थीहरूले २००४ सालमा संस्कृतका अतिरिक्त अन्य आधुनिक विषयहरू पनि पढ्न पाउने लगायतका विभिन्न सुधारका माग राखी "जयतु संस्कृतम्" आन्दोलन गरे । राणा सरकारले आन्दोलनमा संलग्न तीनधारा संस्कृत छात्रावासका विद्यार्थीहरूमध्ये कतिपयलाई निर्वासित तुल्यायो भने कतिपयलाई नसिहतसमेत दियो । बाँकी रहेका विद्यार्थीहरूमा देश र समाजका लागि केही गर्नुपर्छ भन्ने जागरणको बीज उम्रिरहेको थियो । त्यतिबेला गुठीको आम्दानी घटेर हो वा धेरै विद्यार्थी एकै ठाउँमा रहे आन्दोलन गर्छन् भन्ने भावले हो संस्कृत छात्रावासमा नयाँ विद्यार्थीको भर्ना रोकियो । तत्कालीन उच्चपदस्थ नेता वा पदाधिकारीसँग चिनजान भएका कतिपयले चाहिँ फाट्टफुट्ट उनीहरूको हुकुमप्रमाङ्गी ल्याएर भर्ना हुन्थे । म २००६ सालदेखि रानीपोखरी पाठशालामा भर्ना भएर पढ्न थालेको र काठमाडौंमा मेरो घर नभएकोले छात्रावासमा भर्ना हुन पाए केही राहत हुन्थ्यो भन्ने धुनमा भए पनि भर्ना हुन सकेको थिइनँ । उच्च पदस्थ कसैको हुकुम प्रमाङ्गी ल्याउनसक्ने हैसियत मेरो थिएन ।

त्यसैबेला २००७ सालमा मुलुकमा राणाशासनविरूद्ध ठूलो जनक्रान्ति भई प्रजातन्त्रको स्थापना भयो । प्रजातन्त्र स्थापनापछि राजनैतिक रूपमा अनेक पार्टी बने भने चारवटा छात्रसंघ बने । जसमध्येको एक संस्कृत छात्रसंघ थियो । त्यसबेला विद्यालयपिच्छे छात्रकार्य समिति पनि बने । संस्कृत छात्रसंघले आफ्नो समुदाय र वर्गको उत्थान र मान्यताको लागि विभिन्न मागहरू राख्दै विभिन्न कार्यक्रम गऱ्यो । तर त्यसले कुनै ठोस उपलब्धि हासिल भएन, तात्कालिक प्रशासकवर्गबाट केवल आश्वासन मात्र प्राप्त भयो । अनि वि.सं. २०१३ साल मंसिरमा श्रीप्रसाद गौतम, जो पछि गोरखापत्रका प्रधान सम्पादक पनि भए, अध्यक्ष भएको छात्रसंघले अन्तिम प्रयासस्वरूप संस्कृतका पुस्तकहरू राजदरबारअगाडि लगेर बुझाई छात्रावासमा बाँकी रहेका २०-२२ जना विद्यार्थीसहित छात्रावास छोडी असन, इन्द्रचोक, नयाँ सडकमा जयतु संस्कृतम्को नारा लगाउँदै जुलुस निकाली अन्त्यमा थापाथली र त्रिपुरेश्वरबीचको वाग्मती नदीकिनारमा अवस्थित कालमोचनघाटको सत्तलमा बस्न थाले । यसरी राजदरबारमा संस्कृतपुस्तक बुझाउनेमा म पनि एक थिएँ । सत्तलमा बसेका विद्यार्थीहरूले तन्ना फिँजाएर भीख माग्दै आहार जुटाउन थाले । केही समयपछि त्यस आन्दोलनको परिणामस्वरूप राजा महेन्द्रले राज्यस्तरबाटै खर्च बेहोर्ने गरी २०१५ साल आश्विनमा संस्कृत छात्रावासमा १०६ सिट हुने व्यवस्था मिलाई दिए । यसरी नयाँ सिटमा विद्यार्थी भर्ना गर्ने क्रममा मैले पनि संस्कृत छात्रावासमा प्रवेश पाएँ ।

२००७ सालको प्रजातान्त्रिक आन्दोलनपछि विद्यार्थीहरूमा पनि वामपन्थी र दक्षिणपन्थी विचार बढ्दै गएको थियो र छात्रावासलाई पनि त्यसले प्रभावित गरेको थियो । म छात्रावासमा भर्ना भएसँगै पहिलेदेखि भर्ना भई अध्ययन गरिरहेका अग्रज विद्यार्थीहरूबीच विवाद बढ्दै गई अन्ततः दुई पक्ष कायम हुन पुगेको थियो । त्यसको परिणतिस्वरूप संस्कृत छात्रसंघसमेत दुई भागमा विभक्त भयो । त्यसमा एक पक्ष प्रजातन्त्रवादी लाइनको थियो भने अर्को पक्ष वामपन्थी लाइनको । त्यसमा प्रजातन्त्रवादी लाइनका अग्रज यज्ञप्रसाद थपलिया, पशुपतिनाथ आचार्यआदिले संस्कृत छात्रावास छोडेर सरकारी जागिर खान गएपछि मलाई त्यो पक्षको नेतृत्व सम्हाल्नुपर्ने दायित्व आइलाग्यो । पहिले म कुनै पार्टीबाट प्रभावित थिइनँ । एकोहोरो खुरूखुरू पढाइमा मात्र तल्लीन थिएँ तर बाहिर बसेर स्वतन्त्र रूपमा पढेको मजस्तो व्यक्तिलाई संस्कृत छात्रावास प्रवेश गरेपछि तटस्थ बस्न मिल्ने स्थिति भएन । यसले मेरो शास्त्री तहको पढाइमा समेत केही व्यवधान सिर्जना गऱ्यो । म त्यतिखेर शास्त्री तहमा पढ्ने र उमेरमा पनि अरूभन्दा केही परिपक्व भएकोले त्यो जिम्मेवारी ममा आइलाग्यो । शुरूमा

त मलाई विद्यार्थी हित विभागको जिम्मेवारी दिइएको थियो । पछि संस्कृत छात्रसंघको सभापति भई जिम्मेवारी सम्हाल्नुपर्ने स्थिति आइलाग्यो ।

वि.सं. २०१५ सालमा आम चुनाव भई कांग्रेसको सरकार बनेको थियो । सरकार बनेको नाताले सबैतिर उसको प्रभाव बढी हुनु स्वाभाविक थियो । त्यसबेला संस्कृत छात्रावासमा वामपन्थी विचारधारा राख्ने विद्यार्थीहरूको संख्या तुलनात्मक रूपमा कम भए पनि उनीहरू अलि उग्र स्वभावका थिए । यता प्रजातन्त्रवादी विद्यार्थीहरूको संख्या केही बढी भए पनि उनीहरूको स्वभाव अलि नरम थियो । संस्कृत छात्रसंघको अफिस तीनधारा संस्कृत छात्रावास प्रवेश गर्ने मूल गेटसँगै दक्षिणतर्फको प्रकाशटोलको छिँडीको कोठामा थियो । दुई पक्षबीच विवाद बढ्दै गएपछि २०१७ साल मंसिर महिनाको एक दिन बिहान म नारी विद्यापीठमा पढाउन गएको बेला विपक्षी विद्यार्थीहरूले संस्कृत छात्रसंघको अफिस रहेको कोठाको ताला फोरी त्यहाँ भित्रका सामान तथा दस्ताबेज लुट्ने काम गरेछन् । दुई पक्षबीच हात हालाहालको स्थिति भएछ । फर्केर आउँदा छात्रसंघको अफिस तोडफोड भै कागजपत्र छताछुल्ल भएको देख्दा म अत्यन्त दुःखी भएँ । आफू सभापति भएको बेला संस्कृत छात्रसंघको अफिसलाई लुट्नबाट जोगाउन नसकिएकोमा धेरै दुःख लाग्यो । यस घटनाबाट म निकै दिनसम्म व्यथित बनें । तीनधारा संस्कृत छात्रावासभित्रको संस्कृत छात्रसंघको अफिस लुटिएपछि मैले साथीहरूको सहयोगमा पछि बागबजारमा संघको नयाँ कार्यालय खोलें । बहाल तिर्नका लागि साथीभाइहरूबीच एक-एक सुका पैसा पनि उठाइयो ।

त्यतिखेर म शास्त्री पूरा गर्दै थिएँ । नव्यन्यायका लक्षणग्रन्थ प्रसिद्ध विद्वान् पद्मप्रसाद भट्टराई गुरु पढाउनुहुन्थ्यो । गुरु उद्भट विद्वान् हुनुहुन्थ्यो तर उहाँको स्वभाव केही कडा मिजासको थियो । त्यसैले पढाउँदा बीचमा केही नबुझी प्रश्न सोध्नुपर्दा केही धक लाग्थ्यो । आफू मध्यमस्तरको विद्यार्थी थिएँ । यता संस्कृत छात्रसंघको किचलोले पढाइमा पूरा तल्लीन हुन सकिरहेको थिइनँ । त्यसमाथि नारी विद्यापीठमा बिहान सँधै पढाउन जानुपर्ने भएकोले आफ्नो पढाइका लागि पर्याप्त समय दिन पाइरहेको पनि थिइनँ ।

त्यतिखेर छात्रावासमा तोयनाथ शर्मा नाम गरेका सुपरिवेक्षक राखिएका थिए । उनले प्रत्येक दिन बिहान विद्यार्थीहरूले सामूहिक प्रार्थना गर्नुपर्ने निर्देशन जारी गरेका थिए । तदनुसार संस्कृत छात्रसंघको सभापतिको हैसियतले प्रार्थना चलाउने जिम्मेवारी मलाई तोकिएको थियो । छात्रसंघको अफिस लुटिएपछि ६ जना उग्रपन्थी विद्यार्थीहरूलाई छात्रावासबाट बाहिर

निष्कासन गरियो । निष्कासित विद्यार्थी र तिनीहरूको मतियार साथीहरूले त्यसको विरोधमा आन्दोलन गरे । त्यतिखेर सूर्यप्रसाद गृहमन्त्री थिए । एकदिन निष्कासित विद्यार्थीहरूको समूहले उनको मोटर रोक्नेसम्मको काम गरे । फलतः छ दिनपछि निष्कासित विद्यार्थीहरूलाई पुनः छात्रावास प्रवेशको अनुमति दिइयो । त्यो घटनापश्चात् साँझपख भान्छामा भात पाकेर धोती फेरेर खान जान लागेको बेलामा संस्कृत छात्रसंघको अफिस तोडफोडमा मुख्य रूपमा संलग्न निष्कासित उद्दण्ड विद्यार्थीहरूलाई सरकारले पुनः प्रवेश दिएकोमा त्यसको विरोधस्वरूप भान्छा हडतालमा उत्रिनुपर्छ भन्दै साथीहरूले सभापतिको नाताले मलाई यो काममा अघि सर्नुपर्ने कुरा राखे । त्यसपछि म अरू साथीभाइहरू भान्छा घरको मूल ढोकामा गई बस्यौं र कसैलाई पनि प्रवेश दिएनौं । त्यत्रा विद्यार्थीलाई पकाएको खाना त्यसै खेर फालियो । त्यसको भोलिपल्ट बिहान खाद्यान्न झिक्नै नदिने भनेर भण्डारमा पिकेटिङ् गरियो । आफू र आफ्ना पक्षका साथीहरू पनि भोकभोकै रहेर केही दिनसम्म यो विरोध गरियो । त्यतिखेर दीर्घराज कोइराला शिक्षा सचिव थिए । यो विरोधको खबर उनकहाँ पुगेपछि उनले आएर सम्झाउने काम गरे । अनि पुनः भान्छा सुचारु भयो ।

यस्तै अन्तर्द्वन्द्व चलिरहेको बेलामा राजा महेन्द्रले २०१७ पौष १ गते बी.पी. कोइरालाको नेतृत्वको कांग्रेस सरकारलाई अपदस्थ गरी नेताहरूलाई नियन्त्रणमा लिए । त्यसपछिका दिनमा तीनधारा संस्कृत छात्रावासमा सरकारका गुप्तचरहरूको निगरानी बढ्नथाल्यो । प्रजातन्त्रपक्षधर विद्यार्थीहरूलाई धरपकड गर्ने काम शुरू भयो । त्यतिखेर कांग्रेस भनेर खुल्ले आम चिनिएका दुई विद्यार्थी पीताम्बर दाहाल र रामप्रसाद भट्टराईलाई पक्राउ गरेर लगे । मलाई पुतलीसडकस्थित राजकीय संस्कृत महाविद्यालयबाट तीनधारा संस्कृत छात्रावासतर्फ आउँदै गर्दा बागबजारको मोडमा पक्रेर त्यहीं नगिचको प्रहरी बुथमा बुझाए । दिनभर प्रहरी बुथमा बसेपछि साँझपख नकुलशमशेर नाम गरेका प्रहरी इन्चार्जले आएर विद्यार्थी भएर राजनीतिमा लाग्नु हुँदैन, तपाईंहरूजस्तो शिक्षित मान्छेले सरकारको विरोध गर्नुहुँदैन भनी सम्झाउँदै छोड्न आदेश दिए । पक्राउ परेका साथीहरूलाई छुटाउन म र श्यामप्रसाद दाहाल नाम गरेका हामी दुई साथी महाराजगञ्ज, पानीपोखरीस्थित तुलसी गिरीको क्वार्टरमा गई उनीसँग अनुनय विनय गर्यौं । पछि उनीहरू पनि छुटे ।

संस्कृत छात्रसंघमा संसद् र कार्य समिति गरी दुई अङ्ग थिए । संस्कृत छात्रसंघको विधानमा प्रत्येक वर्ष संसदीय अधिवेशन गर्नुपर्ने प्रावधान

थियो । अतः म संस्कृत छात्रसंघको सभापतिमा चुनिएपछि त्यसको संसदीय अधिवेशन गर्नुपर्ने काम मेरो थाप्लामा आइपर्‍यो । तदनुसार वि.सं. २०१८ साल आषाढमा संस्कृत छात्रसंघको संसदीय अधिवेशन गर्ने निर्णय भएअनुसार सोको लागि शिवराज आचार्यको अध्यक्षतामा आयोजक समिति गठन भयो । अधिवेशन आयोजनाका लागि अर्थसङ्कलन गर्न धेरैतिर खट्नुपर्‍यो । हामीप्रति सद्भाव राख्ने विभिन्न क्षेत्रका व्यक्तिहरूदेखि भारतीय राजदूतावाससम्म आर्थिक सहयोग मागियो । सबैतिरबाट चन्दा उठाई करिब चार-पाँच सय जति रकम जम्मा भएपछि सम्मेलनका लागि तत्कालीन लालदरबार सम्बद्ध व्यक्तिहरूसँग सम्पर्क गरी त्यहीँ भित्रको हलमा आयोजना गर्ने व्यवस्था मिलाइयो । कार्यक्रममा सभापतित्वको लागि सहायक मन्त्री भुवनलाल प्रधान र प्रमुख अतिथिमा गृह सहायक मन्त्री काजीमान कन्दङ्वालाई आमन्त्रण गरियो । सम्मेलनमा उपस्थितिका लागि काठमाडौं उपत्यकाभित्रका सबै संस्कृत विद्यालयका छात्र प्रतिनिधिहरूका साथै सबै गण्यमान्य व्यक्तिलाई आमन्त्रण गर्दै कार्ड बाँडियो । संस्कृत छात्रसंघको संसदीय अधिवेशन भनेर पम्पलेट छापी ठाउँ ठाउँमा वितरण गरियो ।

यसरी अधिवेशन आयोजनाको तयारी लगभग पूरा भएको अवस्थामा कार्यक्रम हुने अघिल्लो दिन अपराह्न ४-५ बजेतिर मलाई काठमाडौंको मजिष्ट्रेट अफिसबाट बोलावट आएअनुसार म त्यहाँ हाजिर हुन गएँ । त्यहाँ पुग्ने बित्तिकै मजिष्ट्रेट सरदार विष्णुमणि आचार्यले अहिले संसद् नभएको बेलामा केको संसदीय अधिवेशन गर्न लागेको? भनेर मलाई हप्काए । मैले छापेको पम्पलेट देखाई यो संस्कृत छात्रसंघको संसदीय अधिवेशन हो भनेर बुझाउन खोज्दा पनि उनले यसबाट जनतामा भ्रम पर्छ भन्दै यो गर्न मिल्दैन भनी अड्डी कसे । सबै कुराको तयारी भइसकेको अवस्थामा यो कार्यक्रम रोक्न उपयुक्त थिएन । अनि मैले एकछिन सोचेर उसो भए संसदीय अधिवेशन नभनेर वार्षिक अधिवेशन भनेर गर्छु भनेपछि उनले नजिकको एक कर्मचारीलाई "संसद् शब्द बोलेमा जस्तो पनि सजाय भोग्न तयार छु"भन्ने कागज गराएर छोड्न आदेश दिए । सोही बमोजिम कर्मचारीले लेखेको कागजमा सही छाप गरी निस्कें । यसरी अनेक हण्डर ब्यहोर्दै संस्कृत छात्रसंघको वार्षिक अधिवेशन आयोजना गरियो । तर सभापतिको रूपमा आमन्त्रण गरिएका भुवनलाल प्रधानलाई विपक्षी साथीहरूले भड्काई दिएकोले उनी आएनन् । उनको सट्टामा कविराज शिवनाथलाई सभापति बनाइयो । काजीमान कन्दङ्वा भने आए । शिक्षा विभाग हेर्ने राष्ट्रिय निर्देशनालयका डाइरेक्टर सुरेन्द्रराज शर्माले पनि विशेष आमन्त्रित अतिथिका रूपमा आफ्नो मन्तव्य राखेका थिए । सम्मेलनमा

विभिन्न क्षेत्रबाट आएका लब्धप्रतिष्ठ व्यक्तिहरूले हल खचाखच भरिएको थियो । संस्कृतक्षेत्रका ठूला विद्वान्हरू जस्तै गङ्गाधरशास्त्री पराजुलीदेखि तीनधारा संस्कृत छात्रावास स्थापना गर्ने वीरशमशेरका सन्तति माधवशमशेर, भारतीय राजदूतावासका उच्च पदाधिकारीसम्म सहभागी थिए ।

सम्मेलन तीन दिनको अवधिको थियो । जसअन्तर्गत सभामुखको चयन, संस्कृत छात्रसंघको आगामी कार्यक्रम र कार्यदिशाबारे छलफल र निर्णय तथा सांस्कृतिक कार्यक्रमको प्रदर्शन आदि भए । सम्मेलनको आयोजनामा विभिन्न व्यवधान आइलागे तापनि सम्मेलन भव्यताका साथ सम्पन्न भएकोमा सभापतिको हैसियतले मलाई ठूलो आत्मसन्तोष भयो । विपक्षी साथीहरूको माझमा हाम्रो साख रह्यो । यसरी नचाहँदा नचाहँदै पनि विद्यार्थी राजनीतिमा केही समय संलग्न हुनुपर्ने बाध्यता मेरो जीवनमा आइलाग्यो । यसप्रकार संस्कृत छात्रसंघलाई पुनः सङ्गठित गर्ने काममा मैले आफूलाई संलग्न गराउनुपर्‍यो ।

छात्रावासमा रहँदै वि.सं. २०१८ साल असोजमा मलाई अल इण्डिया टुरमा विद्यार्थी प्रतिनिधिका रूपमा सहभागी हुने अवसर प्राप्त भयो । यसका लागि म गुरुवर पद्मप्रसाद भट्टराईज्यूप्रति आभारी छु । यसले मलाई भारतका विभिन्न ठाउँ घुम्ने र विभिन्न विषयमा जानकारी बटुल्ने अवसर मिल्यो ।

**७. तपाईंको खास रुचिको विषय के रह्यो ?**

❑ दार्शनिक, धार्मिक, पौराणिक, ऐतिहासिक र साहित्यिक ग्रन्थहरूको अध्ययन र परिशीलन तथा त्यसको आधारमा लेखन, प्रवचन, शिक्षण र धार्मिक, साहित्यिक पत्रिकाहरूको सम्पादन मेरो मुख्य रुचिको विषय रह्यो । मैले मेरो पूरै जीवन लगभग यसैगरी बिताएँ । विद्यालय, महाविद्यालयमा पढ्दा तथा संस्कृत छात्रावासमा रहँदा विभिन्न विषयमा हुने वादविवाद तथा वक्तृत्वकला र निबन्ध प्रतियोगिताहरूमा पनि समय-समयमा भाग लिने गर्थें र कतिपय प्रतियोगिताहरूमा म पुरस्कृत पनि भएको थिएँ । यसैगरी मलाई विद्यार्थीकालदेखि नै ठूला साधु, सन्त, भक्त, महात्माहरूको प्रवचन, उपदेश सुन्ने, उनीहरूसँग सत्सङ्ग गर्ने अभिरुचि रह्यो र यो क्रम पछिसम्म नै कायम रह्यो । मैले स्वामी रामसुखदासदेखि शास्त्रार्थ महारथी माधवाचार्यसम्म, योगी नरहरिनाथदेखि स्वामी ईश्वरानन्दसम्म, स्वामी त्रिवेणी पुरीदेखि महेश्वरानन्द गिरिसम्म, पशुपतिनाथको वासुकिक्षेत्रमा बस्ने श्यामचैतन्य बाबादेखि क्षितीशचन्द्र चक्रवर्तीसम्म, कृपालुजी महाराजदेखि भागवत मर्मज्ञ केशव डोंगरेजी तथा उहाँका सुयोग्य शिष्य कमलेशजी

महाराजसम्मको प्रवचन सुनेको छु । योगाचार्य स्वामी सच्चिदानन्द विशुद्धदेवसँग मैले योगको व्यावहारिक शिक्षा लिएको थिएँ । थानेश्वर बाबादेखि नेपाली बाबा तेजोनाथशर्मा र जगद्‌गुरु बालसन्त मोहनशरण देवाचार्यसम्मको सङ्गत गरेको छु । भारतबाट समय-समयमा पाल्नुभएका जयेन्द्रसरस्वती, स्वरूपानन्द नामका शङ्कराचार्यहरूलगायत अन्य थुप्रै साधुसन्तको प्रवचन सुनेको छु, उहाँहरूसँग सत्सङ्ग गरेको छु । यसबाट मेरो जीवनलाई पवित्र बनाउन र मेरो आध्यात्मिक चिन्तनको दायरालाई फराकिलो बनाउन ठूलो मद्दत पुगेको छ ।

**८. तपाईंले आफूले जीवनमा पढेका किताबहरूमध्ये आफूलाई सबैभन्दा बढी मन परेका र तपाईंको जीवनलाई समेत प्रभावित पारेका किताबहरूबारे उल्लेख गरिदिनुहोस् न ?**

❑ मेरो अध्ययन अध्यापन मूलतः संस्कृतमै भएकोले मलाई रुचिकर ग्रन्थहरू पनि अधिकांशतया संस्कृतमै छन् । खासगरी व्याकरणमा पाणिनीय अष्टाध्यायी र मध्यकौमुदी, अमरकोष, धार्मिक आध्यात्मिक साहित्यमा वाल्मीकिरामायण, अध्यात्मरामायण तथा योगवाशिष्ठ र महाभारत, पुराणहरूमा श्रीमद्भागवत, देवीभागवत र शिवपुराण लौकिक साहित्यिक ग्रन्थहरूमा रघुवंश, शाकुन्तलनाटक, मेघदूत, कुमारसम्भव र किरातार्जुनीय, हितोपदेश, भर्तृहरिशतक र चाणक्यनीति, स्मृतिग्रन्थहरूमा मनुस्मृति र याज्ञवल्क्यस्मृति मेरा विशेष रुचिकर ग्रन्थ हुन् । यसैगरी दार्शनिक ग्रन्थहरूमा षड्‌दर्शन सूत्रसङ्ग्रह, तर्कसङ्ग्रह, मुक्तावली, न्यायभाष्य, वेदान्तसार र वेदान्तपरिभाषा, पञ्चदशी, शब्दशक्तिप्रकाशिका, ईशादि ११ उपनिषद् र श्रीमद्‌भगवद्‌गीता मैले बढी स्वाध्याय गर्ने ग्रन्थ हुन् । नेपालीमा कविशिरोमणि लेखनाथ पौड्यालविरचित तरुण-तपसी, सत्य-कलि संवाद र सत्यसन्देशलगायतका विभिन्न फुटकर कविताहरू, लक्ष्मीप्रसाद देवकोटाको लक्ष्मी निबन्धसंग्रह, कविशिरोमणि लेखनाथको बुद्धिविनोद नामक कविताप्रश्नावली उपर पं. नयराज पन्तको उत्तरावली र गुरुप्रसाद मैनालीका कथाहरू मलाई मन पर्ने कृति हुन् । हिन्दीमा तुलसीदास विरचित रामचरितमानस, सूरदासको सूरसागर, मैथिलीशरणगुप्तरचित भारत-भारती, साकेत र जयद्रथवध तथा रामनरेश त्रिपाठीद्वारा सम्पादित कविताकौमुदी र प्रेमचन्दका गोदान र रवीन्द्रनाथ टैगोरको गीताञ्जलीलगायतका कृतिहरू मलाई मन पर्ने किताब हुन् । सन्त कबिरको दोहावली पनि निकै मार्मिक लाग्छ । यी सबै कृतिहरूले मेरो जीवन र सोचलाई कुनै न कुनै रूपमा प्रभावित गरेका छन् । जीवनको उत्तरार्धमा म अहिले खासगरी श्रीमद्‌भागवत, गीता र उपनिषद्‌हरूको परिशीलनमा रमाउने गरेको छु ।

**९. तपाईं आफूले अध्ययन गरेका र सङ्गत गरेका व्यक्तिहरूमा कसलाई बढी सम्मान र आदर गर्नुहुन्छ ? तपाईं जीवनमा कोबाट बढी प्रभावित हुनुभयो, केही बताइदिनुहुन्छ कि ?**

❑ म शिशु अवस्थामै छँदा मेरो पिताजीको निधन भएकोले म मेरी विधवा माताको संरक्षणमा हुर्कें । सात जना सन्तान भएकी मेरी माताले धेरै संघर्ष र धैर्य गरी हामीलाई हुर्काउनुभयो । पछि डायबिटिजको कारण उहाँ दुबै आँखासमेत नदेख्ने हुनुभयो । मेरी माता एक पुण्यात्मा र समझदार गृहिणी हुनुहुन्थ्यो । उहाँलाई भागवत, रामायण र महाभारतका धेरै कथाहरूको राम्रो ज्ञान र सम्झना थियो । मलाई उहाँले सानैदेखि भागवत, रामायण र महाभारतका कथाहरू सुनाउने गर्नुहुन्थ्यो । यसले मलाई पछि शिक्षा आर्जन र पुराणवाचनको क्रममा पनि धेरै सहयोग पुग्यो । यसैले म मेरी आमालाई पहिलो आदरणीय गुरु मान्दछु जसले मलाई धेरै कुरा सिकाउनुभयो । त्यसपछि मेरा दाजुहरू जसले अक्षरारम्भ गराउनेदेखि रुद्री, चण्डीपाठ, सन्ध्यावन्दन आदि गर्न सिकाउनुभयो उहाँहरूलाई पनि सदैव सम्मान गर्दछु ।

औपचारिक शिक्षा लिन थालेपछि धेरै गुरुहरूसँग पढियो । उहाँहरू सबै सम्मान र आदरको पात्र हुनुहुन्छ । खासगरी पद्मप्रसाद भट्टराई गुरु जोसँग मैले उत्तरमध्यमा तहदेखि आचार्य तहसम्म न्यायका प्रौढ ग्रन्थहरू पढें । उहाँप्रति मेरो विशेष आदर छ । उहाँ असाधारण विद्वत्ताले युक्त सरस्वतीका वरदपुत्र हुनुहुन्थ्यो । न्यायका अतिरिक्त उहाँ व्याकरण, धर्मशास्त्र, मीमांसा, साहित्यलगायत धेरै विषयका ज्ञाता हुनुहुन्थ्यो । ज्योतिषबाहेक पाठ्यक्रममा राखिएका पूर्वीय वाङ्मयका लगभग सबैजस्तो ग्रन्थ उहाँ पढाउनसक्ने हैसियत राख्नुहुन्थ्यो । काशीमा उच्चतम तहसम्मको विद्याध्ययन पूरा गरी त्यहाँका प्रतिष्ठित कलेजमा प्राध्यापन गरिबस्नुभएका उहाँलाई २००९ सालतिर राजा त्रिभुवनको पालामा विशेष आग्रह गरी नेपाल ल्याइएको थियो । त्यसैगरी पूर्व बडागुरुज्यू श्री अम्बिकाप्रसाद अधिकारी जोसँग मैले मुक्तावलीलगायतका दर्शनका प्राथमिक विषयहरू पढें । उहाँप्रति पनि मेरो विशेष सम्मान छ । उहाँ गीताको पनि ठूलो अध्येता र व्याख्याता हुनुहुन्थ्यो त्यसबाट पनि म धेरै लाभान्वित भएको छु । मैले पढाइ शुरू गर्दा मलाई संस्कृतव्याकरण, संस्कृतकाव्य तथा हिन्दी साहित्यका विभिन्न विषयहरू पढाउने गुरुहरू स्वर्गीय बुद्धिनाथ अर्याल, पूर्णभद्र सुवेदी र रोहिणीप्रसाद भट्टराई पनि उत्तिकै आदरणीय हुनुहुन्छ । यसैगरी पं. नयराज पन्त गुरु जोसँग मर्यादा पत्रिकाको सम्पादनको क्रममा धेरै सङ्गत भयो उहाँको इतिहास, ज्योतिष र विभिन्न विषयको ज्ञानबाट म धेरै प्रभावित भएको छु ।

यसैगरी पं. विष्णुप्रसाद न्यौपाने जो वेदान्त र साहित्य विषयका आचार्य हुनुहुन्थ्यो उहाँबाट पनि म धेरै प्रभावित छु । पछि सत्सङ्गको क्रममा योगी नरहरिनाथ, स्वामी ईश्वरानन्द गिरी, स्वामी त्रिवेणी पुरी, स्वामी महेश्वरानन्द गिरी, डा. क्षितीशचन्द्र चक्रवर्ती आदिबाट धेरै ज्ञान र शिक्षाहरू मिलेको थियो उहाँहरू सबैप्रति म कृतज्ञ छु । सङ्कीर्तनभक्तिका श्रेष्ठ साधक कविप्रसाद गौतम र उहाँका अनुज श्री ज्योतिप्रसाद गौतमको कर्म, जीवनी र रचनाबाट पनि म धेरै प्रभावित छु । डा. स्वामी प्रपन्नाचार्यको व्यक्तित्व र कर्तृत्वबाट पनि म प्रभावित छु । उहाँ मेरो थापाथलीस्थित घरमा विभिन्न प्रयोजनले फाट्टफुट्ट आई पनि रहनुहुन्थ्यो । सनातन धर्म सेवा समितिका संस्थापक सभापति स्व. धरणीधर कोइरालाबाट पनि म धेरै अभिप्रेरित छु । यसका साथै म मेरा थुप्रै सहवर्ती मित्र तथा गुरुहरू जस्तै वैदिक दामोदर कोइराला, अग्निहोत्री तीर्थराज आचार्य र वाल्मीकिशर्मा पौडेल, प्राध्यापक खेमराज केशवशरण, मधुसूदन रिसाल, प्राध्यापक शिवगोपाल रिसाल, देवीप्रसाद चापागाईं, डा. गोविन्द टण्डन, समाजसेवी एवं गाउँ सेवा कोषका संस्थापक स्व.भीमबहादुर अधिकारी, विदूषी एवं पद्मकन्या क्याम्पसकी पूर्व प्रिन्सिपल श्रीमती अङ्गुरबाबा जोशी लगायतबाट पनि विभिन्न रूपमा प्रभावित छु । जीवनको उत्तरार्द्धमा मैले समुदाय पत्रिकाको सम्पादनको क्रममा पूर्व गभर्नर एवं पूर्व मुख्यसचिव स्व. कुलशेखरशर्मासँग पनि केही समय सङ्गत गर्ने मौका पाएँ । उहाँको सरलता, सज्जनता, सनातनधर्मप्रतिको अगाध आस्था र ज्ञानको विशालताबाट पनि म निकै प्रभावित छु ।

**१०. गुरु ! हजुरको यति धेरै लामो जीवनयात्रामा रहँदा केही कृतिहरू पनि रचना तथा प्रकाशन गर्नुभएको छ कि ? यदि छन् भने कुन कुन विषयमा के कस्ता कृतिहरू प्रकाशन गर्नुभएको छ तिनको संक्षिप्त विवरण दिनुहोस् न ?**

❑ मेरा फुटकर लेखरचनाहरू करिब १००० जति होलान् तिनमा धेरैजसो विभिन्न माध्यमले प्रकाशित नै छन् । पुस्तकाकारका रूपमा भने मेरा ७ वटा कृतिहरू बाहिर आएका छन् । ती हुन् - गणेशतत्त्वचिन्तन, २०४२ (दोस्रो संस्करण गणेश एक : स्वरूप अनेक नाममा २०६१ सालमा प्रकाशित), भक्ति साहित्यको परम्परामा कविवर गुणराज खनाल रामदास विरचित श्रीमद्भगवद्भक्ति महिमा, २०४४, हाम्रा धार्मिक चाडपर्व (प्रथम संस्करण २०४५ र दोस्रो संस्करण २०७८), आत्मानुसन्धान (प्रथम संस्करण २०६४ र दोस्रो संस्करण २०७८), शब्दपुष्पाञ्जलि (भजन एवं प्रार्थना सङ्ग्रह, २०६५), अवतार एक विहङ्गम अवलोकन (२०६८) र अन्तर्मनका

भावतरङ्ग (२०७२) । मेरा अधिकांश कृतिहरूमा ईश्वर, आत्मा, धर्म, मानव जीवनको महत्त्व र कर्तव्य तथा हाम्रा धार्मिक, सांस्कृतिक विशेषताहरूको बारेमा प्रकाश पारिएको छ । अन्तर्मनको भावतरङ्गमा अन्य कुराका अतिरिक्त मेरो विदेश यात्राको अनुभव पनि समेटेको छु ।

मैले साहित्यिक, दार्शनिक, धार्मिक, आध्यात्मिक आदि विषयमा विभिन्न कालखण्डमा लेखेका फुटकर लेखरचनाहरू गोरखापत्र, कान्तिपुर, अरुणोदय, धर्मसन्देश, मर्यादा, हैमवती, प्रज्ञा, रूपरेखा, हाम्रो संस्कृति, परिमार्जन, अनन्त धारालगायतका पत्रपत्रिकाहरूमा प्रकाशित छन् ।

**११. गुरु ! हजुरले लामो समयसम्म संस्कृतविद्या त्यसमा पनि दर्शनशास्त्रको अध्ययन, अध्यापन गरेर बिताउनुभयो । संस्कृत विषयमा पनि केही कृतिहरूको रचना गर्नुभएको छ कि ?**

❑ मैले आमजनसमुदायले बुझ्ने नेपाली भाषामा नै मेरा अधिकांश लेखरचना र कृतिहरू प्रकाशन गरें । यद्यपि समय-समयमा कतिपय स्मृतिग्रन्थ (पद्मस्मृतिग्रन्थ) र पत्रपत्रिकाहरूमा जस्तै गोरखापत्रको संस्कृतपृष्ठ, हैमवती, देववाणी आदिमा मैले संस्कृतभाषामा लेखेका फुटकर लेखहरू प्रकाशित भएका छन् । मैले वाल्मीकि विद्यापीठमा प्राध्यापनको क्रममा रहँदा"नैपालक नैयायिकानां जीवनचरितम्" भन्ने शीर्षकको लघु परियोजना लिएर नेपालका नैयायिकहरूको उपलब्ध भएसम्मको विवरण सङ्कलन गरी संस्कृतमा एउटा सानो कृतिको मस्यौदा तयार गरेको थिएँ । तर प्रकाशनमा चाहिँ ल्याउन सकिएन । मेरा लेखनीका स्रोत र सन्दर्भसामग्री भने अधिकांश संस्कृत ग्रन्थहरू नै हुन् ।

**१२. तपाईं के-कस्ता सामाजिक, धार्मिक संस्थामा आबद्ध हुनुहुन्थ्यो र ती संस्थाहरूमा रहेर के गर्नुभयो ?**

❑ म सनातन धर्म सेवा समितिको संस्थापक सदस्य हुनुका साथै पछि सो संस्थाको उपाध्यक्षसम्म भई सनातन धर्मको प्रचार-प्रसार र संवर्धनका लागि करिब २४-२५ वर्ष सक्रिय रहें । अद्वैत संस्थामा १०-१२ वर्षजति आबद्ध भई त्यहाँबाट देशिकोत्तमसम्म भएँ । स्वयम्भूस्थित गीता अध्ययन मण्डल, बृहद् आध्यात्मिक परिषद्, जावलाखेलस्थित सत्सङ्ग परिवार, सिनामङ्गलस्थित प्रकाश सन्यास आश्रम, मध्यबानेश्वरस्थित नेपाल पूजा प्रतिष्ठान, गणेश-राधा-माधव सङ्कीर्तन मण्डल, थापाथली हाइट, सानेपास्थित ढुङ्गेधारा सत्सङ्ग समाज, थापाथली जनकल्याण परिवार, विश्व सनातन धर्म एकता महासंघजस्ता सामाजिक धार्मिक संस्थाहरूसँग म विभिन्न कालखण्डमा विभिन्नरूपमा आबद्ध भई सत्सङ्ग, प्रवचन आदि कार्यमार्फत

योगदान गरें । वि. सं. २०४३ सालमा केही समय हिन्दूधर्म सेवा समन्वय समितिको सल्लाहकार पदमा पनि रही काम गरें ।

साथै, विश्व शान्ति र सार्वजनिक कल्याणको उद्देश्यले सार्वजनिक तवरमा लगाइएका विभिन्न अनुष्ठान तथा यज्ञहरूमा कतै वाचक, कतै आचार्य, कतै ब्रह्मा र कतै सदस्य आदिको रूपमा विभिन्न भूमिका निर्वाह गरें । जस्तै साँखुको शालीनदी तटमा लगाइएको कोटिहोम, गोकर्णेश्वर मन्दिर क्षेत्रमा लगाइएको कोटिहोम, भक्तपुरको तेलकोटमा लगाइएको कोटिहोम, बुढानीलकण्ठमा लगाइएको कोटिहोम र सोलुखुम्बुको सल्लेरीमा लगाइएको कोटिहोम, हेटौंडाको भुटनदेवी मन्दिर परिसरमा लगाइएको कोटिहोममा आचार्यको भूमिका निर्वाह गरें । चण्डेश्वरी मन्दिर बनेपामा लगाइएको अतिरुद्रीमा पनि आचार्य बसें । जयबागेश्वरी मन्दिर परिसरमा लगाइएको देवीभागवत पुराण, गोठाटारमा लगाइएको शिवमहापुराण आदि अनुष्ठानमा प्रमुख वाचकको भूमिका निर्वाह गरें । ती अनुष्ठानहरूमार्फत सम्बन्धित क्षेत्रका मन्दिर र तीर्थस्थलहरूको प्रचार प्रसार, मठमन्दिरको संरक्षण, सुधार र जीर्णोद्धार, सम्बन्धित क्षेत्रमा घाट, पूजामण्डप, यज्ञशाला, भजनपाटी आदिको निर्माणमा विभिन्न किसिमको मद्दत पुगेको थियो । भागवतमर्मज्ञ श्री रामचन्द्र केशव डोंगरेजी महाराजको श्रीमद्भागवत अनुष्ठानमा मैले भागवत पाठकको रूपमा कार्य गरेको थिएँ । यसैगरी वि.सं. २०४३ सालमा विन्ध्यवासिनी आध्यात्मिक संघका संस्थापक नेपाली बाबा पं. तेजोनाथशर्माको अग्रसरतामा भारतको विन्ध्याचलमा ११ हजार ब्राह्मण (तर यज्ञस्थलमा यसको पुग नपुग आधाजस्तो ब्राह्मणमात्र उपस्थित थिए) को सहभागितामा भएको बृहत् धार्मिक अनुष्ठानमा एक महिनासम्म सह–आचार्य र पुराणमण्डपको आचार्यका रूपमा समेत सहभागी भएँ । व्यक्तिगत स्तरमा लगाइएका करिब तीन दर्जन जति अनुष्ठान(सप्ताह तथा नवाह) मा पनि वाचकको रूपमा काम गरें ।

**१३. लामो समयसम्म सरकारी प्राध्यापक बनेर सेवा गर्दा के कस्ता मानसम्मान, पुरस्कार, विभूषण वा अभिनन्दनपत्र पाउनुभएको थियो ?**

❑ वि.सं २०२४ सालमा श्री ५ त्रिभुवनको हीरकजयन्तीको उपलक्ष्यमा राष्ट्रियस्तरको साहित्य सम्मेलन भएकोमा त्यसमा मेरो निबन्ध सर्वप्रथम भई मलाई स्वर्णपदक प्राप्त भएको थियो । गोरखापत्रद्वारा आयोजित "म प्रधानपञ्च भएँ" भन्ने शीर्षकको राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा मेरो निबन्धलाई दोस्रो स्थान प्राप्त भएको थियो । त्यसैगरी गोल्छा अर्गनाइजेसनले आयोजना गरेको अणुव्रत शीर्षकको निबन्ध प्रतियोगितामा मलाई तृतीय पुरस्कार प्राप्त भएको थियो । वि.सं. २०४३ सालमा मलाई

तत्कालीन राजा श्री ५ वीरेन्द्रको हातबाट प्रबल गोरखादक्षिणबाहु विभूषण प्राप्त भयो । वि.सं. २०४४ सालमा गुणराज स्मारक व्याख्यान पुरस्कार र वि.सं. २०४७ सालमा हाम्रा धार्मिक चाडपर्व नामक मेरो कृतिका लागि गुणराज पुरस्कार प्राप्त भयो । सो पुरस्कार तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको हातबाट प्राप्त गर्ने सौभाग्य मिलेको थियो । वि.सं. २०७० सालमा स्व. डा. विहारीलाल श्रेष्ठ राष्ट्र सेवा पुरस्कार, वि.सं. २०७० सालमा भारती खरेल पुरस्कार, वि.सं. २०७४ सालमा थापाथली जनकल्याण प्रतिभा पुरस्कार, २०७५ सालमा रूपकुमारी अध्यात्म सेवा पुरस्कार र २०७९ सालमा सत्सङ्ग परिवारबाट वि.सं. २०७० सालमा कृष्णचन्द्र अर्याल स्मृति पुरस्कार एवं सम्मान प्राप्त भयो । यसैगरी वैदिक सनातन कर्मकाण्ड महासंघले २०५४ सालमा र सनातन धर्म सेवा समितिले वि.सं. २०६३ सालमा र पशुपति अर्चना सुव्यवस्था प्रतिष्ठानले २०७६ सालमा अभिनन्दन-पत्र प्रदान गरेका छन् । अन्य केही संस्थाहरूले पनि विभिन्न समयमा विभिन्न किसिमका सम्मानपत्र प्रदान गरेका छन् ।

**१४. यहाँले नेपालका तथा विदेशमा पनि कुन-कुन ठाउँको भ्रमण गर्नुभएको छ ? यसबाट तपाईंलाई के-कस्तो शिक्षा र सन्देश मिलेको छ, बताइदिनुहोस् न ?**

❑ मैले नेपालको कर्णाली अञ्चलबाहेक सबै अञ्चलका गरी करिब ६० वटा जिल्लाको भ्रमण गरेको छु । कतै भाषा शिक्षणको सन्दर्भमा, कतै नैतिक शिक्षा प्रवचनको क्रममा, कतै सरकारी कामकाजको सन्दर्भमा र कतै धार्मिक अनुष्ठानमा सहभागी हुने र कतै तीर्थभ्रमणका रूपमा ती जिल्लाहरू घुमेको हुँ । भारतमा सर्वप्रथम वि.सं. २०१८ साल असोजमा विद्यार्थी प्रतिनिधिको रूपमा करिब एकमहिना अल इण्डिया टुर गरेको हुँ । त्यस क्रममा भारतको पटनादेखि मैसुर, मद्रास, बम्बई, कलकत्ता र दिल्लीलगायतका ठाउँको भ्रमण गरेको हुँ । पछि निजीतवरमा तीर्थभ्रमण गर्ने क्रममा उडिसाको भुवनेश्वर, बनारस, प्रयाग, गोरखपुरको भ्रमण गरेको छु । भारतका चारवटै धाम, गङ्गासागर, कुरूक्षेत्र, तिरूपतिबालाजी, रङ्गनाथ, कन्याकुमारी र आसामको कामरूपकामाख्यादेखि परशुरामकुण्डसम्मको भ्रमण गरेको छु । जीवनको उत्तरार्धमा २०७०-७१ सालमा आएर जेठो छोरा मनोज जेनेभास्थित नियोगमा वाणिज्य प्रतिनिधिका रूपमा खटिई गएपछि स्वीटजरल्याण्डको जेनेभा, ज्युरिच र वर्नलगायतका स्थानहरू, इटालीको रोम, फ्रान्सको पेरिस, बेल्जियमको ब्रसेल्स, हल्याण्डको आम्सटरड्याम, हेग र रोटरड्याम, पोर्चुगलको लिस्बन भ्रमण गर्ने अवसर मिल्यो । सोही क्रममा कान्छो छोरा विनोद बसेको ठाउँ क्यानाडाको टोरन्टो घुम्न गएको बेला

त्यहाँको राजधानी शहर ओटावा तथा अमेरिकाको न्यूयोर्क र वासिङ्टन डिसीको भ्रमण गर्ने अवसर जुट्यो । मैले विदेश भ्रमणबाट सिकेका कुराहरू मेरो अन्तर्मनको भावतरङ्ग भन्ने कृतिमा उल्लेख गरेको छु ।

**१५. तपाईं दर्शनको विद्यार्थी भएको र धेरै समय हाम्रो पौरस्त्य दर्शन र धर्मसंस्कृति विषयमा अध्ययन-अध्यापनमा संलग्न हुनुभएको व्यक्ति भएको नाताले एउटा प्रश्न सोध्न मन लाग्यो । तपाईंको विचारमा जीवन के हो ? जीवनको अन्तिम उद्देश्य के हो ? हाम्रो जीवनदृष्टि कस्तो हुनुपर्दछ ?**

जीवन परमात्माले व्यक्तिलाई उसको पूर्वजन्मको संस्कारअनुसार सुखदुःख भोगाउन र आत्मकल्याण गर्न दिनुभएको अनुपम उपहार हो । चौरासी लाख जुनीमा मानवजीवन सर्वोत्तम जीवन भएको कुरा वेदव्यासको "न हि मानुषाच्छ्रेष्ठतरं हि किञ्चित्" भन्ने वाक्यले पुष्टि गर्दछ । धेरै जन्ममा आर्जित पुण्यको परिणतिस्वरूप यो दुर्लभ मानव चोला मिलेको हो । अतः उत्तम मानवयोनि मिलेको बेला हामीले सुकर्म र सदाचरणद्वारा यो जीवनलाई सार्थक तुल्याउनुपर्दछ । आहार, निद्रा, भय, मैथुनजस्ता अरू जीवनमा पनि सहजै उपलब्ध हुने, इन्द्रियतृप्तिको कुरामा मात्र लिप्त नभएर आत्मलाभ गरी पुनः नजन्मने प्रयास गर्नु हाम्रो जीवनको उद्देश्य हो । शास्त्रमा धर्म, अर्थ, काम र मोक्ष गरी चार किसिमका पुरुषार्थको उल्लेख भएको छ । यी पुरुषार्थहरूमध्ये मोक्षलाई परमपुरुषार्थ भनिएको छ । अतः दुर्लभ मानवजीवन मिलेको बेला हामीले त्यही परमपुरुषार्थ प्राप्त गर्ने प्रयास गर्नुपर्दछ । त्यो भनेको आफूले आफैंलाई चिन्ने हो, आफ्नो यथार्थ अनश्वर आत्मस्वरूपलाई जान्ने हो, सबै किसिमका वासना र रागबाट पृथक् रही निर्वाणको स्थितिमा पुग्ने हो । शास्त्रमा आत्मालाई जान्ने, चिन्ने र आफूलाई संसारबाट उद्धार गर्ने कामलाई सबैभन्दा ठूलो पुरुषार्थको रूपमा व्याख्या गर्दै आत्मज्ञान गर्ने व्यक्ति कुनै पनि सांसारिक विषयभोग र कामनाको पछाडि नलाग्ने कुरा उल्लेख भएको छः-

**यदात्मानं विजानीयादहमस्मीति पूरूषः ।**
**किमिच्छन् कस्य कामाय संसारमनुसंसरेद् ॥**

यदि मानवजुनी मिलेको बेलामा पनि आत्मलाभ गर्ने काममा लागिएन भने हामी आत्महन्ता हुन्छौं भनेर श्रीमद्भागवत एकादशस्कन्धमा यस प्रकार सतर्क गराइएको छ-

**नृदेहमाद्यं सुलभं सुदुर्लभं प्लवं सुकल्पं गुरुकर्णधारम् ।**
**मयानुकूलेन नभस्वतेरितं पुमान् भवाब्धिं न तरेत् स आत्महा ॥**

जीवनदृष्टि कस्तो हुनुपर्दछ भन्ने सन्दर्भमा चाहिँ मलाई के लाग्छ भने हामीमा आत्मौपम्य जीवनदृष्टि हुनुपर्दछ । त्यो भनेको अरूमा आत्मसमान दृष्टि राखेर हेर्ने भन्ने हो । याने आफूलाई अनुकूल लाग्ने कुरा अरूलाई पनि अनुकूल हुन सक्छ र आफूलाई प्रतिकूल लाग्ने, मन नपर्ने कुराचाहिँ अरूलाई पनि मन नपर्न सक्छ भनेर सोच्नु र तदनुसार व्यवहार गर्नु हो । हामीले सबै जीवमा दया, करूणा, समता र शुद्ध भावले व्यवहार गर्न सक्नुपर्दछ । यस सन्दर्भमा श्रीमद्भगवद्गीताको छैटौं अध्यायमा भनिएको यो श्लोक मननीय छः-

**आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन ।**
**सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥**

**१६. गुरु ! के जीवात्मा र परमात्मा एउटै हो ? वा भिन्न हो ? जीवात्मा त अनेक छन् र तिनका क्रियाकलापहरू पनि भिन्न-भिन्न छन् । यदि एउटै हो भनेर मान्नका लागि समन्वय कसरी गर्ने ?**

❑ यो प्रश्नको अलि विस्तारमा उत्तर दिनु मनासिब हुन्छ । वेदान्त दर्शनमा "जीवो ब्रह्मैव नापरः", "अयमात्मा ब्रह्म" आदि भनेर जीवात्मा र परमात्माबीच ऐक्य दर्शाइएको छ । उता गीतामा भने "ममैवांशोजीवलोके जीवभूतः सनातनः"भनेर जीवहरू अंशी परमात्माका अंशरूप हुन् भनेर बताइएको छ । सारांशमा भन्नुपर्दा अद्वैतदर्शनले सबै कुरालाई ब्रह्म मान्दै ब्रह्म र जीवबीच अभेद्यसम्बन्ध सिद्ध गरेको छ । यता द्वैतदर्शनमा भने ब्रह्म र जीवबीच केही भेद स्वीकारिएको छ । दर्शनशास्त्रको प्राथमिक ग्रन्थ तर्कसंग्रहमा ईश्वरलाई नित्य ज्ञानाधिकरण र जीवात्मालाई अनित्य ज्ञानाधिकरण भनिएको छ । त्यस हिसाबले जीवात्मा र परमात्मा शक्ति र सामर्थ्यको दृष्टिले एउटै होइनन् भन्ने देखिन्छ । न्यायदर्शनको अर्को प्रसिद्ध ग्रन्थ मुक्तावलीमा "संसारमहीरूहस्यबीजाय" भनेर ईश्वरलाई संसाररूपी वृक्षको बीज याने कारण (उत्पादक) भनिएको छ । जीवात्मालाई चाहिँ"आत्मेन्द्रियाद्यधिष्ठाता करणं हि सकर्तृकम्" भनेर इन्द्रियहरूको अधिष्ठाता मानिएको छ । इन्द्रिय करण हुन् तिनले कर्ताको प्रेरणाविना काम गर्दैनन् । त्यसोहुँदा आत्मा, शरीर इन्द्रियको प्रेरक हो जो प्रतिशरीरमा अलग छ । शरीर नै अलग भएपछि कर्म पनि फरक-फरक हुनु स्वाभाविकै भयो । न्यायदर्शनमा "इच्छा-द्वेष-प्रयत्न-सुख-दुःख-ज्ञानान्यात्मनोलिङ्गम्" भनेर इच्छा गर्ने, प्रयास गर्ने, सुखदुःखको अनुभव गर्ने रूपमा आत्मालाई परिभाषित गरिएको छ भने विशिष्टरूपको आत्मालाई चाहिँ ईश्वर भनिएको छ । वेदान्तदर्शनमा "जन्माद्यस्य यतः"भनेर सृष्टि, स्थिति र लय गर्नेलाई ईश्वर या ब्रह्म भनिएको छ भने "अंशोनानाव्यपदेशात्" भनेर आत्मालाई अंशरूपमा उल्लेख गरिएको छ । श्रीमद्भगवद्गीताको कथन पनि यसैलाई

समर्थन गर्ने खालको छ । यसरी शास्त्रकारले ईश्वर र आत्मालाई सचेतन, समानधर्मी तर अलग-अलग शक्ति, सामर्थ्य र गुण भएका तत्त्वका रूपमा बताएका छन् ।

**१७. गुरु ! यो संसार सत् हो कि असत् हो ? अथवा सदसत् दुबै हो ? अथवा योभन्दा भिन्न अरू केही हो ? कृपया बताइदिनुहोस् ।**

❑ संसार सत्य हो वा असत्य हो भन्ने बारे दर्शनैपिच्छै विभिन्न मतहरू पाइन्छन् । व्यासरचित ब्रह्मसूत्रका प्रथम भाष्यकार आदि शङ्कराचार्यले ब्रह्म सजातीय, विजातीय र स्वगतभेदरहित निर्गुण निर्विशेष भएकोले त्यो मनवाणीको विषय हुँदैन भनेका छन् । ब्रह्ममा विद्यमान शक्तिलाई माया भनिन्छ । यसका दुई रूप छन् - अविद्या र माया । माया उत्कृष्ट सत्त्वप्रधान हो र यसले उपहित चैतन्यलाई ईश्वर भन्छ । अविद्या मलिन सत्त्वप्रधान हो र यसले उपहित चैतन्यलाई जीव भन्दछ । संसार मायिक हो, अनित्य हो स्वप्नमा देखिएको दृश्यजस्तै हो भन्ने भनाइ अद्वैतदर्शनको मत हो । आचार्य शङ्करपछि उत्पन्न भएका द्वैतवादी वैष्णवदार्शनिकहरूको मतमा जीव, माया (जगत्) र परमात्मा वा ब्रह्म नित्य हुन्, अनादि हुन् । उनीहरूले शङ्कराचार्यले भनेजस्तो अज्ञान विनिर्मुक्त भएपछि जीव ब्रह्ममा गएर एकाकार हुन्छ भनेर मानेका छैनन् । उनीहरूको मतमा अज्ञानावस्थाको जीव मायाबद्धरूपले सुखी दुःखी हुन्छ भने तीव्ररूपको भक्ति या शरणागतिले अज्ञान विनिर्मुक्त बनी भगवद्धाम प्राप्त गर्न समर्थ हुन्छ । भगवद्धाम प्राप्त भएपछि पनि जीवको अलग अस्तित्व भने मेटिँदैन । श्वेताश्वतर उपनिषद्मा "भोक्ता भोग्यं प्रेरितारं च मत्वा"भनेर यस कुरालाई समर्थन गरिएको पाइन्छ । यसरी अद्वैत र द्वैतदर्शनमा संसारको सत्तालाई लिएर भिन्न-भिन्न मान्यता र मत रहेको देखिन्छ । लामो समय यी दुबै दर्शनको अध्ययन र विश्लेषणबाट म के निष्कर्षमा पुगेको छु भने संसार हुँदै नभएको होइन । यो मायिक नभएर भएकै हो, यथार्थ हो । तर यो अनित्य हो ।

**१८. संस्कृतमा ज्ञान विज्ञानका अथाह विषय समेटिएको भए तापनि नेपालमा अझै पनि संस्कृत लोकप्रिय बन्न सकेको छैन । त्यसैले संस्कृतलाई लोकप्रिय बनाउन वा गेहे गेहे, जने जने बनाउनका लागि के कस्ता उपायहरू कार्यान्वयनमा ल्याउनुपर्ला ? यस विषयमा तपाईंसँग व्यावहारिक र कार्यान्वयनयोग्य सुझावहरू केही छन् कि ? बताइदिनुहोस् ।**

वि.सं. २००७ सालअघि सबै सरकारी विद्यालयहरूमा पढ्नेले अरू विषयसँगसँगै १०० पूर्णाङ्कको संस्कृत विषय पनि पढ्नुपर्थ्यो । त्यसपछि

त्यसमा कम हुँदैहुँदै गई नयाँ शिक्षा लागू भएपछि त संस्कृत विद्यालयहरूमा मात्र संस्कृतलाई सीमित गरियो । बीचमा ६-७ कक्षातिर थोरै भए पनि संस्कृत पढाउने चलन भएकोमा अहिले त्यो पनि हटेको छ । संस्कृत, भाषामात्र नभएर ज्ञान-विज्ञान-आयुर्वेद-व्याकरण-ज्योतिष-साहित्य र शिल्प शास्त्रादि अनेक विद्याको विशाल भण्डार हो । यसमा जीवनोपयोगी अनन्त कुरा र कृतिहरू छन् । तर त्यसलाई पूरै उपेक्षा गरेर अहिले संस्कृतलाई बाहुनको र त्यसमा पनि कर्मकाण्डमा मात्र प्रयोग हुने भाषा जस्तो ठानेर हेर्ने र सोच्ने गरिन्छ । यो गलत हो । कामधेनुसमान विभिन्न विषयको ज्ञानभण्डार रहेको विशाल संस्कृत वाङ्मयबाट लाभ लिन यसलाई कम्तीमा माध्यमिक तहसम्म १०० पूर्णाङ्कको पढाउने व्यवस्था मिलाउन आवश्यक छ । त्यसो भयो भने विद्यालयतहदेखि नै संस्कृत पढ्ने पढाउने प्रचलनले व्यापकता लिन्छ । कालान्तरमा यसको हाँगाबिँगा बेस्सरी फैलन्छन् । साथै, उच्च शिक्षामा पनि संस्कृतलाई यथोचित स्थान दिनुपर्दछ । यसमा अध्ययन अनुसन्धान गर्ने, बोल्ने लेख्ने र छलफल गर्ने अभ्यास बढाउन जरूरी छ । संस्कृतलाई व्यावसायिक र जीवनोपयोगी बनाउँदै अघि बढ्न आवश्यक छ । त्यस्तै संस्कृतभाषामा अध्ययन, अध्यापन गरिने विद्यालय तथा गुरुकुलहरूको संख्या विस्तार गर्दै जान आवश्यक छ । राष्ट्रभाषा नेपालीलाई सुदृढ र सबल तुल्याउनसमेत संस्कृतलाई प्रवर्धन गर्न अति आवश्यक छ ।

**१९. गुरु ! वर्तमान समयमा वैदेशिक देखासिकीले हाम्रो समाजको नयाँ पुस्तामा ठूलो प्रभाव परिरहेको छ । यस्तो अवस्थामा हाम्रा प्राचीन धर्म-संस्कृति, सभ्यता, मर्यादा, मूल्य-मान्यता र परम्परा एवं प्रचलनहरू सङ्कुचित हुँदै गइरहेका छन् । यिनलाई जोगाई राख्न र नयाँ पिँढीलाई समेत यसबाट लाभान्वित तुल्याउन के गर्नुपर्ला तपाईंका केही मौलिक सोचहरू छन् कि ?**

❑ अहिले सरकारदेखि समाजसम्म सबै नै अर्थोन्मुखी भएका छन् । आदिराज मनुले भनेका छन् "परित्यजेदर्थकामौ यौ स्यातां धर्मवर्जितौ" अर्थात् धर्मले रहित अर्थ र कामलाई परित्याग गर्नुपर्दछ । किनकि धर्मरहित अर्थ र कामले अनर्थ र व्यभिचार पैदा गर्दछ र अन्ततः यसले समाजलाई पतन गराउँछ । अतः धर्म, संस्कृति र हाम्रा प्राचीन मूल्यमान्यता भनेका हाम्रो जीवन र समाजलाई सुव्यवस्थित र मर्यादित बनाउन सहयोग पुर्‍याउने अमूल्य विषय हुन् भनेर हामीले नयाँ पिँढीलाई बताउन र बुझाउन सक्नुपर्दछ । विद्यालयतहदेखि नैतिक शिक्षालाई पाठ्यक्रममा समावेश गरिनुपर्दछ । हितोपदेश, चाणक्यनीति, पञ्चतन्त्र, गीता, रामायण तथा महाभारतभित्रका नैतिकता, सदाचार र सत्य व्यवहारलाई उत्प्रेरित गर्ने

विषयहरू विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गरी सबैलाई नैतिकवान् बन्न र आफ्नो धर्मसंस्कृतिप्रति गौरवबोध गर्नसक्ने वातावरण निर्माण गर्न आवश्यक छ ।

**२०. गुरु ! वर्तमान परिप्रेक्ष्यमा नेपाली साहित्यको अवस्था कस्तो देख्नुहुन्छ ? के यसमा हजुरलाई सन्तुष्टि छ ?**

❑ भर्तृहरिले "साहित्य-सङ्गीत-कला-विहीनः साक्षात् पशुः पुच्छ विषाणहीनः" भनेका छन् । अर्थात् साहित्य, सङ्गीत र कलाले विहीन मानिस सिङ र पुच्छर नभएको पशुसमान हो । अतः सत् साहित्य, मनोरम सङ्गीत र कला सभ्य समाजको परिचायक हो । जहाँसम्म नेपाली साहित्यको अवस्था कस्तो छ भन्ने कुरा छ निश्चय पनि एक डेढ सय वर्ष यताको छोटो अवधिमै कविता, कथा, उपन्यास, निबन्ध, नियात्रालगायत सबै क्षेत्रमा ठूलो विकास भएको छ । आज गद्य-पद्य दुबै विधामा नेपाली भाषामा उन्नत साहित्य सिर्जना हुन थालेका छन् तर नेपाली साहित्यलाई संस्कृत साहित्य र अंग्रेजी साहित्यसँग प्रतिस्पर्धामा उत्रनसक्ने गरी अघि बढाउन अझै थप मिहिनेत गर्नुपर्ने खाँचो छ । अर्को कुरा साहित्य सृजना व्यक्ति र समाजलाई दिशाबोध गर्न र बृहत्तर समाजको हितका लागि हुनुपर्दछ । त्यसो भयो भने मात्र त्यो सार्वजनीन र सार्वकालिक हुन्छ । महाभारत र रामायण अहिले पनि सत्साहित्यका रूपमा विश्वभर प्रसिद्ध छन् । त्यस्तै सुन्दर, मनोहारी र शाश्वत सिर्जना नेपाली भाषामा गर्न सक्नुपर्दछ । त्यसो हुन सक्यो भने नेपाली साहित्यको उचाइ थप चुलिन्छ ।

**२१. नेपाली व्याकरण र हिज्जेका बारेमा अहिले केही भिन्न मतहरू पनि देखा परेका छन् । विभिन्न थरी लेखकहरूले विभिन्न तरिकाले लेख्दा कलम चलाउन खोज्ने नयाँ व्यक्तिहरूका लागि दुविधा पर्न गएको छ ? साथै विदेशीहरूलाई समेत नेपाली भाषाको मानक लेखाइ नहुँदा कुन शैली पछ्याउने भन्ने अप्ठ्यारो छ । यसलाई कसरी सम्बोधन गर्ने होला ?**

❑ नेपालका अधिकांश जनताले बोल्ने र बुझ्ने राष्ट्रभाषा नेपाली सरकारी कामकाजको समेत भाषा हो । नेपाली भाषा विभिन्न जातजाति र सम्प्रदायका मानिसहरूबीच बोलीचालीको सम्पर्क भाषा पनि हो । आज नेपालभित्रका अधिकांश पत्रपत्रिका, रेडियो र टेलिभिजनले प्रयोग गर्ने भाषा नेपाली भाषा नै हो । अतः यस भाषाको प्रयोगलाई शुद्ध, स्तरीय र व्यवस्थित बनाउन र यसको हिज्जे र व्याकरणमा एकरूपता र स्तरीयता कायम गर्न अति आवश्यक छ । अतः यसलाई कुनै व्यक्ति वा समूह विशेषको लहडबाजी, बौद्धिक हारजित वा स्वच्छन्द निर्णयको विषय

नबनाएर प्रज्ञा प्रतिष्ठानजस्तो बौद्धिक संस्थाको नेतृत्वमा स्वतन्त्र र सुपठित प्राज्ञिकवर्गको सुझाव र सल्लाहबमोजिम हिज्जे र व्याकरणमा एकरूपता दिन आवश्यक छ । नेपालीभाषाको शब्दभण्डारमा ६० प्रतिशतभन्दा बढी शब्द संस्कृतभाषाबाट आएका शब्द हुनु र यसको लेखनशैली संस्कृतबाटै बढी प्रभावित हुनुले यसको हिज्जे र व्याकरण तय गर्दा संस्कृतको शिष्ट परम्परालाई नै मूल आधार बनाई अघि बढ्नु उपयुक्त हुन्छ ।

**२२. मैले सोध्न बिर्सेका र गुरुले बताउन उपयुक्त ठान्नुभएका जीवनोपयोगी अरू कुनै कुरा भए बताइदिनुहुन्छ कि ?**

❑ मानवजीवनको सर्वोपरि उद्देश्य सुकर्म गरेर, सदाचरण र स्वधर्मको पालन गरेर अन्त्यमा आत्मज्ञान हासिल गर्नु हो । अतः हामी सबै यसैमा प्रवृत्त हुनसके जीवन सार्थक हुने ठान्दछु । मलाई जीवनको उत्तरार्धमा आफ्नो जीवनका महत्त्वपूर्ण पक्षमा केही कुरा बताउने सुअवसर प्रदान गर्नुभएकोमा तपाईं र तपाईंमार्फत किरण पुस्तकालय, गुल्मीलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**२३. धन्यवाद गुरु यहाँको महत्त्वपूर्ण विचारका लागि ।**

०००


# OCMC गुल्मीको अत्यन्त जरुरी सूचना

कोरोनाको महामारीको समयमा महिला तथा बालबालिकामाथि हिंसा हुने सम्भावना धेरै भएको हुँदा सचेत रहनुहुन हार्दिक अनुरोध गरिन्छ । यदि तपाईंको परिवार, छरछिमेकमा कुनै पनि महिला तथा बालबालिकामाथि हिंसा भएको थाहा पाउनुभएमा तुरुन्तै अस्पतालको एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) को सम्पर्क व्यक्तिलाई खबर गर्नुहुनु हार्दिक अनुरोध गरिन्छ ।

**OCMC सम्पर्क व्यक्ति-९८१९४५६४६३**

जिल्ला प्रहरी कार्यालय, गुल्मीको महिला सेल ९८४७४११८९२ र ९८४६५२०२४२

# गुल्मी अस्पताल, तम्घास, गुल्मी

**हामी तपाईंलाई सहयोग गर्न तयार छौं ।**

**हिंसा सहेर नबसौं, हिंसाका विरुद्ध आवाज उठाऔं ।**

# आधिव्याधिना प्रपीडितेन कर्त्रा नित्यमेव करणीया प्रार्थना

✍ डा. लक्ष्मीकान्त पन्थी
बौद्ध, काठमाडौं

उद्यत्सूर्य ! विवस्वतेऽत्र भवते पुण्यात्मने भास्वते
लोकान् जागरणात्मने दिनकृते कालात्मने शाश्वते ।
त्वं सच्चित् सुखकारणं त्रिजगतो वेदात्मने ज्ञानिने
सानन्दोऽसि निरामयोऽसि भगवन् ! ध्यायामि तुभ्यं नमः ।।१।।

उद्यत्सूर्य ! नमाम्यहं प्रथमतो नत्वा भवन्तं पुनर्
वक्तव्यं परिमार्जितं शृणु यतो रोगैर्भृशं पीडितः ।
तत्पीडानुभवादहं तु किमतः कर्तुं न कार्यक्षमः
तस्मादत्र भवन्तमेव कलये संप्रार्थये चान्वहम् ।।२।।

उद्यत्सूर्य ! तमो निरस्यतु जगत् ते भास्वता काश्यताम्
अर्घं तेऽर्पयितुं कथं कथमपि नाहं क्षमः क्षम्यताम् ।
गायत्रीमपि जप्तुमेकमनसा नाहं क्षमः क्षम्यताम्
सन्ध्यावन्दन ! भद्रमस्तु भवते भो स्नान ! तुभ्यं नमः ।।३।।

भो देवाः पितरश्च तर्पणविधौ नाहं क्षमः क्षम्यताम्
पाठं चाप्यधुना तदेकमनसा कर्तुं न चाहं क्षमः ।
यत्र क्वापि निषद्य यादवकुलोत्तंसस्य कंसद्विषः
स्मारं स्मारमघं हरामि सकलं मन्ये किमन्येन मे ।।४।।

# मानसिक एवं शारीरिक पीडाबाट पीडित पात्रले दिनदिनै गर्नयोग्य प्रार्थना

उदाउँदै गरेका हे सूर्यनारायण ! तपाईं विवस्वान्का पुण्यात्मा र प्रकाशमय पुत्र हुनुहुन्छ । तपाईंले नै लोकहरूलाई जगाउनुहुन्छ, अँध्यारो भगाएर दिन बनाउनुहुन्छ । तपाईं कालस्वरूप हुनुहुन्छ । तपाईंविना समयको चक्र चल्दैन । तपाईं नित्य, सनातन हुनुहुन्छ र सत् चित् र आनन्दस्वरूप पनि हुनुहुन्छ । तपाईं ज्ञानमय, आनन्दमय र निरामय हुनुहुन्छ । तपाईं भग अर्थात् समग्र ऐश्वर्य, धर्म, यश, शोभा, ज्ञान र वैराग्यले युक्त भगवान् हुनुहुन्छ । हे भगवन् ! म तपाईंलाई सादर नमन र ध्यान गर्दछु ।

॥१॥

उदाउँदै गरेका हे सूर्यनारायण ! प्रथमतः म तपाईंलाई नमस्कार गर्दछु । तत्पश्चात् अनेक रोगहरूबाट पीडित मेरो यो परिमार्जित वक्तव्य तपाईंले सुन्नुहोस् । त्यो पीडाको अनुभवले थलिएको म कुनै पनि काम गर्न नसक्ने भएँ । त्यसैले मैले यहाँ तपाईंको मात्र सम्झना र प्रार्थना गर्न सकें । अरूको त सक्दै सकिनँ ।

॥२॥

उदाउँदै गरेका हे सूर्यनारायण ! तपाईंका किरणहरूद्वारा जगत् उज्यालो बनोस् । अँध्यारो हटोस् । उज्यालो र अँध्यारोको सँगै बसाइ हुँदैन । भगवन् ! मलाई क्षमा गर्नुहोस् । मैले तपाईंलाई अर्घ समर्पण गर्नसमेत किमार्थ सकिनँ । मलाई क्षमा गर्नुहोस् । एकचित्तले गायत्री जप्नसमेत मैले सकिनँ । मलाई कल्याण गर्नुहोस् भगवन् ! मैले नित्य स्नान र सन्ध्यावन्दनसमेत गर्न सकिनँ । म तपाईंलाई नमस्कार मात्र गर्न सक्छु ।

॥३॥

मलाई क्षमा गर्नुहोस् भगवन् ! देवता र पितृको तर्पणविधिमा पनि म सक्षम भइनँ । अहिले म एकचित्तले पाठ गर्न पनि सक्दिनँ । यहाँ जस्तो ठाउँमा बसेर वा सुतेरै भए पनि यदुकुलभूषण भगवान् श्रीकृष्णलाई बारम्बार सम्झेर सम्पूर्ण पापहरू नाश गर्ने विचार गरेको छु । मेरा लागि यस अवस्थामा अरू कुराले के नै हुन्छ र अब !

॥४॥

- **दीन पन्थी**

नेपाली अनुवादक

ooo

# नवीन होस् चिन्तन

✍ **डा. घनश्याम न्यौपाने परिश्रमी**
**कुलपति**
**बर्दघाट नगरपालिका प्रज्ञाप्रतिष्ठान**
**नवलपरासी**

उषा उदय होस् सदा अमर होस् उज्यालो घना
बनेर नव सोंचका सब विचार सद्भावना
सफा हृदयमा सधै कुसुमका फुलून् कोपिला
उदार मनमा लता हरित झाङ्गियून् बान्किला ।

कलात्मक बनून् हरेक जनका मनोभावना
प्रभावमय होस् सबैतिर सदैव आफ्नो पना
खुसी प्रगतिका उँचा हुन सकून् हटून् उल्झन
विकास गतिशील होस् अझ नवीन होस् चिन्तन ।

हरेक मनभित्रका सबल पक्ष यात्री बनून्
उठून् प्रगतिशील पाउ गतिशील बन्दै हिंडून्
पछिल्तिर परोस् सधैंभरि चरित्र नालायक
रमाउन सकोस् यहाँ असल भाव उन्नायक ।

हटून् सकल तापका विकलता खुशी फैलियोस्
सदैव जनता रमाउन सकून् अँध्यारो हटोस्
धरातल बनोस् सुरम्य अनुनीतिको विलम्ब नै
जहाँ असुर भावका मतहरू नहुर्कून् कुनै ।

विशाल नभको अनन्त मनभित्रको कल्पना
बनोस् घनघटा र बर्सिन सकोस् मनोकामना
वसन्त र शरद् मिलून् अवनि होस् सदा श्यामला
प्रशंसित हुँदै रहून् प्रकृतिका खुलेका कला ।।

ooo

# 'रगतले माटो मुछिएन र !' कविताको सन्देश

✍ डा. श्यामप्रसाद न्यौपाने
सुनवल-१२, भुमही, नवलपरासी

## १. पृष्ठभूमि

विश्वप्रेम अधिकारी (स्याङ्जा, वि.सं. २००७) नेपाली भाषा, साहित्य, कला र संस्कृतिको उन्नयनमा विगत लामो समयदेखि क्रियाशील प्रतिभा हुन् । भाषाका गद्य र पद्य दुबै रूपमा समान गतिले कलम चलाउन सिपालु अधिकारीको वि.सं. २०५२ मा प्रकाशित 'बन्दीको मनस्थिति' काव्यकृतिको दोस्रो संस्करणमा बन्दीको मनस्थिति लघुकाव्यका साथै विभिन्न फुटकर कविताहरूसमेत समावेश गरिएका छन् । प्रस्तुत आलेख अधिकारीकृत बन्दीको मनस्थिति काव्यकृतिभित्र समाविष्ट 'रगतले माटो मुछिएन र' शीर्षकीय फुटकर कविताको सेरोफेरोमा रहेको छ ।

## २. विषयवस्तु

कवि विश्वप्रेम अधिकारी लोकतान्त्रिक विचार र व्यवहारबाट व्यक्ति, समाज, राष्ट्र र विश्वकै समुन्नति गर्न सकिन्छ भन्ने विचारका पक्षपाती हुन् । सम्पूर्ण नेपालीहरू एकताबद्ध भएर स्थापना भएको प्रजातन्त्र खोसिएपछि नेपाली जनताहरू प्रजातन्त्र पुनः स्थापनाको लागि आन्दोलनमा सरिक भए । प्रजातन्त्र पुनः स्थापनाको युद्धमा होमिंदा कतिपयले परिवार गुमाए, कतिपयको अङ्भङ्ग भयो, कतिले ज्यानै गुमाए । कतिले अभिभावकविहीन हुनपर्‍यो । कतिका टेक्ने लट्ठी भाँचिए । ठूलो त्याग र बलिदानस्वरूप देशमा प्रजातन्त्र स्थापना भयो तर प्रजातन्त्र स्थापना भए पनि शासनसत्तामा बस्नेहरू जनताले गरेको बलिदानलाई चटक्क बिर्सेर व्यक्तिगत र पारिवारिक सुखसुविधामा रमाई देश र जनताको् समुन्नतिको उपायको चिन्तन नगरेर आन्दोलनमा मात्र सरिक भएकोप्रति गुनासो गर्दै कवि शासकलाई 'के अझै पनि रगतले माटो मुछिएको छैन र !' भन्ने गुनासो गर्दै अब विनाश र आन्दोलनतिर होइन, नानाभाँती आन्दोलनका नाममा सोझा, निर्दोष जनताको रगत बगाउन छोडेर राष्ट्रनिर्माणतर्फ लाग्नुपर्छ भन्ने सन्देश दिएका छन् ।

प्रजातन्त्र प्राप्तिपश्चात् देशवासीलाई नागरिक अधिकारबाट सुसज्जित तुल्याई सर्वाङ्गीण विकास गर्न सकिन्छ भन्ने अभिप्रायले प्रजातन्त्रको लागि मेचीदेखि महाकालीमात्र होइन, जीविकोपार्जनको लागि भारतका विभिन्न स्थानमा बसोबास गरेका नेपालीहरूले भारतका विभिन्न स्थानमा पनि आन्दोलनको बिगुल फुके । राजनेतामात्र होइन विद्यार्थी, शिक्षक, चिकित्सक, वकिल, किसान, मजदुर, ज्यामी, विभिन्न पेशाकर्मी, बुद्धिजीवी सबै-सबै आन्दोलनमा होमिए । नेपाल आन्दोलनमय भयो, नेपालीमन आन्दोलनमय भयो । आन्दोलनको ठूलो आँधीबेहरी

चल्यो । सहरका गल्ली गल्लीमा बम, पिस्तोल र बन्दुकका आवाज सुनियो, बम, बन्दुकको बारूदले नेपाली आकाश मेघाच्छन्नतुल्य देखियो । धनजनको ठूलो क्षति भो । समाजका हरेक व्यक्तिको अपूर्व योगदानले निरङ्कुशताका पहरेदारलाई घुँडा टेकायो । अँध्यारो रात हटेर प्रजातन्त्ररूपी सुनौलो झल्मले बिहानीको उदय भयो अर्थात् सबैले मन पराएको, सबैभन्दा उत्तम मानिएको (वरेण्य पद्धति) प्रजातन्त्र पनि प्राप्त भयो । प्रजातान्त्रिक वातावरणमा देश र जनताको सर्वोपरि हित हुने कार्य सम्पन्न हुनुपर्दछ र यस कार्यमा अवरोध तुल्याउने प्रतिगमनकारी शक्ति बाहिरको कोही नभएर हरेक व्यक्तिभित्र रहेको व्यक्तिवादी तुच्छ स्वार्थ हो भन्दै म भन्ने स्वार्थीभावका साथै रिस, राग, कपट, छल, विद्वेषजस्ता मनका मैला परित्याग गरी 'संगच्छध्वं, संवदध्वं' भन्ने सर्वहितकारी चिन्तन र व्यवहार गर्नुपर्छ, सम्पूर्ण नेपालीहरू एकापसमा नजुधी, सबैमा सद्भाव राखी एकताबद्ध हुँदै काँधमा काँध मिलाएर अगाडि बढ्नुपर्छ भन्ने कविको विचार रहेको छ । देश र जनताको समुन्नतिको पवित्र विचार छोडेर सत्तामै जमिरहने यत्न गर्ने र आफ्नो मात्र भजनकीर्तन होस् भन्ने रछानतुल्य दुर्गन्धित विचार लिन नहुने कविको ठहर रहेको छ । हेरौं-

**यौटा मै मुटुको व्यथा सरह हो हामी भनौं रे अब**
**ईर्ष्या, द्वेष, विरोध, भेद जगका त्यागी बढौं रे अब**
**सत्ताभोग प्रशस्ति निम्ति नजुधी सेवा ठूलो हो भने**
**आऊ हात बढाउ मित्रहरूमा सत्धर्म सत्भावले (श्लोक - २)**

नेता वा जनता स्पष्टवक्ता हुनुपर्ने, वाणी र व्यवहार समान भएमा देश र समाज समृद्धिपथमा लम्कने र समृद्धिको सुवास चारैतिर फैलन सक्ने कविको विचार छ । बोली र बेहोरा एक बनाएर समृद्धितर्फको चिन्तनलाई सफलीभूत तुल्याउन सबैले कम्मर कस्ने हो भने प्राचीन कालदेखि परम्पराको रूपमा रहेका रूढीबुढीहरू परिष्कृत परिमार्जित हुन्थे । समाज सुन्दर बन्नसक्थ्यो तर मीठो वस्तु देख्ने बित्तिकै लपलपाएर र्‍याल काढ्ने जिब्रोले गर्दा अर्थात् लोभलालचले मानिसलाई सर्वहितकारी बन्न नदिएकोले लोभमाथि विजय पाउनुपर्ने विचार कवि व्यक्त गर्दछन् । संसारमा जति पनि विकृतिबेथिति फैलिएका छन् ती सबैमा कतै कतै लोभ पनि कारक तत्त्वको रूपमा रहेको छ । यदि मानिसमा लोभको भावना हुँदैनथ्यो भने संसारमा कविले **'बास्ना मग्मग चल्दथ्यो कुसुमको झुल्थ्यो सधैं बामरी'** भनेझैं हुन्थ्यो ।

प्रजातन्त्र प्राप्तिपश्चात् देश र जनताको दुरवस्थाको अन्त्य होइन, सुधार पक्कै आउँछ भन्ने देशवासीको विचार थियो । भोक, रोग, अशिक्षा, अभाव, सामाजिक, सांस्कृतिक विकृतिविसङ्गति निर्मूल होइन, कम हुन्छ कि भन्ने देशवासीको विचार थियो तर राजनेताका विभिन्न क्रियाकलापले जनताको आकांक्षामा पानी फेरियो । जनभावनामाथि खेलवाड गरियो । जनभावनाको अपमान गरियो । राजनेताहरूले

सत्ताको नरम गद्दीमा बसेर कबाफ लुँड्याए । सत्ताबाहिर बसेकाले भागबण्डाका सुविधा उपभोग गर्दै जनतालाई झुक्याए । जनताको त्यो त्याग, त्यो उत्सर्ग सबै सबै विस्मृतिको आकाशले निल्यो । फलतः प्रजातन्त्र जनताको लागि 'हात्ती आयो हात्ती आयो फुस्सा' भनेझैं भयो । प्रजातन्त्र आए पनि जनताहरू कहिले सत्ताबाटै र कहिले सत्ताबाहिरबाट प्रताडित भइरहे । राजनेताहरूले जनतासँग रगत्को माग गरिरहे ।

प्रजातन्त्र ल्याउन जनताले के गरेनन् ? दिदीबैनीको बैंसालु जीवन व्यर्थ गएन कि ? दिदीबहिनी र आमाको स्यूँदो पुछिएन कि ? बुढा बाबुआमाका सहारा युवा छोराछोरीको अवसान भएन कि ? दूधमुखे बालबालिकाले आमाको न्यानो काख र बाबुको आडिलो भरमात्र होइन अभिभावकत्व गुमाएनन् कि ? हाँसीहाँसी छातीमा तातो गोली खाएनन् कि ? देश र जनताको लागि प्राणोत्सर्ग गरेनन् कि ? रगत्ले माटो भिजाएनन् कि ? निरङ्कुशका मतियारसँग आँखामा आँखा जुधाएनन् कि ? इन्कलाबको आवाजले आकाशजमिन थर्काएनन् कि ? के गरेनन् ? सबै थोक गरे । प्रजातान्त्रिक आन्दोलनमा रगतको भेल बग्यो, बहिनीमात्र होइन आमासमेत विधवा बनिन्, हाम्रा साथीभाइको फूलझैं कोमल शरीरमा निरङ्कुशताका पहरेदारहरूका बन्दुकका ताता गोली ड्याम्म पर्दा रगत्का बलिन्द्र धारा बगे । साथीभाइले बगाएका रगतले माटो भिज्यो । सत्ताप्राप्तिपश्चात् सत्तासीनहरूलाई कवि त्यो आन्दोलन, साथीभाइको त्यो आह, उत्सर्गको समयमा मुखबाट रगत ओकल्दै हाम्रा वीर शहीदको मुखबाट निस्केको प्रजातन्त्र जिन्दावादको आवाज, त्यो भीषण आन्दोलनका घाइते, अपाङ्ग, विधवा दिदीबहिनी र आमालाई सम्झेर सत्तासञ्चालन गर्न सल्लाह दिन्छन् । कवि ती साथीभाइ, दिदीबहिनी र आमाहरूको त्यागबाट मात्र प्रजातन्त्र /लोकतन्त्र प्राप्त भएकोले आन्दोलनको त्यो क्षण सत्तासीनले कदापि बिर्सन नहुने विचार प्रकट गर्दछन् । जसले त्यो उत्सर्ग बिर्सन्छ, त्यो बैगुनी हो । सभ्य, शिक्षित र शिष्ट समाजमा बैगुनीको इज्जत हुँदैन । मानिसको गहना भनेको शिष्टता, मर्यादा, अनुशासन, आत्मसंयम, लोकोपकारी भावना, कृतज्ञता आदि हुन् । समाजमा बैगुनीको इज्जत हुँदैन । सभामा ऊ शोभायमान हुँदैन । अशोभनीय, इज्जतहीन व्यक्तिले गहना लाएर के इज्जतिलो भनिन्छ र ? बाँच्नैको लागि हातखुट्टा नै काफी हुन्छन् । बेइमान भएर कमाउनु राम्रो होइन, भौतिक सम्पत्ति थुपारेर इज्जतिलो बनिदैंन, कृतज्ञ, विनयीस्वभावले व्यक्तिको व्यक्तित्वलाई बढाउँछ, बैगुनी बन्न हुँदैन भन्ने कविको ठहर रहेको छ :-

**बैनीको वय-बैंसमात्र त कहाँ स्यूँदो पुछीएन र ?**
**साथीका तनभित्रका रगतले माटो मुछीएन र !**
**सम्झे है मनका उदाङ्ग गहका आँसु झरेको तिमी**
**सत्तासीन भएँ भनेर क्षणमा बन्छौ बडो बैगुनी (श्लोक - ५)**

आन्दोलनताका होस् वा निर्वाचनताका जनतासँग गरेका वाचाकसमबाट विमुख हुनु भनेको बेइमान हुनु हो । बेइमान हुनु समाजबाट नाङ्गिनु हो । सामाजिक मर्यादा नहुनु हो । इज्जत गुमाउनु हो । समाजमा नाङ्गिएको व्यक्ति जतिसुकै मूल्यवान् वस्त्रालङ्कारयुक्त भए पनि हाँसहरूका बीच बकुल्लोझैं अशोभनीय हुन्छ । लज्जा र घृणाको पात्र हुन्छ । जनताको अथक प्रयास र बलिदानबाट प्राप्त स्वतन्त्र वातावरणको उपयोग गरी देश र जनताको समृद्धिमा नलागी कुनै न कुनै बहानामा आन्दोलन मच्चाउँदै ध्वंस गर्दै रगत्को खोलो बगाइरहनु कविलाई युक्तिसङ्गत लाग्दैन । स्वतन्त्रता प्राप्त भएपछि समाजका दीनदुःखीका आँसु पुछ्दै सिर्जनात्मक कर्मबाट देश र जनता समृद्ध तुल्याउनुपर्दछ भन्ने जीवनवादी सन्देश यस कवितामा व्यक्त भएको देखिन्छ ।

## ३. उपसंहार

नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रत्यक्षरूपमा सहभागी भई लमजुङ, दमौली आदि विभिन्न स्थानका कारागारमा बन्दी जीवन बिताएका अधिकारी प्रजातन्त्रका पक्षधर मानवाधिकारवादी चिन्तनका पक्षपाती हुन् । देशमा प्रजातन्त्र /लोकतन्त्र स्थापनाको लागि वैयक्तिक सुखसुविधा, घरबारसमेतलाई किञ्चित् नमानी प्रजातान्त्रिक आन्दोलनमा होमिएका उनी जनसहभागिताबाट प्रजातन्त्र / लोकतन्त्र स्थापना भएको ठान्दछन् । प्रजातन्त्र पुनः स्थापनापश्चात् पनि अगुवाहरूले विभिन्न बहानामा जनतासँग अझै रगत्को माग गरेकोले कवि अगुवाहरूसँग रगत्ले माटो मुछिएन र ? अझै पनि जनतासँग रगत्को माग गर्नु उपयुक्त हो र ? भन्ने प्रश्न गर्दछन् । प्रजातन्त्रको स्थापनामा जनताले ठूलो मूल्य चुकाउनु परेको यथार्थ अभिव्यक्ति दिंदै राजनैतिक पार्टीका अगुवाहरूले देश र जनताको समृद्धिका लागि जनतासमक्ष गरेका प्रतिबद्धता बिर्सन नहुने, नेतागणले व्यक्तिगत सुखसयललाई तिलाञ्जली दिई देश र जनताको सर्वोपरि हितमा काम गर्नुपर्ने, म र मेरो भन्ने साँघुरो चिन्तनबाट माथि उठी हामी र हाम्रो भन्ने उदार भावना बनाउनुपर्ने, भौतिक सम्पत्तिको लालचमा पर्न नहुने, समाजमा सद्भाव कायम गर्नुपर्ने, स्वतन्त्रताको लागि लडेका जनताको आँसु पुछिने गरी काम गर्नुपर्ने सन्देश दिएका छन् । जनसमक्ष गरेका वाचाकसम पूरा नभए अगुवाहरू समाजबाट नाङ्गिने र उनीहरूले जनताबाट कुनै इज्जत पाउन नसक्ने भाव व्यक्त गर्दै यस कवितामा सधैंभरि आन्दोलनको डम्फु बजाएरमात्र हुँदैन समाजका सबै व्यक्तिको सक्रिय सहभागिताबाट प्राप्त उपलब्धिलाई संरक्षण गर्दै नवीन सिर्जनाका साथ समृद्धितर्फ लाग्नुपर्दछ, जनतासँग सधैं रगत् मागिरहनु हुँदैन एवं अगुवाहरूले प्रजातन्त्रको सदुपयोग गरी देशलाई विकासको झिलमिले ज्योतिले झलमल्ल तुल्याउनुपर्छ भन्ने सन्देश दिन खोजिएको छ ।

ooo

# गरेर हेर एक्सरे

✍ **रुद्र झवाली**
**सिद्धार्थनगर, भैरहवा, रूपन्देही**

तिमी थियौ र जिन्दगी फुलेको फूलझैं थियो
तिमी गयौ र जिन्दगी दुखेर शूलझैं भयो
उदास क्षुब्ध शोकमा तिमी विना छ जिन्दगी
गरेर हेर एक्सरे मभित्र छौ तिमी तिमी

मसक्क मस्किँदा तिमी खुली बहार आउँथ्यो
उता कतै दुख्यो भने यता चसक्क दुख्दथ्यो
तिमीविना फिका-फिका निरास देख्छु चाँदनी
गरेर हेर एक्सरे मभित्र छौ तिमी तिमी

जता जता थियौ तिमी त्यतै वसन्त फुल्दथ्यो
जलाउँथ्यौ तिमी स्वयम् खुशी र हर्षको दियो
तिमी थियौ र साथमा थिएन क्यै कुरा कमी
गरेर हेर एक्सरे मभित्र छौ तिमी तिमी

बस्यौ नसानसा तिमी र रक्तको प्रवाहमा
तिमी प्रतीक बिम्बमा र छन्दको सुगन्धमा
गएँ भन्यौ तथापि छौ सदैव दृश्यमा तिमी
गरेर हेर एक्सरे मभित्र छौ तिमी तिमी

अनन्त राग प्रेमका चराहरू सुसेल्दछन्
छरेर ज्योति प्रीतको हजार दीप जल्दछन्
बदल्छ विश्व प्रेमले र दिन्छ प्रेम रोशनी
गरेर हेर एक्सरे मभित्र छौ तिमी तिमी

ooo

# यो रामायणकथा सत्य हो ?

✍ **जीवित खड्का मगर**
**बलिथुम, गुल्मी**

छोरा,
तिमीले पनि धर्मको लुगा लगायौ
जसरी म जन्मिदै मलाई लगाइदिए
देवीदेउताका कहानीहरू सुनाउँदै आए
राजामहाराजाका तस्विरहरू देखाउँदै आए
उनीहरूलाई पूजा गर्न भन्ने आदेश दिँदै आए
यसरी पहिलो पटक म मेरै बालमस्तिष्कको
दासी भएँ

जस्तै म सानो छँदा
कहिलेकाहीं तिमीजस्तै
बेखुसीमा त्यसै-त्यसै म रोएको देखेर हजुरबुबा
रामायणकथाका श्लोकहरू सुनाएर मलाई
मख्ख पारिरहनुहुन्थ्यो
यसरी म दोस्रो पटक रामायण कथाको प्यासी भएँ

तेस्रो पटक
तिमीले कठघरामा उभ्याएर मलाई अनौठो
प्रश्न गरिरहेछौ ।
बा - हामीले टेलिभिजनमा हेरिरहेको
रामायणकथा सत्य हो ?
म तिमीलाई कसरी भनूँ छोरा !
सत्य होइन भनूँ कसरी
तिम्रो प्रश्न 'जंजीर' ले बाँधेको छ
सत्य हो भनूँ कसरी
कि तिम्रो प्रश्नको जबाफमा
विश्वासको आधार कहाँनेर हुनेछ ?
खोइ ! कहाँनेर ?

छोरा !
तिम्रो स्कुलले तिमीलाई किन पढाउँछ
इतिहास ?
तिम्रो स्कुलले तिमीलाई किन पढाउँछ धर्म ?

किन पढाउँछ
बुझ्दै जानू छोरा !
बुझ्दै जानू- अक्षरहरूको स्लोपोइजन ।
जसरी आज तिमीलाई पढाउँदै छन्
त्यसरी नै हिजो हामीलाई पढाइयो
त्यसरी नै पढाइनेछ भोलि आउने पुस्ताहरूलाई
राजामहाराजाहरूका अलौकिक सत्ताका कुरा
देवी देउताहरूका अवर्णनीय सृष्टिका कुरा
किंवदन्ती कथाहरूका शक्तिका कुरा
त्यसैगरी पढाइनेछ, त्यसैगरी
अहिले-अहिले शासकहरूका अकल्पनीय
र भ्रमपूर्ण कुरा ।

इतिहासले इतिहास पढाउँछ कि, भ्रमको इतिहास ?
धर्मले धर्म पढाउँछ कि, भ्रमको धर्म ?
किन पढाउँछ,
बुझ्दै जानू छोरा !
बुझ्दै जानू - भ्रमहरूको स्लोपोइजन ।
जब भ्रमहरूले पढाउँछ
यत्ति बुझ्नु छोरा
भ्रमहरूकै पछि लागेर हिँड्न सिकाउँछ ।

यी हेर त छोरा
टेलिभिजनमा भर्खरै देखिरहेका यी रावण
जसलाई यो रामायणकथाले एउटै खराब पात्र बनाउँछ
तिमी उनलाई देखेर घृणा गर्छौ थुक्छौ ।
रामलाई आदर्शको प्रतीक
र हनुमान्‌लाई निःस्वार्थ सेवक
तिमी उनीहरूलाई देखेर श्रद्धा गर्छौ ढोग्छौ ।
जसलाई तिमी घृणा गरिरहेका हुनेछौ तर
अर्कै- अर्कै देशको रामायण
अर्कै- अर्कै धर्मको रामायण
अर्कै- अर्कै कथाकारहरूले
अर्कै- अर्कै चरित्र बनाएर लेखेका रामायण
यदि तिमी यही टेलिभिजनमा हेर्‍यौ भने,
त्यतिबेला तिमी के सोच्छौ ?
बा यो रामायणकथा सत्य हो ?

ooo

# भाषा, साहित्य र साहित्यकार

✍ **जयदेव गौतम**
**पाल्पा, हाल-अमेरिका**

मानिसको मन, मुटु, हृदय र मस्तिष्कमा अनेक विचार, भावना, अनुभूति र संवेदनाहरू उत्पन्न भइरहेका हुन्छन् । भनिन्छ नि, प्रकाशको गतिभन्दा पनि तेज गतिमा चाहिने नचाहिने विचारहरू मानव मन-मस्तिष्कमा आउनेजाने गरिरहेका हुन्छन् । त्यसरी आए पनि मुखबाट शब्दका रूपमा बाहिर नआएसम्म जस्तासुकै विचार भए पनि त्यसबारे कसैलाई केही थाहा हुँदैन । अझ कतिपय सन्दर्भमा त अभिव्यक्त नभईकन धेरैजसो विचारहरू 'आयाराम गयाराम' भइरहेका हुन्छन्, जसरी उत्पन्न भएका थिए त्यसरी नै विलुप्त पनि भइसकेका हुन्छन् ।

मन-मस्तिष्क, मुटु र हृदयमा उत्पन्न हुने ती सबै विचार, भावना, अनुभूति र संवेदनालाई अभिव्यक्त गर्ने माध्यम भनेको भाषा हो । यही भाषाकै माध्यमबाट त हामीले अरूहरूसँग आफ्ना कुरा साटासाट गर्न सक्छौं । विकासवादी वैज्ञानिकहरूले भन्दै आएका छन्, जीवनको उत्पत्ति भएको लाखौं वर्षपछि पृथ्वीमा मानवको विकास भएको हो । मानवको विकास भएको पनि हजारौं वर्षपछि मात्र भाषाको उत्पत्ति भएको हो । त्यसरी भाषाको क्रमिक विकास भएको पनि हजारौं वर्षपछि मात्र साहित्य उदाएको हो किनभने पहिले त कथ्य भाषा मात्र थियो र त्यसको पनि धेरैपछि मात्र लेख्य भाषा अस्तित्ववान् भएको हो । साहित्य यही लेख्य भाषामा अवतरित हुँदै आएको हो । त्यसकारण भनिन्छ, साहित्य भाषाको सर्वाधिक सटीक दस्तावेज हो । समयको विविध कालखण्डमा प्रयोग हुने र भए गरेका भाषा-भाषिकाहरू त्यही स्वरूपमा साहित्यका पानाहरूमा लिपिबद्ध भएर बसेका छन् । भानुभक्तकालीन भाषा र महाकवि देवकोटाकालीन भाषा औ साहित्यमा रहेको भिन्नता जोसुकैले सहजै अनुभव गर्न सक्दछ । त्यो वास्तवमा केवल भिन्नता नभएर भाषामा भएको विकास हो ।

यसकारण भाषा र साहित्यको निरन्तर, अविरल, अविच्छिन्न, अविभाज्य र अन्तरंग सम्बन्ध छ । भाषाको जति विकास हुन्छ, साहित्य उति समृद्ध हुँदै जान्छ । साहित्यको विस्तार जति हुँदै जान्छ, भाषाको विकास पनि त्यही गति र आकारमा हुँदै जान्छ । भाषाको विकास भनेको भाषामा नयाँ नयाँ शब्द, उखान-टुक्का, गाउँ खाने कथा, र सन्दर्भहरू थपिँदै जानु हो । शब्दहरू थपिँदै गएसँगै भाषाको शब्दकोषको पनि विस्तार हुँदै जानु हो, शब्दकोष मोटाउँदै जानु हो । नेपालीमा धेरै शब्दहरू -खासगरी कानुनी क्षेत्रमा- अरबी, फारसी र अङ्ग्रेजी भाषाबाट लिइएका छन् तर वास्तवमा नेपाली भाषाको समुचित विकास गर्नका लागि नेपालमा बोलिने नेवारी, मैथिली, अवधि, थारू, तामाङ, राई, शेर्पा, मगर, गुरुङ, थकाली, लामा आदिसमेत तमाम भाषा-भाषिकाहरूबाट उपयुक्त शब्दहरू

भित्र्याउनु पर्दछ । देशभित्रै बोलिने अन्य भाषाबाट सापटी लिइएका शब्दहरूले नेपाली भाषालाई बढी समृद्ध, सशक्त र बेहतर सम्प्रेषणीय बनाउन ठूलो सहयोग गर्नेछन् । अङ्ग्रेजी भाषा विश्वकै समृद्ध भाषा बन्नुमा त्यसले दुनियाँभरका भाषाहरूबाट अनेक शब्द भित्र्याएको छ, आफूभित्र समाहित गरेको छ । छिमेकी भारतमा उर्दू शब्दहरूले हिन्दी भाषालाई निरन्तर समुन्नत बनाउँदै लगेको मानिन्छ ।

भाषाकै कुरा गर्दा, मानिस ईर्ष्या, राग, द्वेष, रिस, आवेश, मद, मात्सर्य, अहंकार, ढाँट, छल आदि सबै भावनाले भरिएको प्राणी हो । भाषा र अभिव्यक्तिको विकाससँगै मानिसका यी भावनाहरू पनि त सार्वजनिक जीवनमा प्रकटित हुन थाले होलान् नि ! उज्यालोसित अँध्यारोको अस्तित्व भएझैं भाषा र साहित्यमा पनि त दुई पक्षको अस्तित्व सँगसँगै अगाडि बढेको होला नि ! त्यसकारण म कहिलेकाहीं आफैसित प्रश्न गर्ने गर्दछु, "जतिबेला भाषा थिएन, सायद मानिसहरू झुठो बोल्दैन थिए होला । सायद कसैले कसैलाई ढाँट्ने-छल्ने गर्दैन थिए होला किनभने केवल इसाराले मात्र त ढाँट-छल-प्रपञ्चजस्ता व्यवहार हुन सक्दैन थियो होला । उसो भए के ढाँट्ने चलन भाषाले जन्माएको हो त ?"

त्यसो त भाषाको विकाससँगै सुरू-सुरूमा लेख्य स्वरूप थिएन । त्यसकारण खासगरी हिमवत्खण्डमा श्रुतिपरम्पराको विकास भएको थियो र अनेक धार्मिक-साहित्यिक-सांस्कृतिक ग्रन्थहरू त्यही परम्पराका रूपमा एकपछि अर्को गरी अनेक पुस्तासम्म विरासत बनेर जीवन्त रहँदै आएका थिए । ताडपत्र, रुखका बोक्रा, गुफाका भित्ता, चट्टान, शिला आदिमा लेख्ने चलन त धेरै पछि मात्र विकसित भएको हो । छाप्ने चलन अथवा प्रिन्टिङ प्रेसको प्रचलन त अझ धेरैपछि पन्ध्रौं शताब्दी (सन् १४५०) मा जर्मनीमा गुटेनबर्ग प्रेसको आविष्कारपछि मात्र भएको हो । यद्यपि त्यसअघि छाप्ने मेसिनको आविष्कार सर्वप्रथम चीनमा भएको थियो र चीनकै देखासिकी जापान एवं कोरियामा पनि किताब छाप्ने सीमित प्रचलन सुरू भएको थियो । चीनको प्रेसमा काठ प्रयोग गरिएको हुन्थ्यो र छाप्नका लागि त्यो असुविधाजनक थियो । तर गुटेनबर्ग प्रेस फलामको थियो र चलाउन पनि सजिलो थियो । त्यसकारण गुटेनबर्ग प्रेसको आविष्कारपछि प्रिन्टिङ प्रेसको प्रचलन छिट्टै फ्रान्स र बेलायत हुँदै सम्पूर्ण युरोप र अन्य देशहरूमा फैलिएको थियो ।

छापाको प्रचलनसँगै भाषाको विकासमा नौलो आयाम थपियो भने साहित्य सिर्जनाले अद्भूत फड्को मार्‍यो ।

साहित्य के हो ? साहित्य किन लेखिन्छ ? साहित्य कसले लेख्छ ? साहित्य कसले पढ्छ ? साहित्य कसरी लेखिन्छ ? साहित्यको उपयोगिता र उपादेयता के हो ?

पहिलो हेराइमा अति सामान्य र 'घिसे-पिटे' जस्ता लाग्ने केही प्रश्न । अझ त्यस्ता सोधाइ, जसका बारेमा वर्षौं मात्र होइन, शताब्दियौंदेखि सवाल-जवाफ र प्रशस्त मतान्तर हुँदै आएको छ । साहित्य साहित्यका लागि, साहित्य कलाका लागि, साहित्य जीवनका लागि, साहित्य सर्जकको मनोरथ वा मनोकांक्षा वा स्वान्तः सुखायका लागि, साहित्य पाठकका लागि ... आदि आदि ... । अज्ञात भूतदेखि चल्दै आएको हुनाले यो सनातनी बहस हो, जसको कहिल्यै एकमतको टुङ्गो लाग्न सकेको छैन, र सायद लाग्दैन पनि ।

तर कुरा साहित्यको मात्र हुँदैन, साहित्यकारहरूको पनि हुन्छ र भाषाको पनि हुन्छ । लेखक-कलाकारहरू अर्थात् शब्द-सारथिहरू जसले अन्य तमाम कुरा छाडेर सरस्वती वन्दना नगरी दिने हो भने (नगरी दिएको भए) भारतका राष्ट्रपिता महात्मा गान्धीले कसरी भन्न पाउँथे- 'पुस्तक पढ्ने रुचि भएको मानिस संसारको जुनकुनै कुनामा पुगे पनि प्रसन्न रहन सक्छ ।' अथवा, ब्रिटिश नाटककार जर्ज बर्नार्ड शा कसरी भन्न भ्याउँथे, 'सिद्धान्तहरूको लडाइँमा पुस्तकहरू नै सबैभन्दा ठूला हतियार हुन् ।'

हुन पनि हो, पढ्ने अथवा अध्ययन गर्ने बानी सर्वाधिक सुन्दर बानी हो किनभने अध्ययन गर्ने बानी छ भने त्यसबाट विचार माझिन्छ र शब्द-प्रयोगमा गहनता आउँदछ । त्यसैले, भनिन्छ नि, अध्ययन गर्ने बानी बसाल्नुपर्दछ जसले गर्दा ठूलाठूला सफलता पाउने सम्भावना त्यत्तिकै ठूला हुँदै गएका हुन्छन् । अध्ययन पनि गर्ने र लेख्ने पनि बानीले भाषा परिष्कृत हुँदै जान्छ । भाषा जति राम्रो हुँदै जान्छ, साहित्य लेखन उत्ति नै सुन्दर हुँदै जान्छ । भाषा र साहित्य एकअर्कासित अन्तरसम्बन्धित छन् यद्यपि भाषामा स्वर, व्यञ्जन, वर्ण, ध्वनि, अक्षर, शब्द र वाक्यहरूको अध्ययन गरिन्छ भने साहित्यमा लेख्य भाषाको अध्ययन हुन्छ । भाषा बोलीचाली र लिखित अर्थात् कथ्य र लेख्य दुबै स्वरूपमा विद्यमान हुन्छ भने साहित्य मूलतः लिखित स्वरूपमा हुन्छ । बेग्लै कुरा के हो भने पछिल्लो समयमा श्रवण-साहित्यको पनि विकास हुँदै गएको छ ।

भाषा अभिव्यक्तिको माध्यम हो, विचार र भावना सम्प्रेषणको संवाहक हो । यही भाषाले नै मानिसलाई पशु-पक्षीभन्दा अलग गर्दछ । मानिसले बोल्दछ । उसले बोलेको उसको अभिव्यक्ति हो । एक मानिसले बोलेको अर्को मानिसले बुझ्दछ । यही भाषाले गर्दा मानवले इतिहासदेखि वर्तमानसम्म सबैसबै सम्भव कुरा लेखेर राखेको छ र नित्य नयाँनयाँ पक्षहरूबारे पनि लेख्दै आइरहेको छ । सँगै के पनि हो भने सहजताका लागि भाषा आफ्नै किसिमका नियमले बाँधिएको छ तापनि यो अपरिवर्तनशील अथवा स्थिर भने छैन, हुन सक्दैन पनि । भाषा-अध्ययनको क्षेत्र निकै ठूलो छ तापनि भाषाको निरन्तर विकास भइरहन्छ, केही शब्द प्रयोगबाट क्रमशः हराउँदै जान्छन् र तिनको ठाउँमा नयाँ शब्दहरू प्रयोगमा

आउँदै जान्छन् । बेलाबखत त पुराना शब्दहरूको अर्थसमेत परिवर्तन हुँदै गएको हुन्छ । एक तथ्याङ्कअनुसार, सन् २०२० मा विश्वभरका विभिन्न भागमा बोलिने मुख्य भाषाहरू सात हजारभन्दा बढी थिए भने ती भाषाका अरू सयौं-हजारौं भाषिका विद्यमान छन् । नेपालमा मात्र पनि एक सय तीस भाषा बोलिने गरेका छन् ।

भाषा साहित्यको आधार हो । अझ भनौं, भाषाविना साहित्यको अस्तित्व सम्भव छैन । त्यही भाषा जानेर पुस्तक तयार पार्नेहरू लेखक हुन्, अक्षरकर्मी हुन्, कलमजीवी हुन्, सर्जक हुन्, रचनाकार हुन्, साहित्यकार हुन् र अक्षरका सारथि हुन् । उनीहरू भाषा-शिल्पसित खेल्दछन् र नै उम्दा कृतिहरू पाठकसमक्ष प्रस्तुत हुने गर्दछन् ।

पुस्तक भनेका केवल पाठ्य-पुस्तक मात्र होइनन् । माना, नाना र छाना जस्तै अनि शिक्षा, स्वास्थ्य र रोजगारी जस्तै अनि स्वतन्त्र घुमफिर र जीविकोपार्जन जस्तै मनोरन्जन पनि मानिसको मौलिक अधिकार हो । यसको पूर्ण सुरक्षा हुनै पर्छ । प्रकृतिवश, मानिसले केवल ज्ञान आर्जनका लागि मात्र पढ्दैन, ऊ पुस्तकहरूमा मनोरन्जन पनि खोज्दछ जहाँ उसलाई जगरका रौं ठड्याइदिने रोमाञ्च, मीठा-नमीठा कल्पना, विज्ञानका चमत्कार, विस्मित तुल्याउने दुःसाहस, आश्चर्यजनक नवीनता, मथिङ्गल हल्लाउने रहस्य, उदेकलाग्दा जालझेल, अनौठा कूटनीति, घिनलाग्दा षडयन्त्र, जीवनका सुख-दुःख, मिलन र बिछोडका दारूण कथानक, पेट मिच्न बाध्य पार्ने हाँसो, सफलताका प्रेरक गाथा, केही गर्न हुट्हुटी प्रदान गर्ने प्रसङ्ग, नीरस पलहरूलाई यथाशक्य उत्साह र स्फूर्तिका तरङ्गहरू उत्पन्न गर्ने परिच्छेद आदि प्राप्त हुन सकोस् ।

यो सबै आवश्यकता पूरा गर्ने उनै लेखक-साहित्यकार हुन्, उनै गीत-संगीत सिर्जना गर्ने कलमजीवी कलाकारहरू हुन् । कलमकर्मीहरू अध्ययन, अनुभव र कल्पनाको आधारमा नयाँ-नयाँ सिर्जना गर्ने गर्दछन् । त्यसै पनि अनेक किसिमका अनुभव त सबैले गर्दछन् तर ती अनुभवहरूलाई अनुभूतिमा रूपान्तरण गर्न सक्ने सूक्ष्म पर्यवेक्षण दृष्टि केवल एक कलाकारमा मात्र हुन्छ । त्यो सूक्ष्म दृष्टिबिना लेखक-कलाकार बन्न सकिँदैन ।

अध्ययन र लेखनसम्बन्धमा साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाले भनेका थिए, "पढ्नुभन्दा लेख्न गाहारो हुन्छ किनभने पढ्दा उति बौद्धिक सावधानी आवश्यक पर्दैन । लेख्न भने बुद्धिलाई चंख राखेर त्यसको राम्रो संगठन गर्न सक्नु पर्दछ । पढ्दा बुद्धिको चेतना सतहलाई मात्र जागृत राखे पुग्छ- गहिरो अध्ययन गर्न भने यसले पुग्दैन । तर, लेख्दा सतहको अवचेतन अवस्थाले मात्र पुग्दैन । केही न केही गहिरोपन यसका लागि आवश्यक हुन आउँछ । मुख्य कुरा, विचारको संगठन जरूरत पर्छ लेख्दा । किताब पढ्दा अर्काको संगठित विचार पाइन्छ,

चम्चाले खाएजस्तो सजिलो हुन्छ । आफैंले लेख्नुपर्दा आदिदेखि अन्त्यसम्म आफैंले मिहिनेत गर्नुपर्छ । "

लेखन केवल पाठकलाई मनोरन्जन प्रदान गर्ने माध्यम मात्र होइन, यो त स्वयं लेखकको आध्यात्मिक यात्राको पाटो पनि हो । आखिर लेखन भनेको पनि के हो र ? मन-मस्तिष्कमा उठ्ने भाव-तरंगहरूको प्रकटीकरण नै त हो । अलिकति विचारको लेपन र अलिकति कल्पनाको आलम्बन भएपछि बाहिरिने अभिव्यक्तिले एउटा आवरण प्राप्त गर्दछ र त्यसैबाट निर्मित हुन्छ, शब्द-शरीर । सार्थक शब्दहरू मिलेर हुन्छ साहित्य सिर्जना । त्यसमा पनि सिर्जनकर्मी जति समर्पित, इमानदार, कल्पनाशील र विचारवान् हुन्छ, त्यो शब्द-सौष्ठव त्यत्ति नै तिखारिएको र उत्ति नै निखारिएको हुन्छ । तसर्थ पनि मलाई लाग्छ, मानव मनको सर्वश्रेष्ठ अभिव्यक्ति नै साहित्य हो ।

साहित्यले हामीलाई नयाँ संसारमा लैजान्छ, भिन्न जगत्मा पुऱ्याउँछ । अनौठा अनौठा परिवेश र विस्मयकारी अनुभवहरूले भरिएको दुनियाँमा लैजान्छ । कहिल्यै नसोचेका ठाउँहरू घुमाउँछ र कहिले आफूजस्ता त कहिले विचित्र स्वभाव वा प्रकृति भएका मानिसहरूसित अनायास भेट गराउँछ ।

एकपटक एउटा चिया महफिलमा पुगेको थिएँ । छाप्ने र छपाउनेहरूको जमात भेला भएको थियो । अक्षरसित खेल्नेहरू भेला भएपछि अक्षर वा अक्षर खेलाउनेहरूकै चर्चा उठ्नु स्वाभाविक रहेछ । चिया आउँदा-नआउँदै एकजना स्वनामधन्य वरिष्ठ आक्रोशित अभिव्यक्ति दिन थाले, 'हाम्रा साहित्यकारहरू खाने बेलामा लोकल ठर्रा खान्छन्, अनि हामीलाई कसैले हेरेन, केही गरेन भन्दै हिँड्छन् । केही गर्न त पहिले आफ्नो स्वास्थ्यको समुचित ख्याल गर्नु पऱ्यो नि ! जे पायो त्यही खाइदिनु भएन नि ! अनि जे जति भए-गरिएको छ, त्यसलाई त्यही रूपमा स्वीकार पनि गर्न सक्नु पऱ्यो नि !'

अर्का महानुभाव कड्किए, 'एउटा-दुइटा रचना छापिने बित्तिकै आफू धरहरामा चढेको ठान्ने तर अरू कसैलाई देख्दै नदेख्ने आत्मश्लाघाको मनोरोगले ग्रस्त छन् हाम्रा धेरै साहित्यकार । ' उनले पनि नाम भने लिन चाहेनन् ।

कुराकानीले 'महफिल गफ' को स्वरूप लिँदै गयो । पीपलबोटे जमघटका प्रसङ्ग चल्न थाले । पहिले भलाकुसारी अनि लेख-रचना पाठ र त्यसपछि कोही चियापानतिर, कोही नयाँ सडकका अँध्यारा गल्लीमा सञ्चालित मदिरालयतिर र अलि पैसा हुनेहरू गतिलो रेस्टुरेन्टतिर ह्वीस्कीको चुस्कीमा रमाउन पुग्ने साहित्यकारहरूको चर्चा कहिल्यै सेलाउन पाएन ।

अझै पनि अनेक नामी लेखक कलाकारहरू त्यो पीपलबोटे विरासतको बिँडो थामिरहेकै छन् । पछिल्लो समय त्यस्तो अर्को एक थलो पशुपतिनजिक

पिङ्गलास्थानस्थित 'कार्की किचेन' रेस्टुरेन्ट थियो जहाँ महिनाको पहिलो बिहीबार साँझ मदिरामय साहित्यिक जमघट हुने गरेको थियो ।

अर्को भनाइ आयो- 'स्तरहीन लेख्नुभन्दा लेख्दै नलेख्नु राम्रो । औसतभन्दा माथि उठेर लेख्नुस्, स्तरीय लेख्ने प्रयास गर्नुस्, तपाईंको रचना छापिइहाल्छ नि । सम्मान पनि सोहीअनुसार प्राप्त हुँदै जान्छ । सिर्जना शक्तिको सम्मान त हुन्छ, हुन्छ । अनि त कसैले केही गरिदिएन, यो वा त्यो पाइएन, भएन आदि भनेर गुनासो गर्नै पर्दैन... ।'

नेपाली समाज शक्तिपूजक सामन्ती संस्कृतिले जेलिँदै आएको छ । यो समाजमा लेखक-कलाकारहरूलाई राज्यस्तरबाट हुने सहयोग र सम्मान देश, काल औ परिस्थितिबाट अत्यधिक प्रभावित हुँदै आएको छ । वि.सं २०४६ सम्म पञ्चायतपक्षीय (सत्ता-भितर) र पञ्चायतविरोधी (सत्ता-इतर) गरी सपाट विभाजन थियो । त्यसपछिको डेढ दशक काङ्ग्रेसी र वामपन्थी गरेर नयाँ विभाजनले ठाउँ पायो । जनआन्दोलन-२ पछि राजतन्त्रको समाप्ति भएर मुलुक राजनीतिक रूपले संघीय गणतन्त्रमा रूपान्तरित भए यता उक्त साहित्यिक विभाजन सुरूसुरूमा त क्रमशः मत्थर हुँदै जान थालेको आभास हुँदै थियो तर छिट्टै आस्था र वैचारिकतालाई नभएर योग्यतालाई आधार मान्ने अवस्था क्रमशः टुट्दै गएको दुःखद अनुभूति पनि चाँडै नै हुन थाल्यो । राजनीति र वैचारिकताले सुरसाको मुख बाएर राज्यका सबै क्षेत्रलाई निल्दै गएको दारूण एवं अवाञ्छित अवस्था टुलुटुलु हेर्नुपर्ने विवशता सर्वत्र उपस्थित भयो र भइरहेकै छ । अनेकानेक प्रसङ्गहरू छन् जसले यो अवस्थालाई पुष्टि गर्छन् ।

ईर्ष्या, राग र द्वेषका साथै राजनीतिक एवं सामाजिक कारणहरूले गर्दा समेत बेलाबखत भाषा, साहित्य र साहित्यकारले अनाहक दुःख पाएका छन् । अवाञ्छित सास्ती खेप्नुपरेको छ । अनेक किसिमका स्वार्थले घेरिँदा वा कसैको प्रभावमा परेपछि साहित्यकारको भाषा फेरिन्छ, त्यो यथार्थ भाषा रहँदैन किनभने स्वार्थले सबै किसिम र सबै रंगका भाषाहरू बोल्दछ । तसर्थ सच्चा लेखक उही हो जसले कसैको प्रभावमा नपरी आफ्नो हृदयको आवाजमा लेख्दछ, मन-मुटुको स्पन्दनमा सिर्जना गर्दछ ।

आफ्नो लेखनले गर्दा सास्ती र प्रताडना खेप्नुपरेका साहित्यकारहरूको चर्चा उठ्दा केही खास नाम सहसा मन-मस्तिष्कमा आउने गर्दछन् । यो सूचीमा सर्वप्रथम नाम सुब्बा कृष्णलाल अधिकारीको आउँदछ ।

उहिल्यै राणाकालमा नै 'मकैको खेती' नामक किताब लेखेको र त्यसमा राणाशासकका विरूद्धमा प्रयोग गर्न सकिने एकाध पंक्ति उल्लेख भएको आरोपमा यी अग्रज लेखक थुनुवामा परेका थिए र जेलबन्दी रहेकै अवस्थामा उनको

निधन भएको थियो । विडम्बना त के भने लेखक अधिकारीको कोही व्यक्ति-विशेषप्रति लक्ष्यित त्यस्तो खास कुनै आशय नै थिएन, उनले त मकैमा लाग्ने वा लाग्न सक्ने विभिन्न कीराबारे उल्लेख मात्र गरेका थिए तर एकथरी चाटुकार एवं कुरौटेहरूले उनका विरूद्ध राणाशासकको कान भर्ने काम गरेका थिए र निर्दोष सुब्बा कृष्णलालले षडयन्त्रको सिकार हुनुपरेको थियो ।

महाकवि लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका अद्‌भुत प्रतिभा हुन् । तर उनी बाँचेको समय र एक हदसम्म उनको जीवन नै पनि उस्तै अद्‌भुत व्यङ्ग्य हो । उनले कहिले कलेज पढाए, कहिले ट्युसन पढाए, कहिले भाषा समितिको जागिरे भए, कहिले नेपाली काङ्ग्रेसको मुखपत्र निकाल्न बनारस हान्निए, कहिले सांसद त कहिले मन्त्री पनि भए र पनि उनको लेखन भने उनी बाँचुञ्जेल निर्बाध चलिरह्यो । अनेक रचनाहरू पढ्न पाइन्छन् जसमा स्पष्ट लेखिएको हुन्छ- महाकविका समकालीन र वरिष्ठ भनिएका अधिकांश साहित्यकारहरू उनको भयंकर ईर्ष्या गर्थे, उनलाई होच्याउने असफल प्रयास गरिरहन्थे । उनको विरूद्धमा राजाका कान भर्थे, यसैले गर्दा उनले रूसको तासकन्दमा भएको अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा भाग लिएर फर्केपछि लगातार एक वर्षसम्म एकेडेमीबाट तलब नै पाएका थिएनन् ! उनलाई 'कम्युनिस्ट भएको' हास्यास्पद आरोप लगाइएको थियो ! आर्थिक अवस्थाले फिटिफिटी भएको यही अवधिमा उनको क्यान्सर रोग अत्यधिक बल्झन पुगेको थियो । त्यसबीचमा देवकोटाले बेलाबखत राज्यबाट सहयोग पाए तर त्यो उनी जीवित छँदासम्म पर्याप्त थिएन । उनको कारूणिक मृत्युपछि सरकारले उनको ऋण तिरिदिनुका साथै उनका सन्तानलाई राज्यको तर्फबाट पढाउने व्यवस्था भने गरेको थियो ।

एक अर्को प्रसङ्ग पनि छ । 'जनकवि जुरेली' भनेर पुकारिने तनहुँका गोकुलप्रसाद जोशीका 'सिमानाको दीप' खण्डकाव्य, 'बाँच र बाँच्न देऊ' लामो कविता र 'नेपालको भविष्य' गीति-सङ्ग्रह प्रकाशित छन् । उनका कतिपय कृति अप्रकाशित र छरपस्ट रहेको मानिन्छ । केवल ३१ वर्ष मात्र बाँचेका यी कविको जीवन दुःख, कष्ट र अभावबीच बितेको थियो । सात-आठ वर्षको उमेरदेखि नै मेला-पर्म जाने गरेका र तेह्र वर्षको कलिलो उमेरमै भारत मुग्लानिएका जोशी धेरै हण्डर खाएपश्चात् आठ वर्षपछि विसं २००८ मा नेपाल फिरेका थिए । राणातन्त्र ढलेको संक्रमणकालीन नेपालमा पनि उनको जीवनले अस्त-व्यस्तता, अनिश्चितता र अभाव मात्र अनुभव गर्‍यो । यसरी नै भौंतारिएर हिंड्दा असार २०१८ मा घैलडुब्बा, झापामा उनको मृत्यु भएपछि स्थानीय आदर्श विद्या मन्दिरका शिक्षक र विद्यार्थी मिलेर उनको दाह संस्कार गरेका थिए । उनको मृत्युको समाचार उनकी आमाले एक वर्षपछि मात्र पाएकी थिइन् र त्यसै बेला उनका जेठा बाबुका छोराले उनको किरिया गरेका थिए ।

मुलुकका अब्बल व्यङ्ग्य-लेखक भैरव अर्याललाई स्वर दब्दै जाने घाँटीको रोग थियो । त्यसको उपचार गर्न उनलाई सरकारी खर्चमा नयाँ दिल्ली पुर्‍याइएको थियो । तर कुन्नि कुन अवसादको प्रभावमा परेर उनले युवावस्थामै गोकर्णको खोंचमा फाल हानेर आफ्नो जीवन आफैंले विसर्जन गरेका थिए । उनी जनस्तरबाट ठूलो मान-सम्मान पाइरहने साहित्यकार हुन् ।

मदन पुरस्कार जित्ने पहिलो नारी साहित्यकार पारिजातले समय-समयमा सरकारी सहयोग नपाएको होइन (अझ उनलाई त जनस्तरबाटै निरन्तर सहयोग भइरहन्थ्यो) । पछि उपचारनिम्ति उनलाई विमानबाट दिल्ली लैजाने सरकारी प्रयास हुँदा उनको नागरिकता आवश्यक भयो । तर उनले नेपाली नागरिकता लिन अस्वीकार गरिन् । फलतः उनलाई वीर अस्पतालमा भर्ना गरिएको थियो । उनको सम्पूर्ण उपचार खर्च राज्यले ब्यहोरेको थियो ।

सरकारी सहायता नलिईकन आफ्नो तवरबाटै उपचार गराउने साहित्यकार जगदीश घिमिरे हुन् । कुनै बेला बेलायती गैरसरकारी संस्थामा काम गर्दा उनी नेपालमै सम्भवतः सबैभन्दा बढी तलब खाने व्यक्ति थिए, त्यो बेला उनी साहित्य परिदृश्यबाट अदृश्यजस्तै थिए । अकस्मात् 'माइलोमा क्यान्सर' ले समातेपछि उनले काम गरेको गैससमा रहेको स्वास्थ्य बीमाले उनको महँगो उपचार थेग्यो । त्यही दौरानमा आफ्नो आत्मकथा 'अन्तर्मनको यात्रा' लेखेर त्यसै कृतिका लागि मदन पुरस्कार पाएपछि भने घिमिरे विशिष्ट रूपले दृश्यमान भए । धूलो लागेका उनका पुराना किताबहरूले नयाँ जुनी पाए, नयाँ कलेवर र नयाँ संस्करणको रूपमा । उनका पाठकको संख्या पनि राम्रै गरी बढ्न पुग्यो ।

गृहमन्त्रालय अन्तर्गत छ– आर्थिक सहायता तथा चन्दा पुरस्कार (आसचपु) । यो प्रायः राजनीति-पीडित उद्धार कोष हो । प्रधानमन्त्री कार्यालय र शिक्षा तथा संस्कृति मन्त्रालयबाट पनि बर्सेनी बेलाबेलामा लेखक-कलाकारहरूलाई राहतस्वरूप सहयोग राशि प्राप्त हुने गर्छ । यसमा उनीहरूको वरिष्ठता, सम्बन्ध र पहुँचले धेरै काम गर्छ । यहाँनिर, सञ्चार मन्त्रालयले नियमित प्रदान गर्ने 'लोककल्याणकारी विज्ञापन' पनि बिर्सनु हुँदैन ।

साहित्य र साहित्यकारसित जोडिएको अर्को संस्था साझा प्रकाशनले विशेष आर्थिक सहयोग गरेको देखिँदैन । यो संस्थाले कृति छापिदिने, छापेबापत लेखकलाई १५ देखि २० प्रतिशत रोयल्टी दिने र त्यही रोयल्टीकै २० प्रतिशत रकमबाट साझा प्रकाशनको सेयरहोल्डर बनाउने गरेको छ । साथै, छापिएका कृतिमध्ये सर्वश्रेष्ठ ठहर भएकालाई हरेक वर्ष 'साझा पुरस्कार' (हाल पुरस्कार राशि रू.एक लाख) प्रदान गर्दछ ।

राज्य र साहित्यकारबीचको परिभाषित-अपरिभाषित आर्थिक सम्बन्धलाई उजागर गर्ने प्रसङ्गहरू अरू पनि छन् ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपतिलाई राज्यमन्त्री सरह, उपकुलपतिलाई सहायक मन्त्री सरह र सदस्यहरूलाई मुख्य सचिव सरहको सुविधा प्राप्त छ । लामो समयदेखि साहित्य र कला क्षेत्रमा योगदान पुऱ्याएको आधारमा कतिपय साहित्यकार नेपाल प्रज्ञा-प्रतिष्ठानका आजीवन सदस्यको रूपमा सम्मानित छन् । नेप्रप्रका आजीवन सदस्यहरूले बहालवाला सदस्यले पाउने तलबमानको तीन भागको दुई भाग पाउँछन् ।

नेपाल प्रज्ञा-प्रतिष्ठानअन्तर्गत छ- राष्ट्रिय प्रतिभा उपचार कोष । यो विसं. २०६१ मा स्थापना भएको हो । यो कोषबाट साहित्यकार-कलाकारहरूले आवश्यक परेको बेला औपचारिक निवेदनसहित माग गरेमा आर्थिक सहयोग प्राप्त गर्न सक्छन् । त्यसो त आलोचकहरूको भनाइमा, यो उपचार कोषबाट सोर्स-फोर्स राम्रो भएकालाई धेरै रकम र पहुँच नभएकालाई थोरै मात्र कोष उपलब्ध हुन्छ । यो त भुक्तभोगीहरूलाई नै चेतना भया... । अर्का एकथरी साहित्यकार छन् जो त्यसरी निवेदन हालेर आर्थिक सहयोग माग्नुलाई आफ्नो स्वाभिमानसित जोडेर हेर्छन् र आफूले कदापि त्यसो गर्न नसक्ने बताउँछन् । अँ, राज्य स्वयं अग्रसर भई आर्थिक सहयोग गर्छ भने त्यो चाहिँ मान्य हुने उनीहरूको जिकिर छ ।

विभिन्न व्यक्तित्व मात्र होइन, प्रज्ञा-प्रतिष्ठानबाटै वर्गीकरण गरिएको आधारमा विभिन्न साहित्यिक पत्रिकाहरूले पनि आर्थिक सहयोग पाउँछन् । त्यसका लागि एउटा बेग्लै 'साहित्यिक पत्रिका सहयोग कोष' नै छ । नियमित प्रकाशन भइरहेका साहित्यिक पत्रिकालाई तिनीहरूको पृष्ठ-संख्या र स्तर हेरी नेप्रप्रको वर्गीकरणअन्तर्गत 'क', 'ख', 'ग' र 'घ' वर्गमा राखेर निश्चित रकम उपलब्ध गराइन्छ । अन्य कतिपय क्षेत्रीय र स्थानीय साहित्यिक पत्रिकालाई प्रोत्साहन राशि पनि प्रदान गरिन्छ ।

यी पंक्तिहरूमा नसमेटिएका अरू पनि यस्ता आर्थिक पक्ष हुन सक्छन् । पछिल्लो समयमा सातवटै प्रदेशमा प्रादेशिक स्तरबाटै पनि सम्बन्धित प्रदेशवासी साहित्यकार-कलाकारलाई आर्थिक पुरस्कारसहित सम्मान गर्ने प्रचलन सुरू भएको छ । यस किसिमको सरकारी स्तरभन्दा पृथक् गैरसरकारी स्तरबाट साहित्यकारलाई आर्थिक सहायता वा प्रोत्साहन हुने दिइने प्रसङ्ग उस्तो सुन्नमा आएको छैन तथापि केही हजारदेखि लाखौं रूपैयाँसम्मका अनेक साना-ठूला साहित्यिक पुरस्कार भने मदन पुरस्कार गुठी, खेमकला-हरिशरण पुरस्कार गुठी, नई प्रकाशन, शंकर लामिछाने पुरस्कार गुठी, उत्तम-शान्ति पुरस्कार गुठी, हेम-सरिता पाठक फाउन्डेसन आदिआदि समेत धेरै निजी संघ-संस्थाले बर्सेनी दिने गरेका छन् । यो क्रम राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरमा नै बढ्दो रूपमा देखिँदो छ ।

भनिन्छ, कुनै पनि देशको अवस्था कस्तो छ भनेर जान्न त्यस देशको समकालीन साहित्य पढे हुन्छ किनभने, भनिन्छ नि, साहित्य समाजको ऐना हो । त्यसकारण साहित्यकार देशको बौद्धिकवर्ग पनि हो, बौद्धिक प्रतिनिधि पनि हो । अस्वस्थ साहित्यकारले स्वस्थ साहित्यको सिर्जना गर्न कसरी सक्छ ?

भारतमा हिन्दी साहित्यका 'उपन्यास सम्राट्' भनिने मुन्शी प्रेमचन्द भन्ने गर्दथे, "रचना जीवनको अनुवाद हुने गर्दछ, विचारधाराको होइन । लेख्न त तिनीहरूले पो लेख्छन् जसभित्र कुनै पीडा छ, अनुराग छ, लगन छ, विचार छ । " हुन पनि हो- मानव र मानव समाजको अध्ययन नगरी राम्रो रचनाको सिर्जना हुन सक्दैन । समाजबारे नलेखी साहित्य समाजको ऐना पनि हुन सक्दैन । तसर्थ, साहित्यकार अर्थात् यी अक्षरका खेलाडी, यी कलमजीवी र यी बुद्धिजीवीहरूको संरक्षणमा सम्बन्धित पक्षहरूले पर्याप्त ध्यान दिए पो झन्-झन् उर्वर एवं उम्दा सिर्जनाहरू पाठकसमक्ष आउन सक्छन् ।

तर विडम्बना के छ भने साहित्य र सत्ता इतिहासदेखि नै अक्सर दुई धुरीमा रहँदै आएका छन् । सत्ताको उन्माद र सिर्जनाको अनुरागबीच मेल भएको सितिमिति देखिँदैन ।

ooo


## उपभोक्तावर्गमा अनुरोध

- ❑ कारोबारस्थलमा साइनबोर्ड, मूल्यसूची, भए/नभएको साथै प्याकिङमा अधिकतम खुद्रा मूल्य MRP भए/नभएको हेरौं ।
- ❑ प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगना र वस्तुको ब्याच नम्बर, उत्पादन मिति, उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।
- ❑ उत्पादन मिति र उपभोग्य मिति नभएको वा केरमेट भएको वस्तु खरिद नगरौं ।
- ❑ वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ भण्डार विधि, उपभोग तरिका छ/छैन हेरौं ।
- ❑ औषधि तथा औषधिजन्य पदार्थहरूको प्याकिङमा उपभोग्य मिति र उपभोग गर्ने तरिका छ/छैन हेरौं ।
- ❑ सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रूपमा प्यान वा भ्याट बिल लिने गरौं ।
- ❑ अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय, गुल्मीमा उजुरी गरौं ।
- ❑ कमसल वस्तु वा सेवाको प्रयोगबाट कुनै हानि नोक्सानी भएमा सम्बन्धित जिल्ला क्षतिपूर्ति समितिमा उजुरी गरौं ।
- ❑ व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

**घरेलु तथा साना उद्योग कार्यालय**
**गुल्मी**

# गल्ती–खल्तीको !

✍ **धनराज गिरी**
**चितवन**

त्यसो त ऊ मेरो अति मिल्ने साथी हो
दोस्त हो
यार हो
मित्र हो
बाहिर पनि हो
भित्र पनि हो
विचित्र हो
कमिजमा
कोटमा
प्यान्टमा
ज्याकेटमा
उसको अस्तित्व कहाँ छैन र?
ऊ
एक सहयात्री हो
साथ दिने भएर साथी हो
निःसन्देह साथी हो
उसको नाम हो –– खल्ती
पर्याय –– गोजी
पकेट, बगली
गली गली बगली
जसरी
जीवनमा
अति सरल बन्नु
मेरो गल्ती भयो
अति इमानको गीत गाउनु, मेरो भूल भयो
सबैमाथि भरोसा गरेर म अभियुक्त कहलिएँ
अति फेसबुके लती बनेर
लत, कुलत, आदत र गलत भयो
अराजक नाम पाइयो
हो
मेरो खल्तीले पनि एउटा गल्ती गऱ्यो

खल्तीको गल्ती
मेरो मित्रको अपराध
मात्र एक
एक भूल
एक मिस्टेक
गल्ती, मेरो खल्तीको
सुन्ने हजुर ?
मात्र एक गल्ती
मेरो खल्तीले जहिले पनि रित्तो हुन मात्र जान्यो
रित्तो खल्ती – उत्तरआधुनिक गल्ती !

ooo


**कृषि क्षेत्र रूपान्तरणका लागि कृषि ज्ञान केन्द्र, गुल्मीले लिएको रणनीति तथा अभियान**

- छल्दी पनाहा सिमलटारी करिडोरमा १५० मेटन क्षमताको Cold Store निर्माण (बीउ आलु भण्डारका लागि)
- छल्दी पनाहा सिमलटारी वा बडिगाड कोरिडोरमा गहुँको चक्की आटा बनाउने र प्याकिङ गर्ने साना उद्योग स्थापना
- कागती ब्लक स्थापना (५००० भन्दा बढी बिरूवाको ब्लक)
- १२०० मिटरभन्दा माथिल्लो उचाइ भएका क्षेत्रमा पकेटको रूपमा ओखर र किवी खेती तथा नर्सरी स्थापना ।
- एक क्लस्टरमा कम्तीमा २० रोपनी जग्गामा स्थायी प्लाष्टिक घर निर्माण (१ वडा १ व्यावसायिक कृषि फर्म) क्रमशः बढाउँदै लगिने ।
- स्थानीय धान हंसराज, कालो भट्मास, वर्षे आलु, स्थानीय लसुनलगायत अन्य रैथाने बालीहरूको संरक्षण, उत्पादन, लेबलिङ, प्याकेजिङ र बजारीकरण
- मकै र आलुको बीउ उत्पादन वृद्धि गरी आत्मनिर्भर हुने र निर्यात गर्दै जाने ।
- सन्तुलाजात फलफूलको गुणस्तरीय बिरूवा उत्पादन, बिजु बिरूवा प्रयोगभन्दा कलमी बिरूवा प्रयोगका लागि कृषकहरूलाई सचेत गराउँदै जाने । बाहिर जिल्लाबाट कमसल बिरूवा ल्याउन रोक लगाउने ।
- मागमा आधारित विशेष कृषि कार्यक्रम सञ्चालन गर्ने (मौरी शिताके च्याउ, फलफूल, कफी, उँखु, लसुन, प्याज, कुरिलो, तरकारीलगायत अन्य)
- साना सिंचाइ मर्मत तथा पूर्वाधार निर्माण ।
- मर्मत केन्द्रसहितको यान्त्रिकीकरण प्रवर्धन गर्ने ।
- बजार : स्थानिय तहको उत्पादन : बजार सहकारीबाट खरिद : सदरमुकाममा संकलन र खपत : बाँकी बुटवल निर्यात (Promotion and Marketing of Local Product : Green Ambulance Concept) ।
- स्थानीय तहमा रहेका कृषि प्राविधिकहरूको क्षमता अभिवृद्धि गर्दै र प्रविधि बिस्तार गर्दै जाने ।

**कृषि ज्ञान केन्द्र, गुल्मी**

**०७९–५२०१२६**

# संस्कार संस्कृतिमा घर्ती/भुजेल समुदाय

✍ **विष्णु घर्ती 'भनभनेली'**
**इस्मा, गुल्मी**

## संस्कार

नेपाली बृहत् शब्दकोशमा विभिन्न आठ किसिमका संस्कार बताइएको छ । जसको छैठौं नम्बरमा रहनसहन, मर्यादा, सम्पर्क, शिक्षा आदिका कारणबाट मान्छेका मनमा पर्ने प्रभाव; धारणा हो भनिएको छ ।

## संस्कृति

नेपाली बृहत् शब्दकोशमा विभिन्न चार किसिमका संस्कृतिका बारेमा उल्लेख गरिएको छ । जसको दोस्रो नम्बरमा कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था, आदिमा प्रतिबिम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप हो भनिएको छ । त्यसैगरी तेस्रो नम्बरमा धेरै समयदेखि देशकालसापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको र आचारविचार, रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूप खुट्टिने यावत् मान्यता, भावना, चिन्तन, मनन, भौतिक अभिव्यक्तिहरूसमेतको समूह वा साधन हो भनिएको अवस्था छ ।

## जनजातीय संस्कार, संस्कृति

हाम्रो समाजमा मानव सभ्यताको विकासक्रमसँगै जातजातिहरूको विकासक्रम तथा फरकपन पनि अगाडि बढ्दै आयो । आदिवासी जनजातिहरूको सम्बन्ध हजारौं वर्षदेखि संस्कार, संस्कृति, भूमि र प्रकृतिसँग गाँसिएको छ । नेपालमा विकास भएको सामाजिक, सांस्कृतिक सभ्यताको पृष्ठभूमिलाई नियाल्दा विभिन्न प्रकारका संस्कृति, संस्कार, रहनसहन, चालचलन, जातजाति, भेषभूषा, उप-जातजाति, थर उपथर आदिको अस्तित्व सिर्जना भएको छ । दक्षिण भारतमा विकसित आर्यसभ्यता (ककेसियस प्रजातीय) र संस्कृति तथा उत्तर चीनमा विकसित मंगोलियन (मंगोल प्रजातीय) सभ्यता र संस्कृतिको प्रभावका साथै रक्तमिश्रणको सम्भावना र छुट्टै खालको संस्कारगतपनलाई पनि समेटिएको देखिन्छ । अरू समुदायभन्दा धेरै मात्रामा इतर धार्मिक, सांस्कृतिक, राजनैतिक प्रभावको चपेटामा पारिएको समुदाय भएकाले यस जातिका संस्कार संस्कृतिले व्यापकता पाउन सकिरहेको छैन ।

हिले जातीय पहिचान झल्कने संस्कार संस्कृतिका होमस्टेहरू चलेका छन् । त्यसमा सबैको आकर्षण बढेको छ । यसै हुनाले सबै पक्षबाट संस्कार संस्कृतिको महत्त्व झन्झन् बढ्दै गएको अवस्था हो । कल्चरल प्रोग्रामहरू विद्यालय, पार्टी प्यालेस आदिमा चल्दै आएका छन् । विभिन्न स्थलगत अवलोकन भ्रमणहरूमा

पनि जनजातीय संस्कार संस्कृतिलाई महत्त्वका साथ लिने गरिएको पाइन्छ । जनजातीय संस्कार संस्कृतिहरू सबैका फरक-फरक विशेषताले भरिएका हुन्छन् । सबैका सबै चालचलनहरू जीवन्त छन् । सबैले सबैलाई सम्झन्छन् । जातीय थर वा नाम सुन्दाबित्तिकै त्यस जातिको संस्कार संस्कृति तुरुन्त सबैले सम्झन धेरै नै सजिलो हुन्छ । गुरुङ्, मगर, राई आदिका बारेमा सबैले केही न केही अवश्य पनि भन्न सक्छन् । तर घर्ती/भुजेल जातिको बारेमा सबैले मगर, गुरुङ्को जस्तै गरेर बताउन सक्ने अवस्था छैन । यसै हुनाले यस जातिका अगुवाहरूले अग्रसर भएर आफ्नो संस्कार संस्कृतिलाई जोगाउने र फैलाउने काम गर्नै पर्ने स्थिति देखापरेको छ । सीमित ठाउँमा रहेको संस्कार संस्कृतिलाई व्यापक बनाउनु आजको आवश्यकता हो ।

## जातीय जानकारी

हाल नेपालमा विद्यमान १२५ जातजातिमध्ये सरकारबाट ५९ जातिलाई आदिवासी/जनजातिमा सूचीबद्ध गरिएको छ । उक्त सूचीको चौतिसौं नम्बरमा भुजेल पनि रहेको छ । त्यसै गरीकन १२३ भाषाभाषीमध्ये लोपोन्मुख समूहमा भुजेल भाषा रहेको छ । २०६८ को राष्ट्रिय जनगणनाले १ लाख १८ हजारभन्दा बढी जनसंख्या देखाए तापनि ३ लाख बढी हाम्रो जनसंख्या छ । ०.५१ प्रतिशत जनसंख्या रहेको यस जातिको मानव विकास सूचकाङ्क अत्यन्तै कमजोर रहेको छ भने साक्षरता ०.३९ प्रतिशतको हाराहारी, उच्च शिक्षामा ०.२५ प्रतिशत, सरकारी सेवामा ०.७६ प्रतिशत मात्र सहभागिता देखिन्छ । एक दशकको अवधिमा जम्मा १ हजार ८२ जनाको मात्र वृद्धि भएको देखिन्छ । अहिले १२३ वटा मातृभाषा बोल्ने यस देशमा भुजेल भाषीहरूको संख्या २६ हजार ९ सय १३ देखाइएको छ । यस जातिको धर्म प्रकृतिपूजक (शमानी) रहेको छ । वि.सं. १३७२ सम्म ढोरपाटनको अर्नाकोट र देउरालीमा भुजेल राजाहरूले २२ पुस्तासम्म राज्य सञ्चालन गरेको इतिहास पाइएको छ । ७ सय वर्ष पहिले जुम्लाबाट गुल्मी, धुर्कोटमा राजा आउँदा मैतु (धामी) घर्तीलाई समेत ल्याई राज्य थालेको इतिहास फेला परेको छ । यस राज्य वरपर तथा सदरमुकाम तम्घासमा घर्ती/भुजेलको कूल पूजामा मैतु धामी घर्तीको सम्झना गरिएको स्थिति छ ।

## घर्ती/भुजेलको संस्कार संस्कृति

आजका दिनसम्म पनि केही स्थान र समूहमा समिति र जीवित रूपमा रहेको, आफ्नो छुट्टै जातीय संस्कार र संस्कृति भएको समुदाय वा जातिमध्ये घर्ती/भुजेल पनि एउटा आदिवासी जनजाति हो । पूर्वजहरू रूकुमको घर्ताघोट र घर्ताखोलाबाट फैलिएकोले घर्ती, बाग्लुङ्को भुजीखोला र भुजीकोटमा बस्नेहरू भुजेल कहलाइए । घर्ती/भुजेल जाति आफ्नै खाले स्वतन्त्र भाषा, संस्कृति, धर्म र रीतिरिवाज भएको मध्य पहाडी भू-भागमा (ढोरपाटन/भुजी क्षेत्र) लाई ऐतिहासिक थातथलो मान्ने आदिवासी जनजाति हो । यस जातिका भाषा, संस्कार, संस्कृति, कला, गला आदि तनहूँ तथा नवलपरासीमा जीवन्त पाइन्छ ।

स्थानीय स्तरमा बाहुल्यता भएका मगर, क्षत्री, जिसी, गुरुङ्, राना, थापा लगायतसँग समाहित हुँदै जाँदा आफ्ना संस्कार संस्कृतिहरू पनि हराउँदै गएको देखिन्छ । संस्थागत तथा एकल प्रयासमा विभिन्न खालका खोज, अनुसन्धान एवम् प्रकाशनहरू भइरहेका छन् । भेषभूषा, भाषा, भोगाइ, भनाइ, संस्कार, संस्कृति आदिको अवलम्बन तथा विस्तार गर्ने कार्यहरूको निरन्तरता देखिन्छ ।

घर्ती/भुजेल परम्परागत "शमानी धर्म" अर्थात् प्रकृतिपूजक एवम् धामी झाँक्री मान्ने जाति हो । यो समुदाय पितृपूजा, प्रकृतिपूजाजस्ता चाडपर्वमा विश्वास गर्दछ । जसरी हिन्दूहरूको महान् पर्व दशैं, तिहारजस्तै घर्ती/भुजेलहरूको भुजेली पर्व राष्ट्रिय पर्व हो । भुजेल, घर्ती, खवास, जीटी र यससँग सम्बन्धित थर उपथरहरू प्रकृतिपूजक हुन् । हाम्रा पुर्खाहरूले प्रारम्भिक कालदेखि आफ्ना परिवार, गाई वस्तुहरू, बालीनालीहरू र मानवजातिको रक्षाका लागि सूर्य, वायु, जल, जमीन र जंगलको पूजा गर्दै आएका थिए । सुरुसुरुमा सामूहिक रूपमा प्रकृतिपूजाको आयोजना गरिन्थ्यो भने वि.सं. १३७२ पछि आएर एकल पारिवारिक रूपमा यस पूजाको आयोजना गरिदै आयो । अझै पनि घर्ती/भुजेल धामी झाँक्रीहरू तथा बुढापाकाहरूले आ–आफ्नो स्थानमा गोठपूजा, कूलपूजा, झाँक्रीपूजाको रूपमा प्रकृतिपूजा गर्दै आएका छन् । पुर्खाहरूले गरेको प्रकृति पूजाको आधारमा समयसापेक्ष बनाउँदै, सामूहिक रूपमा हालका दिनहरूमा भुजेली पर्वका रूपमा भव्यताका साथ मनाउने गरिन्छ । नजिकको जातिको प्रभावमा परी त्यस्तै चालचलन, संस्कार, संस्कृति, मेला, पर्व मान्ने र उसकै थर उपथर समेत लेख्ने र नाता सम्बन्ध पनि कायम गर्दै जानेजस्ता क्रियाकलापहरूले आफ्नो संस्कार, संस्कृति, इतिहास, परम्परा, चालचलन, पर्व, भाषा, भेषभूषा आदिको स्थिति धराशायी हुँदै गएको छ । भाषाको पनि पुनर्जागरण गराउनु पर्नेमा सोंचनीय विषय बन्न थालेको छ । जनजातिका भाषाहरू साँचो अर्थमा ती मातृभाषीहरूको संस्कृतिको धरोहर हो, जातिको ढुकढुकी हो र मुटुको स्पन्दन हो । भाषाको लोप भनेको क्रमिक रूपमा जातिको लोप हो र संस्कार संस्कृतिसमेतको लोप हो ।

## संकटमा पर्ने सम्भावनाहरू

हाम्रो भावनाको निरन्तरता र उजागर हामी आफैले गर्ने हो । आफ्नो परिवारको ख्याल वा रेखदेख आफैले गरेझैं आफ्नो जातिको कला, गला र संस्कार संस्कृतिलाई माया गर्ने, प्रयोग गर्ने र एक अर्कामा फैलाउँदै जाने आफैले हो । यसो गरेमा मात्र यसको संरक्षण तथा जगेर्ना हुने गर्दछ । तर आजभोलि भावी पिढींलाई बुझाउने, उत्प्रेरित गर्ने, घर्ती/भुजेल समुदायको संस्कार र संस्कृतिका बारेमा बताउनेजस्ता कार्यमा न्यूनता देखिन्छ । अन्य जातिको बाहुल्यता भएको स्थानमा हाम्रा धर्म, भाषा, संस्कार, संस्कृति, भेषभूषा आदिका कुरा गरेर वा लागू गरेर रमिते बन्नु छैन भन्नेहरूसमेत फेला परिरहेका छन् । अरूका अगाडि हामीले के यस्ता कामकुरा गर्नुपर्‍यो र भन्ने सोंचाइबाट ग्रसित मानसिकताको

बाहुल्यता छ । आडम्बरमा बाँचिरहेकाहरू भने यस्ता कुरा सुन्न रुचाउँदैनन् र आफ्ना भाई, छोरा-छोरीलगायतलाई पश्चात्तापमा राखेका छन् । सम्पूर्ण घर्ती/भुजेल/खवास बन्धुहरूले आ-आफ्नो क्षेत्रबाट संस्कार, संस्कृतिको अवलम्बन गर्नलाई आनाकानी गरेको स्थिति देखिएको छ ।

## निष्कर्ष

समग्र समाजको समृद्धिका लागि संरक्षण तथा संवर्धन आजको अपरिहार्यता बनेको छ । यस खालका संस्कारजन्य कार्यको अवलम्बन गर्दा आर्थिक स्थितिमा सुधार, यथार्थ पहिचान र सांस्कृतिक मान्यताको आत्मसम्मान हुँदै जान्छ भने विकास निर्माणमा अपरिहार्यता, आपसी जातीय सम्बन्ध सुधारमा परिवर्तन, समन्वय र समभ्कदारीको क्रममा विस्तार हुन्छ । स्थानीय तहमा चलेका जातीय कला, गला, सीप तथा संस्कार, संस्कृतिलाई संरक्षण, संवर्धन र संस्थागत गर्दै जानुपर्दछ । समावेशिताको नीति तथा नारालाई राजनैतिक दलहरूमा व्यापक छलफलको विषय निरन्तर रूपमा बनाइरहनु पर्दछ । जातीय पहिचानको लागि अत्यन्तै महत्त्वको विषय हो संस्कार संस्कृति । यसको संरक्षण गरेमा जातिको आर्थिक अवस्थामा पनि सुधार आउँछ । सामाजिक सम्बन्ध र पहिचान व्यापक बन्दै जान्छ । मगर, गुरुङ, राई आदिको जस्तै प्रख्यात बन्दै जान्छ । यसो गरिएको खण्डमा सिर्जनात्मक कार्य गर्नमा प्रेरित गर्दछ । संस्कार संस्कृतिमा लाग्नको लागि तन, मन तयार हुँदै जान्छ । यसरी अगाडि बढ्दै जाँदा विकृतिहरूको पनि न्यूनीकरण हुँदै जान्छ । पारिवारिक सम्बन्धलाई सुदृढ पार्दछ । गीत, नाँच, पहिरन, बोलचाल आदिमा आफ्नै जातीय चलनले प्रश्रय पाउँदछ । ठूलाको मात्र नाम, मान र शान होइन, सानाको यथार्थ इमान र खास पहिचान नभएसम्म सभ्य र समृद्ध समाज बन्न सक्दैन ।

## सन्दर्भ-सामग्री स्रोत


१. सुवेदी, राजाराम, २०५५, गुल्मीको ऐतिहासिक भ्कलक, किरण पुस्तकालय, तम्घास, गुल्मी ।

२. भुजेल, बाबुराम र तामाङ्, "योञ्जन", अमृत, २०५८, भुजेल जाति र भाषा, भुजेल समाज, काठ ।

३. भुजेल, चन्द्रबहादुर, २०६१, भुजेल जातिबारे केही कुरा, आलेख ।

४. भुजेल जागरण, वर्ष १, अंक १, २०६२, भुजेल जाति अध्ययन मञ्च, काठमाडौं ।

५. भुजेल, अमृतसिंह, २०६२, भुजेल जाति र जीवन पद्धति देवघाट तनहूँ, भुजेल समाज, के.स. ।

६. घर्ती, विष्णु 'भनभनेली', २०६७, घर्ती/भुजेलहरू (गुल्मीमा प्रथम खोज), भुजेल समाज, गुल्मी ।


ooo

# आमाको सन्देश

✍ **डा. सीता सुवेदी पन्थी**
**रेसुङ्गा-९, तम्घास, गुल्मी**
**(हाल : बालकोट, भक्तपुर)**

चरित्र स्वार्थी किन पार्नु व्यर्थै
कुभावनाको सब जाल उस्तै
दौडेर प्यासी मन त्यो बनाई
छेक्यो उज्यालो तब मेघ आई

अनेक बाधासित लड्छु भन्थ्यौ
आदर्श वाणी जनमाझ छर्थ्यौ
स्वार्थी बनायो नव-राज पाई
बिर्सेर बढ्दा सब त्यागलाई

आमा म तिम्री अझ दुःखमा छु
कुकर्म देखी कसरी म हाँसूँ
लुछिन्छ चौटा तन भित्रभित्र
उदाङ्ग पार्दै सब त्यो चरित्र

हिंसा बढाई जग यो लछार्छौ
ज्यूँदै जलाई किन भस्म पार्छौ
सङ्कीर्णतामा कति भासिएको
कर्तव्य बिर्सी किन नासिएको

चैतन्य तिम्रो छ कि छैन आज
छ जङ्गली त्यो किन राजकाज
कुभाव बढ्दा मन तुष्ट हुन्न
संसार तर्ने पथश्रेष्ठ छुन्न

०००

**सिर्जनशील सामुदायिक विकास केन्द्र**

गुल्मीबाट आर्थिक ०७८/०७९ सामाजिक तथा प्राविधिक सहयोगमा गुल्मीमा ७ वटा झोलुङ्गेपुलको निर्माण कार्य पूरा भएको छ । त्यस्तै सामुदायिक विकासका लागि बाख्रा उद्यम परियोजनाअन्तर्गत धुर्कोट गाउँपालिकामा बाख्रा खरिद, बिरूवा खरिद, घाँस खरिद, खोर निर्माण तालिमलगायतका कार्यहरू सम्पन्न भएका छन् ।

# रावणका अन्तिम वचनहरू

✍ **डा. उत्तम पच्या**
**रेसुङ्गा-१४, पराल्मी, गुल्मी**

यस रणभूमिमा आज म विश्वविजयी रावण
क्षतविक्षत छु, असहाय छु, मृततुल्य छु
हो, राम ! तिमीले युद्ध जित्यौ
मैले हारें
म ढलें युद्धमैदानमा

संसारले नबुभ्फोस्
मैले तिम्री भार्या हरें
त्यसैले म पापमा परें
त्यही पापले मैले युद्ध हारें
मैले त मेरी प्रिय बहिनी सूर्पणखाले भोगेको
अन्यायको प्रतिकार मात्र गरेको हुँ
तिम्रा भाइ लक्ष्मणले
प्रेमयाचनाको बदला
मेरी बहिनीका नाककान काटे
आफ्नी प्रिय बहिनी नाककान काटिएर
रक्तरञ्जित अनुहार लिएर
बुची र नकटी बनेर रुँदै
गुहार माग्न आएपछि
मैले सहन सकिनँ
हो, त्यसपछि मैले तिम्री भार्यालाई हरें
मैले सीताको नाक-कान त काटिनँ नि !
मैले सम्मानपूर्वक राखें तिम्री भार्यालाई
अशोक बाटिकामा, महिला सुरक्षाकर्मीसँगै सुरक्षित

तिमीले नारीको इज्जत गर्न जानेनौ
भाइलाई, प्रेमयाचनाको बदला नाककान काट्न प्रेरित गर्‍यौ
राम ! तिमी कस्ता मर्यादापुरुषोत्तम हौं ?
तिमीले लुकेर निर्दोष बालीको छातीमा बाण हान्यौ ।

म राजामात्र होइनँ, राम

म विख्यात वेदज्ञाता पनि हुँ
म पारंगत संगीतज्ञ पनि हुँ
म उत्कृष्ट वैज्ञानिक पनि हुँ
म योद्धामात्र होइन
म तपस्वी शिवभक्त पनि हुँ
म क्षत्रीयधर्ममा तेजस्वी हुँ
हरेक गुणले परिपूर्ण हुँ
र पनि मैले तिमीलाई जित्न सकिनँ

मैले युद्ध हार्नुको कारण तिमीलाई थाहा छ
मेरो भाइ विभीषण मसँग थिएन
तिम्रो भाइ लक्ष्मण तिमीसँगै थियो
जब आफ्ना पराइ हुन्छन्
शक्ति दुई गुनाले घट्दो रहेछ
जब पराइ आफ्ना बन्छन्
शक्ति चार गुनाले बढ्दो रहेछ ।

शत्रुको आक्रमण
छाती थापेर सामना गर्न सकिदो रहेछ
आफ्नाको आक्रमण गाह्रो हुँदो रहेछ, राम !
त्यो भरोसा, त्यो विश्वास
सबै हटेर जाने रहेछ
आफ्नो पराइ हुँदा
युद्ध जित्न केवल बुद्धि र बाहुबलले मात्र हुने रहेनछ ।
विश्वास भरोसा र मन्त्रशक्ति पनि चाहिने रहेछ ।
तिमीले भाइको विश्वास र भरोसा पायौ
फुट भएन भाइ-भाइमा
त्यसैले तिमी विजयी भयौ
मेरो जीवनको यस अन्तिम क्षणमा
तिम्रो भ्रातृत्वलाई
सम्मान गर्न चाहन्छु लक्ष्मण !
आऊ, तिमी म नजिकै आऊ
मेरा जीवनका सच्चा अनुभवहरू तिमीलाई सुनाउँछु ।
लक्ष्मण !
रामको बाणले क्षतविक्षत भएर
मेरो घाउ दुखेको होइन

आफ्नाको धोका र छलले
छाती चर्केको हो
सन्मार्ग कठिन छ, लक्ष्मण !
तर यसलाई सधै अंगाल्नू
शुभकार्य शीघ्रातिशीघ्र गर्नू
कुमार्ग सजिलो छ
तर यसबाट सदा दूर रहनू
अहंकारले योद्धालाई अन्धो बनाउँछ
अहंकारबाट टाढा रहनू
आफ्नो कमजोरीको गोपनीयता
आफूमै राख्नू
नत्र आफैलाई ध्वस्त पार्छ
शत्रु, रोग र आगोलाई कम नआँक्नू
आफैमा अति विश्वस्त नहुनू

यति भन्दाभन्दै ढले
महावीर रावण निश्चेष्ट भएर ।

ooo


# पूर्ण सरसफाइ, हाम्रो अभियान

- ❑ सफा भए घरआँगन, सफा भए पानी; निरोगी र सुखी हुन्छ हाम्रो जिन्दगानी ।
- ❑ चर्पीको नियमित प्रयोग ।
- ❑ महत्त्वपूर्ण अवस्थामा साबुनपानीले हात धुने बानी ।
- ❑ घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धीकरण ।
- ❑ व्यक्तिगत सरसफाइ ।
- ❑ घरभित्र र बाहिरका तरल, पच्ने ठोस, नपच्ने ठोस, फोहरमैलाको उचित व्यवस्थापन ।
- ❑ सुरक्षित खाना

**खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय**
**तम्घास, गुल्मी**

# देवकी : यहाँदेखि त्यहाँ

✍ **वासु जमरकट्टेल**
**शिवराज-८, लक्ष्मणपुर, कपिलवस्तु**

जंगल किनारको झुरूप्प सानो गाउँ एउटा घर पक्की छैन न कुनै घर टिन वा खपडाले छाइएको छ । पुग्ने र देख्ने जो कोहीले पनि अन्दाज गर्न सक्छ यो समान आर्थिक र सामाजिक हैसियत भएकाहरूको बस्ती हो ।

गाउँ सफा छ । बाटोघाटोमा फोहोर देखिदैन । खर र परालको टाटीले बारेको भए पनि रातो माटोले बडो मेहनत र सिप लगाएर सिनित्त पोतिएका घर सबै सफा र बसूँबसूँ लाग्ने खालका छन् ।

ठूलो बडो कोही छैन । जग्गाजमिन त के भन्ने जाहन र बलियाबाङगाहरूको जोड घटाउमा उचाइ मापन हुन्छ यहाँ । जसका छोराछोरी मजदुरी गर्न सक्ने भएका छन् वा जंगलबाट कसको घरमा कति भारी दाउरा आउँछ वा कसका कति जना काला पाहाडको भरिया छन् यही हिसाबमा दशैमा मासुको भाग लाग्छ मिठो मसिनो, साँझको दारू-पानी, मान-सम्मान, भद्र-भलादमी सबैथोक यसैको आधारमा बण्डा हुन्छ यो गाउँमा ।

गाउँका अधिकांश केटाकेटी विद्यालय जाँदैनन् । बेलुका पाँच बजेदेखि विस्तार विस्तार धेरै जसो साइकलमा, कमै मात्र पिठ्युमा दाउराको भारी बोकेर लावा लस्कर गाउँ पस्न थाल्छन् । बिहान कुखराको डाँकोभन्दा पहिल्यै गाउँमा अर्को चहलपहल शुरू हुन्छ । एक अर्कामा प्रतिस्पर्धा जस्तो - को पहिला पुगेर सजिलैसँग दाउरा बेच्ने भन्ने । यसपछिको दैनिकी कसले कति पार्‍यो । कसले सजिलैसँग दाउरा बेच्न सक्यो । कसले उधारैमा टाँसो लगाएर फर्कियो । यस्तै यस्तै हो यहाँको दिनचर्या । कहिले दाउराले खुसी ल्याउँछ कहिले दुःखी बनाउँछ । जंगलको दाउरा र काला पहाडको भारीभन्दा अर्को सुख, खुसी र जीवन छैन यो गाउँमा ।

यही गाउँकी हो देवकी । उसको दिनचर्या पनि यस्तै हो । गाउँका अरू आइमाईभन्दा अलि फरक छे । उस्तै सुन्दरी पनि तर बिहे भएको ४, ५ वर्ष भइसक्यो आमाहुने उसको धोको पूरा हुन सकेको छैन । लोग्ने उता कालापहाडको भरिया अक्कलझुक्कल घरमा आउँदा के मेसो मिल्दैन के मेसो मिल्दैन । लोग्ने फर्केको एक महिना नपुग्दै निराश हुन विवश हुन्छे बिचरी ! यसैले होला उसलाई आजभोलि यो जंगलको जीवनदेखि विरक्त लाग्दैछ । पटक्कै जंगल पस्न मन गर्दिन । तर बाध्यता गाउँका सबै जंगल पसेपछि एक्लै धुम्धुम्ती घरमा कसरी बस्ने ? साँझबिहानको आफ्नो जोहो त गर्नै पर्‍यो नि ।

उससँग मोबाइल छैन । तैपनि कहिले कसैको कहिले कसैको मोबाइलबाट काला पहाड लोग्नेलाई घर फर्कन अनुरोध गर्दै तारन्तार फोन गर्छ । ऊ अलिकति रूपैयाँ बनाएर फर्कन्छु भन्छ तर दशैंमा गएपछि अर्को दशैंमा फर्कने हो । उसलाई लोग्नेले उतै घरजम गरेको कुरामा त पटक्कै विश्वास छैन तर कहिले कहिले सोच्दछे कुन्नि यो मान्छेलाई छोराछोरीको बाबा हुनुपर्छ भन्ने नै थाहा छैन के हो ?

लोग्ने उता काला पहाडको भरिया । ऊ यता दाउरा बेचेर गुजारा चलाउँदै आएकी छे । पहिलापहिला त यसो जंगल पस्नसाथ एक भारी दाउरा बनिहाल्थ्यो । बजारमा बेच्न पनि उस्तो सकस थिएन । तानातान गर्दथे सबै । आजकाल एकातिर जंगलमा दाउरा पाइँदैन अर्कोतिर बेच्न उस्तै गाह्रो छ । तैपनि देवकीले एउटा लुरे बावन गोपीकहाँ सस्तो महङ्गो टाँसो लगाउँदै आएकी छे । बिचरा गोपी पनि असाध्यै सोझो छ । जस्ता दाउरा लगे पनि केही बोल्दैन । भनि हालेछ भने, दिदी भोलि अल्लि राम्रा दाउरा ल्याउनुहोस् है । झिंजा रहेछन् वा काँचा रहेछन् बल्दै बलेनन् सम्म भन्ला । पैसा दिन आनकानी गर्दै गर्दैन बरू एक दुई रूपैयाँ बढी नै दिन्छ । एक दुई कप चिया र थोरै खाजाको हिसाबै जोड्दैन र उसको गुजरा चल्दै आएको छ । उसले दाउरा चाहिदैन भनेको दिन कि उसले जंगल पस्न छोड्नुपर्छ कि अरू जस्तै बजारको वल्लो कुनादेखि पल्लो कुनासम्म दाउरादाउरा भन्दै चिच्याउनुपर्छ । तर अहिलेको उसको मुख्य समस्या दाउरा बेच्नुभन्दा दाउरा पाउनु भएको छ ।

जंगल भित्रभित्र धेरै टाढा जानुपर्छ । त्यसमा पनि सुकेका दाउरा पाउनलाई रुख चडेर थुर खसाल्न नसक्नेको कुनै काम छैन । पहिलापहिला त टाँगोमा हसिया बाँधेर अल्लि होचा होचा रुखबाट खसाल्न सकिन्थ्यो । आजभोलि त रुख नचढी सम्भव नै छैन । बिचरी ऊ रुख चढ्न सक्दिन । कहिले कोसँग हार गुहार कहिले कोसँग ?

उसको आनिबानी त मन पर्दैन तैपनि आजभोलि पञ्चेले उसलाई सहयोग गरेको छ । साइकलमा सँगै लिएर जान्छ । दाउरा खोज्न मदत गर्छ । गाउँलेहरूले जे जे कुरा काटे पनि उसले मतलब गरेकी छैन । मुखमा जे आयो त्यही बोल्छ । कहाँकहाँ कताकता हात बढाउँछ । मन नपरे पनि दूध दिने गाईको लात्तो सहनु पर्छ भन्ने सोचेकी छे । हिंजो त मोरोले मुखै खोल्यो - यत्रो मद्दत गरेको छु यसो हाम्रो मन पनि त बुझिदिनु पर्‍यो हो भाउजू । दाइ छैनन् बैंसमा त हो मौजमस्ती गर्ने । रुखको फेदमा दलमलाउन पनि खोज्यो । बिचरीले - आज हुँदैन क्या अर्को दिन भनेर टारी । भित्रभित्र भने असाध्यै रिसाएकी थिई । एकातिर उसको अनुहार र व्यवहार सम्झदा जर्ती भएर आउँथ्यो अर्कोतिर यति राम्री स्वास्नी छोडेर काला पहाडमा हराउने लोग्नेलाई गाली गर्थी ।

देवकी जुठोभाँडो गर्दै थिई । पञ्चेले बाहिरबाट बोलायो, "ए भाउजू ! भाउजू हो !" उसले बोल्न मन गरिन । उसले पुनः किर्रकिर्र साइकलको घण्टी बजायो । अहँ ऊ बोलिन । उसलाई एक मन -आज म जंगल जान्न भनूँ वा- तिमी जाऊ म आफ्नै सुरमा आउछु भनूँ जस्तो लाग्यो । तर उसले मुख खोल्ने मन गरिन । अगिल्लो दिनको उसको व्यवहार सम्झेर काली निली भई । यति नै बेला उसले लोग्नेलाई सम्झी । लोग्ने स्वास्नीसंगै जंगल जाने वडोसीपडोसीलाई सम्झी । यति सुन्दरी स्वास्नीको कल्कलाउँदो बैंसको कुनै ख्याल नगरी काला पहाडमा हराउने लोग्नेलाई मनमनै सराप्न थाली । उसले सोची आज ऊ कालापहाड भारी बोक्न नगएर यहीं भएको भए यो पञ्चेले कसरी जंगल जाऊँ भनेर घरमा बोलाउन आउथ्यो होला ! दिनदिनै खुसुखुसु के-के के-के भन्न र कहाँकहाँ काउकुती लगाउन पाउँथ्यो र । अझ अगिल्लो दिनको व्यवहार त ! उसलाई पञ्चेको मात्रै नभएर त्यो लोग्ने भनाउँदाको अनुहार सम्झनसम्म मन लागेन । जे जस्तो झेलेर भए पनि लोग्ने स्वास्नी सँगसँगै बस्नुपर्छ भन्ने उसको मान्यता हो ।

देवकी नबोलेपछि पञ्चेले घरभित्रै पसेर भन्यो, "ए भाउजू नबोलेको हो कि नसुनेकी हौ ? कति बोलाएँ । "उसले उसका कोमल गालामा चिमोट्दै भन्यो, "कि रिसाकी हौ ? नरिसाउ है नरिसाउ ।" उसले उसको हात पन्छाउँदै रुखो जवाफ दिई, "कुन्नि बेला न कुबेला अर्काकी स्वास्नीलाई कहाँकहाँ छुन परेको हो ? मलाई त मन पर्दैन । कति मात्तिनु परेको हो यो मान्छेलाई देख्नेले के भन्लान् ? म त जान्न अब जंगलसंगल । गए पनि तिमीसँग जान्न । भो जाऊ तिमी । "पञ्चे कालोनीलो भयो । राम्री देखेर आर्काकी स्वास्नीलाई बलजफती हात बढाएकोमा गल्ती भयो जस्तो लाग्यो र भन्यो, "भयो भयो भाउजू । तिमीलाई राम्रो लाग्दैन भने मैले मात्रै बलजफती गरेर हुँदैन । ल त म गएँ । "आफूले गल्ती गरेको महसुस गरी पञ्चे साइकल टिपेर आफ्नो बाटो लाग्यो ।

देवकीले कुन्नि के के सोची । एक्कासि उसको माया पो लागेर आउन थाल्यो । उसँग झर्केर बोलेकोमा पछुतो जस्तो पनि । उसले मनमनै भनी- अरू के गरेको थियो र संधै जस्तै मेरो गाला नै त चिमोटेको हो । मैले पनि त उसको नाक र गाला चिमोटेकी छु कपाल उखलेकी छु । ऊ हत्तपत्त बाहिर निस्केर चिच्याई, "ए पञ्चे बाबु ! रूक है म पनि जान्छु ।" भाँडा पनि नथन्क्याई ऊ नाम्लो हँसिया टिपेर निस्किहाली ।

पञ्चे रूक्यो । ऊ असिनापसिना हुँदै पञ्चे भएको ठाउँमा पुगी र संधै जस्तै देवकी बञ्चरो र हसिया लिएर साइकलको पछाडि बसी ।

गाउँलेहरू सबै जंगल पसिसकेका थिए । बाटोमा देख्ने कोही थिएनन् । बाटोभरि देवकीले पञ्चेलाई असाध्यै माया गरी । कहाँकहाँ छोई के-के भनी । वास्तवमा उसले यतिबेला लोग्नेलाई चटक्कै बिर्सिसकेकी थिई । पञ्चेको मायामा असाध्यै सुखानुभूत गर्दै थिई ।

यो क्रम बढिरहयो । देवकीले लोग्नेलाई तारान्तार फोन गर्दै घर आऊ भन्न छोडी । गाउँलेहरूको गाँइगुँइ हल्लाको दुबैले केही पर्बाह गरेनन् । देवकी उसलाई माया गर्थी । पञ्चे उससँगको गोप्य मायामा चुर्लुम्म थियो । ऊ आफ्नो लागि भन्दा देवकीको लागि दाउराको जोहो गर्न अग्लाअग्ला रुखमा साहसपूर्वक चड्दथ्यो । यतिबेला सबैभन्दा राम्रा दाउराको भारी देवकीको नै हुन थाल्यो । गोपी पनि राम्रा दाउरा पाएकोमा मख्ख थियो । संयोग उसको ओंठमा खुसी भर्न मच्चीमच्ची अग्लाअग्ला रुखमा केही पर्बाह नगरी चढ्दा सालको रुखबाट खसेर पञ्चे ठहरै भयो । आफूलाई अत्यन्त माया गर्ने पञ्चेको मृत्युबाट ऊ अत्यन्त विक्षिप्त भई । तैपनि आफूलाई सम्हाल्दै जंगलको जीवनमा समाहित हुन विवश भई बिचरी । अब उसले पहिला जस्तै दाउरा पाउन छोडी । सकस उस्तै पाई । गोपीले पनि दाउराभन्दा ग्यास सस्तो पर्ने भएकाले दाउरा लिन छोड्यो । उसले लोग्नेलाई पुनःतारन्तार फोन गर्न थाली तर उसले स्वास्नीको भावना बुझ्नै सकेन ।

गाउँको सबैभन्दा पुरानो मान्छे गोरे माहिलो हो । अझ यो गाउँ उसैले बसाएको भन्दा फरक पर्दैन । ऊ बुढौतीको कारण आजभोलि जंगल पस्न छोडेको छ । तापनि दाउरा कुन सिजनमा कहाँ पाइन्छ कुन बाटो भएर जाँदा सजिलै पुगिन्छ उसलाई राम्रै जनकारी छ । ऊ नयाँ पुस्तालाई यो सबै सिकाउँछ पनि । ऊ प्रत्येक दिन जंगलजानेहरूलाई "ए कसैले पोथ्रा नकाट्नु । रुख नछेकाउनु । चुरोट खानेले ख्याल गर्नु है" भनेर सचेत पनि गराउँछ । कसैको भारीमा हरिया लाथ्रा देख्यो भने सके जति गाली गर्छ । उसलाई आफू खेले हुर्केको जंगलको असाध्यै माया छ । तर उसलाई यो पनि थाहा छ सबैको तारो जंगल भएकाले जंगलमा दाउरा पाउन उति सहज छैन । अर्को सबैतिर हाम्रो सामुदायिक र साझेदारी बन भनेर छिसिक्क पाइलो हाल्न दिंदैनन् जंगलका नव रैथानेहरूले । अझ त्यसमाथि वनका कर्मचारी र वनपालेहरू त आफ्नै बाबुको मौजा जस्तै वनको राजा नै ठान्दछन् आफूहरूलाई । वन जोगाउँछौ भन्ने सबैतिरका गरिब सुकुम्बासीका नाम्लो हँसिया र साइकल खोस्दछन् । तस्करसँग भने रातारात साँठगाँठ गरेर ट्रकका ट्रक कता पुर्‍याउँछन् कता । अर्को समस्या बजारका बेपारीहरू सित्तैमा खान खोज्दछन् । दाउराभन्दा ग्यास सस्तो पर्छ रे ! चार सय सोचेर गयो दुई सय भन्दा धेरै कोही दिन खोज्दैन । यो बारेमा गोरे माहिलो बहुतै चिन्तित थियो । संधैभरि दाउरा बेचेर गुजारा चलाउन कठिन हुने हो कि भन्ने विषयमा ऊ अक्सर घोत्लिरहन्थ्यो ।

गोरे माहिलो घरमा नै थियो । कुल्लुको कान्छो छोरो हस्याङ फस्याङ गर्दै, "ए माहिलाबा ए माहिला बा" भन्दै उसको घरमा आइपुग्यो ।

पहिला त ऊ डरायो कोही रुखबाट खसेर केही भइहालेछ कि भनेर । जंगल गएको मान्छे यसरी फर्कनुको मतलब योभन्दा अर्को कारण हुन्छ भन्ने बारेमा कोही सोच्दै सोच्दैनन् । उसले पनि हड्बडाउँदै सोध्यो, "के भयो कान्छा ? कोही रुखबाट त खसेन ?"

उसले श्वास फुलाउँदै भन्यो, "होइन माइलाबा । साइकल त छड्काइहालें । मेरो त नाम्लो र हंसियामात्रै खोस्न भ्याए । अरू सबैका साइकल र मान्छेलाई वनजाँचहरूले गाडीमा राखे । पल्लो गाउँका मालिकहरू पनि थिए । गाउँका मान्छे आज त पक्का आउन पाउँदैनन् । के गर्ने हो गर्नुहोस् माइलाबा । भो माइलाबा अब त म जंगलसंगल जान्न बरू कालापाहाडतिर भारी बोक्न गए ढुक्क । अब दाउर बेचेर घर चलाउँछु भनेर नसोचे हुने भयो । वनजाँचहरूले बन्दुक नै उठाएका गाँठे । पहिला कहिले कहिले यसो थर्काउँथे हँसिया नाम्लो खोस्दथे । यसो दुई चार रूपैयाँ वा कहिले कहिले घरमा बोलाएर घरपाला खुवाए पुग्दथ्यो । यस्तो त आजसम्म देखेकै थिइन । बजारमा पनि कसैले भाउ दिदैन कति हेला गर्छन् कबाडको भाउमा पनि कोही किन्न खोज्दैन ।" यति भनेर ऊ मुसुक्क मुस्कुरायो । सायद साइकल बँचाएर भाग्न सफल भएकोमा गौरव गर्दै थियो ऊ ।

गोरे माहिलो बोल्न खोज्दै थियो । उसलाई बीचैमा रोकेर हाहा हाँस्दै उसले पुनः भन्यो, "हाम्रो बिसे दाइ देवकीलाई खुसी पार्न होला सालको रुखमा चढेर थुर हल्लाउँदै थियो । वनपालेको हातको खानु चुटाइ खायो । उसको त साइकल रुखको फेदमा नै थियो कच्याककुचुक बनाइदिएका छन् । मैले पनि हँसिया बचाउन खोजेको भए कहाँ फुत्कन सक्थें र । है माहिलाबा जाबो हँसियाभन्दा त साइकल नै ठूलो हो नि हैन ?"

साइकल बचाएकोमा कल्लु खुसी देखिए पनि गोरे माहिलाको मनमा ठूलो शंका पैदा भयो । यसै घरमा बसिरहन सकेन ऊ । यो संकटबाट गाउँलेहरूलाई बचाउनुपर्छ भन्ने सोची ऊ सरासर वन कार्यालयतिर लाग्यो । नभन्दै कल्लुले भने जस्तै गाउँलेहरू वनपालेको नियन्त्रणमा रहेछन् । उसले अनुनयविनय गर्‍यो । अहँ उसका कुरा न वनका हाकिमहरूले सुने न सामुदायिक र साझेदारीका ठेकेदारहरूले । गोरेले सोच्यो अब दाउरा बेचेर गुजारा चलाउनेहरूको लागि रहेन जंगल । अन्त्यमा उसले अब आइन्दा सामुदायिक र साझेदारीको नियम विपरीत कोही जंगल पसे त्यसको जिम्मा स्वयंले लिने सर्तमा गाउँलेहरूलाई छुटाउन बाध्य भयो ।

साँझमा गाउँमा बैठक बस्यो । अब के गर्ने ? कसो गर्ने ? कसैले सर्वसम्मत केही निष्कर्ष निकाल्न सकेनन् । कसैले दिल्ली बम्बै जाने मन बनाए । कसैले काला पहाडको चाँजो पाँजो मिलाए । कोही इट्टा भट्टातिर लाग्ने कुरा गर्दै

थिए । त्यहाँ भएको आपसी छलफल सुन्दा लाग्दथ्यो भोलि बिहानसम्म बलियाबाङ्गाविहीन हुन्छ यो गाउँ । यो सुनेर गोरे माहिलो असाध्यै मर्माहात भयो । वर्षौंदेखिको आफ्नो पेशा संकटमा पर्दा दुःख लाग्नु स्वाभाविक त हो तर उसले यो अवस्था आउनुमा आफूहरू वा जंगलका नाइके भनाउँदा को दोषी हो ठम्याउनै सकेन ।

बेरोजगार को बस्ने ? बेलुकाको सल्लाह जस्तै गाउँ क्रमशः बलियाबाङ्गाविहीन भयो ।

देवकीको त लोग्ने काला पहाडमा नै थियो उसलाई लोग्नेको बारेमा चिन्ता भएन । बिचरा धेरै आइमाईको बिचल्ली नै भयो । कतिले के रोजे कतिले के के बाटो अपनाए । लोग्ने घरमा नभएका अनपढ आइमाईहरू धेरै जसो गलत बाटोमा नै लागे ।

गाउँ क्रमशः पहिला जस्तो सफाचट् देखिन छाड्यो । कसैको टाटी उध्रेको छ । कसैको खटिया च्यातिएको छ । रातो माटोले सिनित्त पोतिने घरका भुँइ खण्डहर जस्तै देखिन थालेका छन् । साँच्चै भन्दा गाउँमा पहिला जस्तो शान्ति चैन र सुख छैन । रात अबेरसम्म दारू पानीखानेहरूको एक छत्र शासन हुन्छ गाउँमा । मारपिट, रातभरि जंगलका नव ठेकेदारहरूका गाडी घोडाको चहलपहल । कोही आइमाई कहाँ पुगेका हुन्छन् कोही कहाँ । लोग्नेहरू कालापहाड, दिल्ली, बम्बैतिर यता आइमाईहरूको जीवन उनीहरूको नियन्त्रण र कल्पना बाहिरको हुन थाल्यो । कसैले सोच्न सक्दैन आदत बिग्रेपछि आइमाईहरू कहाँबाट कस्ता हुँदा रहेछन् ।

जंगलको बाटो बन्द भएपछि देवकीले पनि अरूहरूले जस्तै घरपालाको बेपार थाली । घरमा आउनेलाई घरमा नै खुवाउँथी बचेको माल हाटबजार वा बजारका भट्टीमा पुर्‍याइदिन्थी । सुन्दरी थिई यसमाथि यसो बनेर हिड्न थाली । पछेटा लाग्नेहरूको कमी थिएन । उसका ग्राहक थुप्रै भए । उसको रक्सी सबैको भन्दा राम्रो कहलियो । हातमा कम मेहनत सोचेभन्दा धेरै दाम आउन थाल्यो । पहिला कालापहाड फोन गर्नुपर्दा कहिले कसको कहिले कसको मोबाइलको याचना गर्दथी । आजभोलि लोग्नेलाई फोन गर्दिन दाउरा खोज्न सघाउने पञ्चे र बिसेहरू उसको यादमा आउँदै आउँदैनन् गजब हातमा सामसुङको ग्यालक्सी सेट छ । मोटरसाइकलमा बस्नसम्म मन गर्दिन कारवाला हुन्छन् उसको वरिपरि । कति फरक रहेछ संसार । ऊ दाउराको भारी बोकेर यो शहर सयौं पटक ओहोर दोहोर गरिहोली । देखिने मान्छे यिनै हुन् । बाहिरी कारोबारमा खासै अन्तर देख्दिन तर गजब शहरभित्रको शहरिया जीवनमा कति अन्तर । आँखाभन्दा धेरै फरक रहेछ सहरको जीवन । बाहिर एउटा रूपमा सम्मानित मान्छे भित्री शहर पसेपछि कस्तो रूप देखाउँदो रहेछ । उसले बुझ्दै छे बाहिर

देखिने र भित्र लुकेको मान्छेबीचको अन्तर । वास्तवमा उसलाई यो दारूको कारोबारले कहाँबाट कल्पना नै नगरेको कुन दुनियामा पुऱ्यायो । उसले आज भोलि बुझ्दैछे दाउरा र दारूको कारोबारको फरक । उसलाई आजभोलि काला पहाडको भरिया जुनबहादुर आफ्नो लोग्ने हो जस्तो लाग्दै लाग्दैन न आफूलाई सुकुम्बासी टोलको कुनै गरिबकी छोरी हुँ जस्तो लाग्छ ।

दिन बित्दै गए । देवकीले जीवनका बुझ्न बाँकी धेरै पाटाहरू बुझी । शहरको भित्री जीवनका अनौठा-अनौठा अन्तरंगमा क्रमशः प्रवेश गरी । आजभोलि घरपाला बनाउँदिन न उसलाई घरपालाको स्वाद नै मन पर्छ न यो झुपरपट्टीमा बस्ने मन नै छ ।

उसले गाउँ छोडी । उनै वनका नव ठेकेदारहरूले उसलाई शहरमा कोठाको व्यवस्था मिलाइदिए । उसको कोठामा गाउँका अरू दिदीबहिनीहरूको अवतजावत जस्तै जीवनमा अनौठो परिवर्तन आउन थाल्यो । त्यही गाउँका लोग्ने मान्छेहरू कालापहाड, दिल्ली बम्बैका भरिया । आइमाईहरूले आफूहरू उही गाउँका हौं र ती लोग्ने मान्छेका स्वास्नी बहिनी हौ भन्ने पनि बिर्सन थाले ।

उनीहरूले पहिलाभन्दा मिठो खाए होलान् । राम्रो लगाए होलान् । पैसाको कमी कमैलाई महसुस भयो होला तर यसपछिका दिनमा त्यो सुकुम्बासी बस्तीमा कुनै सुख, शान्ति र चैन फर्कदै फर्केन ।

कस्तो दुखद् विषमता ! दिल्ली बम्बै पसेका केटाहरूले के-के यौनरोग भित्र्याएर हाहाकार मच्चेको छ गाउँमा । शहर पसेका आइमाईहरू रेष्टुराँ र डान्सबारमा मात्तेका मान्छेहरूसँग मस्त छन् । यथार्थभन्दा यतिबेला जंगलकिनारको यो सुकुम्बासी बस्ती दिल्ली बम्बैका कुल्ली र शहरका क्याविन रेष्टुराँ र डान्सबारको लागि राम्रा राम्रा आइमाईहरू उत्पादन गर्ने ब्याडमा परिणत भएको छ । जुनबहादुरले कालापहाडको नाम्लो डोको छोडेको छैन देवकी यो सबै चाजोपाजो मिलाउने अगुवा भएकी छे ।

आइमाईहरूको कारणले गाउँको नाम चारैतिर फैलियो । बम्बै दिल्ली र कलापहाड पस्नेहरूको अत्तोपत्तो छैन । गोरे माहिलो जंगलतिर हेर्छ उसका आँखा जंगलको सीमानासम्म पुग्दैपुग्दैनन् । कहाँ उजुर गर्ने ? उसका कुरा कस्ले सुन्ने ? न जंगल बच्यो न गाउँको सुखी जीवन नै । ऊ मनमनै गुन्दछ आफ्नो छोरोलाई त अर्कै केटी हेर भन्छु तर सोझो जुनबहादुरले पक्का ए ! माहिलाबा देवकी खोइ ? भनेर सोध्छ । देवकी तेरी स्वस्नी होइन भन्न सक्दैन ऊ तर अब कहाँ देखाउने ? ऊसँग जबाफ छैन ।

ooo

# बुद्धिजीवीको गति

✍ **पद्मप्रसाद शर्मा**
**घोराही-९, दाङ**

केही समय यता बुद्धिजीवी भन्ने शब्द निकै सुन्न पाइन्छ । बुद्धिजीवी शब्द आफैमा गहन शब्द हो । जो व्यक्तिले आफ्नो बुद्धिबाट आफ्नो जीवननिर्वाह गरेको हुन्छ त्यो व्यक्ति बुद्धिजीवी वा विद्वान् भनेर जान्न सकिन्छ । हरेक वस्तुलाई विश्लेषण गरेर हेर्ने बुझ्ने काम बुद्धिजीवीको हो । आफ्नो बुद्धिले अरूलाई राम्ररी प्रभाव पार्न सक्ने र आफ्नो जीवन आफ्नै बुद्धिबाट धानेको व्यक्ति वास्तवमा बुद्धिजीवी हो । यसलाई ठोस रूपमा भन्नु पर्दा बौद्धिक काम गरेर जीवन चलाउने व्यक्ति नै बुद्धिजीवी हो भनिन्छ । यसका बारेमा योभन्दा लामो छलफल चाहिन्छ जस्तो लाग्दैन ।

हाम्रो समाजका कतिपय मानिसले शारीरिक श्रम गरेर जीवन धानेका हुन्छन् भने अर्को थरीकाले शारीरिक श्रम र बौद्धिक श्रम अर्थात् काम गरेर जीवन धानेका हुन्छन् । झन् अर्कोथरी बौद्धिक काम गरेर मात्र जीवन चलाउने खालका हुन्छन् । केही कदम अलिक पर गएर हेर्ने हो भने अर्को एक थरी मानिसहरू भिक्षा मागेर पनि जीवन धान्ने खालका हुन्छन् । भिक्षा लिनेहरूमध्येमा दुई थरीका मानिसहरू हुने गर्दछन् । एकथरी योगीहरू अर्थात् योग धारण गरेका र घरगृहस्थी त्यागेर हिंडेकाहरूले भिक्षाटन गर्दछन् भने अर्को थरी विभिन्न कारणले शारीरिक कार्य र बौद्धिक कार्य गर्न नसक्ने र बौद्धिक क्षमता पनि नभएकाहरूले भिक्षा मागेर जीवन निर्वाह गर्ने गर्दछन् । अरूसँग भिक्षा लिएर जीवन धान्नेहरू मध्येमा योग धारण गरेका र घरगृहस्थी त्यागेर हिंडेकाहरूको भिक्षाटन स्वाभाविक मानिन्छ । यस्ता व्यक्तिहरू घरघरमा पुगेर अलख जगाएर भिक्षा लिने र जीवन चलाउने गर्दछन् । विभिन्न कारण आर्थिक जोहो गर्न नसकेका र शारीरिक श्रमसमेत गर्न नसकेकाहरूलाई भिक्षा लिने कार्यमा लाग्नुभन्दा पनि उनीहरूको लागि नागरिकको हैसियतले राज्यबाट दिने सुविधा दिनुपर्दछ । उनीहरूको जीवन निर्वाहको लागि केही सुलभ व्यवस्था सरकारबाट मिलाउन सक्नुपर्दछ । योगधारण गरेकाहरू हरेक घरबाट भिक्षा लिने गर्दछन् । उनीहरूमध्ये कतिले योग साधनाका बारेमा पनि जनचेतना फैलाउन सक्छन् । उनीहरू शारीरिक रूपले त्यस्तो दुर्बल देखिदैनन् । जीवन धान्ने उनीहरूको मार्ग त्यही हो । उनीहरूका लागि सरकारले व्यवस्था गरेर पनि हुँदैन जस्तो लाग्दछ । हुन त सबै योगधारण गरेकाहरू भिक्षाटन गर्दैनन् । कतिपय मठ मन्दिरमा बस्ने त्यहीं न्यास ध्यान गर्ने र मठ मन्दिरमा केही कार्यमा समावेश हुने गर्दछन् ।

हाम्रा कतिपय मठमन्दिरहरूमा नियमित पूजाआजा हुने गर्दछन् । जहाँ नियमित पूजाआजा हुने गर्दछन् त्यस स्थानमा जीवन धान्न त्यति गाह्रो हुँदैन त्यहाँ आयस्रेतको कुनै न कुनै व्यवस्था रहेको हुन्छ । केही योगीहरू मठ मन्दिरमा बसे पनि भिक्षाटनबाट आफ्नो जीवन गुजारा गर्दछन् । जीवन धान्ने विभिन्न माध्यम रहने हुनाले हाम्रो समाजका धेरै थरीका मानिसहरू देखापर्दछन् । उनीहरू विभिन्न मार्गबाट आफ्नो जीवन चलाउने गर्दछन् ।

आजको हाम्रो विषयवस्तु बुद्धिजीवीहरूको जीवन धान्ने तरिका र उनीहरूका कार्यकलापको बारेमा छलफल गर्ने रहेकाले केही शब्दहरू यसतर्फ कोर्ने जमर्को गरिएको छ । शारीरिक रूपले अशक्त भएकाहरू पनि बौद्धिक काम गर्न सक्ने खालका हुन्छन् । हामीले हाम्रो समाजमा यस्ता व्यक्तिहरूको संख्या केही पाउन सक्छौं । शारीरिक रूपले सबल भएकाहरूमा पनि शारीरिक श्रम गर्नसक्ने र बौद्धिक श्रम गर्नसक्ने खालका हुन्छन् भने शारीरिक रूपले सबल नभएकाहरू क्षमताअनुसार बौद्धिक श्रम मात्र गर्न सक्दछन् । कतिपय आफ्नो जीवन धान्ने आधार पनि नभएका र बौद्धिक क्षमता पनि कम भएकाहरू या त सामान्य शारीरिक श्रममा भर पर्दछन् या त भिक्षाटनमा रहेर जीवन धानेका हुन्छन् । यस्ता खालका व्यक्तिहरू पनि दुई थरीका हुन्छन् एक थरी घर घरमा पुगेर भिक्षा माग्छन् भने अर्कोथरी कुनै निश्चित स्थानमा बसेर गीत संगीत वा अन्य कुनै अनुनयविनयका शब्दहरू प्रयोग गरेर भिक्षाका लागि हात पसारेर बस्ने गरेको देख्न सकिन्छ ।

जसले बौद्धिक श्रम गर्दछ त्यसले शारीरिक श्रम कम गर्दछ । बौद्धिक श्रम गर्नेहरू लेख्ने र बोल्ने गरेर वा कुनै चित्र संकेत आदिका माध्यमबाट आफ्नो जीवन चलाउने गर्दछन् । यस्ता खालका मानिसबाट हाम्रो समाजका व्यक्तिहरू धेरैले धेरै अपेक्षा गरेका हुन्छन् । कतिपय बोल्ने लेख्नेहरूले धेरैको चित्त बुझाएका हुन्छन् भने कतिले खासै चित्त बुझाउन सकेका हुँदैनन् । चित्त बुझाउन सक्नु उनीहरूको महानता हो । यसलाई सारमा भन्दा के भन्न सकिन्छ भने धेरैलाई माया गरेर धेरैको रक्षा गर्न जान्ने मानिस बुद्धिजीवी हो । त्यस्ता व्यक्तिहरू व्यवहारमा कुशल हुन्छन् । बोलीमा नम्रता भएका हुन्छन् । अरूको डाह नगर्ने, आत्मसंयमित हुन्छन् । आफ्नो बुद्धिको प्रयोग कहाँ कसरी गर्ने भन्ने कुरा समयमा बुझेर लेखर वा बोलेर व्यक्त गर्नेहरूले वास्तवमा आफू बुद्धिजीवी भएको प्रमाण दिन सक्छन् । समय चिन्न सक्ने र समयको विश्लेषण गर्न सक्नेहरू वास्तवमा बौद्धिक श्रम गर्ने कोटिमा पर्दछन् ।

हाम्रो समाजमा बौद्धिक कार्य गर्न सक्नेहरूको संख्या अलिक थोरै छ । जसले समय बुझेर जनहित र राज्यहितमा प्रयोग गर्न सक्दछन् उनीहरूलाई वास्तविक बौद्धिकवर्ग मान्न सकिन्छ । बौद्धिक क्षमता भएकाहरूले आफ्नो जीवन

चलाउनमा मात्र सीमित रहँदैनन् । उनीहरू त राज्यराज्यको बीचमा सम्बन्ध गाँस्नेदेखि लिएर एकै मुलुकका नागरिकहरूलाई पनि जोडन सक्दछन् । उनीहरूले एकप्रकारको सुविचार दिन सक्छन् । यस्ता सुविचारहरूले धेरैलाई गोलबन्द गर्न सक्दछन् । हुन त आज बौद्धिक हतियार प्रयोग गरेर जन परिचालन गर्नेहरूको संख्या निकै कम छ । यसरी हेर्दा विचारमा कता-कता खिया लागेको जस्तो पाइन्छ । बौद्धिक श्रम गर्नेहरूले नागरिकलाई गोलबन्द गर्न सक्नु पर्ने हो तर यस मामलामा हाम्रा बुद्धिजीवीको क्षमता अलि कम देखिन्छ । यसतर्फ ध्यान बढाउन सक्नुपर्ने थियो । जुन कुरा मुलुकका लागि अति आवश्यक कुरा रहेछ । यसतर्फ ध्यान पुगेन या ध्यान दिइएन । त्यसैले यो अलिक विश्लेषण गर्नुपर्ने विषय बनेको छ ।

बुद्धिजीवीहरूले आफ्नो विचार अरूको हितमा प्रयोग गर्नुपर्दछ । जति शक्ति लगाएर बुद्धिको प्रयोग गरिन्छ त्यतिकै मात्रामा अरूको हित भएको देखा पर्नु पर्दछ । बुद्धिजीवीहरूको अरूको अहितको एउटा मात्र शब्द पनि प्रयोग गर्नु हुँदैन । यदि बुद्धिजीवी भन्नेहरूले कसैको चित्तमा चोट दिए भने त्यो अपराध हुन जान्छ । बुद्धिजीवीहरूका आफ्ना कुनै पनि समस्या हुँदैनन् भन्ने होइन । उनीहरूका पनि तमाम समस्या हुन सक्छन् । समस्याबाट आत्तिने, तात्तिने र मात्तिने केही पनि गर्नु हुँदैन । आत्तिने, तात्तिने र मात्तिने कुराले बुद्धिजीवीहरूलाई शोभा दिदैन । आफ्ना समस्याहरूलाई ठीक ढंगले विश्लेषण गर्ने र त्यही अनुरूप समाधान गर्न लगाउने गर्नु बुद्धिजीवीहरूको एउटा राम्रो संकेत पनि हो । बुद्धिजीवीहरू आफू मात्र उचाइमा नभएर आम नागरिकको साथमा देख्न जान्नुपर्दछ । अर्को जुनसुकै व्यक्ति होस् उसको अत्यन्त ठूलो सम्मान गर्न जान्नुपर्दछ । नागरिकभन्दा उचाइमा देख्ने र अरूको सम्मान पनि नजान्नेहरूलाई ढोंगी बुद्धिजीवीको संज्ञा दिने गरिन्छ ।

जसरी किसानले सारालाई ज्यान बचाउने वस्तु उत्पादन गर्छ अनि घरघरमा पुर्‍याउँछ । त्यसबाट हरेकले आफ्नो पेटको समस्या समाधान गरेको हुन्छ । मजदूरले आफ्नो श्रमले वस्तु उत्पादनदेखि निर्माणसम्म गरेको हुन्छ । उसको सहयोगले किसानले उत्पादन गरेको वस्तुलाई असली माल बनाउनेसम्मको काम भएको छ । मानिसका हरेक आवश्यकताहरू उसले पूरा गर्न सघाएको छ । यी दुबै थरीले व्यवहारलाई धानेका छन् । यस्तै बुद्धिजीवीले सिद्धान्त तयार गर्ने योजना बनाउनेदेखि लिएर सम्पन्न गर्नेसम्मका कार्यलाई आफ्नो प्राथमिकतामा राखेर काम गर्नुपर्दछ । उनीहरूले यसको सदुपयोग गर्न सकेनन् वा जानेनन् भने नामको मात्र बुद्धिजीवी बन्न पुगिन्छ । एउटा गाई छ जो ब्याउँदैन । एउटा राम्रो खेत छ जहाँ खेती हुँदैन, एउटा किसान छ जसले कृषि कार्यमा जाँगर लगाउँदैन, एउटा मजदूर छ जसले आफ्ना पाखुरा चलाउन कन्जुस्याइ गर्छ, एउटा शिक्षक छ जसले आफ्नो जागिरलाई काँचो भ्यागुतो जस्तो घिन मानेर

खाइरहेको छ । एउटा बुद्धिजीवी छ जसले राज्य र नागरिकको हितमा सही दिशा दिन सकेको छैन । अब भन्नुहोस् यी सबैको के काम छ ? काम हुनका लागि गाई ब्याएको वा दूध दिएको हुनुपर्दछ । किसानले उत्पादनमा जाँगर चलाएको हुनुपर्दछ । मजदूरले आफ्ना पाखुरा बजारेर उत्पादनमा टेवा दिएको हुनुपर्दछ । शिक्षक जसले ऊर्जावान् नागरिक उत्पादनका लागि आफ्नो क्षमता भरपूर प्रयोग गरेको हुनुपर्दछ । यी सबैलाई प्रभाव पार्ने गरी शिक्षण सिकाइ गरेको हुनुपर्दछ । जागिर खाएर काँचो भ्यागुतो ठान्नु हुँदैन । यस्तै बुद्धिजीवीले पनि यी सबैलाई प्रभाव पार्ने गरी कार्य गर्नु आफ्नो कर्तव्य हो भन्ने सम्झनुपर्दछ । बुद्धिजीवीले सबैको लागि हितकर कार्य र नीति तयार पार्न सक्ने भएकाले अरूको भन्दा उसको जिम्मेवारी बढ्ता हुन्छ भन्ने कुरा सम्झनुपर्दछ । यस्तो कुरा ठानिएन वा आफ्नो कर्तव्यबोध नभएकाहरूलाई नामको बुद्धिजीवी उपनाम दिए फरक पर्दैन । उसको गति सधै उचाइतर्फको हुनुपर्दछ, अधोगति होइन ।

०००


# कफी कृषकवर्गमा अनुरोध

- ❑ नेपालको कफीले अर्गानिकको नाम कमाएकोले रासायनिक मल तथा रासायनिक विषादिको प्रयोग नगर्ने ।
- ❑ रासायनिक मलको सट्टा प्राङ्गारिक मल र रासायनिक विषादिको सट्टा झोल मल र वनस्पतिजन्य विषादि प्रयोग गर्ने ।
- ❑ वोर्डो मिश्रण वर्षमा कम्तीमा ३ पटक छर्ने ।
  १. वर्षा सुरू हुनुपूर्व, २. वर्षा सकिने बित्तिकै ३. जाडो याम सुरू हुनुपूर्व र थप आवश्यकताअनुसार
- ❑ अन्तिम पटक फल र चेरी टिपिसकेपछि पहिलो काटछाँट गर्ने ।
- ❑ चैत्र वैशाखमा आउने अनावश्यक सकर (मूल काण्डबाट पलाउने) हाँगा मुना हटाउने ।
- ❑ २ देखि ३ वर्षसम्मको बिरूवालाई पुष माघ जस्तो अत्यधिक चिसोको समयमा चिसोबाट बचाउन स्थानीय ग्रिन एग्रोनेट अथवा स्थानीय स्तरमा पाइने घाँस तथा बिरूवाको हाँगा काटी छोप्ने ।

**कफी विकास केन्द्र, गुल्मी**

# म को हुँ

✍ **अनाम आचार्य**
**थापाथली, काठमाडौं**

म को हुँ कहाँबाट आएँ जगत्मा ?
धकेल्ने यहाँ को छ त्यो लौ मफत्मा ?
लिई हात रित्तै म आएँ कसोरी ?
म जान्छु कहाँ? हात रित्तै गराई ॥१॥

छ को त्यो मलाई यहाँ श्वास भर्ने ?
छ के ध्येय त्यस्को मलाई हिंडाल्ने ?
भरयो प्राण कस्ले ममा के विचारी ?
बताऊ न साथी छ के खै चिनारी ? ॥२॥

म बोल्छु कसोरी ? म हिंड्छु कसोरी ?
म देख्छु कसोरी ? म सुन्छु कसोरी ?
कहाँबाट निस्कन्छ ? ऊर्जा अचम्म !
कसोरी म नाच्छु यहाँ छम्म-छम्म ? ॥३॥

यो पुत्लासरि देहमा भित्र के छ ?
ध्वनि, तेज, गन्ध, रस, स्पर्श काँ छ ?
कहाँ अड्छ वायु ? कहाँ बस्छ प्राण ?
बताऊ न साथी कहाँ हुन्छ ज्यान ? ॥४॥

यो धोक्रोसरि देहमा भित्र के छ ?
छ बोक्रो छुँदा भित्र को गर्जंदो छ ?
कहाँबाट निस्कन्छ बोली फरर्र ?
अचम्मै छ जादू गुदीभित्र के छ ? ॥५॥

न हूँ हातखुट्टा न हूँ नाक, कान
न हूँ चक्षु, जिभ्रो, न हूँ टाउको म ।
न छाती, न कन्धा, म बस्छु कहाँ हँ ?
बताऊ न साथी हराएँ कहाँ म ? ॥६॥

हरायो कहाँ त्यो मिठो बाल्यकाल ?
बिलायो कहाँ त्यो युवा, प्रौढकाल ?

बितेको कथा, काल सम्झन्छ कस्ले ?
छ साक्षी कहाँ बस्छ ? के गर्छ त्यस्ले ? ।।७।।

थियो पूर्व के को जुनी थाह छैन
थिएँ मानिसै वा पशु वा अरू म ।
पढूँ जे जति चेत खुल्दैन केही
छ आश्चर्य लाग्दो कहाँ पुग्छु फेरि ? ।।८।।

म को हुँ ? मलाई भयो चिन्न गाह्रो
म देही हुँ वा देह हुँ भो पसारो ।
म छामिन्न छामेर, देखिन्न कत्ति
चिनाऊ न साथी म के हुँ नढाँटी ।।९।।

कहाँ पुग्छु घुम्दै कहाँ लिन्छु जन्म ?
कहाँ मिल्छ विश्रान्ति ? क्यै थाह छैन ।
म यात्रु, फिरन्ता कति कोश धाऊँ ?
अविश्रान्त यात्रा कसोरी बिसाऊँ ।।१०।।

भएँ श्रान्त, विक्षुब्ध, विक्षिप्त आज
नचिन्दा स्वयंलाई भो लौ फसाद ।
पढूँ जे जति ज्ञान खुल्दैन केही
हिंडूँ जे जति मार्ग छोटिन्न केही ।।११।।

०००


सिसा, प्लाइबोर्ड, टेबल, कुर्सी, कार्पेट, पर्दा, झ्याल, ढोका लगायत फर्निसिङ्ग तथा होम डेकोरसम्बन्धी सम्पूर्ण सामानहरू सुपथ मूल्यमा चाहिंदा हामीलाई सम्झनुहोस् ।

**श्रीकृष्ण इन्टरप्राइजेज**

**रेसुङ्गा नगरपालिका-१, पुतलीबजार, गुल्मी**

**प्रो. कृष्णबहादुर चुदारा (सम्पर्क नं. ९८५७०६१७८४)**

# ढुङ्गासँग वार्तालाप

✍ **दीन पन्थी**
**तम्घास, गुल्मी**

म रुँदै थिएँ एकान्तमा
ढुङ्गाले सोध्यो मलाई
तिमी किन रुन्छौ भाइ ?
मैले भनें-चित्त दुखेर
ढुङ्गाले सोध्यो - तिम्रो चित्त कहाँ छ ?
मैले छातीको बायाँतिर देखाउँदै भने-
यी : यहाँ छ ।
ढुङ्गाले भन्यो - मेरो त चित्त छैन
दुख्दा पनि दुख्दैन ।

ooo

**नगरवासीमा हार्दिक अनुरोध !**

- जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं ।
- कर तिरौं, सभ्य नागरिकको पहिचान दिऔं, समृद्ध गाउँपालिका बनाउने अभियानमा टेवा पुरचाऔं ।
- हरेक कामलाई पारदर्शी बनाऔं, भ्रष्ट्राचारमुक्त अभियानलाई सफल बनाऔं ।
- लैङ्गिक हिंसा, बालश्रमशोषण जस्ता सामाजिक विकृतिको अन्त्य गरौं, २० वर्ष उमेर पुगेपछि मात्रै विवाह गरौं ।

अनुरोधक
**बारबिसे नगरपालिका**
सिन्धुपाल्चोक

**उपभोक्तावर्गमा अनुरोध**

पानी जीवन हो, यसको उचित सदुपयोग गरौं ।
अरूलाई पनि पानीको आवश्यकता पर्दछ-त्यसैले थोपा पनि खेर नफालौं ।
पानी जम्मा गरेर प्रयोग गर्ने बानी बसालौं ।
पानीको चुहावट नियन्त्रणमा समितिलाई सहयोग गरौं ।

**तम्घास बृहत् खानेपानी उपभोक्ता समिति**
रेसुङ्गा नगरपालिका-१, तम्घास, गुल्मी

# व्यापारिक ढङ्ग

✍ अरुणबहादुर खत्री "नदी"
सामाखुसी मार्ग, सरकारी धारा, काठमाडौं

ठेलागाडामा गोलभेंडा बेच्दै गरेको व्यापारीले उसले चिनेका ग्राहकहरूलाई बोलाउदै भन्यो "गोलभेंडाको भाउ आज घटेर आएको छ किलोको चालीस रूपैंया मात्र । एकदुई दिनमा फेरि गोलभेंडाको भाउ बढ्ने भएको छ । "उसले त्यसो भनेपछि चिनेका ग्राहकहरूले गोलभेंडा किनेर लगे । उसको गोलभेडा छिटै नै बिक्यो ।

दुई दिनपछि गोलभेडाको भाउ चालीस रूपैयाँबाट घटेर किलोको पैंतीस रूपैयाँमा झर्‍यो । उसँग गोलभेडा किनेर लगेका ग्राहकहरूले "ठेलागाडामा गोलभेडा बेच्न राखेको व्यापारीले हामीलाई झुठो कुरा गर्‍यो नि गोलभेडाको भाउ बढ्ने भएको छ भनेर । आजबाट गोलभेडाको भाउ किलोको पाँच रूपैंया घटेर आयो । ऊसँग गोलभेडा धेरै किनेर हामीलाई नोक्सान पो भयो नि ।"

ooo



# निबन्धकार रह शर्मा र उनको 'विभावना' निबन्धसङ्ग्रहको सर्वेक्षण

✍ **पूर्णप्रसाद अधिकारी**
**भरतपुर, चितवन**

## १. परिचय

शशिकिरण रेग्मी उर्फ रह शर्मा (साहित्यिक नाम) । २००९ साल मंसिर ८ गते लमजुङ, अलैंचेको जन्म, २०१७ सालपछि चितवनमा बसाइ-सराइ, स्नातकसम्मको शिक्षा र त्रि.वि. लेखा अधिकृत पदबाट अवकाश, अनेकौं सामाजिक संस्थाहरूसँगको संलग्नता, कविता, गीत, बालसाहित्य, उपन्यास, चिन्तनपरस्त लेख, यात्रासंस्मरणका साहित्य सिर्जना र विदेश भ्रमणको अभिरुचिका क्रममा चार पटकसम्म अमेरिका यात्रा उनको भौतिक पहिचान हो । प्रायः विदेश भ्रमण गरिरहने अवकाशप्राप्त जीवनको रोमाञ्चक यात्रा, आडम्बरहीन शालीन अभिव्यक्ति, सरल र सम्प्रेष्य भाषा, लघु आयतनका निबन्धलेखन, समसामयिक विषयसामग्रीको प्रस्तुति प्रायः स्थानीय साप्ताहिक र दैनिक पत्रिकामा प्रकाशनको अभिरुचि, उनको साहित्यिक जागरण हो । हालसम्म प्रकाशित कृतिहरूमध्ये पाताल प्रवास अमेरिकाकेन्द्रित दुःखान्त आख्यानको उदाहरणीय कृति इप्सान्त उपन्यास चर्चित डायस्पोरिक आख्यान मानिएको छ ।

उनको २०७८ वैशाखमा प्रकाशित विभावना निबन्ध विधा भईकन पनि देवकोटाका शब्दमा 'विभिन्नताको मोजी मसाला' बनेको छ । यसभित्र दृष्टिकोणमा १०, संस्मरण ११, विसङ्गति ११, अनुभूतिका १० गरी ४२ वटा मझौला आयतनका निबन्धहरू सङ्गृहीत छन् । डिमाइ साइजको यो पुस्तकमा आवरणबाहेक अगणनीय पृष्ठ १२ छन् भने गणनीय १६० रहेका छन् । समयसापेक्ष रूपान्तरणमा विश्वास गर्ने कर्मशीलहरूका प्रति समर्पण गरिएको छ । बी.एन. संसार प्रा.लि., काठमाडौं प्रकाशक र सर्वाधिकार लेखकमा रहेको यस कृतिमा डा. अमर गिरीको भूमिकासँगै लेखकको लेखकीयबाट कृतिलाई पूर्णता दिने कार्य भएको छ । यो रह शर्माको १२ औं कृति हो । पुस्तकभित्रका सामग्रीलाई डा. गिरीले विद्वत्तापूर्ण सारसमीक्षा गरेकोमा टिप्पणी गर्ने ठाउँ छैन भने लेखकीय गृहित विषयसँगै लेखकीय चेतनाको रचानागर्भ माथिको टिप्पणी छ । यसभित्रका समग्र सामग्रीको सतही विवचेना निम्नानुसार रहेको छ :-

## २.'विभावना' निबन्धसङ्ग्रहभित्रको अन्तर्वस्तु

कारणविना कार्यको उत्पत्ति वर्णन गर्दा मानिएको अलङ्कार भन्ने अर्थ संस्कृत-नेपाली शब्दकोशका लेखक विद्वत्शिरोमणि कुलचन्द्र गौतमको शाब्दिक व्याख्या

छ तर त्यसभन्दा विशिष्ट अर्थद्योतन गर्ने स्थिति संस्कृत हिन्दीकोश वामन शिवराम आप्टेको छ । उनको यो कोश शब्दकोशको इन्साइक्लोपीडिया पनि हो । जसअनुसार यो नामवाचक शब्द भए पनि (वि+भू+णिच्+ल्युट्) स्पष्ट प्रत्यक्ष ज्ञान या निश्चय, विवेक, निर्णय, विचार, विमर्श, गवेषण, परीक्षा, प्रत्यय, कल्पना, ना. (आलंमा) एउटा अलङ्कार जसमा विना कारण कार्य हुने कुराको वर्णन गरिन्छ । राजशेखर पनि आफ्नो काव्य मीमांसा नामक ग्रन्थमा (क्रियायाप्रतिषेधे ऽ पि फलव्यक्तिर्विभावना) भनेका छन् । यसरी यो शब्दले वहन गर्ने अर्थ भनेको विशिष्टताको प्रतिबिम्ब नै हो- विभावना ।

## खण्ड एक : दृष्टिकोण

यसभित्र १० वटा सामग्रीहरू रहेका छन् । विचारमा परिवर्तनअन्तर्गत तीन पृष्ठको आयतन रहेको छ । यसभित्रका केही निबन्धहरू स्थानीय पत्रिकाहरूमा पूर्व प्रकाशित पनि छन् । यी सबैको रचना वर्ष मिति २०६७ देखि २०७६ का बीचको छ । यसभित्र आफ्नो मौलिक दृष्टिकोणमा विश्वास गर्नु, परम्परागत कुसंस्कारहरूको विरोधी हुनु, आफू प्रगतिशील भए पनि अन्धभक्त नभएर वस्तुनिष्ठ वैज्ञानिक दृष्टिकोणमा विश्वास गर्नु, मूर्तिपूजा र मन्दिरको आराधनाभन्दा प्राकृतिक सत्य र पञ्चतत्त्वमा विश्वास गर्नु, पुनर्जन्म र जादूटुना वा अतिमानवीय तत्त्वको विरोधी भई पुरातन, पाखण्डी संस्कार विरोधी रही भौतिक पुनःनिर्माण र सामाजिक रूपान्तरणको मार्गचित्रमा विश्वास गर्नु आदि विषय सामग्री यसमा आएका छन् । राजनीति, मानवता र विभेदमा मान्छे सर्वश्रेष्ठ प्राणी भएको जिकिर गर्दै उसले गर्ने गरेको मानवीय व्यवहारप्रति लेखकको आपत्ति छ । सबै क्षेत्रमा राजनीतिक दलको भागबण्डा हुनु, जागिरदार व्यक्तिहरूको असमान उमेरहद भएकोमा आपत्ति जनाउँदै सम्पूर्ण राष्ट्रसेवकहरूमा अवकाश उमेर एउटै हुनुपर्ने कुराको जिकीर गर्नु, अन्यत्र योग्यता आवश्यक हुने तर राजनीतिमा योग्यता र उमेरहदको आवश्यकता नहुनु, ज्येष्ठ नागरिक र वयोवृद्धाहरूले राजनीतिबाट सन्यास लिई त्यो उत्तरदायित्व युवापुस्तामा छोडिदिनु पर्ने मत व्यक्त गर्नु, नेपालका केही गाउँपालिकामा ८० वर्षदेखि ९८ वर्षसम्मका वडाध्यक्षको नेतृत्व गरेको सूचनापरक सामग्रीदेखि राजनीति गर्न पनि निश्चित योग्यता र मापदण्डका बीच युवापुस्ता कर्मशील बन्नुपर्दछ भन्ने सन्देश दिनु यसको सार हो । मानवता र प्रवृत्तिमा सर्वश्रेष्ठ मानिने मानवजातिको असमान व्यवहार, झै-झगडा, जातीय विभेद, सत्य र न्यायको बलात्कार, सामन्ती चरित्र, धर्म र संस्कृति, पाखण्डी प्रलाप, अधिकार तथा कर्तव्य बिर्सने, अहङ्कार तथा मपाइँवादी चरित्र कहिल्यै पनि मानवतावदी प्रवृत्तिको मार्गचित्र बन्न सक्दैन, समानता, स्वतन्त्रता र विश्वबन्धुत्वको भावना नै मानवतावादको मूल मन्त्र हो भन्ने सन्देशका रूपमा यसलाई लिन सकिन्छ । संस्कार-संस्कृतिमा बाबाआमाले आफ्ना सन्तानलाई असल आचरण, वैज्ञानिक सोच, वस्तुगत र धरातलीय

यथार्थको चित्रणमा शिक्षा दिन सकियो भने असल नागरिक बनाउन सकिन्छ भन्ने सोचलाई महत्त्व दिँदै सन् १९९२ को बाबरी मस्जिद भत्काएपछि भड्किएको हिन्दू-मुस्लिम दङ्गा सन् २०१३ मा भारतको उत्तराखण्डमा आएको प्राकृतिक विपत्ति, २०७२ सालको नेपालको महाभूकम्पका दृष्टान्तका साथै अग्रगामी पुस्तालाई परिवर्तनकारी, युगसापेक्ष रूपमा रूपान्तरण गर्नुपर्दछ भन्ने उद्देश्य यसमा निहीत छ । मानिसभित्र सर्वश्रेष्ठ जाति भनिएको यो जन्तुले अकल्पनीय र निन्दनीय काम गर्ने कुराको वृत्तान्त सुन्नु, सर्वगुणसम्पन्न भईकन पनि अविवेकी बन्नु, अधर्मी, कुकर्मी र हिंस्रक बन्दै जानु, पारदर्शी र निरक्षिर विवेकी नहुनु, अदृश्य र स्वैरकाल्पनिक शक्तिमा विश्वास गर्नु, स्वर्ग, नर्क र ईश्वरलाई कोरा कल्पना ठान्नु, उन्नतशील, विवेकवान् र वस्तुनिष्ठ वैज्ञानिक चिन्तनले उक्त मान्छे नै सभ्य मान्छे हो भन्ने सार हुनु यसको विशेषता हो ।

**निष्पक्ष समाज** २०७४ सालमा रचना गरिएको निबन्ध विशेषगरी २०७४ कै निर्वाचनताका नारायणकाजी र डा.बाबुराम भट्टराईको संसदीय चुनावी बहस र भट्टराई प्रधानमन्त्री हुँदा भएका विचलनसँगै आफूलाई बुद्धिजीवी भनिने राजनीतिज्ञहरूको बौद्धिक दुर्बलता, सङ्कीर्णता र राजनैतिक संस्कारविहीन चरित्रलाई विश्लेषण गर्ने सन्दर्भका साथ यो चिन्तनपरक सामग्री आएको छ । **निवृत्तको मापदण्ड**मा २०७६ सालमा रचना भएको र पूर्वप्रकाशित सामग्री हुनु, समाजलाई सम्पूर्ण तह र तप्काका मान्छे जागिरे, राजनीतिज्ञ, समाजसेवी, व्यापारी सबैलाई उमेरहद ७० वर्षभन्दा मुनि नै हुनुपर्ने सोच राख्नु मान्छेको उमेरसँगै संस्मरण, चिन्तनलगायतका शारीरिक र मानसिक ऊर्जा ह्रासोन्मुख हुने गरेका कारण राजनीति र प्रशासन संयन्त्रमा निवृत्तको राष्ट्रिय मापदण्ड कायम हुनुपर्ने भन्ने सोच राख्नु यसको सार हो । **ज्ञान, इमान र विवेक**मा २०७६ मा रचना भएको यस सामग्रीमा विशुद्ध मान्छेको मानवीय तथा सिर्जनात्मक चिन्तनलाई महत्त्व दिइएको छ । माथिको शीर्षकसापेक्ष तीन शब्दलाई इमान्दारितापूर्वक मान्छेले पालना गर्ने हो भने नमुना मानव समाज निर्माण गर्न सकिन्छ भन्ने सन्देश यसको छ ।

**त्रास, काँतर र कोरोना** यो २०७६ चैतमा रचना भएको नैबन्धिक सामग्री हो । २०७६ पौषमा चीनमा देखिएपछि विद्युत् गतिमा विश्वव्यापी रूपबाट फैलिएपछि र संसारमा लाखौ-लाख मान्छेहरू मर्दै गएपछि नेपालले पनि बन्दाबन्दी सबै क्षेत्र गरेको दृष्टान्त छ । समय समयमा यस्ता महामारी आए पनि चेतनाको कमी र चिकित्साविज्ञानको पहुँच नभएका कारण पुरानो युगका मान्छेहरू अतिमानवीय तत्त्वका सिकार हुन्थे भन्दै दृढ मनोबल राखेर सामाजिक दूरी तथा बन्दाबन्दी नै कोरोनामाथि विजयप्राप्ति हो भन्ने सार यसमा छ । **इच्छामरण** शीर्षकको रचना २०७६ मा प्रकाशित सामग्री हो । यो मृत्युचिन्तनसँग सम्बन्धित छ । मान्छे दीर्घरोगी, अशक्त र अपाङ्ग भएर बाँच्नुभन्दा राज्यले इच्छामृत्युलाई वैधानिकता

दिनुपर्छ भन्ने कुराको चिन्तन गर्दै छोराछोरी वा परिवारजनबाट अपमानित भई बाँच्नुपर्ने नियति, विमानस्थलभित्र पसेको छोराले त्यहीं आमालाई बेवारिसे बनाएको घटना, सबैबाट तिरस्कृत भई बाँच्नुपर्ने अवस्थाको अन्त्य नै इच्छामरण हुनुपर्दछ भन्ने सार यसमा छ ।

## खण्ड दुई : संस्मरण

यस खण्डको पहिलो निबन्ध **जमिनमुनिको कुहिरो** हो । यसमा जहाजयात्राको संस्मरण रहेको छ । जन्मने र मर्ने प्राकृतिक नियम भए पनि असामयिक मृत्युबारे प्रत्येक प्राणी डरलाग्दो मानसिक अवस्थाबाट गुज्रिएको हुन्छ । अमेरिकाबाट नेपाल आउँदा देखिएका र भोगिएका अनुभूतिसँगै काठमाडौंमा जहाज उत्रन नसकेको र उक्त अवस्थामा भोगिएका आफन्तको संस्मरण र मृत्युको भयप्रद अवस्थाका बीच कुइरो भौतिक त छँदै थियो त्यो मानसिक पनि बनेको अवस्था यसमा छ । एउटा अनुत्तरित प्रश्नमा अमेरिका बसाइको बीच एउटा वैवाहिक र साहित्यिक भेटघाटमा आउँदा जाँदाको यात्रा अनुभव हो । आफन्तले गरेको सत्कार, यात्राका कठिनाइ, प्राकृतिक विविधता, विभिन्न सुरूङबाट पार गरी समेटिएका अनुभव, पारिवारिक यात्राको रमणीयपन, कृषिको विविधताको चर्चा छ । काम र पैसाकै लागि मरिहत्ते गर्ने व्यस्त जीवनशैली, सामाजिकता, हार्दिकता, आत्मीयताको अभाव, अवैध आप्रवासन, वैधताका निमित्त नक्कली विवाह र लाखौंलाख खर्चेको अवस्था, सुविधासम्पन्न जीवनशैलीको आकर्षण, जङ्गली जनावरको अण्डरपास अभाव, व्यवस्थित सडक सञ्जाल, तीव्रगतिको मोटर हँकाइबाट मरेका जङ्गली जनावरको सुरक्षामा प्रहरी, सचेत नागरिक र मानवाधिकारवादीको चासो नहुनुलाई अनुत्तरित प्रश्न भनिएको छ । विवेच्य शीर्षकअनुसारको गहन तथा रोमाञ्चक अनुभूतिको प्रस्तुति नभएको हो किन भन्ने प्रश्न विचारणीय छ ।

२०७० सालमा रचना गरिएको अमेरिकी यात्राकै उपज हो **टर्नर फल्स** । अमेरिकी राज्य अकलोहमामा पर्ने यो झरना अवलोकन गर्न जाँदा समेटिएका अनुभूतिहरूको दस्तावेजका रूपमा यसलाई लिन सकिन्छ । झरनाको स्वरूप, यात्राको अवस्था, झरनाको अवलोकनार्थ देखिएका मानवीय भीड र जुवाघरमा जुवा खेलेको, खेलाइएको दृश्यचित्र, प्रत्येक राज्यले पर्यटकहरूलाई बनाइएका पार्कहरूको अवस्था, राजमार्गमा गाडीको गति र प्रहरीको अनुगमनसम्मका विषयसामग्री यसमा समेटिएका छन् । **हिउँको वृष्टि** यो निबन्ध पनि अमेरिकी बसाइको संस्मरण हो तथापि आफ्नो बाल्यकालीन जन्मभूमिबाट देखिने हिमशृङ्खला, काठमाडौं जाँदा सिमभञ्ज्याङमा देखेको हिमवर्षाका अतिरिक्त अमेरिकाको विभिन्न राज्यमा भएको हिमवर्षा र गाडीहरूको दुर्घटनाका परिदृश्यहरूको रेखाङ्कनसँगै साहित्यिक मित्रहरू सँगसँगै संवादलाई चर्चाको

विषय बनाइएको छ । यसको रचना पनि २०७० सालमा नै भएको थियो । **पानीले भिजाएको क्षण**मा अमेरिकी यात्रा र बसाइको क्रममा २०६९ सालमा नै जनमत द्वैमासिकमा प्रकाशित हुनु, क्यालीफोर्निया र लजएञ्जलसजस्ता समुद्रतटवर्ती सहरका साथ सामुद्रिक छाल हेर्ने क्रममा त्यहाँको बाटो, पानीजहाज, भारतीय-पाकिस्तानी र आंशिक रूपमा भए पनि नेपालीहरूले गरेका व्यापार-व्यवसाय, खेलौना भण्डारको साँचो खोल्दा छोराको हात काटेर रक्तश्राव हुँदाको दुःखित मनोदशा, नासाको अवलोकन, रकेट प्रक्षेपण केन्द्र र अन्तरिक्षविज्ञानको जिज्ञासा आदि सामग्रीहरूको विवरण यो संस्मरणमा आएका छन् । यसबाहेक समुद्रको पानीसँग खेल्दा र भिज्दै गर्दाका क्षणहरू पनि सम्झनाका सामग्री बनेका छन् ।

**छोटो यात्रा** चार पृष्ठको आयतन ओगट्ने यो संस्मरण २०७३ सालमा **चितवन पोष्ट**मा प्रकाशित रचना हो । काठमाडौं-नारायणगढ यात्राको संस्मरण हुनु, सतनचुली बससेवाबाट यात्रा गर्दा यात्रारत युवतीसँगको भेटघाट, परिसंवाद, परिचयात्मक आदान-प्रदान, लोकसेवा परीक्षा दिएको जानकारी, महिला सशक्तीकरणका बीच सरकारी जागिरको आकर्षण र विदेश पलायनको उपेक्षा, संविधान संशोधन, राजनैतिक स्थिरता र आफ्नै देशको सेवा गर्ने ती नारीको दृढता र त्यस्ती नारीप्रतिको लेखकीय सम्मान यसका विषयसामग्री भइआएका छन् । **आश्रयी त्रिआत्मा**मा अमेरिका दुबई यात्राको क्रम र २०६९ को समयक्रम हुनु, छोरी, नाति र आमासँगै आफू श्रीमान्-श्रीमतीका साथ यात्रारत कुराकानी, यात्राको कठिनाइ, डलर मूल्यमा किन्नुपर्ने रकमी परिकार, जहाजभित्रको परिवेश, आफ्नो परिचय दिइएको स्थिति, बाह्र कक्षा पढ्दै गरेकी युवतीको रूप, शील र स्वभावको वर्णनातीत स्वरूप, विश्रामपछि गेटपास लिँदाका कठिनाइ, विमानस्थलबाट बाहिर आएपछि सहयोग गर्न नपाएकोमा पश्चात्ताप, त्रिआत्माले आफूलाई विशेष अभिभावकका रूपमा दर्शाइएको ममता आदि भावनाहरू यसमा आएका छन् । **मुक्तिनाथ च्याङ्ग्रा र त्रास**मा मुक्तिनाथ यात्रा र पितृ उद्धार गर्ने मिथकको प्रभावमा यात्रारत देखिनु, चितवनबाट बेनी पुगेपछि होमनाथ सुवेदी अमेरिका र यमपुरीको महलको बिम्ब आउनु, पिचबाटो, झोलुङ्गे पुल, कच्चीबाटो पार गर्दै मुक्तिनाथ पुग्नु, फर्कने समयको व्यवस्थापनबारे चर्चा चल्नु, कागबेनीको पितृस्मरण र मुक्तिनाथ मन्दिर दर्शन, १०८ धाराको स्नान, बाग्लुङ्ग कालिका दर्शन, झोलुङ्गेपुल तर्दाको भयप्रद मानसिकता, बाटोमा च्याङ्ग्राको हुलबाट त्रसित भइने स्थिति, दशैंको निजी गाडी वा सार्वजनिक बसमा गए पनि भोग्नुपर्ने बाटोको कठिनाइको वर्णन विवरण छ तर यस तीर्थस्थल धार्मिक पर्यटनबारे लेखक मौन छन् । विशुद्ध पर्यटकभन्दा धर्मभिरूहरूको भीड देख्नु लेखकको धार्मिक अभिरुचि पटक्कै होइन ।

**रूपान्तरण** संस्मरण खण्डमा राखिएको भए पनि यो चिन्तनपरक अभिव्यक्ति हो । सामाजिक रूपान्तरणका बारेको चासोका रूपमा लेखक सञ्चार माध्यमप्रति अद्यावधिक भइरहनु मान्छे फुर्सदिलो भएपछि समयलाई उपयोग गर्ने क्रममा पढाइ, लेखाइ, जुवातास, धार्मिक संघसंस्थाप्रतिको लगाव, स्वदेश-विदेश भ्रमणमा रुचि लिनु, सामाजिक र मानसिक रूपान्तरणमा मङ्गलचौथी र स्वस्थानी व्रतकथाको पालनामा अलौकिक, तिलस्मीशक्ति बाधक हुनु, सावित्री गौतमले २०७० माघ २५ गते कान्तिपुरको लेखले रूपान्तरणमा राम्रो सन्देश दिन पुगेको ठान्नु, भूगोल, खगोल र ब्रह्माण्डबारे वैज्ञानिक अनुसन्धानलाई रूपान्तरणको मार्गचित्र ठान्नु, पूजा, पुराण र अन्य पाठपारायण भनेका रूपान्तरणका अवरोधक हुन् भन्ने सोच राख्नु, परम्परागत संस्कार, भजन-कीर्तनलाई चटक्कै छाड्न नसक्नु, अलौकिक, काल्पनिक र तिलस्मीपरक संस्कार छोडेर वैज्ञानिक सोचअनुरूप व्यवहार गर्नुलाई रूपान्तरण ठान्नु लेखकीय निष्कर्ष हो । **शिवरात्रि** लगभग चार पृष्ठको आयतन ओगटेको र २०७० सालमा रचना गरिएको धर्म र संस्कृतिपरक चिन्तनयुक्त सामग्री हो । शिवरात्रिको नाममा सडकैपिच्छे, टोलैपिच्छे बालबालिका र अन्य वयस्कले पनि पैसा उठाएर यात्रारत व्यक्तिलाई दुःख दिने, उठाएको पैसाको दुरूपयोग गर्ने, पशुपतिनाथमा नागा जोगीको अभिनय र जोगीको नग्न रूप हेर्न लालायित युवायुवतीका मनोकाङ्क्षाले जन्माउने विकृतिको चित्रणसमेत यसमा छ । **स्वतन्त्रता** यो पनि २०७० सालमा रचना गरिएको हो । जसमा मान्छे जहाँ पुगेर जे कर्म गरे पनि आफ्नो मूल्य र मान्यताबाट बाहिर गएर स्वच्छन्द र छाडातन्त्रमा लाग्नु हुँदैन । असल र नैतिक आचरणयुक्त बन्नुपर्दछ, अनुशासनहीन र कर्तव्यविमुख हुनुहुन्न, संस्कार, संस्कृति र सभ्यताको पालना गर्नु नेपाल र नेपालीको मान र प्रतिष्ठा सधैं उँचो राख्नुलाई स्वतन्त्रता मानिएको छ ।

## तेस्रो खण्ड : विसङ्गति

यस खण्डमा ११ वटा शीर्षकहरू रहेका छन् । यी सबैमा प्रतिपादित विषयप्रतिको निजी दृष्टिकोण मुखरित हुन पुगेको छ । त्यसमध्येका प्रथम शीर्षक मान्छे र गोरू राखिएको छ । यो २०७० सालमा रचना गरिएको सामग्री हो । कृषि सभ्यताको उठान गर्दै सेते र ढ्याके नामका हलगोरूको कथालाई मिथक बनाउँदै मान्छेले गरेको कुकर्मजन्य प्रवृत्तिको रेखाङ्कन गर्नु, २०३२-०३४ सालतिरको नमिता-सुनिता काण्डदेखि बालिका र वृद्धा बलात्कारको घटना, चेलीबेटी बेचबिखन, अपराधीले विभिन्न व्यक्तिलाई अपहरण गरी मोटो रकम फिरौती माग्ने सन्दर्भ, दिल्लीमा घटेको विद्यार्थीमाथिको बलात्कार केन्द्रित निर्भया काण्ड र न्यायालयले अपराधीलाई मृत्युदण्डको सजाय सुनाउँदा मानवाधिकारको हनन भयो भनेर हल्ला गर्ने कथित मानवाधिकारवादी सर्वश्रेष्ठ भनिएका मान्छेको व्यवहार मानवकै नाममा कलङ्कित बन्न पुगेको दृष्टान्त यसमा आएको छ ।

**सत्ता र अभिव्यक्ति स्वतन्त्रता** चार पृष्ठको आयतन ओगट्ने यो रचना २०७६ सालमा चितवन पोष्टमा प्रकाशित सामग्री हो । शीर्षकीय शब्दको पारिभाषिक र पर्यायगत अर्थको औचित्यमाथि प्रकाश पार्नु, अभिव्यक्ति स्वतन्त्रतालाई व्यवस्थित गर्ने नाममा सत्ता सञ्चालकले मनपरितन्त्र गर्दै जानु, सामाजिक सञ्जालको व्यापक दुरूपयोग गर्नु, दण्डसंहिताको र कानूनी मान्यतालाई उल्लङ्घन गर्नु, कमजोर प्रतिपक्ष, सत्तापक्षको उन्मादी प्रवृत्ति, स्वेच्छाचारी शासनप्रणाली, अराजकता, निरङकुशता, जघन्य अपराध, मानव बेचबिखन, बलात्कारजस्ता अपराधमा कडा सजाय दिने कानूनको अभाव र दोषीलाई सजाय दिनैपर्दछ भन्ने निष्कर्ष यसमा छ । विश्वसनीयता मात्र सवा दुई पृष्ठको आयतन ओगट्ने र २०७६ सालमा नै पूर्ववत् पत्रिकामा प्रकाशित रचना हो । अल्पज्ञान र पूर्वज्ञानको व्याख्या गर्दै हाल विवादित एम.सि.सी. सँग सम्बन्धित निरर्थक र अर्थपूर्ण लाग्ने बहस–पैरवीको चर्चा गर्नु, दुईतिहाइ बहुमतप्राप्त दलको अकर्मण्यता, सार्वभौमिकता, परराष्ट्र नीति, नेपाल, भारत र चीनसँगको परराष्ट्र नीति र एम.सि.सी. पारित भएमा आत्मघाती गोल हुने लेखकीय निष्कर्ष रहेको छ ।

**नारी पीडाको न्यूनीकरण** २०७० सालमा रचना गरिनु, सवा तीन पृष्ठको आयतन हुनु, नारी मनोदशाको संवेदनशीलता केन्द्रित हुनु, पुरुषहरू कृत्रिम रूपले दयालु देखिए पनि आन्तरिक रूपले क्रूर तथा नरपिपाशु देखिनु, रज्यसंयन्त्र कानून र न्यायिक संस्थाको सक्रियता नभएका कारण बलात्कारपछि गरिएको बीभत्स हत्या सन् २०१२ मा ज्योतिसिंह पाण्डे नयाँदिल्ली, भारत नेपालका वीरेन श्रेष्ठले बलात्कारपछि शवलाई टुक्राटुक्रा पारी गरिएको ख्याति श्रेष्ठको हत्या र डोल्मा शेर्पाको सामूहिक बलात्कारपछि गरिएका घटनाको तथ्यपरक सूचनाबाट सभ्य मानव आतङ्कित हुनु, महिलाहिंसा पूर्णरूपमा निर्मूल नभए पनि न्यूनीकरणमा नागरिक समाज जागरूक हुनुपर्छ भन्ने सन्देश यसमा छ । **विवादका बीच एम.सि.सी.** राजनैतिक दल, नागरिक समाज, सचेत नेपाली जनता र अमेरिकी सरकारलगायत सबैको चासो अमेरिकी आर्थिक सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेशन सन् २०१२ देखि हालसम्म विवादको विषय बनेको छ । नेपाललाई इराक वा अफगानिस्तान बनाउने इण्डोप्यासेफिक रणनीति नै हो भनेर विवाद गर्नु, महाकाली सन्धिले बनाएको नेपालको दुर्दशाको उल्लेख गर्नु, यसभित्र शङ्कास्पद सम्झौताले नेपालका बुद्धिजीवीहरू तर्सिनु आदि विषय सामग्री यसमा छन् । यो २०७६ सालमा रचना गरिएको पूर्वप्रकाशित रचना हो । जसले तीन पृष्ठको आयतन लिएको छ । **देउकी र धर्मसन्तान** यो तीन पृष्ठ आयतनको हुनु र २०७६ सालमा रचना प्रकाशन गरिएको यो सामग्री नेपाली समाजको सुदूरपश्चिमाञ्चल क्षेत्रमा प्रचलित देउकी सन्तानमाथि केन्द्रित छ । विशेषगरी जीवनभर मन्दिरमा जीवित बलि चढाइएकी नारीबाट अवैध रूपमा जन्मिएका सन्तान र अनाथ बालबालिका भन्ने उद्धार केन्द्र खोल्ने डलर एजेन्सी र त्यसमा

अन्तर्निहित मानव बेचबिखनका सूचनापरक दृष्टान्तहरू यसमा छन् । देउकीप्रथालाई भाग्यको खेल, लेखान्तर, कर्मको फलजस्ता नियतिपरक अन्धधारणाको अन्त्य हुनुपर्दछ भन्ने सोच यसमा छ ।

**निवृत्तिभरण** यो पनि २०७६ कै रचना र प्रकाशन भएको नैबन्धिक सामग्री हो । लेखक त्रि.वि. निवृत्त कर्मचारी हुनु र संघीय सरकारले संघीय निजामती सेवासम्बन्धी विधेयकमा खाइपाइ आएको निवृत्तिभरण पेन्सन राज्यले दिन नसक्ने कुराको चर्चा छ । सम्पूर्ण कर्मचारीको निवृत्त समय ७० वर्ष भनेको र योभन्दा ६० वर्ष उपयुक्त देखिन्छ, नयाँ पुस्तालाई अवसर दिनुपर्दछ भन्ने पंक्तिकारको अभिमत हो । यस सामग्रीमा कानुनको उपहास, भ्रष्टाचार, अक्षम सरकारी चरित्र, राजनीतिज्ञहरूको शैक्षिक योग्यताको मापदण्ड र राजनैतिक सन्यासमा ७० वर्ष कायम राखिनुपर्ने उमेर क्रम बढेसँगै ह्रासोन्मुख दिमागी संरचना हुने भएको कारण नातागोताको सम्बन्ध तोडेर विवेकशील समाजनिर्माण गर्न सकिन्छ भन्ने सन्देश यसमा छ । **राजनीतिमा प्रभुत्व** यो पनि चिन्तनपरक निबन्ध हो । चार पृष्ठको आयतन, २०७६ सालको रचना र त्यसै समयमा प्रकाशित हुनु, राजनीति गर्नेहरूले राम्रालाई भन्दा हाम्रालाई शक्तिशाली बनाउनु, नेताको शक्ति र पहुँचका भरमा हैकमवाद र सर्वसत्तावाद कायम हुँदा न्यायसेवा, सुरक्षा निकायमाथि विवादास्पद अभिव्यक्ति दिनु, राजनैतिक नेतृत्वले वयोवृद्ध अवस्थासम्म सक्रिय रहने कुचेष्टा गर्दै सबै दलमा युवा नेतृत्व पछि पर्न जानु, जिम्मेवार व्यक्तिले विवादास्पद भेटघाट र सूचना चुहाउने काम गर्नु, प्रभुत्ववाद, सर्वसत्तावाद, हैकमवाद र व्यक्तिवादको दबदबा रहेसम्म शक्तिशाली राज्यसंयन्त्र र स्वच्छ छविको प्रशासन सम्भव छैन भन्ने निष्कर्ष यसमा छ ।

**छाउपडी र अन्धविश्वास**मा सुदूरपश्चिमाञ्चलका विभिन्न जिल्लाहरूमा सुत्केरी हुँदा र रजस्वला हुँदा महिलाहरू घरबाहिर गएर गोठमा, गुफामा वा ओडारमा एक्लै बस्नुपर्ने अवस्था नै छाउपडी हो । छुवाछूत नबार्दा र घरमा सँगै बस्दा देवता रिसाउँछन् र अनिष्ट हुन्छ भन्ने तथाकथित सोचाइबाट प्रत्येक वर्ष निसासिएर वा सर्पले डसेर धेरै नेपाली महिलाहरूको ज्यान जाने गरेको सन्दर्भलाई रचनात्मक परिवर्तन र अन्धविश्वासको समापनसँग यो सामग्री केन्द्रित छ । हजारौं छाउगोठ भत्काउने र बनाउने कुसंस्कारग्रस्त प्रचलनको अन्त्य हुनुपर्दछ भन्ने सार यसमा केन्द्रित छ । चार पृष्ठको आयतन र २०७६ को प्रकाशन यसको अतीत हो । **मार्सीभात** यसमा नेकपाका शक्तिशाली अध्यक्षद्वयले झापाली मेडिकल व्यावसायी दुर्गा प्रसाईको घरमा अतिथि बनेको विवरणदेखि विवादास्पद मेडिकल कलेजको स्वीकृति दिनु, १३ औं शताब्दीमा काश्मिरबाट चन्दननाथ बाबाले मार्सीधान ल्याएको सन्दर्भ र आदिभूमि जुम्लासँगै राजनेताहरूले गर्ने सभा-सम्मेलन उद्घाटनमा मिडियाकर्मीले दिइएको अतिरञ्जित महत्त्व, मार्सी चामलको अधिमूल्यन, पहुँचको भरमा कसाईवृत्तिका मेडिकल

कलेज, गोविन्द के.सी. का जायज माग, कमजोरी स्वीकार गरी रचनात्मक मार्गमा आलोचनात्मक समर्थन गर्ने प्रवृत्ति नभएसम्म सामाजिक रूपान्तरण असम्भव छ भन्ने निष्कर्ष यसमा छ । २०७४ सालको प्रकाशन र तीन पृष्ठको आयतन नै यसको भौतिक रूप हो । **नियत, लाभ र अस्तित्व** पाँच पृष्ठको आयतन, २०७६ सालको रचना हो । यसले राजनेता सत्ता सञ्चालकहरूका अनुचित कार्य र जसरी पनि कमाउ वृत्तिमाथि विभिन्न चिन्तन र दृष्टान्तका साथ यसको विषयवस्तु आएको छ । राज्यसत्ताको दुरूपयोग, राजनीति, परोपकार, मान-सम्मान, पुरस्कार, पश्चगामी सोच, नागरिकता विधेयक, सूचना प्रविधिको दुरूपयोग, सामाजिक सञ्जालमा छाडापन, नेता-कार्यकर्ता-समर्थक, बुद्धिजीवीहरूले गर्ने गरेको देवत्वकरण, कुसंस्कारग्रस्त अशोभनीय कार्य, शोषण, दमन, उत्पीडन, मानव तस्करी, सामन्ती संस्कारपरस्त व्यवहार, चौतर्फी रूपमा भ्रष्टाचारसँगै जोडिएका विभिन्न काण्डहरू, सत्तालिप्साको चर्को मोहका कारण मूल्य र मान्यतामा आएको स्खलन, डा.बाबुराम भट्टराई र उपेन्द्र यादवजस्ताको बौद्धिक दासत्व र दिवालीयापन, निजीकरणको अर्थनीतिले पुऱ्याएको दलाल, पूँजीपतिको भरण-पोषण, सत्तामा सधैं रहिरहने कुचेष्टा आदि विषयसामग्रीका बीच यस निबन्धको समापन भएको छ ।

## खण्ड चार : अनुभूति

यसमा १० वटा सामग्रीहरू छन् । यसभित्रको प्रथम शीर्षक **चिरा परेको घर** हो । यसमा २०७२ सालको भूकम्पबाट घर चर्किएको पीडा र संस्मरणका बीच निम्न आयस्रोतको कमाइबाट कठिन सङ्घर्षको यात्रामा जीवित र दिवङ्गतहरूले गरेको संस्मरण र श्रद्धामा यो सामग्री केन्द्रित छ । घर निर्माण गर्दा र भूकम्पबाट भएको क्षतियुक्त विवरणका रूपमा आएको संस्मरणजन्य सामग्रीका रूपमा यसलाई लिन सकिन्छ । **सिर्जनागृह** साढे चार पृष्ठकै आयतन र २०७४ सालको रचना र प्रकाशन भएको यो सामग्रीमा आफ्नो घरलाई निवृत्त प्रा., कर्मचारीको सिर्जनागृह भेलायुक्त घर ठान्नु, अवकाशप्राप्त सबै साथीहरू सिर्जनशील बन्न सकून् भन्ने सोच राख्नु, चितवनमा सिर्जनागृह बनाउने सोचका साथ मित्रहरूको घरमा जानु, राजनीतिमा भागबण्डाको फेहरिस्त देखेर दुःखित हुनु, २०७४ को चुनावी विजय-पराजयको समीक्षा गर्नु, आफ्नो घरको बनोट बाह्य दृश्यचित्रको सौन्दर्यजनित विहङ्गावलोकन गर्नु, सिर्जना निर्माण बारे काठमाडौंका उच्चस्तरका साहित्यकारसँग पनि संवाद गर्नु, यो सामग्रीलाई सपनामा देखिएको र विपनामा अनुभूत गरिने खालको हुनु यसको विशेषता हो । **वृद्ध, वयस्क र विधि**मा कोभिड-१९ सँग प्रकारान्तरले सम्बन्धित हुनु, यो महामारीले तीनवटै पुस्तालाई अत्तालिएको अवस्थामा पुऱ्याउनु, संसारभर भयप्रद स्थिति देखिनु, विश्वका कुनै पनि देश यो महामारीबाट विमुख न हुनु, नेकपाका दुई अध्यक्षको गाईजात्रे रूपमाथि प्रकाश पार्नु प्रतिभाशाली नेपाली युवापुस्ता भए

पनि नेताको नजिक नभएकै कारण प्रतिभा पलायनको अवस्था आउनु, स्थानीय र राष्ट्रिय निर्वाचनमा युवापुस्ताको जीवन्त सहभागिता भएमा मात्रै लोकतन्त्र र देशनिर्माणले गति लिन सक्दछ भन्ने चिन्तन प्रबल हुनु यसको सार हो ।

**देख्न नसकिएको दृश्य** २०७४ मा रचिनु, तीन पृष्ठको आयतन हुनु, नेपाली समाज, संस्कृति, पाषाणकालीन बन्दै गएको दृश्यचित्रका बीच कैलाली जिल्लाको घोडाघोडी नगरपालिकामा घटेको घटनामा १८ वर्षीय राधा चौधरीलाई बोक्सीको आरोपमा अन्धपरम्पराको झाँक्रीले निर्ममतापूर्वक पिटिरहँदा ७०-८० जना मान्छे रमिते बनेर सामाजिक सञ्जालको दृश्यचित्रलाई राधा पोखरेलको "चालीसपटक हेरेँ" भन्ने लेखबाट लेखक भावुक हुनु, झारफुक, धामी-झाँक्री, बोक्सी, पिचास, भूतप्रेतजस्ता अतिमानवीय तथ्यमाथि विश्वास गरी नेपाली नारीमाथि हुने नृशंस क्रूरतम पीडादायी घटनाको सन् २०१२ को दिल्लीको निर्भया काण्डले गर्दा भारतले मृत्युदण्डको कानुन बनाएजस्तै अन्धविश्वास र अतिमानवीय तत्त्वमा विश्वास गरी गरिने अपराधको कानूनी उपचार गरिनुपर्दछ भन्ने सन्देश यसमा छ । बलात्कारीलाई मृत्युदण्डको सजाय हुनुपर्दछ भन्न नसक्नु लेखकको दुर्बलता हो । **जीवन, मृत्यु र प्रेम** शीर्षकमा मृत्युको शाश्वत चिन्तन र भवितव्यमा परेका धूमिल स्मृतिचित्रका अनेकौं घटनाका बीच कमरेड प्रचण्डपुत्र प्रकाशको असामयिक मृत्यु, परिचित मित्र कार्यालयमा जाँदा वरण गरेको मृत्यु र एक विद्वान् साहित्यकारले होनहार तीन छोरा गुमाउँदाको पीडाका जीवन्त स्मृतिका तरङ्ग यसमा छन् । सवा तीन पृष्ठको आयतन र २०७४ सालको रचना यसको भौतिक कलेवर हो । **लेखक स्तर र सम्बन्ध** लेखनकला स्तरीयता लेखकीय क्षमता अभिव्यक्ति स्वतन्त्रता श्लील-अश्लील लेखन राष्ट्रियस्तरका दैनिक पत्रिकामा लेख लेखेर वैचारिक तरङ्ग ल्याएको आत्मरतियुक्त विचारप्रवाह, अनुपम जोशीको कुमारी आमाको चर्चा, राजनीतिज्ञ र कर्मचारीको अनिवार्य अवकाश, लेख-रचनाको दम र स्तरीयताको पक्षपाती हुनु आदि विषय सामग्री यसमा छन् ।

**बिझेको घटनावृत्त** नेपालका प्रसिद्ध नशारोग विशेषज्ञ डा.उपेन्द्र देवकोटाको मृत्युवरणसँगै जोडिएका लेखकीय अनुभूतिमा उनका दाजु वाचस्पति देवकोटाले गरेका आध्यात्मिक कामप्रतिको लेखकीय असहमति, मन्दिरदर्शन, दीप प्रज्वलनका घटनाले चिकित्साविज्ञान माथिको प्रभाव र उनले आफू जन्मेको ठाउँमा मृत्युवरण गर्ने जन्मभूमिप्रतिको आस्थालाई नतमस्तक भई श्रद्धाञ्जलि संस्मरणको उपज करूणामा आएको हो यो रचना । **गुम्फित यात्राका तरेली** साढे चार पृष्ठको आयतन र ०७४ को रचना वर्ष यसका भौतिक रूप हुन् । आत्मकथाको यात्रा र जीवन संघर्षको कहालीलाग्दो काँडाघारीको यात्राका संस्मरणपरक तरङ्गका रूपमा भारतका उत्तर प्रदेश र बिहारको रेलयात्रा राजनेताहरूको छलफल केन्द्र, नेपालको चितवनदेखि पूर्वको इलाम र पश्चिमको नेपालगञ्जलगायत

चितवनकेन्द्रित जीवनमा भुक्तभोग्य घटना, होमस्टेको प्रभाव र घलेगाउँको रमणीय यात्राका तरङ्गसमेत यसमा आएका छन् ।

**राजनैतिक दल र भागबण्डा** तीन पृष्ठको आयतन २०७४ को रचनाका बीच संयम साल र वर्ष नै भनिए पनि २०७४ सालदेखि यताका राजनैतिक दलहरूले आफ्ना आसेपासेलाई राजनैतिक, आर्थिक लाभका पद दिई राष्ट्रिय ढिकुटीमाथि गरिएको भ्रष्टाचारका विषयसामग्री यसमा छन् । २०६२/०६३ सालपछि यो संस्कृति झन् मौलाएको छ । राम्रा मान्छे नभई हाम्रा मान्छे भर्तीकेन्द्र बनाउनु, गुलिया नारा दिए पनि ती सबै सत्ताप्राप्तिको हतियार हुनु आदि सामग्री यसमा छन् । विभावना निबन्धसङ्ग्रहको अन्तिम सामग्रीको रूपमा विचारको अवमूल्यन आएको छ । विचारको मूल्याङ्कन नभई असल विचारको उपेक्षा हुनु, दलीय व्यवस्थामा वैचारिक चिन्तन र निष्ठाको राजनीति प्रायः समापन हुनु, शक्ति, सत्ता, स्वार्थ, लोभ, लालच र जुनसुकै रूपमा भए पनि कमाउनु पर्दछ भन्ने चिन्तन बलवान् भएका कारण नेपालको सबै क्षेत्रमा विचारको खडेरी परेको छ । राष्ट्रप्रमुख र कार्यकारी प्रमुखहरूको तडक-भडक र पाखण्डीपूर्ण व्यवहारले पूर्णरूपमा वैचारिक अवमूल्यन भएको देखाउँछ भन्ने सन्देश यसमा छ ।

## ३. निष्कर्ष

शशिकिरण शर्मा उर्फ रह शर्मा सरल स्वभावका मिलनसार साहित्यिक स्रष्टा हुन् । मेरो समालोचना यात्रा र उनको साहित्य सिर्जनामा आरम्भदेखि हालसम्म समानता छ । हामी जसरी परिवर्तित हुनुपर्ने हो, त्यो हुन सकिरहेको छैनौं कि जे होस् मझौला आयतन, सरल, सम्प्रेष्य निबन्धलेखन, समसामयिक चिन्तनपरक मनोविज्ञान रह शर्माका निबन्धको सार हो ।

ooo

हुलाक बचत बैङ्कमा खाता खोलौं; बचत गर्ने बानी बसालौं ।
हुलाक बचत बैङ्क; तपाईंको नजिकको बैङ्क

**ब्याजदर : साधारण बचत खाता : ६%**
**ज्येष्ठ नागरिक बचत खाता : ७%**

**जिल्ला हुलाक कार्यालय**
**गुल्मी**

# बा ! मैले भोट बेचें

✍ **हरिप्रसाद पन्थी**
**रेसुङ्गा-१, तम्घास, गुल्मी**

बा ! मैले यसपालि पनि भोट बेचें,
पाँच वर्षपछि आए हूलका हूल मान्छेहरू
कसैले धारे हात लगाए,
कसैले मुड्की देखाए,
देखाए गुलिया चिल्ला र चिप्ला सपनाहरू
मुख रसायो बा !
घुटुक्क निलें थुक,
उनीहरू त बनिया रहेछन्
मोल मोलाइमा उत्रिए ।
मेरो मूल्य तोके एक छाक मासु-भात,
घाइते बनाए मेरो स्वाभिमानलाई
मसँग सुनचाँदी, हीरा, मोती
मणिमाणिक्य केही थिएन बा ! बेच्नलाई,
न त जग्गाजमिन छ, न त बास नै,
भेंडा बाख्रा गाई भैंसी हाँस कुखुरा
अँहँ केही थिएनन् बेच्नलाई
थियो त केवल
यो शरीर र एकथान भोट ।
यसपालि फरक भएछ व्यापार शैली
त्यसैले संस्थागत रूपमै बेचिदिएँ बा !
मैले भोट ।
कतै आमासमूह बासमूह र युवासमूह
बनाएर बेचें
कतै भारीका भारीमा बेचें
ब्राण्डेडमा बेचें कतै
कतै लोकल ठर्रामा !!
कतै तेलमा बेचें कतै जालभेलमा
कतै हत्कडी र जेलमा पनि
बेचें बा ! मैले भोट
कतै सिंहासानमा त कतै रछ्यानमा
पुग्यो बा ! मेरो भोट,

घन्किदै छ कतै जिन्दावाद
र कतै मुर्दावादमा
मेरो भोटले खोलामा पुल,
स्कुल, अस्पताल र गाउँमा उज्यालो
पुर्‍याउँछ वा पुर्‍याउँदैन शंका लाग्छ बा !
एक्लिएका वृद्ध बाआमाको लौरो
अबोध र निश्चल बालनयनको
सपना पूरा होला र खै बा !
जे भए नि होस्
तर
भोट चाहिं मैले बेचें बा !
यसपालि पनि ।

०००


**सम्पूर्ण गाउँवासीहरूलाई घरमै बसीबसी स्वस्थ भइरहन तल लेखिएका उपायहरू अवलम्बन गर्नुहुन अनुरोध छ :-**

- दैनिक ८ गिलास पानी पिउने ।
- रेसायुक्त तरकारी खाने ।
- रक्सी, चुरोट र सुर्ती सेवन नगर्ने ।
- खानामा सलाद समावेश गर्ने ।
- नुन कम खाने र बढी गुलियो नखाने ।
- बिहान कम्तीमा ३० मिनेट हिड्ने वा व्यायाम गर्ने।
- टुँसा उम्रेका अनाज खाने ।
- तारेको र डढेको नखाने ।
- प्रार्थना, ध्यान र पूजापाठ गर्ने ।
- जङ्कफुड, फास्टफुड सेवन नगर्ने ।
- मौसमअनुसारका फलफूल खाने ।
- भुटेको भटमास, मकै, चना खाने ।
- समय समयमा शरीर चेक अप गराउने ।
- खाना खानेबित्तिकै नसुत्ने ।
- शाकाहारी खानपान शैली अपाउने ।
- सकारात्मक सोचाइ राख्ने ।
- चिया कफी धेरै नपिउने ।
- चाँडै सुत्ने र चाँडै उठ्ने ।
- असल र जिम्मेवार नागरिक बन्ने ।
- स्थानीय उत्पादनलाई प्राथमिकता दिई आफ्नै गाउँठाउँका खाने कुरा खाने ।

# बगनासकाली गाउँपालिका, पाल्पा

# कागजका डुँगाहरू

✍ **डा. विशाल पन्थी**
**रे.न.पा.-१, तम्घास**
**क्यालिफोर्निया, यू.एस.ए.बाट**

- तिनताका पानी पर्दा बडो मज्जा लाग्थ्यो । जिन्दगी तिनै थोपा-थोपा पानीमा कति रमाउँथ्यो । त्यो झमझम झरीमा, ती पानीले चुटेका पातहरू, त्यो पानीले बगाइदिएको धुलो र त्यही पानीले बनाइदिएको नौरंगे इन्द्रेनी, बालापनका रंगीन मेमोरिजहरू । हाय ! चुलबुल-चुलबुल गर्दै पानीमा उफ्रनु हामी केटाकेटीलाई गज्जब लाग्थ्यो । पानीले सर्लक्कको कपाल भिजेर लत्रक्क पर्थ्यो । कपडा सबै भिजेर निथ्रुक्कै हुन्थे । ज्वरो आउने डर मनमा कताकता लाग्थ्यो । घर आई तातो चिया, भुटेका मकै र दुई चार मिनेट गाली खानुको मजा बेग्लै आउँथ्यो । एक दुई दिनमा कपालमा भुसुना र लिखाले उधुम मच्चाउँथे । ती दिनहरू त्यसरी नै बगे जसरी झरीको पानी बगेर गयो । वो भी क्या दिन थे !

- हाम्रो घरअगाडि बाघका छोरा बस्ने ठूलो बाँसघारी थियो । हामीले खानेबेला दुःख दिँदा हामीलाई तिनै बाघका छोराले खाइदिने डर हुन्थ्यो । माइली दिदीलाई २-३ पटक तर्साएको तथ्य घरमा बेला-बेला निस्कन्थ्यो । हामीले खेल्दा त्यो बाँसघारीमा हराएका कैयौं क्रिकेट बलहरू कहिल्यै भेटिएनन् । चिलौनी, ओखर र लप्सीका दाना भूँईमै बिलाउँथे । रातिमा त्यो बाटो हिड्दा मनमनै महामृत्युञ्जय मन्त्र जपिन्थ्यो । हे ! हे ! पानी परेको बेला त्यहाँबाट ठूलो भल बग्थ्यो । वेगले बग्ने पानी त्यहाँबाट टाढा जान्थ्यो । धेरै टाढा कहाँ हो कहाँ । ठुल्देईले रैंदी, छल्दी, बडीगाड, गण्डकी गंगा हुँदै समुद्रमा मिसिने कुरा गर्नु हुन्थ्यो । म अचम्म पर्थें अनि इम्याजिनेशनको डुंगा चढी "एक अनोखी भोयज" मा निस्कन्थें त्यो भलसँगै ।

- कक्षा ४ मा पढ्दा बाले मलाई पहिलो पटक कागजको डुँगा बनाउन सिकाउनुभयो । आखिर रंग नै त हो, कापीका पानाका असंख्य डुँगा बने । किताबका पानाका पनि डुँगा बने होलान् सायद, हु नोज ? पानी परेको बेला घरको बलेनीबाट छाडिदिएका ती मेरा डुँगा त्यो भलमा तलमाथि गर्दै कताकता पुगे होलान्-मेरा कलकलाउँदा सपनाहरू बोकेर मेरा बालापनका मिठा अनुभव बोकेर । कति ठाउँ सेयर गरे होलान् मेरा डुँगाले ? कति व्यवधान भोगे होलान् तिनले ? छल्दी गण्डकी, गंगाजी हुँदै समुद्रमै पो पुगे कि ती मेरा डुँगाहरू ? डार्बिन, कोलम्बस, क्याप्टेन फिलिप्स र भास्को

डिगामाहरूका जहाजलाई फेला पारे कि ? कतै ज्याक स्प्यारोको फन्दामा पो परे कि ? कतै ट्रिजर आइल्याण्डतिर बरालिए कि ? कतै सोमालियाका हन्टरहरूले हाइज्याक गरे कि ?

- कति डुँगाहरूमा मेरा हठहरू बगे होलान् । कतिमा मेरा रहरहरू बगे होलान् । कति डुँगाहरूमा मेरा चञ्चलता र उत्सुकताहरू बगे होलान् । कति डुँगासितै बगेका समयहरू सम्झेर अहिले म भावविभोर हुन्छु । ती डुँगाहरूमा मेरा बालापनका स्मृतिहरू पनि बगेका छन् । कतिमा मेरा गणितका हिसाब बगे त कतिमा विज्ञानका असाइनमेन्टस्हरू । कतिले मेरा प्रेमिल नोटेशन बोके होलान् त कतिले गाउँठाउँका भाकाहरू । कतिले बाका त्यागहरू बोके होलान् त कतिले आमाका मायाहरू । कतिले प्रेमका अक्षरहरू बोके होलान् त कति सुमधुर यादहरू । ती कागजका डुँगाहरू सम्झेर आज पनि भावुक बन्छु । ती मबाट समयसितै टाढिएका छन् । टाढिए पनि मधुर स्मृति बनेर मेरो अन्तर्मनमा बस्न पुगेका छन् । बग्दै-बग्दै पुगे होलान् ती अनन्त सागरमा जहाँ मायाका अनेकौं भाकाहरू ज्वाराभाटासँगै गुञ्जिन्छन् । ती कति बगे होलान् कति डुबे होलान्, हु नोज ?

- जुंगाका रेखा होस् वा भाग्यको लेखा, समय आफ्नै गतिमा चल्दो रहेछ । पानी पनि आफ्नै गतिमा बग्दो रहेछ निरन्तर, अविरल । आखिर जिन्दगी पनि त डुँगा झैं रहेछ खतराहरू झेल्दै बगिरहने, बढिरहने । आँधी र तूफान आइरहन्छन् यात्रामा सधै । प्यासिफिकको यस कोस्टमा डुँगा देख्दा म बाल्यकालीन यादहरूमा डुबुल्की मार्छु, स्मृतिको सागरमा सयर गर्छु । त्यहाँ म स-साना कागजका डुँगाहरू देख्छु । ती देख्दा मेरो मनमा भावनाहरू सल्बलाउँछन्, प्रश्न उठ्छन् । ती कतै मेरा बाल्यकालीन डुँगाहरू त होइनन् मैले झरी पर्दा भलमा बगाएका ? कतै मेरा अनुभूतिहरू जोगाउन आएका भूतकालका दूतहरू होइनन् ? ती बगिरहेका डुँगामा म आफूलाई देख्दछु र त्यो बगिरहेको पानीमा म त्यो बाँसघारीको भल देख्दछु । ती भावहरू बोकेका डुँगाहरू हेर्दै म संवादहीन हुन्छु । मनमनै रमाउँछु ।

- पृष्ठभूमिमा पिङ्क फ्लोयडको "कम्फरटेब्ली नम्ब" बज्दैछ । म पनि बिस्तारै कम्फरटेब्ली नम्ब हुँदैछु ।

हाय ! समय । हाय ! मेरा डुँगाहरू । हाय ! मेरा प्रिय यादहरू ।

ooo

# तिमी जाऊ...

✍ **सुरेशप्रसाद अर्याल**
**इस्मा-५, गुल्मी**

तिमी जाऊ,
जहाँसम्म जान छ जाऊ ।

आकाशले जहाँ धर्ती छुन्छ,
त्यहाँसम्म जाऊ,
सूर्यलाई जबसम्म हिमालले छेक्दैन,
त्यहाँसम्म जाऊ ।
जहाँसम्म ताराहरू मुस्कुराएर तिमीलाई हेर्छन्
र जून बाटो देखाउँछ,
त्यहाँसम्म जाऊ ।
जाऊ,
जहाँसम्म तिमीलाई तिम्रो मुटुले धिक्कार्दैन
र तिम्रा पैतालाहरूले तिमीलाई जबाफ दिदैनन् ।

जाऊ,
जहाँसम्म तिम्रो अभिमान जिउँदो रहन्छ
र तिम्रो स्वाभिमान मर्दैन ।

जाऊ-
तिमीले रोजेको बाटै- बाट
अनि जब बाटो सकिन्छ,
जाऊ तिमीले नरोजेको नदी तिरै-तिर पनि ।

तर
जब त्यो नदी समुद्रमा समाहित हुन्छ,
त्यो अघि नजानू ।

किनकि -
त्यहाँ म सकिएको हुनेछु ।

त्यहाँ उप्रान्त,
"तिमी फर्की आऊ" भन्ने कोही हुने छैन ।

ooo

# मलाई मिलन समीर मन पर्दैन !

✍ **मिलन समीर**
**करादीखोला, स्याङ्जा**

मलाई मिलन समीर मन पर्दैन !
किनकि मैले चाहेको जस्तो
उसले कहिल्यै पनि गर्दै गर्दैन
जे गर्छ, आफ्नै क्षमताले गर्छ,
अरू कसैको भरमा अघि सर्दैन !

बोकेर स्पष्ट देखिने युगीन विचार
सदैव सिधा कुरा गरिरहेको हुन्छ
कहिल्यै कुनै किसिमको भ्रम छर्दैन
बनेर अरू कसैको आँखाको कसिङ्गर
अविरल आँसुसँगै पखालिएर झर्दैन !

मैले देखिरहेको जस्तो जीवन्त दृश्य
उसको नाङ्गो फुटेको आँखाले
उसले कहिल्यै पनि देख्दै देख्दैन
मैले लेखिरहेको जस्तो अर्थपूर्ण कविता
उसको बाङ्गो टुटेको कलमले
उसले कहिल्यै पनि लेख्दै लेख्दैन !

मैले भनेको त केही पनि मान्दै मान्दैन
स्वयं आफैंले फेरि कहिल्यै जान्दै जान्दैन
उसको यो उमेरले केही पनि धान्दै धान्दैन
मेरो कुनै पनि कुरो कहिल्यै खाँदै खाँदैन
मैले भनेको ठाउँमा त झन् जाँदै जादैन !

अरू जसले जेसुकै सोचिरहेको भए पनि
वास्तविक धरातलको बलियो जगमा टेकेर
वैकल्पिक बाटो बनाउँदै उभिएर आफ्नै खुट्टामा
चालेर अहिलेसम्म अग्रगामी पृथक् पाइलाहरू
बिझाउँदै प्रत्येक पाइलैपिच्छे जङ्गली नीलकाँढा
करादीखोलादेखि पैदल हिंडेरै काठमाडौंसम्म
जसरी पनि पुगेरै छोड्छु भनेर कम्मर कसिरहेको

एउटा अर्को दुस्साहसी संघर्षशील स्वप्नजीवी
सहृदयी सिर्जनशील नाम हो रहेछ मिलन समीर,
सदाबहार हरियो डाँडामाथि पुगिसकेको पहेंलो घाम
फेरि फर्केर फेंदीतिरको ओरालो बाटो झर्दै झर्दैन
त्यसैले त मलाई मिलन समीर कत्ति पनि मन पर्दैन !

मैले सदैव एकथोक भनिरहेको हुन्छु
उसले सदैव अर्कैथोक गरिरहेको हुन्छ
म घनघस्याको उकालो चढिरहेको हुन्छु
ऊ आँधिखोलाको ओरालो झरिरहेको हुन्छ
अरूलाई आजीवन उज्यालो देखाउँदै
आफू चाहिँ ओझेलमा परिरहेको हुन्छ !

मैले एकथोक सोचिरहेको हुन्छु
उसले अर्कैथोक सोचिरहेको हुन्छ
म फूल बनेर फुलिरहेको हुन्छु
ऊ काँढा बनेर घोचिरहेको हुन्छ !

फूल बनेर अरू हिंड्ने मूलबाटोमा
मैले आफैंलाई ओछ्याइरहेको हुन्छु
पाइलैपिच्छे नीलकाँढा बनेर उसले
सदैव मलाई पछ्याइरहेको हुन्छ !

मैले उसलाई भुईंको धूलो सम्झिरहेको हुन्छु
उसले मलाई हिउँदे कुलो सम्झिरहेको हुन्छ
मैले उसलाई आँखाको फुलो सम्झिरहेको हुन्छु
उसले मलाई चिसो चुलो सम्झिरहेको हुन्छ !

मैले उसलाई सदैव रिझाइरहेको हुन्छु
उसले मलाई सदैव बिझाइरहेको हुन्छ !

मसँग जत्तिकै त ऊ अहिलेसम्म
अरू कसैसँग पनि हिंडेको छैन
त्यसैले त मैले जति नजिकबाट
उसलाई अरू कसैले पनि चिनेको छैन
पहिले त्यति धेरै नजिक भएर पनि
एक आपसमा मनमुटु मिलेको छैन

अहिले यति धेरै टाढा भएर पनि
हाम्रो सम्बन्धसूत्र छिनेको छैन !

निवर्तमान समयको मूलबाटोमा
लागिरहेको बेला सघन तुवाँलो
अल्झिएर बल्झिदै बीचबाटोमा
आफ्नै छायाँले छल गरिरहेको बेला
अरू सबै मिलेर भ्रम छरिरहेको बेला
स्वयं ऊ आफैं अलपत्रै परिरहेको बेला
पर्खिएर प्रमिथसको गाढा उज्यालो
आफ्ना दुई आँखाको बाटो भएर
आँधिखोले ओरालो झरिरहेको बेला
अरू कसैको ठुटे पुच्छर समातेर घिसारिदै
आफ्नै जीवनयात्राको वैतरणी तरिरहेको बेला
मलाई मेरै जीवनको मूलबाटो देखाइदिन खोज्छ
मेरो निधारमा आफ्नो दुर्भाग्य लेखाइदिन खोज्छ !

मैले भनेको नमानेपछि ...
जतिसुकै अर्थपूर्ण भएर के गर्नु ?
उसले भनेका कुनै पनि कुराहरू
उसले गरेका कुनै पनि कामहरू
कुनै पनि कोणबाट चित्तै बुझ्दैन !

चित्तै नबुझ्ने भएरै त होला,
मलाई मिलन समीर मन पर्दैन !

ooo


कम्प्युटर, ल्यापटप, प्रिण्टर, सी.सी. टि.भी., क्यामरा, बिक्री तथा मर्मत गर्नुपरेमा । वार्षिक सम्झौताका आधारमा कम्प्युटर तथा प्रिण्टर मर्मत गर्नुपरेमा वा कम्प्युटरसम्बन्धी सबै पार्टस्हरू चाहिएमा हामीलाई सम्झनुहोस् ।

**डेलिसा सप्लायर्स**

**रेसुङ्गा नगरपालिका-८, गुल्मी**

**प्रो. वासुदेव ऐर (सम्पर्क नं. ९८५७०६४८०२)**

# बस्तीविकास

✍ **शकुन्तला पौडेल**
**कपिलवस्तु-२, तिलौराकोट, कपिलवस्तु**

जथाभावी बस्तीविकास, उर्वर भूमि नाश
आज भोलि यसैलाई, भन्छन् कि विकास ?
विकास गर्दा दूरगामी, सोच राख्दा बेस
लथालिङ्ग हुने छैन, कहिले पनि देश

खेतीयोग्य जमीनजग्गा, पारी टुक्रा-टुक्रा
जता हेऱ्यो महल अनि, साना ठूला झुप्रा
महलमा बसे पनि, खानु पर्छ भात
यस्ता कुरा मानिसले, विचार गरोस् आज

मानिसलाई अत्यावश्यक, गास बास कपास
शिक्षा स्वास्थ्य रोजगारी र महगाइको निकास
बस्तीविकास निर्माण गर्ने, सुनिश्चितता तोकौं
अन्नबाली उत्पादनको, जमीनलाई जोतौं

नचाँहिदो सिको छोडौं, राम्रो काम सिकौं
दिगो विकास सुनिश्चित, योजनालाई रोजौं
जथाभावी भवन निर्माण, नक्सा दिंदा सोचौं
बनाएका घर भत्काउँदा, जवाफदेही बनौं

जनताले दुःख गरी, बनाएको घर
सरकारले बाटो बनाई, सार्‍यो पर-पर
जो-जसका जमीन थिए, सरे पर-पर
नहुनेका जमिन बाँकी, भए बिना घर

ooo

**पुस्तकालयमा गई पत्र-पत्रिका, पुस्तक पढ्ने बानी बसाली पठन संस्कृतिको विकास गरौं ।**

# विदेशयात्राको पीडा

✍ **शारदा पन्थी खनाल**
**रेसुङ्गा-१, तम्घास, गुल्मी**

आमाका हातको आशीषको टिका बाबाको मालाले
हुँदैछु बिदा झम्टेर रुन्छन् यी लाल-बालाले
बरबरी आँसु झारेर हेर्छिन् झ्यालबाट प्यारीले
घरमा बस्न दिएन क्यारूँ ऋणको भारीले

कुलदेव साक्षी राखेर सारा देवी र देउराली
कसरी बिर्सूं यी वन पाखा उकाली-ओराली
झन् पर जान्छु झन् माया लाग्छ सँङसाथी साराको
खेलेको यादले सताउन थाल्यो बालककालको

अगाडि पाइला सार्दैछु जति पछाडि हेर्दैछु
कस्तो छ आफ्नो भाग्यको फल परीक्षा गर्दैछु
बाबा र आमा परिवार रुँदै घरमा छोडेर
चिडिया जस्तै बादलभित्र हाबामा उडेर

थिएन रहर अर्काको देशमा शहर घुम्नलाई
विदेशी ज्यानको बनेर दासी चरण चुम्नलाई
शहरमा पुगी कागजपत्र लिएर हातमा
समुद्र पारी जानी हो आफ्नो क्यै छैन साथमा

सक्कली हुन् कि नक्कली कागज दलालको छ भर
पराइ देशमा दया र माया गर्ने पो को छ र
खाडीमा पुगी पचास डिग्री तातोमा जल्दै छु
जागिरको निम्ति पराइ ज्यानको म गोडा मोल्दै छु

तातो छ हावा तातो छ पानी तातो छ यो धर्ती
दया र माया गर्ने क्वै छैन फरक छ संस्कृति
जागिर मेरो कोदाली खन्ने खेतबारी जोत्ने हो
यो मात्र होइन गगनचुम्बी महल पोत्ने हो ।

ooo

# विषमताबीच फुल्दछ जीवन

✍ **विष्णुहरि पौडेल**
**कीर्तिपुर-२, मैत्रीनगर, आदर्श मार्ग, काठमाडौं**

सहज छैन यहाँ गतिरोध छन्
सुमतिकाप्रति नै प्रतिशोध छन् ।
कुसुम फुल्छ सुवास चलाउँछ
तर मनुष्य चुँडेर सताउँछ ॥

जब हिमालय गर्छ उँभो शिर ।
शिखर दूषित भै नहुने नुर ।
प्रगतिको पहिचान दिने प्रण ।
विफल बन्दछ दुर्जन छन् मन ॥

कति मुलायम छन् सुमुखी परी ।
सकस नै छ सँधै हुन सुन्दरी ।
अलप बन्दछ छाल समुद्रमा ।
जब कलाविनु डुब्दछ चन्द्रमा ॥

नव वसन्त छुँदा प्रिय साखिल ।
कुहु गरेर रमाउँछ कोकिल ।
स्वर हराउँछ ग्रीष्म चढेपछि ।
दिन-दशा दिन थाल्छ अधोगति ॥

नसकियो सुख-दुःख बिसाउन ।
सपरिवार भएर रमाउन ।
नजर छन् अरु सामु खुशी तर ।
सकलका घट छन् पिरका घर ॥

जिउँछ पत्थरका बिच पीपल ।
दिंदछ ताप सहेर नि शीतल ।
रवि उदाउँछ रात चिरि बन्धन ।
विषमता बिच फुल्दछ जीवन ॥

ooo

# अश्वत्थामा गीतिनाटक : समीक्षात्मक सिंहावलोकन

✍ **भुवन अर्याल**
**उप-प्राध्यापक**
**रेसुङ्गा बहुमुखी क्यामपस**
**तम्घास, गुल्मी**

## १. पृष्ठभूमि

गीतिनाटक नाटककै एक भेद हो । यसको शाब्दिक अर्थ गीतप्रधान नाटक भन्ने हुन्छ । अंग्रेजी भाषामा गीतिनाटकका समानार्थी शब्द मेलोड्रमा, ख्याले र अपेरा रहेका छन् । यीमध्ये नेपाली साहित्यमा प्रचलित गीतिनाटक मेलोड्रमाको निकट देखिन आउँछ । मेलोड्रमा साङ्गीतिक पृष्ठभूमिमा प्रस्तुत गरिने नाटक हो । यसमा संवादहरू बोलीकै रूपमा प्रस्तुत गरिने हुँदा गीतितत्त्वको अभाव हुन्छ । पश्चिमी साहित्यमा मेलोड्रमा र अपेरालाई एउटै अर्थमा प्रयोग गर्ने चलन रहेको देखिन्छ । ख्याले चाँहि नृत्य तथा संगीत प्रधान रचना हो । अपेराले संगीतबद्ध गाइने नाटकलाई जनाउँछ । अपेरामा गीत, नाटक र गायनको अन्योन्याश्रित सम्मिश्रण हुन्छ । नेपालीमा रचना गरिएका गीतिनाटक मेलोड्रमा र अपेराका निकट देखापरे पनि मञ्चीय पक्षबाट हेर्दा यसले अपेराकै विशेषतालाई बढी पछ्याएको देखिन्छ ।

पूर्वीय साहित्यमा गीतिनाटक लेखनको परम्परा देखिदैन । संस्कृत साहित्यको प्रारम्भिक कालमा गीतिनाटक लेखिएको देखिन्न । यसैले होला गीतिनाटक सम्बन्धी परिभाषा र दृष्टिकोण खासै प्रस्तुत भएका देखिदैनन् । इस्वीको सोह्रौं र सत्रौं शताब्दीतिर संस्कृतमा 'कृष्ण नाटक' र गोविन्द नाटकको रचना भएको देखिन्छ । यी दुबै नाटक गीतिनाटकको निकट देखिन्छन् । त्यसपछि संस्कृत साहित्यमा फाट्टफुट्ट मात्र गीतिनाटक रचना भएका देखिन्छन् । संस्कृत साहित्यका गीतिनाटकले नेपाली गीतिनाटकको परम्परामा खासै प्रभावित पार्न सकेका छैनन् । आदर्श बन्न सकेका छैनन् । यसैले नेपाली साहित्यमा गीतिनाटक लेखनको परम्परा अङ्ग्रेजी साहित्यकै परम्पराबाट अगाडि बढेको अनुभव हुन्छ ।

नीतिनाटकको ऐतिहासिक परम्परा हेर्दै जाने हो भने १६ औं शताब्दीसम्म पुग्न सकिन्छ । प्राचीन ग्रीसेली मान्यतालाई पछ्याएर १६ औं शताब्दीमा गीतिनाटक परम्पराको थालनी भएको मानिन्छ । इटालेली कवि टर्क्युटो टासोको लयात्मक

महाकाव्य 'मुक्त जेरूसेलम' बाट पनि पाश्चात्य गीतिनाटक परम्परा प्रभावित भएको देखिन्छ । विश्वसाहित्यमै प्रथम मञ्चीय गीतिनाटक ओट्टा थियो रिनुसिनीको 'संगीत बेपत्ता' हो । रिनुसिनीको दोस्रो संगीतनाटक युरिडिस सन् १६०० मा इटलीको सिटी दरबारमा मञ्चन भएको थियो । त्यस्तै पोन्टले सन् १७८७ मा 'पिगारोको विवाह' लेखेका थिए। यसरी विश्व साहित्यकै इतिहासमा गीतिनाटकको जग हाल्ने व्यक्तित्व रिनुसिनी र पोन्ट नै हुन् । यी दुबैले हालेको जगबाट विश्व साहित्यमा नै नीतिनाटक परम्परा समृद्ध हुँदै आएको देखिन्छ ।

## २. परिचय

गेयात्मकता तथा संगीततत्त्व प्रमुख भई नाट्यतत्त्व सर्वत्र सक्रिय हुने दृश्यश्रव्य काव्य नै गीतिनाटक हो । यो नाटकवर्गको विधा हो । यसको परिचय र परिभाषा सन्दर्भमा पूर्वीय आचार्यहरू मौन देखिन्छन् । विशेषतः यो विधाको प्रारम्भ पश्चिमी साहित्यबाट भएकोले पश्चिमी विद्वान् तथा ग्रन्थहरू यसको परिभाषाका सन्दर्भमा सक्रिय देखिन्छन् । यसैले पश्चिमी साहित्यका विद्वान् र ग्रन्थहरूको सापेक्षतामा गीतिनाटकको परिचय कोट्याउने प्रयास गरिएको छ । गीतिनाटकका सन्दर्भमा इन्साइक्लोपेडियामा भनिएको छ बीच-बीचमा वाद्यमण्डलीसहित मञ्चन गरिने संगीतबद्ध र बोलीमा आधारित काव्यलाई गीतिकाव्य भनिन्छ । त्यस्तै गीतिनाटकको परिभाषा सन्दर्भमा डोनाल्ड जेइ ग्राउट र क्लाउड भीपालिस्काद्वय भन्दछन् - दुई वा सोभन्दा बढी दृश्यमा रहेको नाटकीय र रङ्गमञ्चीय सिर्जनालाई गीतिनाटक भनिन्छ । यसको परिचय र परिभाषा सन्दर्भमा समीक्षक तथा गीतकार कृष्णहरि बराल भन्दछन् - गीतको आयाम लम्बिएर द्वन्द्वको प्रधानता भई संवादात्मक रूपमा प्रस्तुत हुँदा यो गीतिनाटक बन्दछ । त्यस्तै गीतिनाटककार माधव घिमिरेको भनाइ छ :- यो गीतद्वारा प्रस्तुत नाटक वा नाटकद्वारा प्रस्तुत गीत हो । यसमा नृत्य पनि रहन्छ ।

गीतिनाटकका सन्दर्भमा यी सबै विचारहरू समीकरण गर्दा गीतिनाटकको परिचयलाई निम्न बुँदाहरूका आधारमा चिनाउन सकिन्छ :-

पद्यबद्ध दृश्यश्रव्य काव्य नै गीतिनाटक हो ।

नाट्यतत्त्व सक्रिय रहनु, सम्वाद र अभिनयको माध्यमबाट कथानक अगाडि बढ्नु यसको विशेषता हो ।

भावप्रधान र अन्तर्द्वन्द्वप्रमुख हुनु पनि यसको विशेषता हो ।

गेयात्मकता तथा संगीततत्त्वले यसलाई कोमल विधाका रूपमा स्थापित गर्दछ ।

गीत, नाट्य र संगीतको सन्तुलित संयोजनले यसलाई सामान्य नाटकबाट भिन्न बनाएको हुन्छ।

अतः गीतिनाटक पश्चिमी साहित्यमा जन्मेर क्रमशः नेपाली साहित्यमा प्रवेश गरेको विधा हो । यो विधा गेयात्मक, संगीतात्मक, भावनात्मक र द्वन्द्वप्रधान समेत हुन्छ । यसमा कथानक, पात्र, संवाद, गीत, द्वन्द्व अभिनय, परिवेश र उद्देश्यजस्ता तत्त्वहरू समावेश हुन्छन् ।

## ३. नेपाली गीतिनाटक परम्परामा अश्वत्थामा गीतिनाटक

पश्चिमी साहित्य १७ औं शताब्दीको आरम्भतिरैबाट परिपक्व बनिसकेको गीतिनाटकको लहर नेपाली साहित्यमा २० औं शताब्दीको मध्यतिरबाट अङ्कुरण हुन थालेको देखिन्छ । हुन त नेपाली कविताको प्राथमिक कालमा श्रुतिपरम्परामा कतिपय गीतिनाटक अस्तित्वमा आए तापनि लिखित रूपमा गीतिनाटकको शुरूवात माध्यमिक कालमा मात्र भएको देखिन्छ । शृङ्गारिक धाराका प्रवर्तक र केन्द्रीय प्रतिभा मोतीराम भट्टले लेखेको शाकुन्तल (१९४४-१९४८) गीतिनाटकलाई नेपाली गीतिनाटकको इतिहासको जग थाप्ने कृतिका रूपमा लिन सकिन्छ । यो पूर्णतः नाट्य विधा भए तापनि बीच-बीचमा गीत तथा कविताको प्रयोग भएकाले यसलाई गीतिनाटकको अगुवाकृति मानिन्छ । मोतीराम भट्टकै प्रियदर्शिका (लेखन १९४८ प्रकाशन २०१६) स्पष्ट रूपमा नाट्यकाव्यको प्रारम्भिक प्रतिनिधि ग्रन्थ हो । मोतीराम भट्टपछि शम्भुप्रसाद ढुङ्गेल, पूर्णानन्द उपाध्याय, शिवनिधि जोशीको नेपाली गीतिनाटकको इतिहासमा उल्लेखनीय योगदान देखिन्छ ।

नेपाली नाटकको इतिहासमा आधुनिक कालका आरम्भकर्ता बालकृष्ण सम हुन् । उनको पहिलो आधुनिक नाटक मुटुको व्यथामा अनुष्टुप् छन्दको प्रयोग गरिएको छ । उनले ध्रुव, प्रह्लाद, मुकुन्द इन्दिरा आदि पद्य शैलीमा नै रचना गरेका छन् । उनका नालापानी, रणदुल्लभजस्ता एकाङ्कीमा गीतितत्त्वको प्रयोग भएको छ । समका नाटक र एकाङ्कीले नेपाली गीतिनाटकको इतिहासमा महत्त्वपूर्ण सहयोग र उत्थान गरेको देखिन्छ । त्यस्तै लक्ष्मीप्रसाद देवकोटाको 'कृषिवाला' नेपाली गीतिनाट्य साहित्यको अर्को महत्त्वपूर्ण कृति हो । यसैबाट स्पष्ट रूपमा गीतिनाटक लेखनपरम्पराको आरम्भ भएको पाइन्छ । देवकोटाकै मुनामदन र कुञ्जिनी खण्डकाव्यसमेत गीतिनाटकका रूपमा मञ्चन हुनाका साथै पर्दामा समेत देखाइसकिएका छन् । सिद्धिचरण श्रेष्ठद्वारा रचित बालीबध (२०२१) को पनि नेपाली गीतिकाव्यका इतिहासमा आफ्नै विशिष्ट स्थान छ । यिनै पृष्ठभूमिबाट नेपाली गीतिनाटकको उत्थान भएको देखिन्छ । नेपाली गीतिनाटकका इतिहासमा माधव घिमिरेले जुन उचाइ प्रदान गरे सो उचाइ हालसम्म अन्य स्रष्टाबाट कत्ति पनि हुन सकेको देखिदैंन । माधव घिमिरेले

शकुन्तला, मालती–मङ्गले, विषकन्या, अश्वत्थामा हिमालवारि–हिमालपारि जस्ता उत्कृष्ट गीतिनाटक रचना गरेर नेपाली गीतिनाटकको इतिहासमा अविजेय प्रतिभा बन्न पुगेका छन् । नेपाली साहित्यको इतिहासमा गीतिनाटकको विधागत स्वत्व वा गरिमालाई स्थापित गरेका छन् ।

वि.सं. २०३८ सालमा शकुन्तला गीतिनाटकबाट गीतिनाटकको इतिहासमा उदाएका माधव घिमिरेले सातवटा गीतिनाटक रचना गरेका छन् । उनको गीतिनाटक यात्रालाई मूलतः तीन चरणमा राखेर अध्ययन गरिन्छ भने उनको अश्वत्थामा नाटक गीति नाट्य यात्राको द्वितीय चरण अर्थात् (वि.सं. २०३९-२०५४) भित्र रचना भएको हो । यो चरण घिमिरेका गीतिनाटकको इतिहासमै अत्यन्त उर्वर चरण मानिन्छ । यस चरणमा घिमिरेका मालती–मङ्गले, विषकन्या, अश्वत्थामा, हिमालवारि हिमालपारि, गरी चारवटा गीतिनाटक प्रकाशित छन् । यस चरणमा घिमिरे गीतिनाटकका इतिहासमा संख्यात्मकता र गुणात्मकता दुबै पक्ष समेट्न सफल देखिन्छन् ।

माधव घिमिरेको अश्वत्थामा गीतिनाटक नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानबाट वि.सं.२०५३ सालमा प्रकाशित भएको हो । गीतिनाटकमै उल्लेख भएअनुसार यसको लेखनकार्य वि.सं. २०५१ सालमा भएको हो । भानुभक्त पोखे्रलले दिएको जानकारी हेर्ने हो भने यसको लेखनकार्य वि.सं. २०४७/०४८ तिरबाटै भएको मानिन्छ । नेपाली साहित्यमा वि.सं. २०५३ सालमा प्रकाशित पुस्तकहरूमध्ये सर्वोत्कृष्ट रचना ठहरिएकाले यस नाटकलाई नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानबाट नोबेल पुरस्कार समिति स्विडेनमा पठाइएको हो तर यसको मञ्चन भने भएन । यसबाट नेपाली गीतिनाटकको इतिहासमा अश्वत्थामा नाटक एक सर्वोत्कृष्ट गीतिनाटक भएको यथार्थ प्रमाणित हुन आउँछ ।

## ४. अश्वत्थामा नीतिनाटकको कथास्रोत

अश्वत्थामा गीतिनाटकको मूल कथानक महाभारतको पौराणिक कथावस्तुमा आधारित छ । अश्वत्थामा द्रोणाचार्य र कृपीका पुत्र थिए । द्रोणार्चायले भगवान् शिवजीलाई प्रसन्न बनाएर आफ्नो अंशस्वरूप चिरञ्जीवी पुत्रको वरदान दिनु भएको थियो । अश्वत्थामा जन्मँदा घोडाजस्तै आवाज निकालेको थियो । उसले जन्मदा नै माथमा मणि लिएर जन्मेको थियो । ऊ अत्यन्त बलवान् थियो । उसले शिवजीबाट प्राप्त गरेको आशीर्वाद स्वरूप प्राप्त गरेको मणिका कारण दैत्य, दानव तथा अन्य कुनै शक्तिले उसलाई परास्त गर्न सक्दैनथे । अश्वत्थामा जन्मेपछि सम्पन्न द्रोणाचार्यको सम्पत्ति क्षय हुँदै गयो । द्रोणचार्य गरिब हुँदै गए । पाण्डवहरूका गुरु द्रोणाचार्यले अश्वत्थामालाई सम्पूर्ण धनुर्विद्या सिकाएका थिए । कौरव र पाण्डवको युद्धमा कौरव पक्षबाट लडेका द्रोणाचार्य र अश्वत्थामाले

पाण्डव पक्षलाई हराउने निश्चित भैसकेको थियो । असत्यवादी कौरवहरूलाई हराउनका लागि भगवान् कृष्णले एउटा जाल रचेर युधिष्ठिरको मुखबाट अश्वत्थामा मरेको हल्ला फैलाउने चलाखी गरे तर सत्यवादी युधिष्ठिर असत्य बोल्न जान्दैनथे । अवन्ती राज्यको मत्त, बलवान् हात्ती अश्वत्थामा प्रद्युम्नले मारेको खबर युधिष्ठिरले सुनाउँदै थिए । पहिले अश्वत्थामा मऱ्यो भने, द्रोणाचार्य अचम्मित हुँदै प्रश्न गरे । युधिष्ठिर सत्य कुरा भन्दै थिए हो अश्वत्थामालाई प्रद्युम्नले मारे तर अवन्ती देशको अश्वत्थामा हात्ती 'भन्न नपाउँदै कृष्णले पुनः चलाखी गरेर त्यसपछिको वाक्य सुन्ने बेलामा जोडले पाञ्चजन्य शङ्ख बजाइदिए । द्रोणले हात्ती भन्ने बुझ्नै पाएनन् । उनी पुत्रशोकले भूइँमा घोप्टो परेर रुन थाले । त्यसै अवसरमा द्रोणाचार्य पनि मारिए । आफ्ना पिताको मृत्युपछि अश्वत्थामा पागल जस्तै बन्यो । पाण्डववंशकै विनाश गर्ने अभियानमा लाग्यो । युद्धका नियम विपरीत जथाभावी मार्न थाल्यो । सर्वविनाश गर्ने नारायणअस्त्र प्रयोग गर्न थाल्यो । यहाँ पनि कृष्णले पाण्डव पक्षका सबैलाई रथबाट उत्रेर नारायण अस्त्रको शरणमा परे मात्र बाँच्न सकिने उपाय दिए । नारायण अस्त्र विफल भयो । पिताका मृत्युले पागल भैसकेको अश्वत्थामाले पाण्डवको वंशै विनाश गर्ने दाउमा उत्तराका गर्भमा रहेको शिशुमाथि प्रहार गऱ्यो । त्यहाँ पनि कृष्णले बचाए । जतातत्तै षड्यन्त्र विफल भएपछि आजित बनेका अश्वत्थामालाई मार्नुपर्छ भनेर कृष्णले अर्जुनलाई कर गरे तर अर्जुनले गुरु पुत्रलाई नमारी उसका माथको मणि झिकिदिएर राज्यबाट निकाला गरिदिए । चिरञ्जीवी अश्वत्थामा माथको मणि झिकेर परेको घाउ निधारमा बोकेर भौतारिन थाल्यो । अझै पनि अश्वत्थामा जीवित छ । कलियुगको अन्त्यसम्म अश्वत्थामा जीवितै रहन्छ भन्ने भनाइ छ । भारतीय कतिपय स्थानमा अश्वत्थामा भौतारिएको छ । शिव मन्दिरमा पूजा गर्न मध्यरातमा आउँछ भन्ने भनाइ छ । शिवपुराणमा पनि अश्वत्थामा अझै जीवित भएको कुरा उल्लेख छ । महाभारतको यही खलपात्रलाई आधार बनाएर माधव घिमिरेले गीतिनाटकको कथानक संयोजन गरेका छन् ।

## ५. अश्वत्थामा गीतिनाटकको कथावस्तु

महाभारतमा उल्लेख गरिएका त्यही खलपात्र अश्वत्थामाको कथावस्तुलाई गीतिनाटककार माधव घिमिरेले सात अङ्क र बयालीस गीतहरूमा यसको पूर्ण स्वरूप तयार गरेका छन् । महाभारतको जस्तो विध्वंसकारी, आवेशयुक्त युद्धनियम भङ्ग गर्ने षड्यन्त्रकारी व्यक्तित्वका रूपमा घिमिरेले चित्रण गरेका छैनन् । मस्तकको मणि खोसिएर छलछामको युद्ध गर्दागर्दै आजित बनेको अश्वत्थामालाई विभिन्न सात अङ्कमा यसरी प्रस्तुत गरेका छन् ।

यस गीतिनाटकको प्रथम अङ्क अश्वत्थामा आफूले अतीतमा गरेका युद्धसम्बन्धी अपराधहरू स्वीकार गर्दै पश्चात्तापले छटपटाउँदै शान्तिको खोजीमा हिमाली क्षेत्रको गोसाइँ कुण्डमा आइपुगेको छ । लडाइँमा गएको छोरो फर्कने बाटो हेर्दै बसेका वृद्ध पितासमक्ष पुग्दछ । उनले अश्वत्थामालाई चिन्दैनन् तर अश्वत्थामाले चिनेर अभिवादन गर्दछ । वृद्ध पिताले वर्तमान युद्धका बारेमा जिज्ञासा राख्दछन् । अश्वत्थामा पनि महायुद्धको पीडा बोकेर त्यहाँबाट छिट्टै प्रस्थान गर्दछ । अश्वत्थामा हिँडेपछि वृद्ध पिताले उसलाई कुनै योगी, सुनझाँक्री वा युद्ध नहारेरै हारेको अमरसिंहमध्ये कोही होला भन्ने अनुमान गर्दछन् ।

यस गीतिनाटकको दोस्रो अङ्कमा बराहपोखरीनिरको नमेरू वृक्षको फेदको शिलाखण्डमा युद्धमा वीरगति प्राप्त गरेका वीरहरूको स्मरणमा गाउँलेहरूले पाको वायुको पूजा गर्न लागेको ठाउँमा अश्वत्थामा आइपुग्दछ । वीरपूजा सकेपछि पूजाको नियम उल्लङ्घन भएकोले अश्वत्थामा प्रकट हुन्छ । उसलाई देखेर लोभारे ठिटो काम्न थाल्दछ । अश्वत्थामा आफू काँचो वायु बन्न परेकोमा दुःख प्रकट गर्दै लोभारेतिर जान्छ । लोभारेले अश्वत्थामाको परिचय माग्दै उसकै कारणले आफूमा कम्प छुटेको बताउँछ । कि अश्वत्थामालाई मार्ने कि आफू मर्ने कुरा लोभारेले बताउँछ । गाउँलेहरूले वीरलाई जिस्काएकाले भूतप्रेत निस्कने हुँदा सबैलाई आफ्ना जिउको सम्भार गर्न लगाउँछन् । अश्वत्थामा पनि मञ्चबाट बाहिर निस्कन्छ ।

तेस्रो अङ्कमा अश्वत्थामा नफुलेको अशोक वृक्ष र फुलेको सिउँडीका वृक्षका छेउमा पुगी आफूलाई सिउँडीसँग तुलना गर्दछ । त्यसै बखत गर्भवती महिला आएर अशोक वृक्षमा पानी हाल्छे । त्यसैलाई छाँद हालेर रुन थाल्दछे । त्यसै बखत अश्वत्थामा वनभित्र लहराको झ्याङमा देखा पर्दछ । गाउँले नारी र पुरुषले उसको परिचय माग्दै अशोक नफुल्नु र गर्भवतीको गर्भस्थ शिशु नचल्नुको कारण सोध्दछन् । गर्भवतीले गर्भस्थ शिशुको रक्षा गर्न आग्रह गर्दा अश्वत्थामा आफू बालहत्यारा भएको बताउँछ । त्यसै बखत कतैबाट बालक रोएको आवाज सुनेपछि अश्वत्थामाको तालुको घाउ छड्कन थाल्दछ । ऊ घाउ अठ्याउँदै त्यहाँबाट भाग्दछ ।

चौथो अङ्कमा पधेर्नीहरूले धारामा पानी भर्दै गरेको ठाउँमा अश्वत्थामा आइपुग्दछ । त्यहाँ अश्वत्थामाले आफ्नो पीडा व्यक्त गर्दछ । पधेर्नीहरूले उसलाई धाराबाट बगिरहेको पानी पिउन आग्रह गर्दछन् तर अश्वत्थामाले युद्धमा धेरैजना निहत्था मारेको हुँदा हातभरि रगत लागेकोले रक्ताम्य हातले पानी पिउन नसक्ने कुरा बताउँछ । उसले आफूले पहिले बाणले हानेर घाइते बनाएका वीरहरू पानी-पानी भनेर कराइरहेका र आफू अहिले तिनै घाइते सैनिकहरूझैं बनेर हिँडेको बताउँछ । पधेर्नीहरूले आफ्नै हातले अश्वत्थामालाई पानी

पिलाउँछन् । पिलाउँदै गर्दा अश्वत्थामाका टाउकामा गहिरो ठूलो घाउ देख्दछन् । उनीहरूलाई दया लागेर आफ्ना शिरको सिन्दूर पुछेर उक्त घाउमा लगाइदिन्छन् । अश्वत्थामाले आफूले धेरै निरपराध नारीहरूको सिउँदो पुछिदिने अपराधी भएकोले उनीहरूका सिन्दूरले घाउ नभर्न अनुरोध गर्दछ तर पधेर्नीहरूले कुनै पनि व्यक्ति सधैभरि अपराधी नबन्ने बताउँदै उसको घाउमा सिन्दूरले उपचार गर्दछन् । अश्वत्थामा उनीहरू प्रति कृतज्ञ हुँदै त्यहाँबाट बाहिरिन्छ ।

पाँचौ अङ्कमा अश्वत्थामा अँध्यारो पाताल गुफाभित्र पुग्दछ । त्यहाँ युद्धका अस्त्रहरू एक अर्काप्रति प्रहार भैरहेको, रुवाबासी र चित्कारका आवाजहरू सुन्छ । अश्वत्थामाले बच्चा च्यापेर भाग्दै गरेकी आमाको आग्नेय अस्त्रले आधा शरीर टुक्र्याइदिएपछि पनि बच्चाले दूध चुस्दै गरेको दृश्य देख्दछ । ऊ भयले आत्तिएर आँखा चिम्लन्छ । अश्वत्थामाले मर्नेका जिउको पीडा मार्नेका जिउमा सर्ने कुरा बताउँछन् । सैनिकहरूले पनि अरूलाई नाश गर्न खोजेको आफ्नै विनाश हुने बताउँछन् । अश्वत्थामा झस्कन्छ ।

छैटौ अङ्कमा पाताल गुफामा युद्ध, हत्या हिंसाका बीभत्स दृश्य देखेको अश्वत्थामा गुफाको एक किनारामा शून्य मन लिएर टोलाइरहन्छ । नेपथ्यमा अनौठो ध्वनि सुनिन्छ । विचित्रका मानिसहरू देखिन्छन् । ती सबै आपसमा हेराहेर गरेर डराउँदै चूप लाग्दछन् । अँध्यारोमा सर्वत्र विधवाहरू विलाप गर्दै आफ्नो प्रियतमहरूको खोजीमा भौतारिन्छन् । युद्धमा घाइते बनी अपाङ्ग भएका युवाहरू बैसाखी टेकी मञ्चमा आउँदै बाँच्न पाएकोमा खुशी मनाउँछन् । त्यहाँ पागल, हतास, भयभीत मानिसहरू रिसाउँदै, अगुल्टाले, ढुङ्गाले हानाहान गर्दै हिड्छन् । अन्य सद्दे मानिसहरू पनि पागल बन्न पुग्दछन् । अश्वत्थामा पनि यी सबै दृश्य हेरेर अब सुन्दर सृष्टि कदापि देख्न नपाइने हो कि भन्ने चिन्ता प्रकट गर्दछ ।

सातौ अङ्कमा कवि र अश्वत्थामाको संवाद भएको देखाइएको छ । अश्वत्थामाले आफ्ना जन्मदेखिको सम्पूर्ण विवरण कविलाई दिन्छ । अश्वत्थामाले आफ्ना कुकर्मप्रति पश्चात्ताप गरेकोमा कवि प्रसन्न हुन्छन् । अश्वत्थामाको पीडा संसारसम्म पुऱ्याउने भाषाको खोजीमा जुट्दछन् । कलाले छोएमा काँडा पनि फूल बन्ने कुरा बताउँदै अश्वत्थामा आफ्नो कथा सारङ्गीमा गाउँदै आफ्नो कथा सबैतिर पुऱ्याइदिन अनुरोध गर्दछ । आफू युद्धअपराधी भएको पुनः स्वीकार गर्दै कविलाई मृत्युपूर्व नै मृत्युबोध गरी अमरता रच्नुपर्ने तथा युद्धको पूर्वानुभूति गर्नुपर्ने सन्देश संप्रेषण गर्न पनि अनुरोध गर्दछ । कविले सारङ्गीमा सधै रोइरहने र संसारमा युद्ध भइन्जेल आइरहने बताएर अश्वत्थामा कविमै एकाकार भई विलय हुन्छ ।

महाभारतमा युद्धका नियम तोड्दै जथाभावी रणसंग्राम मच्याउने पात्र अश्वत्थामाको जन्म, बाल्यकाल, शिक्षादीक्षा, बाबुसँगै भोगेका मानअपमान, युद्धका

नियम तोडेर पागल जस्तै बनी जथाभावी मानिसहरू मार्दै अनि पाण्डवको वंश नै विनाश गर्ने लक्ष्यका साथ अगाडि बढेको अश्वत्थामालाई पुनः कृष्णकै जुक्तिद्वारा माथको मणि निकालेर शक्तिहीन छोडेपछि विकास भएको कथानकलाई गीतिनाटकारले टिपेर सात अङ्कमा गीतिकाव्यको स्वरूप दिएका छन् । महाभारतको मूल कथानकलाई मौलिक स्वरूप दिएर रचना गरिएको यस गीतिनाटकको माध्यमबाट वर्तमान युद्धजनीन परिवेश र युद्धप्रेमी व्यक्तिको मनोदशालाई चित्रण गर्ने प्रयास गरिएको देखिन्छ । पौराणिक तथा लोक मिथकलाई पुनर्व्याख्या गरी वर्तमान सन्दर्भसँग जोडेर गीतिनाटकलाई उत्कृष्ट रूप दिने प्रयास गरिएको छ ।

## ६. पात्रयोजना

युद्धको विषयवस्तुलाई आधार बनाएर संरचना गरिएको यस गीतिनाटकमा नाटककारले निम्नानुसार पात्रहरूको संयोजन गरेका छन् :

(क) अतिमानवीय पात्र :- यस गीतिनाटकमा अति मानवीय पात्रका रूपमा अश्वत्थामालाई प्रस्तुत गरिएको छ ।

(ख) मानवीय पात्रहरू :- वृद्ध, पिता, ग्रामवासी, लोभारे, दोजिया, सर्वेसर्वा, सैनिक, आमा, बालक, पागल, अपाङ्ग, कवि आदि ।

गीतिनाटकमा रहेको स्थितिका आधारमा निम्नानुसार पात्रहरूको संयोजन गरिएको छ:

(ग) प्रत्यक्ष पात्र :- अश्वत्थामा, सर्वेसर्वा, वृद्धपिता, दोजिया, पधेर्नी, ग्रामवासी, ग्रामपुरुष, ग्रामनारी, लोभारे ठिटो, सैनिक, कवि आदि ।

(घ) अप्रत्यक्ष पात्रहरू :- विधवाहरू, युद्धमा घाइते वीरहरू, आमा, पाको वायु अङ्गरक्षक आदि रहेका छन् ।

त्यसैगरी गीतिनाटकमा खेलेको भूमिकाका आधारमा यस नाटकमा मुख्य र सहायक गरी दुई प्रकारका पात्रहरू रहेका छन् ।

नाटकमा मुख्य पात्रका रूपमा अश्वत्थामा रहेको छ भने कवि, सर्वेसर्वा सहायक पात्रहरू हुन् । अन्य पात्रहरू वृद्धपिता पधेर्नीहरू, दोजिया, लोभारे, ठिटो आदि रहेका छन् ।

नाटककारले महाभारतको छलछाम, षड्यन्त्र आदिद्वारा निहत्था तमाम व्यक्तिहरूको हत्या गर्नुका साथै पाण्डवहरूकै वंशविनाश गर्न खोज्ने, उत्तराका गर्भमा रहेको शिशुको समेत नारायण अस्त्रले नष्ट गर्न तत्पर अश्वत्थामालाई

उपस्थित गराएर युद्धपश्चात् पश्चात्तापको रापले पिल्सिएर शान्तिको खोजी गर्दै भट्किएको पात्रका रूपमा चित्रण गरेका छन् । शक्तिको दुरूपयोग गर्दै कुकर्ममा क्रियाशील अश्वत्थामा आफ्नै कुकर्मले माथको मणिसमेत गुमाएर विक्षिप्त बन्दै हिंडेको पात्रका रूपमा यहाँ चित्रण गरिएको छ । समुद्रमन्थन गर्दा निस्केको कालकुट विष निलेर त्यसको पीडाबाट बच्न महादेव गोसाइँकुण्डतर्फ गएजस्तै अश्वत्थामा पनि अरूप्रति गरेको अन्याय, अत्याचार, दमनशोषण, छालछाम, हत्या हिंसाको पीडाबाट विक्षिप्त जस्तै बनेर गोसाइँकुण्डतर्फ गए पनि विष पिएका महादेवले बरू गोसाइँकुण्डमा गएर शान्ति पाएका थिए तर अश्वत्थामाले भने त्यहाँ गएर पनि शान्ति पाउन नसकी भौतारिएको अवस्था प्रस्तुत गर्दै निहत्था मानिसहरूप्रति गरिएको हत्या, हिंसा छलछाम आदि विषभन्दा पनि कडा हुने तथ्य प्रस्तुत गर्न नाटककारले अश्वत्थामा पात्रको चयन गरेका छन् । पौराणिक कथनअनुसार शिवजीबाट अमर हुने वरदान पाएको अश्वत्थामाले यदि आफ्ना शक्ति र क्षमताको सही सदुपयोग गरेको भए दीर्घजीवी सुखी र सन्तुष्टसमेत हुन्थ्यो होला तर त्यसो नहुँदा आत्मा भड्काएर पिशाचजस्तै बनेको दुःखद अवस्था गीतिनाटकमा चित्रण गरिएको छ भने अश्वत्थामाले अझै पनि भारतको उत्तरप्रदेशका नदीहरूका किनारमा शिव मन्दिरमा स्नान गर्दै पूजा गर्दै हिड्ने जनविश्वास राखिन्छ । न्याय, शान्ति, मेलमिलाप, शान्तिको मार्ग त्यागेर अन्याय, अत्याचार, हिंसा र छलछामको बाटो रोज्नेहरूले अश्वत्थामाकै नियति भोग्नुपर्ने आदर्शभाव पनि यहाँ प्रस्तुत गर्नका लागि गीतिनाटककारले अश्वत्थामाको चयन गरेका छन् ।

यस गीतिनाटकमा खलपात्रका रूपमा सर्वेसर्वालाई उपस्थित गराइएको छ । ऊ यस नाटकको सहायक पात्र पनि हो । नाटककारद्वारा उसलाई शक्तिसम्पन्न राष्ट्रको प्रतिनिधिका रूपमा चित्रण गरिएको छ । युद्धमा मारिएका मानिसहरूको दर्दनाक अवस्थालाई पनि सर्वेसर्वाले खुशी हुँदै हेरेको छ । यस गीतिनाटकमा सर्वेसर्वा छोटो र महत्त्वपूर्ण भूमिकामा प्रस्तुत भएको छ । उसको प्रत्यक्ष उपस्थिति पाँचौं अङ्कको तेस्रो र छैठौं गीतमा मात्र रहेको छ । आफ्ना सैनिकहरूलाई कडा निर्देशनले युद्ध गर्न बाध्य बनाएको छ । यस गीतिनाटकको बाह्य द्वन्द्व उसकै माध्यमबाट प्रस्तुत भएको छ । सर्वेसर्वाले कैयौं मानिसहरूको हत्या गराएर भए पनि आफू सत्तामा पुग्ने, शासक बन्ने सोच बनाउने सर्वेसर्वा स्वार्थी र निर्दयी सोच भएको मानिस पनि हो । ऊ निर्दयी स्वार्थी भएको तथ्य प्रस्तुत पद्यांशबाट बुझ्न सकिन्छ :-

**पुतलीहरूले घेरी निभ्ने बत्ती म होइन**
**ज्यूँदो ज्वालामुखी हुँ म ज्वाजल्यमान जीवन**
**संसारै भष्म पार्ने हुँ बरू आफैं फुटेर हो ।**

जसरी भए पनि आफू शक्तिशाली बन्न चाहने शस्त्रअस्त्र निर्माण गर्ने राष्ट्रको प्रतिनिधि एवं युद्धको प्रतीकका रूपमा सर्वेसर्वाको चित्रण गरिएको छ । ऊ एउटा असल पात्र पनि हो । उसलाई स्थिर, मञ्चीय, बद्ध पात्र पनि मान्न सकिन्छ । गीतिनाट्यकारले सर्वेसर्वालाई महाभारतको पात्र दुर्योधनकै समकक्षी पात्रका रूपमा चित्रण गरेको पाइन्छ भने समसामयिक राजनीतिक सन्दर्भलाई हेर्ने हो भने सर्वेसर्वा युद्ध, हत्याहिंसा, आतङ्क मच्याएर जालझेल षड्यन्त्र गरी आफ्नो वर्चस्व जमाउन खोज्ने देशका प्रतिनिधि पात्रका रूपमा लिन सकिन्छ ।

गीतिनाटकमा कविले कविलाई आफ्ना सन्देश प्रवाह गर्ने पात्रका रूपमा चयन गरेका छन् । कविले नाटकको सातौं अङ्कमा 'कवि' पात्रको प्रयोग गरेका छन् । युद्ध विक्षिप्त पात्र अश्वत्थामालगायत सबैको पीडा वा अन्तर्वेदना बुझ्न सक्ने, भविष्यलाई नियाल्न सक्ने पात्रका रूपमा लिइएको छ । अश्वत्थामाको अनुहार हेरेर उसको अन्तर्पीडा बुझ्न सफल कवि चिन्तनशील, भावुक एवं बौद्धिक पात्र पनि हो । युद्ध, हत्या, हिंसाको पीडालाई अत्यन्त मार्मिक रूपमा भावुक भएर प्रस्तुत गरेका छन् :

**नबुझेरै पनि पीडा त्यसै व्याकुल हुन्छु म ।**
**हर्न सक्दिन त्यो पीडा सारङ्गीसित रुन्छु म ।।**

नाट्यकारले प्रस्तुत नाटकमा अश्वत्थामा, सर्वेसर्वा, कविवाहेक अन्य धेरै प्रकृतिका पात्रहरू पनि संयोजन गरेका छन् ।

शान्तिकामी चरित्र भएका वृद्धपिता युद्धले तहसनहस पारेको दुनियाँ देख्दा चिन्तित हुन्छन् । लडाइमा गएको आफ्नो छोरा फर्केर आउने आसमा बसेका वृद्धपिताले अश्वत्थामालाई आफ्नो छोरो भनेर चिन्न सक्दैनन् तर अश्वत्थामाले चिन्दछ । उनले अश्वत्थामालाई आफ्नो छोरोजस्तै ठानेर चिरञ्जीवी बन्ने आशीर्वाद दिन्छन् ।

सर्वेसर्वाको इशारामा चल्नु परेको पराधीन पात्रका रूपमा यस नाटकमा सैनिकलाई उपस्थित गराइएको छ । विजयी पक्षको सैनिक भएर पनि विजयोत्सव मनाउन नगई जनतासँग सम्मिलित हुने सैनिक मानवताले युक्त पात्र हो । बच्चा काखमा लिएर हिडेकी आमालाई अश्वत्थामाले आग्नेय अस्त्रले क्षतविक्षत पारेपछि पनि बच्चाले दुःख मानेको दृश्य देख्दा सैनिक आँखा चिम्लेर भावविह्वल बन्दछ ।

यस गीतिनाटकमा दोजिया महिलाको पनि चित्रण गरिएको छ । एकाङ्कीमा दोजिया आएर अशोकको वृक्षमा पानी हाल्न थाल्छे अनि छाद हालेर रून थाल्दछे । आफ्ना गर्भस्थ शिशुको रक्षा गर्न आग्रह गर्दछे । दोजियालाई

नाटककारले उत्तराको सापेक्षतामा उपस्थित गराउन खोजेको अनुभव हुन्छ । दोजियासँग अश्वत्थामाले आफू बालहत्यारा भएको स्वीकार गर्नुले पनि यसको पुष्टि हुन्छ ।

दयालु, सहयोगी र क्षमाशील चरित्र भएका पात्रहरूको रूपमा पधेर्नीहरूलाई उपस्थित गराइएको छ । आफ्ना शिरको सिन्दूरद्वारा अश्वत्थामका माथका घाउको उपचार गर्नु, हातमा हत्या हिंसाको रगत लतपतिएकोले पानी खान नसकेको पानी पिलाएर अपराध गर्ने मानिस सधै अपराधी रहिरहदैन, अपराध स्वीकार गरेपछि मानिसलाई माफी दिनुपर्दछ भन्ने धारणा पधेर्नीहरूमा पाउन सकिन्छ ।

ग्रामवासी, ग्रामनारी, ग्रामपुरुषहरू आदि सबै युद्धविरोधी पात्रहरूका रूपमा यस नाटकमा चित्रण गरिएको छ । युद्धको परिणाम नकारात्मक हुने यथार्थ अपाङ्ग युवकहरू, पागलहरू, विधवा युवतीहरू युद्धमा वीरगति प्राप्त गरेका वीरहरू, आफ्नो र बच्चाको प्राणरक्षा गर्दागर्दै मर्न पुगेकी आमा र आफ्नी आमाको आग्नेयास्त्रले टुक्राइएको शरीरमा पनि स्तनपान गर्दै गरेको बच्चा आदिका माध्यमबाट प्रस्तुत गरिएको छ ।

यसरी यस गीतिनाटकमा नाटककारले आफ्नो उद्देश्य परिपूर्ति गर्दै युद्ध विरोधी आदर्शवादी सन्देश प्रवाहका लागि विभिन्न थरीका पात्रहरूको संयोजन गरेका छन् ।

## ७. सन्देश

नाटककार माधव घिमिरेले यस गीतिनाटकको माध्यमबाट युद्ध, हत्या, हिंसा, बेइमानी, अमानवीय व्यवहार एवं छलकपट परिणामहरू सधै नकारात्मक हुन्छन् । अश्वत्थामा जस्ता युद्धको वितण्डा मच्चाउनेहरूले अन्ततोगत्वा शान्तिकै शरण लिनुपर्दछ भन्ने तथ्य देखाउनको लागि अश्वत्थामा पात्रको चयन गरेका छन् । अश्वत्थामाले पीडा भोगेर विक्षिप्त बनेजस्तै अन्य युद्धप्रेमीहरूले पनि यस्तै पीडा नभोगी सुखै छैन भन्ने तथ्य देखाउने उद्देश्य पनि प्रस्तुत गीतिनाटकको देखिन्छ । आमाको दूध चुसिरहेका बेला आग्नेयास्त्रले आमालाई टुक्रा पारिदिंदा पनि बालकले दूध चुसिरहेको सन्दर्भ निकै मार्मिक छ । अझ त्यस दृश्यलाई देख्दा सर्वेसर्वा अट्टाहास गर्दै विजयोत्सव मनाउनु, सैनिक यही दृश्य हेर्न नसक्ने अवस्थामा जानु अनि युद्धमा विजय प्राप्त गरेर पनि पराजित जनताकै पक्षमा जानु, सीमित व्यक्तिहरू मात्र युद्धको पक्षमा रहनु तर धेरै जनतामा शान्तिको चाहना रहनु आदि प्रसङ्गको माध्यमबाट मानवता, शान्ति सद्भाव दया, माया, प्रेम, सहानुभूतिको स्थापनाका लागि नाट्यकारले आग्रह गरेका छन् । युद्ध,

हत्या, हिंसा र छलछामको मार्ग रोज्नेहरू अश्वत्थामाकै नियति भोग्न बाध्य हुन्छन् भन्ने तथ्य उजागर गर्नु पनि प्रस्तुत गीतिनाटकको मूल उद्देश्य देखिन्छ ।

महाभारतमा युद्ध नियम भङ्ग गर्ने आततायी अश्वत्थामालाई उसका माथको मणि झिकेर श्रीहीन बनाएर छोडिएको छ । त्यसपछिको प्रसङ्ग छैन । नाटककारले प्रस्तुत नाटकमा भारतका उत्तर प्रदेश, बङ्गाल क्षेत्रमा प्रचलित लोकोक्तिमा अश्वत्थामा अझै पछि जीवित छ । रातको बाह्र बजेपछि नदीमा नुहाएर आएर शिव मन्दिरमा पहिले पूजा गर्छ भन्ने गरिन्छ । नाटककार घिमिरेले भारत क्षेत्रमा होइन नेपालकै गोसाइँकुण्ड जहाँ भगवान् शिवजी कालकूट विषपान गरेपछि त्यसको पीडा शमन गर्न गोसाइँकुण्डमा बसे जस्तै युद्धबाट प्रताडित एवं पीडित अश्वत्थामा गोसाईकुण्डतर्फ त गएको छ तर त्यहाँ पनि शान्ति प्राप्त गर्न नसक्दा पुनः भौतारिँदै पातालतर्फ लागेको छ । छलकपट, हत्या, हिंसा, बेइमानीरूपी विगत कालकूट विषभन्दा पनि अझ कडा हुन्छ भन्ने देखाउनु पनि यस गीतिनाटकको मूल उद्देश्य देखिन्छ ।

नाटककारले आफ्ना सन्देश प्रवाह गर्ने पात्रका रूपमा नाटकको सातौं अङ्कमा कविलाई उपस्थित गराएका छन् ।

शान्ति, मानवता र साधुजनको रक्षा गरी दुर्जनको विनाश गर्न महाभारतमा कृष्णले सत्यवादी पाण्डवहरूको पक्ष लिएर अमर अश्वत्थामालाई समेत श्रीहीन बनाएर युद्धको परिणति यस्तै हुन्छ भन्ने सन्देश प्रवाह गर्नका लागि प्रस्तुत गीतिनाटकको रचना गरेको देखिन्छ ।

## उपसंहार

गेयात्मकता तथा संगीततत्त्व प्रमुख भई नाट्यतत्त्व सर्वत्र सक्रिय हुने दृश्य काव्य नै गीतिनाटक हो । यसको प्रारम्भ पश्चिमी साहित्यबाट भएको मानिन्छ । नेपाली साहित्यमा मोतीराम भट्टले 'शाकुन्तल' लेखेर सुरू गरेको गीतिनाटकको जगबाट माधव घिमिरेसम्म आइपुग्दा यसले पूर्णता प्राप्त गरेको पाउन सकिन्छ । घिमिरे नै हालसम्मका सर्वोत्कृष्ट गीतिनाटक स्रष्टाका रूपमा स्थापित छन् ।

अश्वत्थामा गीतिनाटक महाभारतको कथावस्तुमा मौलिकता दिएर रचना गरिएको गीतिनाटक हो । मानवतावादी, शान्तिप्रेमी, सत्य र अहिंसाका पक्षपाती माधव घिमिरेले युद्ध, हत्या, हिंसा आतङ्क मच्याउने आततायी अश्वत्थामाको विक्षिप्त स्थिति देखाएर गोइँकुण्डमा कालकूट विष निलेका महादेवले त शान्ति पाएका थिए भने त्यो पवित्र ठाउँमा जाँदासमेत शान्ति प्राप्त गर्न नसकेर पृथ्वी र पाताललोकतिर समेत भौंतारिएर पनि शान्ति पाउन नसकेको अवस्था देखाउँदै

सत्य, मानवता, शान्ति, दया, माया, प्रेम र विश्वबन्धुत्वको भावना सञ्चरण गर्न खोजेको देखिन्छ ।

**सन्दर्भ-ग्रन्थ-सूची**


१. घिमिरे, माधवप्रसाद (२०५३) अश्वत्थामा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं ।

२. शर्मा, विन्दु (२०६२) गीतिनाट्य परम्परामा राष्ट्रकवि माधव घिमिरे, काठमाडौं अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

३. प्रधान कृष्णचन्द्रसिंह (२०४४) साझा समालोचना, ललितपुर साझा प्रकाशन ।

४. ओझा, रामनाथ नेपाली (२०७७/२०७८) कविताकाव्य, करूणाधर पब्लिकेशन प्रा.लि. काठमाडौं ।

५. शर्मा, मोहनराज र दयाराम श्रेष्ठ (२०४६) नेपाली साहित्यको संक्षिप्त इतिहास, ललितपुर साझा प्रकाशन ।


०००


**फिल्ड रेखाङ्कनको लागि आवश्यक कागजात**

- जग्गाधनी प्रमाण-पूर्जा
- नागरिकता
- मालपोत कर तिरेको रसिद
- निवेदन

**नापी कार्यालय**

**गुल्मी**

# गृहलक्ष्मी

✍ **रामप्रसाद पन्थी**
**रेसुङ्गा नगरपालिका-२, छापटोला, गुल्मी**

विवाहको वर हुँदा तिमी भयौ वधू
जिन्दगीमा कति सुधा कति दियौ मधु

बालापन बितेका ती छोडी गाउँ-घर
गृहलक्ष्मी बनी आयौ परी मेरै भर ।

नजानेको गाउँ ठाउँ नयाँ नौला मान्छे
चुलो चौको सम्हालेर बनिदियौ भान्छे ।

दैलोपोतो तिम्रै जिम्मा मेलापात सारा
आधा रात गाग्री बोकी धायौ कुवा-धारा ।

उमेरमा सानी थियौ काम-कुरा पाका
रूपरङ्ग राम्रो तिम्रो मिठो बोली भाका ।

पकाएर मिठोचोखो खुवाएर टन्न
मेरा लागि व्रत बस्छ्यौ थाल्छ्यौ कथा भन्न

गुन्यु-चोली लगाएर चुरा-पोते चट्ट
धोक्रो बोकी मकै पिस्न जान्छ्यौ पानीघट्ट

चिसो लाग्छ तातो पानी खानू है त भन्छ्यौ
नुहाएर चिसै पानी मन्दिरमा जान्छ्यौ

छोराछोरी भन्ट्याङ्भुन्टुङ् मलमूत्र बिष्टा
नमानेर लाजघिन खेल्यौ थाङ्ग्राभोटा

सन्चो छैन भनें भने बनी कविराज
ओखतीको धुलोमुलो दिन्छ्यौ हर साँझ ।

खोजीखोजी धोई दिन्छ्यौ मैला लुगाफाटा
हिड्न थाले मुस्काएर भन्छ्यौ सि यु टाटा ।

सिर्जनाकी स्रोत तिमी ममताकी खानी
तिमी धाई तिमी साथी हृदयकी रानी ।

लोभ-इर्ष्या कत्ति छैन चाह छैन धेरै
तिमी लक्ष्मी सरस्वती राधा गौरी मेरै ॥

ooo

# सूचना !

**नगरको सौन्दर्यलाई प्रभावकारी बनाउन देहायको कार्य गर्नु गराउनुहुन उप–महानगरवासीहरूमा सूचित गरिन्छ ।**

- ❑ प्रत्येक घरमा संभव भएसम्म कम्तीमा दुईवटा फलफूल तथा सौन्दर्यीकरणका बिरुवा रोपौं ।
- ❑ सडक पेटीमा व्यापारका सामग्री नराखौं ।
- ❑ सार्वजनिक सडकमा निर्माण सामग्री नराखौं ।
- ❑ छत वा अन्य ठाउँको पानी सडकमा नफालौं ।
- ❑ सबै कार्यालयहरूले कार्यालय परिसर र नागरिकले आफ्नो घर वरिपरि अनिवार्य सरसफाइ गरौं ।
- ❑ फोहोरजन्य वस्तुहरू भरसक आफैले नै विस्थापन गरौं । विस्थापन गर्न नसक्ने फोहोरलाई फोहोर उठाउने गाडीमा सुरक्षित लोड गरौं ।
- ❑ सडक पेटीमा सवारी साधन (बस,ट्रक, जीप, कार, मोटरसाइकल) पार्किङ्ग नगरौं ।
- ❑ हाम्रो शहरलाई सुन्दर शहर बनाउन नागरिक दायित्व पूरा गरौं ।

# बुटवल उप–महानगरपालिका

**रूपन्देही**

# गीतकै माध्यमबाट माया-प्रेम गरेर विवाह हुन्थ्यो ।

✍ तिरसु पुन
जंकोट, रोल्पा

*(९६ वर्ष पार गरिसकेकी तिरसु पुन रोल्पा जिल्लाको दीर्घजीवी महिलाहरूमध्ये एक हुनुहुन्छ । उहाँ एकदमै स्वस्थ र सचेत हुनुहुन्छ । हिँड्न, डुल्न, खान, बस्न उहाँलाई अहिलेसम्म कुनै समस्या छैन । उहाँका अनुभवहरूको बारेमा शशि पन्थीले सोधेका प्रश्नको उत्तर उहाँका साहिँला सुपुत्र नौलसिंह पुनको सहयोगमा यहाँ प्रस्तुत गरिएको छ ।)*



**१. तपाईंको परिचय दिनुहुन्छ कि ?**

◆ मेरो नाम तीरसु पुन हो । मेरो बुबाको नाम चन्द्रबहादुर घर्तीमगर र आमाको नाम जुटिका हो । मेरो जन्म वि.स. १९८३ साउन २० गते जंकोट रोल्पामा भएको हो ।

**२. तपाईंले बाल्यकाल कसरी बिताउनुभयो ?**

◆ मेरो बाबा आमा खेतीपाती र पशुपालन गरेर गाँउठाउँमा पुग्दो परिवार थियो । खान लाउन खासै समस्या थिएन । कान्छी छोरी भएकोले मिठो

खाने, चयन काट्ने गरियो । पढ्नेहरू जैसेलो पढ्थे , दाइ र भाइ जैसेलो पढ्थे । मैले पढ्न पाइनँ, चलन पनि थिएन ।

### ३. तपाईंको तरूण अवस्था कस्तो थियो ? विवाह कसरी भयो ?

◆ मेलापात जाने, घरको काम गर्ने, चाडपर्वको अवसर पारेर मेलाहरू भर्न साथीहरूसँग जाने गरिन्थ्यो । एउटा गाउँका तन्नेरीहरूलाई हाम्रो गाउँको मेला भर्न आउँदा हाम्रो समूहका तरूनीहरूले राँगो, बोका काटेर, रोटी फानेर, खाना ख्वाएर सत्कार गर्ने गर्थ्यौं । जाँड, रक्सीले पनि सत्कार गरिन्थ्यो । हामीहरू अर्को गाउँको मेला भर्न जाँदा, स्थानीय तन्नेरीहरूले पनि राँगो, बोका काटेर, रोटी फानेर हामीलाई पाहुना मान्थे भने हाम्रा दाइ भाइहरूलाई जाँड र रक्सी दिएर स्वागत गरिन्थ्यो ।

पुराना गानाहरू साइँला वरै गीत, फाङ्क गीत गाएर उज्यालो पारिन्थ्यो । यसरी केटा र केटीहरू बीच मन परायो भने केटा पक्षले केटी पक्षलाई चाँदीको मोहर फोलीमा राखेर लुकाएर "साही" दिने चलन हुन्थ्यो । मेरो विवाह, मेरै आमाले पनि मन पराएको र मेरो बुढाको मावली बाले मलाई मन पराएपछि बढौरीहरूको सल्लाहअनुसार मेरो गाडोमा त्यो बेलाको तीन रूपैयाँको मोहर फोलीमा राखेर हाम्रो थकानअनुसार साँफपख तन्नेरीहरू आएपछि रातभरि साइँला वरै गाना आपसमा गायौं । उज्यालो भएपछि तन्नेरीहरूलाई बिदाइ गर्दा मेरो बुढाले तिम्रो गाडो घर गएर हेर्नु है भनेका थिए । पछि गाडो छाम्दा "साहि" भेतियो मन पनि पऱ्यो र चलनअनुसार विवाह भयो ।

### ४. तपाईंका सन्तानहरू के–कति छन् ?

◆ मेरा सन्तानहरू ७ जना छन् । ४ जना छोराहरू र ३ वटी छोरीहरू छन् । छोरीहरू बिहे भएर आ–आफ्नो घर गए । जेठा छोरा आर्मीमा छन् । महिलो र कान्छो छोरो वैदेशिक रोजगारीमा छन् । साहिंला छोराले यहीं बसेर पढाउने र समाजसेवाको काम गर्छन् ।

### ५. तपाईंको पालामा नूनतेलको किनमेल कहाँ गर्नुहुन्थ्यो ?

◆ कोइलावास गएर नून किनेर चोयाको धोक्रोमा मालुको पातको फेरो बनाएर लिइन्थ्यो । बटौली गएर पनि नून लिइयो । एक बेला नून नपाएर धेरै गाउँलेहरूले मुस्या भटमास (रातो रङ्गको सानो दाना भएको भटमास जुन हल्का नुनिलो हुन्छ ) भुटेर खानासँग खाए । हाम्रो बुबा उत्तर भोट गएर भोटे नून लिएपछि बल्ल खान पाइयो । भुटूनको रूपमा चिउरीको तेल खान्थ्यौं । गाई भैंसीको घ्यू खान्थ्यौं ।

## ६. तपाईंको पालामा मासु र अन्नको मूल्य कति थियो ?

- मैले जानेबुझ्रेसम्म एक धार्नी राँगोमासुको मूल्य एक सुकी थियो । हाम्रो आमाले दशैंमा पाँच रूपैयाँको बीस धार्नी राँगोमासु किन्नहुन्थ्यो । बाबाले राँगोमासु नखाने भएकोले एक मोहर धार्नी बाख्राको मासु खानुहुन्थ्यो । मकै, गहुँ एक सुकामा एक पाठी (४ माना) आउँथ्यो ।

## ७. आङ्मा लगाउने कपडा कसरी लगाउनुहुन्थ्यो, कहाँबाट ल्याउनुहुन्थ्यो ?

- भाङ्ग्रो र अल्लो (पुवा) को रेसा टाकुमा काटेर तानमा बुनेर आङ ढाक्थ्यौं । केही कपडा कोइलावासबाट खरिद गरेर हाम्रो गाउँका किरकिर डमाई, चञ्चल डमाई, ज्याङत्यनी र चञ्चलाहरूले सियो र धागोले गोजिवाला चोलो, गुन्यू र गाडो बनाउन लगाएर लगाउँथ्यौं । अहिलेको जस्तो कल–मेशिन थिएन ।

## ८. तपाईंको बेलामा रोल्पा जिल्ला प्यूठान जिल्लामा थियो ? थिएन र ?

- मेरो समयमा रोल्पा प्यूठान जिल्ला थियो । जग्गाको तिरो उठाउन प्यूठानबाट डोरहरू आउँथे । तिलंगा सिपाहीहरू कालो कपडा लगाएर गाउँमा आउँथे, हामीले सबै घरबाट एक /एक माना आटो उठाएर ख्वाउँथ्यौं । किनकि त्यो बेलामा चामल पाइँदैनथ्यो । रोल्पा जिल्ला त पछि २०१८ सालमा स्थापना भयो ।

## ९. तपाईंको बेलामा जंकोटमा खानेपानीको धेरै समस्या थियो रे, हो ? बताइदिनुस् त कस्तो समस्या थियो ?

- बस्नलाई अग्लो र सुरक्षित भएकोले दारेजैतम राजाले पनि जङबाङमा अड्डा बनाएर बसे रे । मैले जाने बुझ्रेसम्म जंकोटमा खानेपानी दारेजैतम राजाले बनाएको राजा पँधेराबाट पानी ल्याउँथ्यौं । त्यतिले नपुगेर मध्यरातिमा उठेर भालेको डाँकोसँगै पानी खोज्न रल्याबैस, बिज्यारेई, संल्क्वाङसम्म २/३ घण्टा लगाएर पुग्थ्यौं । धेरै जनाले पानी भरेर, हामीहरू धमिलो पानी गाग्रोमा भरेर घर ल्याउँथ्यौं । जंकोट गाउँमा पानी तेल जस्तै महङ्गो थियो । अहिले त धाराको पानी गाउँलेले पिउँछन् मेरै सभापति मामा हेमसिंहले पाइपबाट पानी ल्याइदिनुभयो ।

## १०. राति घरमा के बालेर उज्यालो बनाउनुहुन्थ्यो ?

- अहिलेको जस्तो मट्टीतेल, बिजुलीबत्ती थिएन । सल्लाको झर्केलो, भिमलको दाला, चिउरी कोलमा पेल्दा, चिउरी पिना चलाउन प्रयोग गरिएको कपडालाई चिरेर बाटेर दियालो बनाई रातमा उज्यालो बनाइन्थ्यो ।

**११. तपाईंको समयमा कपडा धुने, नुहाउने कसरी गर्नुहुन्थ्यो, साबुन थियो ?**

◆ घरमै बुनिएको अल्लो र भाङ्ग्रोको कपडा ज्यादा प्रयोग गर्थ्यौं । कोइलावासबाट ल्याएका कपडाहरू चूल्होको खरानी मिसाएर ताउलोमा पकाएर पानीले धुन्थ्यौं । शरीर नुहाउँदा कपालमा मैलो फाल्न बिही, चयील प्रयोग गर्थ्यौं । लाटो जमाना थियो, साबुन थिएन । हामी नाङ्गो खुट्टा कोइलावास आउजाउ गर्थ्यौं ।

**१२. तपाईंको बैंसमा के-कस्ता गहनाहरू लगाउनुहुन्थ्यो ?**

◆ मेरो बैंसमा हुनेखाने महिलाहरूले कानमा सुनको गोखर (चेप्टा), नाकमा फुली, बुलाकी, नथिया, हातमा चाँदीको काँडे बाला, चुरी, औलामा मुन्द्री, घाँटीमा चाँदीकै लहरे सिक्री, जोर खगालो, चवानी माला, कम्पनी माला (हम्याल) र थुम्रा लगाउँथ्यौं । नहुनेहरू पिट्टलको चेप्टा लगाउने गर्थे ।

**१३. अन्तमा केही मनमा लागेका कुराहरू राख्नुहोस् ।**

◆ सबै भनिसकें । उहिलेउहिले हाम्रो बैंसमा वल्लोपल्लो गाउँका धापाहरू (तन्नेरीहरू)सँग थकान राखेर साँझपख ठूला मान्छेहरू भएको घरमा जम्मा भएर फाङ्क गीत, साइला वरै गीत दोहोरो गाएर उज्यालो बनाइन्थ्यो । गीतकै माध्यमबाट मायाप्रेम गरेर विवाह हुन्थ्यो । चाडपर्वमा मेला जाने र त्यहाँ पनि केटा र केटीहरूको बीचमा दोहोरी गीत गाएर रमाइलो गर्थ्यौं । अहिलेको जस्तो टि.भि., रेडियो, फिलिम, फोनको जमाना थिएन ।

ooo


# अनुरोध

❑ कृषिको आधार, सिंचाइमा सुधार ।
❑ उज्यालो प्रदेश - लुम्बिनी प्रदेश ।
❑ सिंचाइ गरौं, उत्पादन बढाऔं ।
❑ उत्पादन बढाऔं, कृषि उत्पादनमा आत्मनिर्भर बनौं ।

**जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय**
**तम्घास, गुल्मी**

पुस्तकालय परिचय

# नेपाल जर्नी पब्लिक लाईब्रेरी, हेटौंडा

✍ **गणेशकुमार श्रेष्ठ**
**अध्यक्ष : बालउद्यान समिति**

तत्कालीन हेटौडा नगरपञ्चायतले हेटौडामा व्यवस्थित नगर बसाउने उद्देश्यले हेटौडा नगर विकास समिति गठन भै व्यवस्थित आवास क्षेत्रको लागि जग्गा प्लटिङ गरी बिक्री वितरण भएको थियो । त्यसै नगर विकास समितिले खेलकुद मैदान, पशुपति मन्दिर र बालउद्यानको लागि सार्वजनिक जग्गा छुट्याएको थियो । हाल हेटौडा उपमहानगरपालिका वडा नं. ४ (हुप्रा)को पूर्व दक्षिण कुनामा भैरवरोडसँग जोडिएको करिब १३ कठ्ठा त्रिकोणात्मक जग्गा चिल्ड्रेन पार्कको प्रयोजनको लागि हेटौडा उपमहानगरपालिकाकै स्वामित्वमा रहेको छ । सो जग्गालाई पुनः प्लटिङ गरी बेच्न, महिला बालबालिका कार्यालय भवन बनाउन, असहाय बालबालिकाको आश्रयस्थल बनाउन, बालईजलास बनाउन प्रयास नभएका होइनन् तर स्थानीय बासिन्दाहरूको विरोधका कारण चिल्ड्रेनपार्ककै लागि संरक्षित रहेको छ ।



चिल्ड्रेनपार्कको सार्वजनिक जग्गा संरक्षण र विकास गर्ने उद्देश्यले ०६३ सालमा स्थानीय चिल्ड्रेन पार्क, चिसापानी, प्रतिभानगर, लक्ष्मीनारायण, कल्याणी टोल विकास संस्थाहरू र प्रतिभा क्लबको प्रतिनिधित्व रहने गरी तत्कालीन जिल्ला विकास समितिका उपसभापति श्री बद्री लम्सालको अध्यक्षतामा ११ सदस्यीय बालउद्यान समिति गठन गरी जिल्ला प्रशासन कार्यालय मकवानपुर हेटौंडामा विधिवत् दर्ता भएको छ । हाल सो बालउद्यान गणेशकुमार श्रेष्ठको अध्यक्षतामा गठित बालउद्यान समितिअन्तर्गत संचालनमा रहेको छ । यो जग्गाको पूर्व कुनामा गणेश मन्दिर निर्माण भएको छ भने पश्चिम दक्षिण कुनामा तत्कालीन जिल्ला बालकल्याण समितिका संरक्षक तथा प्रमुख जिल्ला अधिकारी जयमुकुन्द खनालको अगुवाइमा बालकल्याण भवनको भूइँतल्ला निर्माण भयो । भवन निर्माणपश्चात् भवनको सदुपयोग हुन नसक्दा लागु पदार्थ दुर्व्यसनीको अखडामा परिणत भयो ।

बालउद्यान समितिको गठनपश्चात् सो भवनमा नेपाल शैक्षिक सहयोग कोष (नेष्ट) नामक गैरसरकारी संस्थाको समन्वयमा कोरियाली संस्था र जिल्ला विकास समितिको आर्थिक सहयोगमा माथिल्लो तल्ला निर्माण गरी नेष्टकै पहलमा ०६६ सालमा बाल पुस्तकालय स्थापना गरी बालक्लब गठन गरी बालबालिकाकेन्द्रित क्रियाकलाप संचालन गरियो । बालउद्यानमा चिप्लेटी, पिङ, जिमवार, टेबुल टेनिस बोर्डजस्ता साधारण खेल सामाग्री मात्र जडान हुन सके ।

ब्रह्मकुमारी राजयोग सेवा केन्द्र हेटौडाले पुष्पलाल पार्कलाई सुन्दर र व्यवस्थित बनाएको प्रभावको कारण चिल्ड्रेन पार्कको व्यवस्थापन पनि ब्रह्मकुमारी राजयोग केन्द्रलाई जिम्मा दिनु उपयुक्त हुने सहमतिअनुरूप ०७३ सालमा ३० वर्षको लागि ब्रह्मकुमारी राजयोगसँग सम्झौता भई कार्य भइरहेको छ । ब्रह्मकुमारीले आफ्नो पहलमा चिल्ड्रेन पार्कलाई सुन्दर बनाउन विभिन्न व्यक्ति, संघसंस्थाहरूको सहयोगमा पार्कमा थप खेलकुद सामग्री, सिमेन्टेड बेन्चहरू, फूलबारी, पानीफोहोरा, शिवमूर्ति, शौचालय, पिउने पानीको व्यवस्था आदि मिलाएको कारण दैनिक सयौं बालबालिका, प्रौढ, वृद्ध, व्यक्तिहरू सम्पर्कमा अवलोकन भ्रमण गर्न आउनेको भिड लाग्ने गरेको छ ।

ब्रह्मकुमारी राजयोग केन्द्रकै पहलमा चितवन निवासी हाल अमेरिकामा रहेकी मौसमी श्रेष्ठको अध्यक्षतामा गठित नेपाल जर्नी नामक संस्थाको सहयोगमा भवनको तेस्रो तल्ला थप गरी २०७४ माघ २७ गते विभिन्न भाषाका (हिन्दी नेपाली, अंग्रेजी) करिब ३ हजार पुस्तकहरू र १२ वटा कम्प्युटर र ईन्टरनेट सुविधासहितको भौतिक र भर्चुअल (अनलाईन) लाईब्रेरी संचालन गर्न आवश्यक दराज, र्‍याक, कुर्सी, टेबुल आदि फर्निचरहरूको व्यवस्था भएको छ । पुस्तकालयको दिगो संचालनको लागि पाँच लाख रूपैयाँको अक्षयकोषको व्यवस्था गरिएको छ । बालउद्यान समितिको मातहतमा नेपाल जर्नी पब्लिक लाईब्रेरी

संचालन निर्देशिका बनाई ७ सदस्यीय पुस्तकालय व्यवस्थापन समिति गठन गरी पुस्तकालय संचालन भइरहेको छ । पुस्तकालय नियमित संचालन गर्न एक जना कर्मचारी आंशिक समय (दिउँसो २ बजेदेखि ५ बजेसम्म) काम गर्ने गरी नियुक्त गरिएको छ । सोको खर्च लायन्स क्लब हेटौडाको सौजन्यमा प्राप्त भइरहेकोमा कोविडका कारण लगातार २ वर्ष लाईब्रेरी बन्द हुँदा हाल सो खर्च व्यवस्थापन हुन सकेको छैन । हाल दैनिक ३०/४० जना विद्यार्थी भाइबहिनीहरू अध्ययन गर्न आइरहेका छन् । पुस्तकालय सदस्यले नौं दिनको लागि पुस्तक घर लगी पढ्न पाइने व्यवस्था भए पनि सदस्य बनेका ज्यादै न्यून व्यक्ति रहेका छन् ।

कोभिडकै कारण पुस्तकालय समितिका संयोजक प्रल्हाद पोखरेलको मृत्यु भएपश्चात् पदपूर्ति हुन सकेको छैन । मोबाईल र अनलाईन पाठ्यसामग्री हातहातमा मोबाईलमा सहज रूपमा प्राप्त हुँदा पुस्तकालयमा आई पुस्तक अध्ययन गर्ने बानी छुटेको महसुस भएको छ । पुस्तकालयमा पुस्तकहरू भए पनि पाठकको अभावमा दराजमा थन्किएर रहनुले पुस्तकालयप्रति जनचेतना जगाउन नसकिएको महसुस गरिएको थियो ।

पुस्तकालयमा आधारित पाठक क्लब, युवा क्लब, बाल क्लबजस्ता समिति गठन गरी नियमित अतिरिक्त क्रियाकलाप गर्न सके पुस्तकालयमा पाठकलाई आकर्षण गर्न सकिने विगतको अनुभवले बताएको छ । नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट नेपालको उत्कृष्ट पुस्तकालयको रूपमा चौधौं पुस्तकालय दिवस ०७८ को अवसरमा गुल्मीको किरण पुस्तकालय र यो पुस्तकालय कदर-पत्रबाट पुरस्कृत हुन सफल भएका छन् । यस नेपाल जर्नी पब्लिक लाइब्रेरीलाई छुट्टै पुस्तकालयको रूपमा दर्ता भएको भए सार्वजनिक पुस्तकालयहरूलाई नेपालका संघीय र प्रदेश सरकारका शिक्षा मन्त्रालयबाट अनुदान प्राप्त हुने अवसरबाट वञ्चित हुन नपर्ने थियो । पुस्तकालयलाई छुट्टै दर्ता गर्न जग्गा प्राप्ति हुन नसक्दा दर्ता प्रक्रिया अगाडि बढाउन सकिएको छैन ।

कोभिडको महामारी बिस्तारै कमजोर हुँदै गएको र मानिसहरूको जनजीवन सहज बन्दै गएको परिप्रेक्ष्यमा पुस्तकालयमा पनि नियमित पाठक बढदै जाने अपेक्षा गरिएको छ ।

०००

**गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।**

# पुस्तकालयका गतिविधिहरू

२०७९ साल कार्तिक २७ गते महाकवि लक्ष्मीप्रसाद देवकोटाको गतेअनुसारको जन्मदिनको अवसरमा महाकविको ११४ औं जन्मजयन्ती विविध कार्यक्रमको आयोजना गरी मनाइयो । किरण पुस्तकालय व्यवस्थापन समितिका अध्यक्ष शशि पन्थीको अध्यक्षतामा भएको सो कार्यक्रमको प्रमुख अतिथिमा वरिष्ठ पत्रकार तथा लेखक करुणानिधि शर्मा र विशिष्ट अतिथिमा चन्द्रकोट बहुमुखी क्याम्पसका पूर्व अध्यक्ष केशव न्यौपाने रहनुभएको थियो ।

यसै अवसरमा किरण पुस्तकालयको ५४ औं वार्षिकोत्सव पनि मनाइयो । कार्यक्रममा विभिन्न वक्ताहरूले शुभकामना मन्तव्य दिनुका साथै विभिन्न कविहरूले कविता पाठ गर्नुभएको थियो । सोही अवसरमा करुणानिधि शर्मा, हरि पथिक, तुल्सीदास गौतमद्वारा सम्पादित तथा शोभा शर्मा, जानकी कोइराला, अनु शर्माद्वारा २०७९ मा प्रकाशित निष्ठापूर्ण राजनीतिका अथक योद्धा दयानिधि शर्मा स्मृति ग्रन्थको परिचर्चा गरी उक्त कृति कार्यक्रमका सहभागीहरूलाई वितरण गरिएको थियो । रेसुङ्गा बहुमुखी क्याम्पसका पूर्व क्याम्पसप्रमुखहरू दीन पन्थी र चन्द्रकान्त पन्थी तथा उप-प्राध्यापक रमाकान्त पौड्यालले उक्त कृतिबारे परिचर्चा गर्नुभएको थियो । सो समारोहमा स्व.दयानिधि शर्माको स्मृतिमा उहाँका कनिष्ठ सुपुत्र श्री हेमनिधि शर्माले पुस्तकालय सञ्चालनमा सहयोग पुर्‍याउने उद्देश्यले रू.१,११,१११।- को अक्षयकोष स्थापनार्थ सहयोग राशि पुस्तकालयलाई हस्तान्तरण गर्नुभएको थियो ।

यसै गरी पुस्तकालयका विशिष्ट सदस्य तथा रेसुङ्गा नगरपालिकाका पूर्व नगरप्रमुख डिल्लीराज भुसालले आफू बाचुञ्जेल प्रत्येक वर्ष पुस्तकालयको दैनिक सञ्चालनमा सहयोग पुर्‍याउनका लागि पुस्तकालयको वार्षिकोत्सवका दिन रू.१ लाखको राशि पुस्तकालयलाई प्रदान गर्ने पूर्व प्रतिबद्धताअनुसार उक्त रकम पुस्तकालयलाई प्रदान गर्नुभएको छ ।

पुस्तकालय सञ्चालनमा लक्षाधिक सहयोग गर्ने श्री हेमनिधि शर्मा र श्री डिल्लीराज भुसालप्रति पुस्तकालयले स-धन्यवाद हार्दिक आभार प्रकट गरेको छ ।

पुस्तकालय भवनको भुईंतला हाल प्रयोगमा ल्याउन आवश्यक जनशक्ति, साधन र स्रोत पुस्तकालयसँग नभएको र बिजुलीबत्ती, पानी, टेलिफोन, नेट आदिको खर्च र भवनको मर्मत-सुधारका कामहरू पनि बढ्दै गएकाले उक्त भुईंतला बहालमा लगाउने उद्देश्यले नबिल बैङ्कको शाखा तम्घासमा सञ्चालन गर्नका लागि किरण

पुस्तकालय र नबिल बैङ्कका बीच २०७९ कार्तिक ३० गते घरभाडासम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौतापत्रमा किरण पुस्तकालयको तर्फबाट अध्यक्ष शशि पन्थीले र नबिल बैंकको तर्फबाट सिद्धबाबा क्लस्टर प्रमुख पदमराज उप्रेतीले हस्ताक्षर गर्नुभएको थियो । बैङ्कका लागि आवश्यक व्यवस्था मिलाई २०७९ पुस ११ गतेदेखि सो बैङ्कले किरण पुस्तकालयको भवनबाट आफ्नो सेवा प्रारम्भ गरेको छ ।

मिति २०७९/८/१८ मा किरण पुस्तकालय र जानकी साहित्य प्रतिष्ठानबीच एक सम्झौता गरी पुस्तकालयले प्रदान गर्दै आएको रू.५ हजारको जानकी साहित्य पुरस्कारलाई २०८० सालदेखि रू.१० हजारको बनाउने गरी सम्झौतापत्र आदानप्रदान कार्य सम्पन्न भयो । उक्त सम्झौतापत्रमा किरण पुस्तकालयको तर्फबाट श्री शशि पन्थी र जानकी साहित्य प्रतिष्ठानको तर्फबाट श्री शङ्कर गौतमले हस्ताक्षर गर्नुभएको थियो । जानकी स्मृति अक्षय कोषमा यस वर्ष रू.५० हजार थप गरी जम्मा रू.२,०१,१५१ को अक्षयकोष बनाइएको छ ।

२०७९ साल मंसिर २४ गते किरण पुस्तकालयको ५५ औं सभा सम्पन्न भयो । उक्त सभाले पुस्तकालयको वार्षिक कार्यक्रम, नीति र बजेट पारित गर्नुका साथै लेखापरीक्षणको प्रतिवेदनमाथि व्यापक छलफल गरी सामान्य संशोधनसहित पारित गर्‍यो । सो सभाले किरण पुस्तकालयको विधान २०७२ मा २-३ ठाउँमा समयानुकूल केही सामान्य संशोधन गर्‍यो ।

२००९ साल पुस १५ गते किरण पुस्तकालयको आयोजनामा कविशिरोमणि लेखनाथ पौडेलको १३९ औं जन्मजयन्ती सधै जस्तै विभिन्न कार्यक्रमको आयोजना गरी मनाइयो । पुस्तकालयका कार्यवाहक अध्यक्ष दीन पन्थीको अध्यक्षतामा भएको सो समारोहमा पुस्तक वृद्धि, रचना पाठ, प्रवचन आदि मुख्य कार्यक्रमहरू रहेका थिए । उत्तः कार्यक्रमको प्रमुख अतिथिमा रेसुङ्गा बहुमुखी क्याम्पसका उपप्राध्यापक श्री रमाकान्त पौडेल हुनुहुन्थ्यो ।


मिति २०७९ पुस २९ गतेका दिन किरण पुस्तकालयका उपाध्यक्ष तथा हाम्रो पुरुषार्थका सहसम्पादक श्री दीन पन्थीद्वारा लिखित तथा किरण पुस्तकालयबाट प्रकाशित 'हुटिट्याउँको मन' शीर्षकको निबन्धात्मक कृतिका लागि अनुराग साहित्य समाज, नेपाल, देवदह नगरपालिका, रूपन्देहीले २०७६ सालको नरेन्द्र अनुराग सम्मानबाट श्री दीन पन्थीलाई सम्मान गरेको थियो ।

**- सचिव**

ooo

# नौलो सृष्टिः सानो दृष्टि

## १. सुमधुर गजलको एउटा संग्रह "निभेका शिखा"




घनश्याम न्यौपाने मेरा समवय, समरुचि र करिब समस्वभाव भएका आदरणीय मित्र हुन् । साहित्यसाधना र सृजनामा अथक लागिरहने हुँदा उनी परिश्रमी कहिन्छन् । उनी स्वाभिमानी छन् तर अहंकारशून्य छन् । उनी साधना, व्युत्पत्ति र प्रतिभाका त्रिवेणी हुन् । जुन संयोग प्रायः दुर्लभ हुन्छ - सुनमा सुगन्ध भैं । उनी शिल्प र विचारका सेतु पनि हुन् । धेरै के भनूँ - समग्रमा परिश्रमी घनश्याम शिष्ट, मिष्ठ, इष्ट एवं विशिष्ट व्यक्तित्व हुन् । उनी महानुभाव हुन् । जसले आफ्नो महान् प्रभाव अरूमा पार्न सक्छ त्यहीं नै महानुभाव हुन्छ । हो उनको लेखनको प्रभाव उत्तरवर्ती पुस्तासम्म परेको देखिन्छ ।

परिश्रमी गजलका अंगअंगका मर्मज्ञ छन् । उनी आफै रंगरंगका ढंगढंगका मनमुग्धकारी गजलको रचना गर्न प्रवीण छन् । कलामा, भावमा, विचारमा उनका गजलहरू श्रेष्ठ छन् । ती रुचिकर पनि छन्, कल्याणकारी भाव भएका पनि छन् । त्यसैले त म उनलाई गजलरत्न भन्छु ।

गजलकार परिश्रमीको गजलसंग्रह 'निभेका शिखा' मेरो हातमा परेको छ । म गजलको सृजनपक्षमा बालक छु । त्यसैले यस कृतिको सूत्रसमीक्षामा पनि बालकै हुँला । तर मलाई यस कृतिले घचघच्याइरहेछ केही लेख्न । गजलको व्याख्या म गर्दिनँ । सुन्दर र अर्थसघन नामकरण भएको यस संग्रहमा जम्माजम्मी एक सय तेत्तीस गजलहरू छन् । जुन ४ देखि ११ सेरको सीमामा संरचित छन् । २०७७ फागुनमा भुँडीपुराण प्रकाशन बागबजार काठमाडौंबाट प्रकाशित यस संग्रहमा प्रकाशकीय, भूमिका, शुभकामना, आत्मकथनले एकतीस पृष्ठ ओगटेका छन् । संग्रहका गजलहरू विभिन्न शास्त्रीय छन्दमा छन् । 'निभेका शिखा' यस पदावलीले देश र जनताको लागि शहीद भएका सपूतहरूको संकेत गर्छ । यस अर्थमा यस संग्रहको नामकरण सार्थक र उपयुक्त प्रतीत हुन्छ ।

प्रस्तुत गजलसंग्रहमा हाम्रो समाजका प्रतिबिम्बहरू छन् - कतै प्रेमभाव छन् तर गूढरूपमा । उत्ताउलोपन कतै छैन । युगबोधले रंगिएका, कलाले सिंगारिएका, व्यञ्जनाले तिखारिएका, भावमा डुबेका र विचारमा उचालिएका सूक्तिमय पंक्तिहरू यस संग्रहमा गजल बनेर बगेका छन् । गजलमा कतै शान्त मृदुभाव छन्, कतै वीरोचित स्वाभिमानहरू छन्, कतै समाजका विद्रूपमय विसंगति र विकृतिहरूमाथि व्यङ्ग्यका प्रहार छन् । गजलमा मैले परिश्रमीलाई नास्तिक देखिनँ, उदार आध्यात्मिक नै देखें - सम्प्रदाय र ढोङहरूको घेराभन्दा माथि । मैले यो संग्रह सर्सर्ती पढें - गजलसृजनामा ढंगमरु भए पनि म गजल पढ्न अभिरुचि राख्छु । यस संग्रहका केही सेरहरूले मलाई अँठ्याइरहे । केही मैले यहाँ टिपें -

- खेत प्यासले तड्पिँदै रहे
देख्नलाई मात्रै भयो नहर

- म नेपालको सानको गीत गाऊँ
सधै राष्ट्रको बन्दना गुनगुनाऊँ

- बग्छन् नदी निरन्तर गन्तव्य भेट्नलाई
हेर्दै कठै ! बसेका सुख्खा बगरहरू छन् ।

- तिमी कुँदेरै पछाडि पर्छौ
उनी ढिलो हिंड्दछन्, उछिन्छन्

- गुमाएर आस्था र अस्तित्व आफ्नो
तिमी वामपन्थी भयौ दामपन्थी

- दमन जानकीमाथि गर्दैछ कोही
र भन्दै छ सच्चा म हुँ रामपन्थी

- उज्यालो गिरफ्तार भो आज मेरो
परेको छ सुन्दर बिहानी थुनामा

- शिशिरको छ मौसम, खसे फूलपात
बुझोस् मूलले पीर हाँगाहरूको

- उनमा अजम्मरी छु भन्ने सोचाइ हुन्थ्यो
देख्दैछु आज उनको जल्दै चिता रहेछ

- तिम्रो इमानदारी बिक्री हुँदैन भाइ !
नेता प्रसन्न हुन्छन् दिनरात चाकरीले

-सहयोग साथ पाऊन्, झुपडीहरू रमाऊन्
भगवान् खुसी हुँदैनन्, पूजा र आरतीले

- पुरानाले बुझेका छन् कमै देखाउँछन् फूर्ती
नयाँ जोगीहरूले नै खरानी घस्तछन् ज्यादा

- अहो ! कृष्णको आज विश्वासपात्र
हिजाको उही धुन्धुकारी रहेछ

- उनले ग्रहण गरेकें दर्शन छ साम्यवादी
किनमेल गर्न जाँदा हाँक्छन् उनै पजेरो


- गल्ती गरेछु जस्तै लाग्दैछ आजभोलि
- मैले उमेर बेचें स्वार्थी शहरहरूमा

- चलेको छ हावाहुरी बेगले नै
न वारि न पारि बीचैमा छ नाउ ।

अन्तमा यस मनमुग्धकारी गजलको संग्रहका लागि डा. परिश्रमीलाई हृदयतः धन्यवाद । सरस, सरल, सम्प्रेष्य गजलहरू काव्यचातुरीले पनि भरिपूर्ण छन् । यी गजल शाश्वत भावसम्पन्न छन् । युगबोध र नूतन विचारप्रवाहले सम्पन्न छन् । म कवि परिश्रमीको दीर्घजीवन, आरोग्य, खुशी र सुयशको लागि कामना गर्दछु ।

**- दीन पन्थी**

**२. मास्टर बाबु** !





डा.तुलसी भट्टराई बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । उनी प्राज्ञ, भाषाविद्, सम्पादक, लेखक, समीक्षक र अनुवादकसमेत हुन् । कथा, उपन्यास, कविता, समालोचना, यात्रा संस्मरण, भाषा विषयका डेढ दर्जन जति कृति प्रकाशित गर्ने डा. भट्टराईले कोरोनाको बन्दाबन्दीको समयमा आफ्नो पुरानो डायरी खोतलेर 'मास्टर बाबु !' उपन्यासको जन्म दिएको कुरा डा. भट्टराईकै अभिव्यक्तिबाट बुझिन्छ ।

वि.सं. २०३८ साउनमा तत्कालीन काठमाडौंमा डेरा गर्ने युवापुस्ताले भोगेको अनुभव आज यो उपन्यास पढ्दै जाँदा भर्खरै जस्तोको अनुभव हुन्छ । भौतिक संरचना केही फेरिएका छन् तर मानवीय व्यवहार र घरधनीले

डेरावालमाथि गर्ने व्यवहारको वास्तविक चित्र त्यतिबेला मात्र होइन यतिबेला पनि एकै छ । खास त्यही पक्षको चित्रणमा यो उपन्यास अत्यन्त सफल छ । प्रसन्न जस्तै लाखौं युवाको वास्तविक कथालाई यस उपन्यासले चित्रण गरेको छ । दुई तीन घण्टाको छोटो बसाइमा पढेर सकिने यस उपन्यासमा यथार्थ र कौतूहल तत्त्वको सन्तुलन छ । जम्माजम्मी १०० पृष्ठमा संरचित उपन्यास संक्षिप्त भैकन पनि आफैमा पूर्ण छ ।


## ३. दयानिधि शर्मा स्मृति ग्रन्थ




नेपालको इतिहासमा निष्ठापूर्ण राजनीति गर्दागर्दै छोटो समयमा धेरै कामहरू गरेर ख्याति कमाउने व्यक्ति दयानिधि शर्मा हुन् । उनको जन्म वि.सं. १९७२ सालमा गुल्मीको हरेवामा भएको हो । नेपालको विकट ग्रामीण बस्तीमा जन्मेर तत्कालीन समयमा पनि मन्त्रीसम्म बन्न पुगेका दयानिधि शर्मा हालसम्म अज्ञातजस्तै रहेका थिए । उनलाई वर्तमान जनमानससम्म पुर्याउनका लागि करूणानिधि शर्मा, हरि पथिक र तुलसीदास गौतमको सम्पादन र शोभा शर्मा, जानकी कोइराला र अनु शर्माको प्रकाशनमा दयानिधि शर्मा स्मृति ग्रन्थ, २०७९ मा प्रकाशित भएको छ । उहाँको मृत्यु भएको पनि झण्डै आधा शताब्दीपछि मात्र उहाँलाई ओझेल पर्नबाट जोगाउनका लागि सम्पादक र प्रकाशक मण्डलबाट भएको प्रयास अत्यन्त प्रशंसनीय छ ।

३१७ पृष्ठभित्र दयानिधि शर्मालाई विभिन्न आयामबाट चिन्ने व्यक्तिहरूद्वारा लिखित जीवनी र व्यक्तित्वसँग सम्बद्ध रचनाहरू समावेश गरिएको छ । परिशिष्ट खण्डमा चन्द्रकोट हुलाकको पहिलो दरबन्दी, निष्पक्ष ध्वनिको श्रद्धाञ्जलि, चन्द्रकोटको पौडेलको कुलपूजा र मुकुन्दहरि शर्माद्वारा रचित विचार विन्दु प्रस्तुत गरिएको छ र अन्त्यमा गुल्मी चन्द्रकोटका पौडेलको वंशावली समावेश गरिएको छ । दयानिधिको मृत्युको धेरै समयपछि सामग्री सङ्कलन गरिएकोले उहाँका समकालिक व्यक्तिहरूको अभावमा प्रस्तुत स्मृति ग्रन्थभित्र उहाँका वास्तविक कार्य र योगदानहरू स्पष्ट रूपमा समेटिन सकेका छैनन् । दयानिधिको जीवनवृत्तको स्पष्ट खाका यत्रो ग्रन्थमा भेट्टाउन नसक्नुले पाठकमा खल्लोपन ल्याउनु स्वाभाविकै हो । भाषागत केही त्रुटिको प्रसङ्ग छोडेर एउटा अथक राजनीतिक योद्धालाई चिनाउन गरिएको यो प्रयास अत्यन्त प्रशंसनीय छ । सम्पादक र प्रकाशकलाई साधुवाद !

## ४. पुस्तकालयसँगको जीवन यात्रा





भोलाकुमार श्रेष्ठ नेपालका वरिष्ठ र विशिष्ट पुस्तकालय कर्मी हुन् । चार दशकभन्दा लामो समय पुस्तकालय पेशालाई नै जीवनको कर्म मार्ग बनाएका श्री श्रेष्ठले २१३ पृष्ठभित्र विभिन्न पाँच शीर्षकमा आफ्नो पुस्तकालयसँगको जीवनयात्रा कृतिलाई पुस्तकारका रूपमा दिइएका छन् । पहिलो मूल शीर्षकलाई मेरो जन्मस्थल र परिवार नाम दिइएको छ । यसभित्र दुई उपशीर्षक छन् । दोस्रो शीर्षकमा मैले पढेका विद्यालयहरू राखिएको छ । यसभित्र पनि मैसुर विश्वविद्यालय र दिल्ली विश्वविद्यालयको चर्चा गरिएको छ । तेस्रो शीर्षकमा अध्ययन पूरा गरेपछि पुस्तकालय पेशालाई मूल पेशाका रूपमा अँगालेका श्रेष्ठले 'मैले काम गरेका पुस्तकालयहरू' अन्तर्गत विभिन्न पाँचओटा पुस्तकालयको चर्चा गरिएको छ । चौथो शीर्षकमा 'म आबद्ध संघ-संस्था' शीर्षकभित्र विभिन्न चारवटा संस्था नेपाल पुस्तकालय संघ, रिड नेपाल, रूम टु रिड र नेपाल बालसाहित्य समाजको चर्चा छ भने पाँचौं अर्थात् अन्तिम शीर्षकमा आफूले भ्रमण गरेका विभिन्न १५ वटा भन्दा बढी देशहरू र ती देशहरूका रहनसहन र वस्तुस्थितिको चर्चा छ । अन्तिममा स्रष्टा श्रेष्ठका पारिवारिक तस्वीरहरू राखिएका छन् । सरल, सरस भाषाशैलीमा आफू पुस्तकालयप्रति समर्पित भएका अनुभवहरूलाई सँगालेर एउटा उत्कृष्ट प्रेरणादायी कृतिका स्रष्टा भोलाकुमार श्रेष्ठ नेपाली वाङ्मयको इतिहासमा उत्कृष्ट स्रष्टाका रूपमा स्थापित छन् ।

## ५. कालो आकाश


नेपाल सरकारको निजामती सेवामा लामो समयसम्म सेवा गरी अवकाश प्राप्त जीवनलाई भगवान्का श्रीचरण कमलमा समर्पण गर्न सङ्कल्परत तपोनिष्ठ साधक दुर्गादत्त पौडेलको चौथो प्रकाशित कृति 'कालो आकाश' (२०७९) प्रकाशित भएको छ । स्रष्टाले कालो आकाशलाई विज्ञानले पनि मान्दै आएको (Black whole) 'ब्लाक होल' सँग सापेक्ष रूपमा तुलना गर्दै यस कृतिभित्र विभिन्न १३ वटा समसामयिक जीवनजगत्का विषयवस्तुहरू माथि समीक्षा गरिएको छ । 'नयाँ भगवान्' शीर्षकबाट आरम्भ गरिएको यस कृतिको १३ औं शीर्षक कालो आकाश रहेको छ । यस शीर्षकले धार्मिक र वैज्ञानिक साक्ष्यको सापेक्षतामा कालो

आकाश शीर्षकको सार्थकता पनि देखाएको पाइन्छ । कतै लेखकले मानिसको खोजी गरेका छन् भने कतै ईश्वर, पाप, धर्म र अभिशापका सन्दर्भमा विवेचना गरेका छन् । यस कृतिको अन्त्यमा रुरु गोसेवाश्रमको परिचय दिइएको छ भने अन्त्यमा उपसंहार खण्ड राखिएको छ । स्रष्टाले आफ्ना कृतिको रचनाको श्रेय परमात्मा परमेश्वरको असीम कृपाबाटै भएको निष्कर्ष दिइएका छन् । यस्तै अमूल्य ज्ञानरत्न पस्कने इच्छा भगवद्कृपा साधकलाई सधै रहिरहोस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।




## ६. शान्ति र स्वतन्त्रता

पेशाले इन्जिनियर चन्द्रकान्त आचार्यले आफ्नो ११ औं कृति शान्ति र स्वतन्त्रता 'प्रकाशित गरेका छन् । विश्वसाहित्यको इतिहासमा अत्यन्त सारगर्भित उपन्यास रूसी लेभ तल्स्टोयको युद्ध र शान्ति, भारतीय आचार्य चतुरसेनको वैशालीकी नगरबधु र अमेरिकी हावर्ड फास्टको 'आदि विद्रोही' यी तीन उपन्यासको गम्भीर अध्ययनपछि तीनै कृतिको समीक्षात्मक चर्चा गरेर आदिदेखि हालसम्म मानिसले भौतिक वैभवभन्दा शान्ति नै रुचाउँछ र युद्धको लक्ष्य पनि शान्ति प्राप्त गर्नुतर्फ केन्द्रित हुन्छ भन्ने मूल अभिप्रायका साथ यो कृति तयार गरिएको छ ।





यस ग्रन्थमा तीनवटै कृतिलाई विभिन्न शीर्षकमा राखेर समीक्षा तथा विश्लेषण गरिएको छ । स्रष्टाले युद्ध र शान्ति उपन्यासलाई विभिन्न छ खण्डमा प्रस्तुत गरेका छन् । यसभित्र खण्ड एकमा पिटर्स वर्गको कुलीन समाज, रस्तोभ र बेजुखोम परिवार, लिसिए गोरीमा बल्कोन्स्की परिवार, सन् १८०५ को युद्ध काउन्ट पियर बेलुखोम र प्रिन्स अनातोलको विवाह प्रस्तावजस्ता शीर्षकहरू राखिएका छन् । त्यस्तै खण्ड दुईमा दुई शीर्षक, खण्ड तीनमा तीन, चारमा पाँच शीर्षक पाँचमा

तीन शीर्षक र अन्त्यमा समीक्षा प्रस्तुत गरिएको छ । दोस्रो उपन्यास वैशालीकी नगरबधूलाई उपसंहारसहित विभिन्न १६ वटा उपशीर्षकमा प्रस्तुत गर्दै स्पार्टकस र विद्रोह, वारिनियाँ र समीक्षा मूल तीन उपशीर्षक छुट्याइएको छ । उपसंहार खण्डमा उदार हृदयले हेर्ने / सोच्ने हो भने आदिदेखि आधुनिक कालसम्म मान्छेको अन्तरहृदयले शान्ति नै चाहन्छ । मानिस युद्धमा प्रवृत्त हुनुका पछाडि पनि शान्तिको चाहना नै केन्द्रमा रहेको छ भन्ने भाव संचरण गर्ने उद्देश्यका साथ प्रस्तुत कृति संयोजन गरिएको छ ।

विश्व साहित्यका यस्ता गहन ग्रन्थहरूको केस्राकेस्रा केलाएर यति उत्कृष्ट कृति पस्कन सक्ने आचार्यको बौद्धिक क्षमता र धीरतालाई साधुवाद छ । यस ग्रन्थले विज्ञ पाठकलाई मूल कृतितर्फ नजर दौडाउन प्रेरित गरेको यथार्थ पनि लुक्न सक्दैन ।

## ७. प्यारो नेपाल




विदुषी रेणुका पन्थी शिक्षण पेशामा आबद्ध स्रष्टा हुन् । विभिन्न विविध विधामा फुटकर रचनाहरू तयार पारेकी रेणुकाको 'प्यारो नेपाल' खण्डकाव्य अकिञ्चनको हातमा परेको छ ।

उपजाति छन्दका १५२ श्लोक र तीन श्लोक लोक छन्द (पहिलो र अन्तिम दुईवटा) मा रचना गरिएको छ । यस खण्डकाव्यभित्र नेपालको प्राकृतिक सौन्दर्य, सामाजिक, सांस्कृतिक, धार्मिक पक्ष मानवीय परम्पराका कुराहरू, भौगोलिक परिवेशलगायतका विविध पक्षहरूलाई संक्षेपमा चित्रण गरिएको छ । संविधान निर्माण भएपछिका वस्तुस्थितिको चित्रण गर्न पनि खण्डकाव्यकार क्रियाशील भएको देखिन्छ ।

आकारगत दृष्टिबाट कृति सानो भए तापनि यसभित्र नेपालको प्राकृतिक, धार्मिक, सांस्कृतिक, भौगोलिक र राजनीतिक पक्षका विविध आयामभित्र छिरेर कृतिलाई पूर्णता दिइएको छ । कृति आफैमा पूर्ण र सुन्दर छ । स्रष्टाको कलम साहित्यका अन्य विधातर्फ पनि विस्तार हुँदै जाओस् हार्दिक शुभकामना !

**– अकिञ्चन**

०००

# पचास वर्ष पहिलाको समाचार

## महाकवि देवकोटाको जन्मजयन्ती

गुल्मी : स्व. महाकवि श्री लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीको उपलक्ष्यमा किरण पुस्तकालयको तत्त्वावधानमा आयोजित एक समारोहका बीच हार्दिक श्रद्धाञ्जलि अर्पण गरियो ।

स्थानीय प्रधानपंच श्री डिल्लीराज उपाध्यायको सभापतित्वमा भएको उक्त समारोहमा पुस्तकालयका अध्यक्ष डा. टीकाराम पन्थी, भेषबहादुर कुँवर, पद्मप्रसाद पन्थीका साथै पुस्तकालयका सचिव श्री शशि पन्थीले बोल्नुभएको थियो ।

***'अर्पण' साप्ताहिक वर्ष ७ अङ्क १९, २०२८ साल, कार्तिक १९ गते शुक्रवारबाट साभार ।***

## किरण पुस्तकालयमा लेखनाथजयन्ती

तम्घास ।

पौष शुक्ल एकादशीका दिन तम्घास किरण पुस्तकालयको तत्त्वावधानमा एक समारोहको आयोजना गरी स्वर्गीय कविशिरोमणि लेखनाथ पौड्यालको स्मृतिमा श्रध्दाञ्जलि अर्पण गरियो ।

प्रवचनमा भेषबहादुर कुँवरले नेपाली साहित्यमा कविशिरोमणिको सेवा, उनका रचनाको वर्णन, उनको शैली तथा उनका कवितामा पाइने दर्शनको विषयमा बोल्नुभयो । शाखाअधिकृत श्री दीप्तिनारायण शर्माले नेपाली साहित्यमा उनले ल्याएको नयाँ क्रान्ति, कवि र कविको विषय एवं समाजमा कविले देखाउने बाटोको परिचय दिदै लेखनाथको नयाँ काव्य तरूण तपसीमा "म खाऊँ मैं लाऊँ सुख सयल वा मोज म गरूँ" भन्ने सिलोकको व्याख्या गर्नुका साथै पिंजराको सुगा, बुध्दि विनोद, हितोपदेश आदिको पनि परिचय दिनुभएको थियो । सभा आयोजकबाट उनको विषयमा अरू नयाँ कुराको प्रकाश पारिएको थियो ।

समारोहको सभापतित्व पुस्तकालय संचालक समितिका अध्यक्ष प्र. प. डिल्लीराज उपाध्यायले ग्रहण गर्नुभएको थियो । यसैं समारोहमा श्री ५ युवराजाधिराज वीरेन्द्रवीर विक्रम शाहदेवको २७ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा दीर्घायु र सु-स्वास्थ्यको कामना पनि गरिएको थियो ।

***दैनिक निर्णय वर्ष ७ ,अङ्क ३९, भैरहवा २०२८ साल, पौष २१ गते बुधवार, ५ जनवरी १९७२ बाट साभार ।***

ooo

# पाठक-प्रतिक्रिया ऐतिहासिक हुलाक छाप

किरण पुस्तकालयमा बेलाबखतमा बसेर पुस्तकहरू अध्ययन गर्न पाउँदा मलाई ज्यादै खुशी लाग्छ । अफ कहिलेकाहीं कविगोष्ठी, कविजयन्ती, वार्षिकोत्सव, पुस्तकालय दिवस जस्ता कार्यक्रमहरूमा सहभागी हुन पाउँदा त तम्घास छोड्न नपरे हुन्थ्यो भन्ने लाग्छ । तर के गर्नु खै मान्छेलाई एकै ठाउँमा बसेर सधैं सबैको काम चल्दैन ।

अध्ययन, अध्यापन, कार्य विशेष र व्यवसाय आदिका कारणले मान्छेलाई कहिले कहाँ कहिले कहाँ जानुपर्ने हुन्छ । मैले भारतको चेन्नईमा बसेर अध्ययन गर्दा पनि वेभसाइटमा 'हाम्रो पुरुषार्थ' पढेर गुल्मीलाई सम्झने गर्थें र तम्घासको दृश्य झल्झल्ती आँखावरिपरि घुम्थ्यो । अहिले म कार्य विशेषले काठमाडौंमा छु । यहाँ बस्दा पनि हातैमा हाम्रो पुरुषार्थ पढ्न पाउँदा खुशीको सीमा रहेन । हाम्रो पुरुषार्थका केही प्रतिहरू बोकेर मैले झापा, इलाम, पाँचथर, ताप्लेजुङ्ग, तेह्रथुम, धनकुटा, उदयपुर, सिराहा, धनुषा, खोटाङ्ग आदि जिल्लाका केही सार्वजनिक पुस्तकालय र केही क्याम्पसका पुस्तकालयमा पुस्याउन पाएकोमा गौरवको अनुभव गरेकी छु ।

अहिले हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ९५ मेरो हातमा छ । यसको आवरण पृष्ठमा नेपालको पुरानो हुलाक छाप २००९ (सन् १९५२) सालको गुल्मी तम्घासको रू.३ को हुलाक टिकट र गुल्मीको वर्तमान जिल्ला हुलाक कार्यालयको भवनको फोटो मुद्रित छ । यसले गुल्मी जिल्लाको सदरमुकामको ऐतिहासिक परिचयलाई प्रमाणित गर्दछ । हाम्रो पुरुषार्थका ९४ र ९५ अङ्क हेर्दा यो पत्रिका भारतको उत्तराखण्ड, देहरादूनदेखि पूर्वमा दार्जिलिङ, सिक्किमसम्म नेपालीभाषी क्षेत्रमा फैलिएको देखिन्छ । नेपालीभाषीहरू पृथ्वीको जुनसुकै कुनामा पुगे पनि इन्टरनेटको पहुँच भएका ठाउँमा यसको वेभसाइट www.kiranpustakalaya.com बाट हाम्रो पुरुषार्थसँग परिचित हुन सक्छन् । आधा शताब्दीको गौरवशाली इतिहास बनाएको 'हाम्रो पुरुषार्थ'लाई चिरकालसम्म निरन्तर चलाइरहन सबैभन्दा ठूलो समस्या र चुनौती छ । यो समस्या र चुनौतीको सामना गर्नसक्ने हातहरू अगाडि आउन सकून् । अहिले यहीं कामना छ ।

**सी.ए. सन्ध्या पन्थी**
सिनियर एसोसिएट
जी.पी. राजवाहक एण्ड को.
कमलपोखरी, काठमाडौं ।

## गुल्मीको साहित्यिक इतिहासको थालनी : हाम्रो पुरुषार्थबाट

गुल्मी जिल्लाको साहित्यिक इतिहास हाम्रो पुरुषार्थबाट नै शुरू हुन्छ । बच्चा हुँदा मैले पहिले देखेका/पढेका पुस्तकहरूमा हाम्रो पुरुषार्थ पर्छ । पछिल्ला वर्षहरूमा घर जानु भनेको हाम्रो पुरुषार्थको नयाँ अङ्कसित भेट हुनु पनि हो ।

हरेक पटक शशि पन्थी सरले घरमै लौ नयाँ अङ्क भन्दै ल्याइदिनुहुन्छ । अहिले चुनावमा घर गएको बेलामा "ए ! भेट नै भएन, नयाँ अङ्क दिन पाइएन, अनलाइनमा आएको छ, त्यतै पढे" भन्नुभयो । आजको शनिबारको बिहान हाम्रो पुरुषार्थसित बित्यो । आफैलाई फोटोमा र कवितामा देख्दा आनन्द अनुभूति पनि भयो ।

दशैंमा घर गएको बेलामा दीन पन्थी सरले "तिमीले त लेख्छौ नि, अलिक बेग्लै टाइपको यौटा दिइहाल" भन्नुभएको थियो, अनि मैले यो कविता दिएको थिएँ । हाम्रो पुरुषार्थको ८५ औं अङ्कमा प्रकाशित पनि गरिदिनुभएछ । यसरी मलाई लेख्न प्रोत्साहन हौसला प्रदान गर्नुहुने आदरणीय सरहरूप्रति हृदयदेखि नै नमन गर्दै हार्दिक आभार व्यक्त गर्दछु ।

**- नवीन मरासिनी**
रेसुङ्गा नगरपालिका-२, धागिथुम, तम्घास, गुल्मी
हाल : काठमाडौं ।

०००


काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप नजिकै बागबजार, काठमाडौंमा रहेको

**भण्डारी बुक्स एण्ड स्टेशनरीज**

**(फोन नं. ०१-४२४१४८५/२६०९०६)**

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# किरण पुस्तकालयका विशिष्ट/आजीवन सदस्यको परिचय

## विशिष्ट सदस्य



नाम : हेमनिधि शर्मा
जन्म मिति : २०२४/०१/०३
ठेगाना : चन्द्रकोट गाउँपालिका, गुल्मी ।
हाल - काठमाडौं
शिक्षा : बी.ई. (सिभिल)
पिता/माता : दयानिधि/गंगादेवी शर्मा
पत्नी : अनु शर्मा
सम्पर्क नं. : ९८५११०२४३७
ई-मेल : hemnidhi@gmail.com

---



नाम : केशवप्रसाद पोखरेल
जन्म मिति : २००७/०८/०५
ठेगाना : रेसुङ्गा न.पा.-१, तम्घास, गुल्मी ।
पिता/माता : वेदनिधि/पार्वती पोखरेल
पत्नी : लक्ष्मी पोखरेल
शिक्षा : प्रवेशिका (S.L.C.)
पेशा : व्यापार/समाजसेवा
सम्पर्क नं. : ९८६३२२४७९९
संलग्नता : आजीवन सदस्य - रेसुङ्गा बहुमुखी क्याम्पस, उद्योग वाणिज्य संघ, किरण पुस्तकालय, गुल्मी ।

---



नाम : सरिता श्रेष्ठ
जन्म मिति : २०२४/१०/१९
ठेगाना : रेसुङ्गा न.पा.-१, तम्घास, गुल्मी ।
पिता/माता : नरप्रसाद/शान्तादेवी श्रेष्ठ
पति : मृगेन्द्रप्रसाद श्रेष्ठ
शिक्षा : आई.ए.
सम्पर्क नं. : ९८४७१०६२४१
संलग्नता : विभिन्न शैक्षिक, सामाजिक र धार्मिक संघसंस्थामा ।

नाम : हीरा ए.सी. (अर्याल)
जन्म मिति : २०३६/०९/१९
ठेगाना : इस्मा-६, अमरपुर, गुल्मी ।
शिक्षा : एम्.ए., बी.एड्., एल्.एल्.बी.
पिता/माता : टेकबहादुर/उमा अर्याल
पत्नी : हीरा कुँवर
पेशा : राजनीति
सम्पर्क नं. : ९८५७०६१७७४
ई-मेल : aryalheera@gmail.com
संलग्नता : सदस्य - नेपाल पत्रकार महासंघ, नेपाल बार एसोसिएसन, एकीकृत ग्रामीण विकास समाज ।
आजीवन सदस्य - रेसुङ्गा बहुमुखी क्याम्पस, किरण पुस्तकालय, गुल्मी ।
अभिरुचि : अध्ययन र समाजसेवा ।



---

नाम : विनयप्रसाद श्रेष्ठ
जन्म मिति : २०५३/०१/०७
ठेगाना : रेसुङ्गा न.पा.-१, तम्घास, गुल्मी ।
हाल - लण्डन, बेलायत ।
शिक्षा : बी.एस्सी. इकोनोमिक्स (लण्डन स्कूल अफ इकोनोमिक्स)
पिता/माता : वीरेन्द्रप्रसाद/चित्रलता श्रेष्ठ
अभिरुचि : अध्ययन, यात्रा, खाना ।
संलग्नता : Ernst & Young ।



---

नाम : निर्मला श्रेष्ठ
जन्म मिति : २०२१/०१/१५
ठेगाना : तुल्सीपुर-५, दाङ ।
हाल - सामाखुशी टोखा-१०, काठमाडौं ।
पिता/माता : नरप्रसाद/शान्तादेवी श्रेष्ठ
पति : राजकुमार श्रेष्ठ
पेशा : व्यापार
सम्पर्क नं. : ९८५७८२०३६९
संलग्नता : विभिन्न संस्थामा





नाम : शेरबहादुर थापा

जन्म मिति : २०१२/०८/१४

ठेगाना : रेसुङ्गा न.पा.-१, तम्घास, गुल्मी ।

पिता/माता : चक्रबहादुर/झगरीकला थापा

पेशा : औषधि व्यवसायी

सम्पर्क नं. : ९८५७०२७८६४

संलग्नता : **व्यवस्थापक** : बबिता फर्मा, तम्घास, गुल्मी ।

**संस्थापक अध्यक्ष** : औषधि व्यवसायी संघ, टेक्निकल शिक्षालय; धागिथुम भगवती मन्दिर व्यवस्थापन समिति; रिडर्स पब्लिक मा.वि., तम्घास; नेपाल ब्याडमिण्टन संघ, गुल्मी ।

**सभापति** : नेपाल नेत्रज्योति संघ, गुल्मी (वर्तमान); हृदयरोग निवारण प्रतिष्ठान, गुल्मी ।

**पूर्व अध्यक्ष** : अस्पताल विकास समिति (जिल्ला अस्पताल, गुल्मी)

**संस्थापक कोषाध्यक्ष** : लायन्स क्लब अफ, गुल्मी, तम्घास ।

**पूर्व अध्यक्ष** : पँधेराथरी खानेपानी उपभोक्ता समिति, तम्घास ।

**विशिष्ट सदस्य** : रेसुङ्गा संरक्षण समिति, गुल्मी ।

**संस्थापक सदस्य** : जिल्ला खेलकुद विकास समिति, गुल्मी ।

**आजीवन सदस्य** : नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा, गुल्मी; रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मीलगायत अन्य धेरै संघ/संस्थाहरूमा ।

## हाम्रो पुरुषार्थका आजीवन ग्राहक

| **क्र.सं.** | **ग्राहकको नाम** | **ठेगाना** |
|---|---|---|
| ९५०. | हिमलाल कँडेल | रेसुङ्गा नगरपालिका-१, तम्घास, गुल्मी । सम्पर्क नं.: ९८६९७५१६०३ |
| ९५१. | हरिप्रसाद शर्मा | बाग्लुङ नगरपालिका-६, बाग्लुङ । सम्पर्क नं.: ९८४७६२३३८६ |

०००

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा
## प्रकाशित पुस्तकहरू

| क्र.सं. पुस्तकको नाम | लेखक |
|---|---|
| १. सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा (२०५८) | मोदनाथ प्रश्रित |
| १०. सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. हुटिट्याउँको मन (२०७६) | दीन पन्थी |
| १७. अमृतपान (२०७६) | विष्णुप्रसाद खनाल |
| १८. गजल चालिसा (२०७७) | मनबहादुर खत्री 'मनु' |
| १९. बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र (२०७७) | प्रा.डा. बाबुराम ज्ञवाली |
| २०. हाम्रो भौगोलिक इतिहास (२०७८) | युवराज भुसाल |



नगरप्रमुख खिलध्वज पन्थीद्वारा ५५ औं पुस्तकालयसभाको समुद्घाटन



किरण पुस्तकालय र जानकी साहित्य प्रतिष्ठानबीच साहित्य जानकी पुरस्कारसम्बन्धी सम्झौता-पत्र आदान-प्रदान



किरण पुस्तकालय र नबिल बैंकबीच घरभाडासम्बन्धी सम्झौता-पत्र आदान-प्रदान



विद्यार्थीहरूद्वारा पुस्तकालयबारे जानकारी लिंदै



कविशिरोमणि लेखनाथ पौड्यालको १३९ औं जन्मजयन्तीमा सहभागी साहित्यप्रेमीहरू

हाम्रो पुरुषार्थ त्रैमासिक

जि.का., गुल्मी द.नं.: ०१/२०३५/०३६


# लिङ्ग छनौट गरी गर्भपतन गर्नु अपराध हो ।

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौं, नगराऔं ।
- प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो । त्यस्ता कार्य गर्नु वा गराउनु हुँदैन ।
- चिकित्सकले समेत त्यस्ता कार्यलाई निरुत्साहित गरी चिकित्सा पेसालाई मर्यादित बनाऔं ।
- विभेदरहित समाजको निर्माण गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## नेपाल सरकार

# विज्ञापन बोर्ड